
मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना पत्रिका

पूर्णाङ्क ११२, असार, २०८२



## नेपालको संसदीय राजनीतिमा महिला सहभागिता

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



### सुविधाहरू

o फोटोकपी o इन्टरनेट o कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २८, अङ्क ११२, असार २०८२

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट : राजनीतिक महिला परिचय ? ५
- नेपालको महिला अधिकार.../विजयराज गौतम २३
- संविधानमा सवल, अभ्यासमा दुर्वल.../कमला पन्त २५
- नेपालको संसदीय राजनीतिक .../विन्दा पाण्डे २७
- पञ्चायतकालको महिला आन्दोलन/सुशीला श्रेष्ठ ४०
- नेपालमा नारीवाद र मधेशी महिलाका.../रीता साह ४५
- महिलाकै पक्षमा हुन नसकेको/लेखनाथ भण्डारी ५१
- महिला अधिकार र लैङ्गिक.../डा. विद्या चापागाईं ५७
- महिलामाथि हुने हिंसा .../नारायणी देवकोटा ७५
- विश्वव्यापी आवधिक समीक्षा.../सम्झा श्रेष्ठ ८१
- कर्णाली प्रदेशका महिला..../ केशवी जोशी ८७
- नेपालमा महिला बेचबिखन तथा ओसारपसार: इतिहास र वर्तमान स्वरूप .../ निर्मला पौडेल ९४
- उपेक्षामा कर्णालीका दलित .../ सिर्जना बुढाथोकी ९८
- महिला तथा बालिकाविरुद्ध.../ गीता माली १०२
- पुस्तकबाट : नेपाली महिला आन्दोलनको दिशा १०६
- पुस्तकबाट : नारी सङ्घर्षका पाईलाहरू १२३
- पुस्तकबाट : राजनीतिमा सहभागिता १२७
- प्रकाशको सम्झनामा १३६
- ३१ औं प्रकाश मानव अधिकार पुरस्कार .... १३७
- अन्तरवार्ता /अष्टलक्ष्मी शाक्य १३८

*संस्थापक*
**सुशील–प्रकाश**

*सल्लाहकार*
**डा. कुन्दन अर्याल**
अध्यक्ष, इन्सेक
**विजयराज गौतम**
कार्यकारी निर्देशक, इन्सेक

*सम्पादक*
**मदन पौडेल**

*व्यवस्थापक*
**शैलेश शर्मा**

*मुद्रक*
**ड्रिम ग्राफिक्स प्रेस**
**काठमाडौं**

**आवरण फोटो**
इन्सेकद्वारा २०५३ साउन १६ गते प्रकाशन गरिएको राजनीतिक महिला परिचय पुस्तकबाट।

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

# यथावत



२०६२–६३ को जनआन्दोलनपछि पुनर्स्थापित सदनले महिलाका अधिकार स्थापित गरेको थियो। त्यसैको जगमा उभिएर २०७२ सालमा जारी संविधानले ३३ प्रतिशत संवैधानिक प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ।

**विद्यादेवी भण्डारी**
पूर्व राष्ट्रपति, नेपाल, *लोकान्तर डटकम,* ०८१ चैत १६ गते



२०६३ साल जेठ १६ गते नेपाली महिलाहरूको ठूलो उपलब्धिको तिथि हो। त्यतिबेला सबै क्षेत्रमा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता रहने, छोरीले पनि छोरासरह वंशीय अधिकार, आमाको नामबाट नागरिकता जस्ता अत्यन्तै महत्त्वपूर्ण अधिकार प्राप्त भयो।

**कमला पन्त**
केन्द्रीय सदस्य, नेपाली कांग्रेस, *थाहा खबर डट कम,* ०८१ फागुन १६ गते



महिलाहरू विभिन्न आन्दोलन र लडाइँका मोर्चाहरूमा अग्रपंक्तिमा रहेर काम गरे पनि अन्य क्षेत्रमा महिलाहरूको प्रतिनिधित्व कम छ। निर्वाचनमा पनि महिलाहरूको सहभागिता कम भएको र राजनीतिक पार्टीका नेतृत्वलाई आफूले महिला सहभागिताको लागि बढीभन्दा बढी उम्मेदवारी दिनुपर्छ।

**ओनसरी घर्ती**
पूर्व सभामुख, *देशसञ्चार डट कम,* २०७९ कात्तिक ३ गते



हुन पनि, हामी त्यस्तो समाजमा जन्मियौं, जहाँ आँखा खुलेदेखि नै सुनाइयो, पढाइयो, स्त्रीलाई कुमारीमा पिता, युवा अवस्थामा पति र वृद्धावस्थामा पुत्रले रक्षा गर्दछन्, स्त्रीले स्वतन्त्र रहनुहुँदैन।

**अमृता लम्साल**, महिला अधिकार अभियन्ता, *थाहाखबर,* ०८२ असार ३१ गते

## कार्टून




**साभार**: https://sandhaann.com/archives/2541

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# नेपालमा महिला अधिकार :
# चुनौती र अवसर

बितेका केही दशकमा नेपालमा महिलाको अधिकारका सन्दर्भमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । संविधान र अनेकौँ कानुनले महिलालाई समान अधिकार र अवसरको प्रत्याभूति गरेको भए पनि प्रभावकारी कार्यान्वयनको अभावमा अधिकार प्राप्तीका सवालमा अझै धेरै चुनौतीहरूका चाङ छन् । शताब्दीदेखि विद्यमान सामाजिक, सांस्कृतिक, आर्थिक संरचनाहरूले अधिकार कार्यान्वयनमा अवरोध सिर्जना गर्दै आएको छ । महिला अधिकारलाई सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था भएका छन् । घरेलु हिंसा ऐन, महिला हिंसा विरुद्धका कानुनहरू, मानव बेचबिखन रोकथामका कानुनहरू लागु छन् । यद्यपि यी कानुनहरूको प्रभावकारी कार्यान्वयन र न्यायिक प्रक्रियामा महिला र पीडितहरूलाई सहज पहुँच दिन अझ धेरै सुधार आवश्यक छ । प्रहरी र न्यायालयमा लैङ्गिक संवेदनशीलता अभावले पीडितलाई न्याय प्राप्तिमा थप चुनौती पैदा गरेको छ । तर, यसका बावजुद केही सकारात्मक प्रयासतर्फ मुलुक अगाडि बढेको छ ।

नेपाली समाज व्याप्त परम्परागत पितृसत्तात्मक सोच महिलाको उत्थान तथा प्रगतिमा बाधक रहँदै आएकोमा दुईमत छैन । घरपरिवारदेखि विद्यालय र कार्यस्थलसम्म महिलालाई समान स्थान प्राप्त हुन सकेको छैन । बाल्यकालदेखि छोरी–छोराबीच भेदभाव, शिक्षामा सीमित पहुँच, आर्थिक अवसरहरूबाट बञ्चित गरिने र सामाजिक तथा पारिवारिक निर्णय प्रकृयामा महिलाको सहभागिता कमजोर नै छ । महिलामाथि हुने घरेलु हिंसा, दाइजो प्रथा, बालविवाह, छुवाछुत र सामाजिक कुरीतिहरू अझै हट्न सकेका छैनन् । यी समस्या प्रायः सामाजिक स्वीकार्यताको दायराभित्र रहेको हुँदा रोकथाममा कानुनी व्यवस्था मात्र पर्याप्त छैन ।

संविधान तथा कानुनमा महिला र बालिकाको अधिकार ग्यारेन्टी गरिएको भए पनि पितृसत्तात्मक सोच र मान्यताहरूका कारण महिला र बालिकाले अनेकौँ चुनौतीहरूको सामना गर्नुपरेको छ । पितृसत्तात्मक मान्यतामा आधारित सांस्कृतिक र सामाजिक मान्यताहरूले बालिका र महिलाका विरुद्ध हानिकारक परम्परागत अभ्यासहरू निरन्तर कायम छन् । उदाहरणका लागि, २०६४ सालमा जारी गरिएका

छाउपडी उन्मूलन निर्देशिका लागू भएको १७ वर्ष भइसकेको छ। छाउपडी, अर्थात् महिनावारीको समयमा महिलाहरूलाई छाउगोठमा पठाउने  परम्परालाई कानुनी रूपमा निषेध गरिएको थियो। तर, सुदूरपश्चिम र कर्णाली प्रदेशहरूमा अझै पनि प्रचलित छ। पछिल्ला केही वर्षमा, यी छाउगोठहरूमा धुँवा, चिसो र सर्पको टोकाइबाट १४ जना महिलाले ज्यान गुमाएका छन्। छाउगोठमा बसेकी अछाम जिल्लाकी १६ वर्षीया बालिकामाथि १७ वर्षीय बालकले बलात्कार गरेको घटना सार्वजनिक भयो।

दाइजोका कारण हुने मानसिक, शारीरिक यातनाको पाटो डरलाग्दो हुन्छ। कतिपय अवस्थामा यस्ता घटना प्रकाशमा नै आउँदैनन्। विपन्न वर्गका मानिसले दाइजोको प्रताडनाका कारण घरखेत नै बच्ने परेको वा उठिवास नै हुनुपर्ने अवस्था सृजना भएका छन्। नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर र सजाय ऐन २०६६ जारी भई लागु भएको छ। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्।

राजनीतिक क्षेत्रमा महिलाको सहभागिता नेपालको महिला अधिकार आन्दोलनको एउटा सफल पक्ष हो। संविधानले सबै तहका निर्वाचनमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। यो प्रावधानले स्थानीय तहदेखि सङ्घीय संसदसम्म महिलाको प्रतिनिधित्व बढाउन ठूलो योगदान पुर्‍याएको छ। धेरै महिला जनप्रतिनिधिहरूले आफ्नो समुदाय र देशका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

नेपालमा महिला अधिकार सशक्त बनाउन आगामी दिनमा अझ धेरै अवसरहरू छन्। महिला नेतृत्व विकासमा जोड दिनु, आर्थिक सशक्तिकरणका लागि नयाँ योजना बनाउनु, शिक्षा र स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नु आवश्यक छ। साथै, कानुनी व्यवस्थामा सुधार र प्रभावकारी कार्यान्वयनका लागि प्रशिक्षण, जनचेतना र सरकारी निकायहरूको समन्वय आवश्यक छ।

इतिहासको पानाबाट

# राजनीतिक महिला परिचय

**सुशील प्याकुरेल**

नेपाली जनताको लामो र कठिन सङ्घर्षपछि स्थापित बहुदलीय व्यवस्थाले पाँच वर्ष पूरा गरेको छ। तथापि शदियौंदेखि अन्याय, अत्याचार, शोषण, थिचोमिचोबाट पिल्सिएका बहुसङ्ख्यक जनताले प्रजातन्त्रको फल उपभोग गर्ने अवसर पाएका छैनन्। अहिले पनि मध्ययुगीन समाजका जस्ता दासताको बन्धनबाट असंख्य जनता बाँधिएका छन्। वर्तमान संविधानमा बहुदलीय व्यवस्था, मानवअधिकार र मौलिक हकको प्रत्याभूति गरिए पनि व्यावहारिक जीवनमा यसको राम्रो कार्यान्वयन हुन सकेको छैन। सारांशमा भन्नुपर्दा अहिले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा नयाँ समस्या र विकृति हरू देखा परिरहेका छन् र तिनीहरूलाई हटाउनको निम्ति देशका सबै क्षेत्रका जनताको सक्रिय सहभागिताको आवश्यकता छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सामाजिक न्याय र मानव अधिकारको क्षेत्रमा ०४५(१९८८) सालदेखि क्रियाशील रहेको गैरसरकारी सामाजिक संस्था हो। यसले मानव अधिकार र प्रजातन्त्रलाई आफ्नो आदर्श बनाएकोले सचेतनको अभावले आफ्ना नैसर्गिक (प्राकृतिक) अधिकारबाट बंचित भएका जनतालाई आफ्नो अधिकार प्राप्तीप्रति जागरूक हुन उत्प्रेरित गर्ने काम गरेको छ। जनताको बहुसङ्ख्यक हिस्सालाई वञ्चित गराएर गरिने कुनै पनि गतिविधि वा अभ्यास सच्चा प्रजातान्त्रिक आचरण बन्न सक्दैन भन्ने इन्सेकको ठम्याइ रहेको छ। बिगतमा हामीले उत्पीडित तथा शोषित जनताका समस्या समाधान गर्ने उद्देश्यले कमैया, जातीय छुवाछूत र विविध कारणले उत्पीडनमा परेका महिलाका निम्ति विभिन्न कार्यक्रमहरू आयोजना गरी तत्सम्बन्धी जानकारी प्रकाशित गर्ने विविध किसिमका प्रयास गऱ्यौं।

हाम्रो देशको आधाभन्दा बढी हिस्सा महिला समुदायको छ। यद्यपि महिलाका समस्या सिङ्गो देशको समस्यासँग गाँसिएको छ तथापि हाम्रो सामाजिक संरचना पितृसत्तात्मक स्वरूपको भएकोले महिला समुदायले त्यसको थप शोषण एवं थिचोमिचो व्यहोर्नु परेको छ। अहिले पनि संविधानमा व्यवस्था गरिएको समानताको अधिकारको महिलाले सम्पत्ति लगायत अन्य कतिपय विषयमा उपभोग गर्न पाएका छैनन्। अहिले पनि व्यावहारिक रूपमा अधिकांश महिलाप्रति दोस्रो श्रेणीको नागरिकको व्यवहार गरिन्छ। अझ कतिपय ठाउँमा त महिलाप्रति गरिने व्यवहार अमानवीय एवं



पशुतुल्य हुने गरेको छ। सामाजिक जीवनको यो बास्तविकतालाई बिर्सेर महिलाका हक हित र अधिकारका विषयमा संकीर्ण चिन्तन, सोच र व्यवहार प्रदर्शित गर्ने गरिन्छ। त्यतिमात्र हैन सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने महिलाका साहसिक कामको बारेमा पनि कुनै सार्वजनिक जानकारी प्रकाशमा आउदैन र उनीहरूले विगतमा गरेका कामको अवमूल्यन गर्ने काम पनि यदाकदा भएको पाइन्छ।

सामाजिक विकास तथा प्रगतिको निम्ति राजनीतिक क्षेत्रको कार्य निर्णायक र महत्त्वपूर्ण हुन्छ भन्ने कुरामा प्रायशः सबैको सहमति रहेको पाइन्छ। राजनीतिक क्षेत्र स्वच्छ तथा आदर्श बन्न सक्यो भने सामाजिक जीवनको अन्य पक्ष सकारात्मक दिशातर्फ बढ्न सक्छ तर यसमा देखिएका विकृतिले सिङ्गो सामाजिक संरचनालाई नै गलत बाटोमा डोऱ्याउने भएकोले यसमा बहुसङ्ख्यक जनताको सक्रियता र संलग्नता आवश्यक हुन्छ। हाम्रो देशको सन्दर्भमा पनि चाहे राणा शासन विरोधी आन्दोलनको क्रममा होस् अथवा पञ्चायत विरोधी आन्दोलनको क्रममा होस् नेपाली जनता राजनीतिक अधिकार प्राप्तिको निम्ति सङ्घर्षको मैदानमा उत्रेका छन्। यस आन्दोलनमा नेपाली महिलाहरूले अप्रत्यक्ष एवं सहयोगी भूमिका मात्र हैन निर्णायक तथा नेतृत्वदायी भूमिका समेत निर्वाह गरेका छन्। बिगतमा उनीहरूले पाएको दुःख कष्ट वा भोगेका समस्या सिङ्गो सामाजिक जीवनको मुक्तिको निम्ति देखाएको त्यागको अभिव्यक्ति हो। यसक्रममा असङ्ख्य महिलाको सिन्दुर पुछिएको छ, आफ्नो भविष्यको आधारको रूपमा स्वीकार गरिएको छोरो गुमाउनु परेको छ। आन्दोलनको दौरानमा शहादत प्राप्त गर्नुभएका राजनीतिक योद्धाका परिवारले भोग्नु परेका समस्या भनेको हाम्रो राजनीतिक जीवनको महत्त्वपूर्ण पक्ष हो। त्यतिमात्र हैन महान उद्देश्य प्राप्तिको निम्ति आफ्ना घरपरिवारका सदस्यको राजनीतिक आन्दोलनको यात्रामा दृढताका साथ समर्थन र सहयोग गरेको कारणले गर्दा त्यस कार्यलाई मन नपराउने पक्षबाट गरिएका विविध किसिमका उत्पीडन एवं दुर्व्यवहारलाई समेत दृढताका साथ मुकाविला गरेर थुप्रै महिलाहरू अडिग रहनु भएको छ। त्यसैले आजको राजनीतिक वातावरण ल्याउनको निम्ति विगतमा थुप्रै महिलाहरूले विभिन्न समस्यासँग जुझ्दै आन्दोलन अगाडि बढाउन उत्साह, प्रेरणा र सहयोग गर्नु भएको छ। त्यतिमात्र हैन ०४६ सालको जनआन्दोलनको मैदानमा उत्रँदा महिलाहरूले शहादत प्राप्त गर्नु भएको छ। बहुदलीय व्यवस्थाको स्थापना पछि पनि विविध आन्दोलनको क्रममा थुप्रै महिलाहरूले पनि अमरत्व प्राप्त गर्नु भएको छ।

त्यस्ता महिलाको योगदान र प्रजातन्त्रमा महिलाको अहम् भूमिकाबारे जागरूकता ल्याउने उद्देश्यले देशको प्रजातान्त्रिक राजनीतिक आन्दोलनको दौरानमा विगतमा विविध किसिमबाट योगदान गर्नु भएका महिलाहरूको राष्ट्रिय भेला गर्ने तथा उहाँहरूसँग सम्बन्धित परिचय पुस्तक प्रकाशित गर्ने योजना बनायौं। त्यस कामलाई अझ बढी व्यवस्थित गर्नको निम्ति ०५२ साल वैशाख महिनामा महिला विभाग गठन गऱ्यौं। यस अघि इन्सेकले ०४९ सालमा नेपाली महिलाहरूले भोग्नु परेका विविध समस्याहरूको जानकारी लिने र तिनको समाधानको निम्ति आ-आफ्नो क्षेत्रबाट प्रयास गर्ने उद्देश्यले नेपालगञ्जमा भेलाको आयोजना गरिएको थियो। त्यसमा (क) परम्पराबाट पीडित (ख) सामाजिक अन्यायबाट पीडित (ग) आर्थिक शहरीकरणबाट पीडित (घ) विकास र वातावरण विनासको कारणबाट पीडित महिलाहरूका समस्या पत्ता लगाउने र

आपसमा अनुभव साट्ने काम भयो। त्यसपछि ०५१ साल माघ महिनामा पूर्वाञ्चल धनकुटामा "राजनीति पीडित महिला" भेलाको आयोजना गरियो। त्यहाँबाट प्राप्त अनुभव र उपलब्धिबाट शिक्षा लिँदै ०५२ साल चैत महिनामा "प्रजातन्त्रको मौलिकता राजनीतिमा महिला सहभागिता" भन्ने मूल नाराका साथ काठमाडौंमा राष्ट्रिय महिला भेला सम्पन्न भयो। उक्त भेलाले "पासाङ ल्हामु संकल्प" पारित गऱ्यो। यसमा ६२ जिल्ला एवं विभिन्न संघसंस्थाबाट २ सय २० भन्दा बढी महिलाको सहभागिता रहेको थियो।

धनुकटा भेला पश्चात वि.सं. १९९३ देखि ०४६ सालसम्मको प्रजातान्त्रिक आन्दोलनको दौरानमा संलग्न रहनु भएका महिलाहरूको परिचय पुस्तक प्रकाशन गर्ने उद्देश्यले "राजनीतिमा महिला सहभागिता" विषयको फारम तयार गरी यस कार्यलाई अगाडि बढाउनको निम्ति विभिन्न राजनीतिक पार्टीहरू, महिलासँग सम्बन्धित संघ संस्थाहरू र देशका विभिन्न जिल्लामा कार्यरत हाम्रा प्रतिनिधिहरू मार्फत फाराम उपलब्ध गरायौं। विभिन्न पत्रपत्रिकामा फारमको नमुना प्रकाशित गरी विवरण उपलब्ध गराइदिन हार्दिकतापूर्वक अनुरोध पनि गऱ्यौं। इन्सेक महिला विभागका कार्यकर्ताहरू स्वयं कतिपय जिल्लामा गई प्रजातान्त्रिक योद्धा महिलाहरूका परिचय संकलन गर्ने र अन्य जिल्लाहरूमा इन्सेक स्वयंसेवकहरू मार्फत विवरण संकलन गरियो। यस विषयमा हामीले सबैको हार्दिक सहयोग प्राप्त गऱ्यौँ। ०५२ सालको अन्तिमसम्ममा अधिकांश विवरण प्राप्त भई लेखनकार्य पनि समाप्त भएको थियो। जे जति प्राप्त भएको थियो त्यसकै आधारमा अघिल्लो सालभित्र पुस्तक प्रकाशित हुन सक्थ्यो तर कतिपय जिल्ला र महत्त्वपूर्ण घटनासँग सम्बन्धित विवरण छुट भएको महसुस गरी हामीले हाम्रो विवशता र बाध्यता राष्ट्रिय भेलामा प्रस्तुत गऱ्यौँ। त्यसपछि पनि देशका विविध भागबाट थुप्रै फारामहरू प्राप्त भए। जे जस्तो विवरण तथा परिचय प्राप्त भए तिनलाई समावेश गरी प्रस्तुत पुस्तक प्रकाशित भएको छ।

प्रस्तुत पुस्तक राजनीतिक आन्दोलनमा लाग्नु भएका महिलाको विषयमा तयार गरिएको पुस्तक हो भन्ने कुरा हामीले सम्झेका छैनौं बरू त्यस विषयको निम्ति यो एउटा सामान्य विवरणिका मात्र बन्न सक्यो र भविष्यमा यस विषयका अनुसन्धान कर्ताको निम्ति प्रथम वर्णमाला सावित भयो भने पनि उपलब्धिपूर्ण हुनेछ भन्ने हामीलाई लागेको छ। यसमा सबै पक्ष र घटनालाई संलग्न गर्ने प्रयास गर्दा गर्दै पनि हाम्रा आफ्नै कतिपय स्रोत, साधन र समय सीमाका बाध्यता विवशताका कारणले गर्दा कैयन महिलाका विवरण छुट भएका हुन सक्छन् भने कतिपय ठाउँमा हामीले बारम्बार प्रयास गर्दा गर्दै पनि विवरण प्राप्त गर्न नसकेको कारणले गर्दा महत्त्वपूर्ण विवरण छुटेका छन्। यसलाई कुनै आग्रह दुराग्रहको रूपमा भन्दा समयसीमाका बन्धन, स्रोत र साधनको कारणले गर्दा पनि छुट्न गएको हो भन्ने कुरा सम्झी सबैबाट स्वच्छ तथा रचनात्मक सुझावको अपेक्षा गरेका छौं। पुस्तक सम्पादनको पछिल्लो चरणमा प्राप्त फारमका विवरणलाई हामीले प्राविधिक कारणले जिल्लाको क्रममा राख्न सकेनौं र राजनीतिमा संलग्न महिलाहरूको थप विवरण शीर्षकमा प्रस्तुत गरेका छौं। त्यसै गरी फारममा यथेष्ट विवरण नखुलेका र पछिल्लो चरणमा मात्र विवरण प्राप्त भएका महिलाहरूको नामावली सूची मात्र प्रस्तुत गरिएको छ। यसो गर्नुको पछाडि हाम्रो कुनै आग्रह पूर्वाग्रह छैन। असार मसान्तसम्ममा प्राप्त विवरणहरू मात्र प्रस्तुत पुस्तकमा समावेश गरिएको छ। पुस्तक तयार गरेर प्रेसमा पठाइसकेपछि पनि विवरण

फारमहरू प्राप्त हुने क्रम रोकिएको छैन।

भविष्यमा यस विषयमा अध्ययन गर्नेहरूको निम्ति केही मात्रामा भए पनि बुझ्न सजिलो होस् भन्नाको निम्ति मानव अधिकार वर्ष पुस्तकको ढाँचामा राजनीतिमा संलग्न भएको कालक्रमको आधारमा विवरण समावेश गरिएको छ। यस किसिमले तयार गर्दा पनि कालक्रममा केही नमिलेको हुन सक्छ। साथै कतिपय फर्महरू सम्पादनको अन्तिम चरणमा थपिँदै जाँदा क्रमबद्धता मिलाउन नभ्याएको / नपाएको कुरा विनम्रतापूर्वक जाहेर गर्दछौं। पुस्तकमा संलग्न विवरणको बारेमा यहाँ बढी उल्लेख गर्नु सान्दर्भिक नहोला। यसमा अभिव्यक्त विचारहरू फाराममा उल्लेखित विवरणमा आधारित छन्। अझ अधिकांश विवरणमा अभिव्यक्त भनाइलाई नै जस्ताको त्यस्तै उतार्ने काम पनि भएको छ। यसो गर्दा अभिव्यक्तिको मौलिकता प्राकृतिक एवं सहजपन कायम गर्न सकिन्छ भन्ने हाम्रो ठम्याइ हो। केही महिलाहरूको विवरण इन्सेकद्वारा धनकुटामा आयोजित दोस्रो उत्पीडित महिला भेलाको प्रतिवेदनबाट जस्ताको त्यस्तै साभार गरेका छौं। पुस्तकमा गल्ती कमजोरी नहोस् भन्नाको निम्ति विशेष ध्यान पुऱ्याउन खोज्दा खोज्दै पनि भाषिक वा मुद्रणसँग सम्बन्धित थुप्रै त्रुटी कमी रहेका हुन सक्छन्। यस विषयमा पनि रचनात्मक सुझावको अपेक्षा गरेका छौं।

मानव अधिकार आन्दोलनका अविश्रान्त सहयोद्धा स्वर्गीय प्रकाश काफ्लेको चौथो पुण्य स्मृतिमा प्रस्तुत पुस्तक प्रकाशित गर्न सकेकोमा यो प्रयास स्व. प्रकाश काफ्ले प्रतिको सच्चा एवं वास्तविक संस्मरण हो भन्ने कुरा सिङ्गो इन्सेक परिवार र व्यक्तिगत रूपमा मलाई पनि लागेको छ। मानव अधिकार आन्दोलनलाई संगठित रूपबाट अगाडि बढाउनु पर्दछ, व्यापक जनताको चेतना एवं शक्तिको आधारमा मात्र वास्तविक मानव अधिकारको बहाली हुन्छ भन्ने उहाँको धारणा थियो। प्रस्तुत पुस्तक पनि दैशको प्रजातान्त्रिक, राजनीतिक, आन्दोलनको दौरानमा विविध समय र अवस्थामा संगठित एवं असंगठित रूपबाट लाग्नु भएका महिला समुदायका बिगतको अनुभव र वर्तमान प्रतिको टिप्पणी भएकोले यो स्वयं एक सांगठनिक अभिव्यक्ति हो।

पुस्तकलाई यस रूपमा जनसमक्ष प्रकाशित गर्ने दौरानमा पनि विभिन्न राजनीतिक पार्टीहरू, सामाजिक संघ-संस्थाहरू एवं महिलासँग सम्बद्ध संस्थाहरूको पनि सहयोग प्राप्त भएकोले सबैप्रति यथोचित आभार प्रकट गर्दछु। कतिपय महिलाहरूले व्यक्तिगत रूपमा पनि महिला चिनारी फाराम भरेर महिलाहरूको खोज गर्ने क्रममा हामीलाई सहयोग गर्नु भएको छ उहाँहरूप्रति पनि आभार व्यक्त गर्न चाहन्छु। साथै इन्सेक जिल्ला प्रतिनिधिहरू, आबद्ध संस्था र क्षेत्रीय कार्यालयका साथीहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपबाट पुस्तक प्रकाशनमा यथाशक्य सहयोग गर्नु भएको छ, उहाँहरूलाई पनि बिर्सन सकिदैन। महिला विभागमा रही यस काममा सक्रियतापूर्वक लाग्नु हुने सन्तोष प्याकुरेल, कमला पराजुली र कविता अर्याल लगायत इन्सेक केन्द्रका अन्य सम्बन्धित सबै साथीहरूको निरन्तर प्रयत्नबाट यो पुस्तक प्रकाशित भएको छ। पुस्तकको सम्पादनमा लाग्नु हुने नरनाथ लुइँटेल, माधव पन्थी, कृष्ण गौतम, युवराज काफ्ले एवं किरण माली, गोविन्द त्रिपाठी, प्रेक्षा ओझा र जगदीश दाहालको कडा परिश्रम बेगर पुस्तक प्रकाशन सम्भव थिएन।

*(इन्सेकद्वारा प्रकाशित 'राजनीतिक महिला परिचय' नामक पुस्तक ०५३ साउन १६ गते लोकार्पण गरिएको थियो। सोही पुस्तकमा तत्कालीन अध्यक्षको भूमिका लेखका रूपमा साभार गरिएको छ ।)*

# राजनीतिक महिला परिचय




**राजनीतिक क्षेत्र स्वच्छ तथा आदर्श बन्न सक्यो भने सामाजिक जीवनको अन्य पक्ष सकारात्मक दिशातर्फ बढ्न सक्छ तर यसमा देखिएका विकृतिले सिङ्गो सामाजिक संरचनालाई नै गलत बाटोमा डोऱ्याउने भएकोले यसमा बहुसङ्ख्यक जनताको सक्रियता र संलग्नता आवश्यक हुन्छ। हाम्रो देशको सन्दर्भमा पनि चाहे राणा शासन विरोधी आन्दोलनको क्रममा होस् अथवा पञ्चायत विरोधी आन्दोलनको क्रममा होस् नेपाली जनता राजनीतिक अधिकार प्राप्तिको निम्ति सङ्घर्षको मैदानमा उत्रेका छन्। यस आन्दोलनमा नेपाली महिलाहरूले अप्रत्यक्ष एवं सहयोगी भूमिका मात्र हैन निर्णायक तथा नेतृत्वदायी भूमिका समेत निर्वाह गरेका छन्। बिगतमा उनीहरूले पाएको दुःख कष्ट वा भोगेका समस्या सिङ्गो सामाजिक जीवनको मुक्तिको निम्ति देखाएको त्यागको अभिव्यक्ति हो। यस क्रममा असङ्ख्य महिलाको सिन्दुर पुछिएको छ, आफ्नो भविष्यको आधारको रूपमा स्वीकार गरिएको छोरो गुमाउनु परेको छ। आन्दोलनको दौरानमा शहादत प्राप्त गर्नु भएका राजनीतिक योद्धाका परिवारले भोग्नु परेका समस्या भनेको हाम्रो राजनीतिक जीवनको महत्त्वपूर्ण पक्ष हो। इन्सेकले ०५३ साउन १६ गते प्रकाशन गरेको राजनीतिक महिला परिचय पुस्तकबाट तल उल्लेखित परिचय साभार गरिएको हो ।**

## अष्टलक्ष्मी शाक्य



२०२५ सालदेखि नै वाम राजनीतिमा संलग्न रहनु भएकी अष्टलक्ष्मी नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य र अनेमसंघको महासचिव हुनुहुन्छ। २०४६ साल वैशाखमा अखिल नेपाल महिला संघको काम सिलसिलामा फर्केर आउँदा इलाम बजारबाट अरू दुई जना महिला साथी (चन्द्रकला दाहाल (इलाम) र सीता अधिकारी (झापा)) साथ गिरफ्तार भएपछि इलाम प्रहरी हिरासतमा ३७ दिन र एक दिन इलाम जेलमा बिताउनु भएको छ। त्यतिखेरको अनुभव बारे "जिउभरी सिस्नो पानीले हिर्काउने, बाँसका भाटाले मनपरी कुट्ने, छेपारो लगाउने धम्की दिने, मार्ने धम्की दिने, कोहीसँग भेट्न नदिने, दिनदिनै बयान लिएको लियै गर्ने, वरीपरी पुलिसले घेरेर राख्ने जस्ता शारीरिक एवं मानिसक यातना दिने र २०४६ सालको जनआन्दोलनको क्रममा झापामा गिरफ्तार भएको बेला मनपरी गालीगलौज गर्ने, मनपरी कुटपिट गर्ने, मार्ने धम्की दिने, पुलिसले घेरामा राखी कसैलाई भेट्न नदिने जस्ता यातना दिई १४ दिनसम्म झापा कष्टडीमा राखी र बहुदलको घोषणा पछि मात्र छोडेका थिए" भन्नुहुन्छ। हालको राजनीतिक परिवेशमा पनि "राजनीतिमा महिला सहभागिता साहै न्यून अवस्था छ"। महिलाहरूमाथि आर्थिक सामाजिक कानुनी भेदभावको साथै पुरुष प्रधान समाज भएकोले राजनीतिमा लाग्न कठीन छ। यसको साथै

राजनीतिमा लागि रहनु भएका महिलाहरूले सामाजिक लाञ्छना, परिवारिक दवाव र आर्थिक पीडा बोक्दै निकै समस्याहरूसँग जुझेर नै न्यून सङ्ख्याका महिलाहरू राजनीतिमा लाग्नु परेको छ। अहिले पनि महिलाहरूको स्थितिमा खासै परिवर्तन देखिएको छैन। बरू राजनीतिक काम पुरुषको घर व्यवहारको काम महिलाहरूको जस्तो भएको अनुभव हुन्छ" भन्नुहुन्छ। आफ्नो पार्टीमा महिला प्रतिनिधित्व साहै न्यून छ भन्दै महिला अधिकार तथा उत्थानको लागी अनेमसंघले महिलाहरूबीच चेतना जगाउने, संगठित गर्ने कामको साथै समानता एवं न्याय दिलाउन प्रयास गरे पनि तिनमा निरन्तरता हुनु पर्दछ भन्दै अझै सन्तुष्ट भएर बस्न सक्ने स्थिति बनेको छैन र महिला मुक्तिको लागि निरन्तर विभिन्न प्रयासहरू अगाडि बढाउनु पर्छ" भन्ने धारणा राख्नुहुन्छ। संविधानसँग बाझिएको कानूनहरू यथावत नै छन् र अहिले स्वयं ती कानुनहरूलाई संविधानको भावना सम्मत बनाउने काममा केही नभएकोले महिला विरूद्ध रहेका भेदभावपूर्ण सम्पूर्ण कानून खारेज गर्नुपर्दछ र सरकारद्वारा हस्ताक्षरित महिलाविरूद्ध भेदभावपूर्ण महासन्धिको मान्यतालाई समेत व्यवहारमा लागू गर्नु पर्दछ भन्नु हुन्छ। "महिलाहरू पनि बहुदलीय व्यवस्था स्थापनाका एक आधार हुन र देश एवं समाज विकासका महत्त्वपूर्ण शक्ति हुन् भनी महिलाहरूलाई यस व्यवस्थामा अगाडि बढाउनको निम्ति स्पष्ट विचार राख्नुका अतिरिक्त उनीहरू राजनीतिक मैदानमा आउन भनेर विशेष व्यवस्था समेत बनाउनु पर्दछ" भन्नु हुन्छ।

**कनकलता बज्राचार्य**

२००४ सालदेखि राजनीतिमा संलग्न रहनु भएकी कनकलता नेपाल कम्युनिष्ट पार्टीसँग संवद्ध हुनुहुन्छ। उहाँ २००४ सालमा नै जेल पर्नु भयो। "आजसम्म महिलाको राजनीतिक स्थिति पुरुष निर्देशन मै भर परिरहेको छ" भन्दै २००५ सालमा सर्वप्रथम नेपालमा बनेको महिला संघ स्वतन्त्र थियो पछि पार्टीगत हुनुपुगे भन्ने विचार राख्नु हुन्छ। २०४६ सालपछि पनि "महिलाहरूले आफूखुसी स्वतन्त्ररूपमा महिला उत्थानको लागि काम गर्ने कुनै वातावरण तयार नभएको" धारणा राख्नु हुन्छ र संविधान र कानूनमा गरिएको व्यवस्था "साहै अधुरो, महिला असमानता र जहाँकहीं पनि महिला उपेक्षित रहेको" विचार व्यक्त गर्दै महिला सहभागिता वृद्धि गर्नको निम्ति स्वतन्त्रपूर्वक काम गर्न दिने वातावरण एवं प्रतिनिधित्व गराउनु पर्ने आवश्यकता छ भन्नु हुन्छ।

**कमला पन्त**



२०३६ सालदेखि विद्यार्थी राजनीतिमा संलग्न रहनु भएकी कमला २०५१ सालको निर्वाचनमा विजयी भएर नेपाली कांग्रेसबाट प्रतिनिधिसभा सदस्य हुनुहुन्छ। २०४६ सालको जनआन्दोलनको समाप्तिसम्म पटक पटक प्रहरी हिरासतमा तथा २०४५ साल चैत २० गते देखि साउनसम्म जेल जीवन बिताउनु भएको छ। हाल "राजनीतिमा प्रतिस्पर्धा गरी समान अधिकारको हाराहारीमा पुगेका महिलाको पनि अबमूल्यन गर्ने प्रवृत्ति बाँकी नै रहेकाले धेरै कठिन भए पनि हामी पछाडि छैनौं" भन्नुहुन्छ। "अझ पनि आर्थिक रूपमा परनिर्भर हुनु पर्ने र घरको कामको भार पनि

सम्हाल्नु परेकाले बाहिर काममा निस्कन कठिन छ र प्रतिस्पर्धामा जाने महिलालाई राम्रै संरक्षण दिइएको छ भन्दै आफू समर्पित भएको पार्टी अझ उदार भएको महसुस हुन्छ" भन्नुहुन्छ। महिला अधिकार र उत्थानको लागि आफ्नो संस्थाले गरेको प्रयास बारे "हाम्रो राजनीतिक कौशलता अत्यन्त उत्तम हुन पऱ्यो, अनि अधिकार नदिएर हुन्छ र? भन्दै तर नेतृत्वमा पुरुष प्रधान्यताको इगो त अझै पनि छ" भन्ने विचार व्यक्त गर्नु हुन्छ। संविधान निष्पक्ष छ, तलैदेखि खुकुलो पारिनु पर्दछ भन्दै तर संविधान र कानून भन्दा मानव मस्तिष्क एवं संस्थाको सोचाई महान हुनु पर्दछ र निर्णायक भूमिका रहने ठाउँमा महिला सहभागिता रहनु पर्दछ भन्ने विचार राख्नु हुन्छ।

## खिलेश्वरीदेवी घिमिरे

लामो राजनीतिक परिवारिक वातावरणमा जीवन व्यतित गर्नुभएकी खिलेश्वरीदेवी लगभग ६० वर्ष पुग्न लाग्नु भएको छ र राजनीतिक रूपले नेकपा (एमाले) मा संबद्ध हुनुहुन्छ। ०१५ सालको संसदीय निर्वाचनमा पति पाण्डवराज घिमिरे नेकपाको तर्फबाट उम्मेदवार हुनु भएकोले कम्युनिष्ट पार्टी प्रति बढी सम्पर्कमा आएको बताउनु हुन्छ। ०१७ सालपछिको देशको स्थितिमा पञ्चायती शासकले बारम्बार यातना दिने र दबाब दिने काम गरेका थिए भन्नुहुन्छ। सिंगो घरपरिवार नै कम्युनिष्ट राजनीतिमा संलग्न भएकोले बिगतका पञ्चायत विरोधी आन्दोलनका क्रममा पति, छोरा, छोरीहरू जेल पर्दा कठिन एवं जटिल परिस्थितिसँग जुझ्न परेको कुरा उहाँ बताउनु हुन्छ।

## गौरा रिजाल

०२८ सालदेखि राजनीतिमा लाग्नु भएकी गौरा नेकपा (एमाले) मा संगठित हुनुहुन्छ। ०२८ सालमा आठराईमा भएको दमनको बेला दैनिक एकहप्ता प्रजिअले हाजिर गराएको, बयान लिने काम गरेको र राजनीतिक पूर्वाग्रहको कारणले ठाकुरराम बहुमुखी क्याम्पसको प्रशिक्षकबाट अवकाश पाएको कुरा बताउनु हुन्छ। ०४६ साल पश्चात् पनि महिलाहरूको एउटा हिस्सा सचेत भएर प्रजातन्त्रको सही उपभोग गर्न पाएको छैन र अझ भन्ने हो भने राजनीतिमा महिला सहभागिता खस्कदो स्थितिमा झरेको महसूस गर्दछु। हालको स्थितिमा पनि राजनीतिक दल वा मञ्चमा प्रतिनिधित्व ज्यादै कम, आरक्षण पदहरू ज्यादै न्यून राखिएको, दोहारो भूमिका निर्वाह गर्नु पर्ने बाध्यताले गर्दा पछौटेपन भयावह रूपमा बढ्दै गएको र सचेत महिलाहरू आफै सही अधिकारको पहिचानमा पछि परेका छन् भन्नुहुन्छ। आफ्नो पार्टीमा महिला प्रतिनिधित्व करीब सात प्रतिशत भन्दै महिला अधिकार र उत्थानको निम्ति हाल सम्मका प्रयासहरू सन्तुष्ट हुने खालका छैनन् भन्नुहुन्छ।

## गौरा प्रसाई



गौरा, नेपाली महिला आन्दोलनमा सङ्घर्षशील एवं जुझारू नाम हो। २०२८ साल वैशाखदेखि कम्युनिष्ट राजनीतिमा लाग्नु भएकी गौरा निरन्तर कम्युनिष्ट पार्टी र आन्दोलनमा क्रियाशील रहनुभयो र हाल नेकपा (एमाले) मा आवद्ध हुनुहुन्छ। पार्टी कामको निम्ति २०२९ कार्तिक देखि भूमिगत हुनुभयो र भदौ २०३० असोजमा स्वदेशफर्की पार्टी काममा भूमिगत भएको बेलामा माघ १६ गते झापा देउनियाबाट प्रहरीले गिरफ्तार

गरी २०३७ वैशाखसम्म जेलमा बिताउनु भयो। जेलमा बन्दी जीवन बिताइरहेको अवस्थामा पञ्चायती शासकहरूले बुटले कुल्चने, छडले पिट्ने, कपाल लुछ्ने, करेन्ट लगाउने, सिस्नोपानी लगाउने, चक्कामा सिक्रीले बाध्ने, अपमानजनक शब्द प्रयोग गर्ने, स्तन समातेर तान्ने र ११ महिनासम्म गोलघरमा राख्ने काम गरेका थिए भन्नुहुन्छ। झापा किसान सङ्घर्षको क्रममा भूमिगत, प्रवास र चार वर्ष तीन महिना जेलजीवन समेत बिताइसक्नु भएकी गौरा २०३७ सालमा जेलबाट रिहा भएपछि पनि निरन्तर पार्टी काममा लाग्ने क्रममा २०३९ सालसम्म प्रवासमा रहनु भयो र त्यसपछि स्वदेशमा आएपछि बहुदलको घोषणा नहुदासम्म भूमिगतरूपले पार्टी काममा जुट्नुभयो। उहाँले २०३८ सालमा नै अनेमसंघको केन्द्रीय सदस्यको जिम्मेवारी पुरा गरिसक्नु भएको छ। हालको राजनीतिमा महिलाको चेतना जागृत हुँदै गएको भएता पनि महिलाहरूले आफ्नो हक अधिकारको निम्ति गर्नु पर्ने धेरै छ भन्दै राज्य र समाजबाट महिलाहरूलाई समान अवसर नदिएकोले राजनीतिमा महिलाहरूको सहभागिता न्यून नै छ" भन्नुहुन्छ। २०४६ सालको आन्दोलनको लगत्तै महिला सहभागिता उल्लेख्य रूपमा बढे पनि अहिले त्यो स्थितिमा ह्रास आउँदै गएको छ, त्यसलाई निरन्तरता दिनको निम्ति दलहरू वा महिला संघ संगठनहरूले विशेष प्रयत्न गर्नु जरूरी छ" भन्नुहुन्छ। आफ्नो पार्टीमा महिला सहभागिता न्यून नै छ भन्दै आफू आवद्ध रहेको अनेमसंघले "तुलनात्मकरूपले महिलाहरूको हक हितको निम्ति संगठित र आन्दोलित गर्ने राम्रो काम गरेको भए पनि सन्तुष्ट हुन सक्ने अवस्था अझै छैन र महिला अधिकार र सहभागिताका निम्ति वर्तमान संवैधानिक एवं कानूनी व्यवस्था पर्याप्त छैन" भन्नुहुन्छ। राजनीतिमा महिला सहभागिता बढाउन "पैतृक सम्पतिमा समान हक कायम गरिनु पर्ने र धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक रूपले समानताको व्यवहार कायम गर्न महिलाहरूलाई संगठित र आन्दोलित गर्नुपर्दछ" भन्नुहुन्छ।

## चंचलादेवी मानन्धर

वि.सं. १९९७ मा प्रजा परिषद्मा सक्रियरूपमा भाग लिनुभएकी चंचलादेवी नेपाली कांग्रेसको सदस्य हुनुहुन्छ। ००४ सालको आन्दोलनमा जुलुसमा भाग लिँदा प्रहरीको लाठीचार्जमा परी घाइते बनाएको र पक्रेर सुन्धारा महिला कारागारमा थुनेको कुरा बताउनु हुन्छ। आफू नर्स भएकोले धेरै समय जेलमा बस्न नपरे पनि नेपाली कांग्रेसको कार्यकर्ता भएकोले नर्स पदबाट दुई वर्षको लागि निलम्बित गरिएको थियो भन्नुहुन्छ। विश्व राजनीतिमा महिलाहरूको स्थितिको दाँजोमा नेपाली महिलाहरूको सहभागिता र अधिकार अझै थप गर्दै लैजानु पर्ने भए पनि ००७ साल अघिको तुलनामा अहिलेको स्थितिमा धेरै सुधार भएको महसुस हुन्छ भन्नुहुन्छ। आफू संबद्ध रहेको सामाजिक संस्था र राजनीतिक दलमा महिला प्रतिनिधित्व राम्रो छ भन्दै आफू संलग्न संस्थाहरूले महिला अधिकार र उत्थानको निम्ति गरेका प्रयासमा सन्तुष्ट छु भन्नुहुन्छ। बिगतको राजनीतिमा महिला सहभागिता नगण्य मात्रामा थियो भन्दै ०४६ सालपछि जोश जाँगर बढेको अनुभव भएपनि राजनीतिमा महिला सहभागिता बढाउन जति कार्यक्रमहरू ल्याउनु पर्ने हो कुनै पनि संस्था वा राजनीतिक दलले त्यति पर्याप्त मात्रामा प्रयास गरेको देखिदैन भन्नुहुन्छ। अहिलेको अवस्थामा पुराना राजनीतिक महिलाहरूलाई प्रोत्साहन दिने कार्यक्रम अगाडि ल्याई

तिनीहरूले भोगेका अनुभवबाट नयाँ प्रवेश गरेका महिलाहरूलाई प्रशिक्षण दिने र घरदैलौमा गई महिलाहरूलाई जागरण गराउनु पर्ने भए पनि दुर्भाग्यवश कुनै पनि संस्था वा दलले पुराना राजनीतिक महिलाहरूलाई प्रोत्साहन दिने कार्यक्रमहरू दिन सकेका छैनन् भन्नुहुन्छ।

### जीवना वादे श्रेष्ठ



०३६ सालदेखि ने.वि. संघको माध्यमबाट राजनीतिमा प्रवेश गर्नुभएकी जीवना नेपाली कांग्रेस जिल्ला कार्य समितिको सदस्य हुनुहुन्छ। राजनीति गर्दा विगतको व्यवस्थामा प्रहरी हिरासतमा बसेको र धेरै सामाजिक यातना एवं झुठा मुद्दाको कारण मानसिक पीडा भोगेको भन्नुहुन्छ। उहाँको धारणामा राजनीतिमा महिला सहभागिताको लागि राजनीतिक पार्टीहरूले सबै तहको निर्वाचनमा महिला उम्मेदवार अनिवार्य रूपमा उठाउनु पर्छ। पैत्रिक सम्पत्तिमाथि छोरा र छोरीको समान अधिकार हुनुपर्छ। सरकारी स्तरबाट संचारमा स्थान दिनु पर्दछ। महिला नेतृलाई विदेश भ्रमणको अवसर दिनु पर्दछ भने गैरसरकारी स्तरबाट महिला नेतृत्वको आवश्यकता बारे जनचेतना जागृत गर्ने, जीवनभर राजनीतिमा लाग्ने महिलालाई आवास, यातायात तथा स्वास्थ्य सुविधा उपलब्ध गराउनु पर्ने कार्यक्रम सञ्चालन गर्नु पर्दछ भन्नुहुन्छ।

### झुमा देवान (नेपाल)

०३५ सालदेखि राजनीतिक क्षेत्रमा लाग्नु भएकी झुमा नेकपा (एमाले) सँग सम्बद्ध हुनुहुन्छ र विगतमा ०३७ सालमा



पार्टीको पूर्णकालीन कार्यकर्ताको रूपमा काम गर्नु भएको थियो। आफू सम्बद्ध भएको पार्टीमा ०४६ साल पूर्व पनि महिलाहरूको सक्रिय सहभागिता रहेको र अहिले पनि राम्रै सहभागिता रहेको उहाँको धारणा छ। वर्तमान संविधान र कानूनमा महिलाको अधिकार र सहभागिता बारे अन्यौल र अस्पटता रहेको उहाँ बताउनु हुन्छ।

### द्वारिकादेवी ठकुरानी



२००१ सालमा एन.डी. प्रकाशको प्रेरणाबाट कांग्रेसको समर्थन गरी ००३ सालदेखि नेपाली कांग्रेसको कार्यकर्ता हुनु भएकी द्वारिकादेवी सक्रियताकै क्रममा ००७ सालका क्रान्तिकारीहरूलाई बन्दुक उपलब्ध गराउने र महिनौंसम्म पाल्ने काममा समेत लाग्नु भयो। छोरा र पतिको मृत्यु पश्चात पनि ०१२ सालमा वि.पि., सूर्यप्रसाद, एन.डी. प्रकाशको आग्रहमा ०१५ सालमा डडेल्धुरा जिल्लाबाट संसदका लागि उम्मेदवार हुनुभयो र चुनाव जितेर मन्त्री समेत बन्नुभयो। रूख आफ्नो चुनाव चिन्ह भएकोले हाल पनि हातमा रूखको छाप छ भन्नुहुन्छ।

आमाले दिएको दाइजोको रू. ६०००।- बाट रू. ४०००।- ले स्कूल सञ्चालन गरेको र बाँकी रू. २०००।- चुनाव प्रचार प्रसारमा लगाएको बताउदै व्यक्तिगत स्वार्थलाई भन्दा सामाजिक सेवालाई महत्त्व दिनु पर्छ भन्नुहुन्छ। आफू उम्मेदवार भएको बेला पैसाको रवाफले

चुनावमा उत्रेकाहरूलाई पराजित गर्न सर्वसाधारण समक्ष "खाउ सेठका पैसा खुब खाउ तर भोट मलाई देउ" भनेको र "पेटीकोट लाई मत नदेउ त्यो पोइल जानेछ" भन्दै उहाँका विरूद्ध उत्रेकाहरूलाई "तिमी आमाको गर्भबाट आयौं कि बाबुको ?" भन्ने जवाफ दिएकी थिएँ भन्नुहुन्छ।

मन्त्री पदबाट अपदस्थ गरिँदा साथमा जम्मा रू. १०००।- भएको, भारतको पिथौरागढमा १६ महिलालाई राइफल चलाउने ट्रेनिङ दिएको, लौका आङमा बाँधेर नेपाल पसी नेपाली प्रशासकलाई तर्साएको आदि घटनालाई, रोचक रूपमा बताउनु हुने द्वारिका पतिको र छोराको मृत्युको घटनालाई दु:खद क्षणको रूपमा स्मरण गर्नुहुन्छ। पञ्चायती व्यवस्थामा महाकाली अञ्चलाधिशले "व्यवस्था स्वीकार गरिनस् भने रेप गर्छु" भनी दिएको धम्की र सि.डि.ओ. योगेन्द्र ओझाले चार घण्टा लगातार घाममा उभिन लगाएको यातनालाई दु:खद् क्षण बताउदै उहाँ ०४८ सालको आम चुनावको प्रसार-प्रसार क्रममा क्यान्सर भएपछि पार्टीले दिनु पर्ने सम्मान र सम्भार नदिएको बताउनु हुन्छ।

## स्वा. दिव्या कोइराला

राणाकालीन समयदेखि प्रजातान्त्रिक आन्दोलनको क्रममा विविध किसिमले संघर्षमा लाग्नु भएकी स्व. दिव्या कोइरालाले आफ्ना पति स्व. कृष्णप्रसाद कोइरालाका साथ भारतमा निर्वासित जीवन पनि बिताउनु भएको थियो। उहाँ ००३ साल चैत महिनामा विराटनगर मजदूर आन्दोलनमा भाग लिँदा ६ महिना जेल पर्नु भएको थियो।

## निलम केसी (सीता खड्का)

२०२७ सालदेखि राजनीतिमा लाग्नु भएकी नीलम (सीता खड्का) नेकपा (एमाले) र अनेमसंघ केन्द्रीय पार्षद् हुनुहुन्छ।



राजनीतिमा लागेको अभियोगमा नाकबाट खुसार्नी पनि खन्याउने, घण्टौंसम्म पाइतालामा पिट्ने जस्ता अनेकौं खाले यातना दिइन्थ्यो। अभ्रद र अश्लिल प्रश्नहरू गरेर मानसिक यातना पनि दिइन्थ्यो। राजनीतिक अभियोगकै कारण ०३० सालमा दुई वर्ष जेल सजायबाट पीडित हुनु भएको थियो। नेपालमा राजनीतिक महिलाको स्थिति सन्तोषजनक नरहेको र राजनीतिक रूपमा महिलाहरूले उपयुक्त स्थान नपाएको भन्नुहुन्छ। आफू सम्बद्ध रहेको दलमा महिला प्रतिनिधित्व सन्तोषजनक नरहेको र आफ्नो दलद्वारा महिलाहरूलाई उनीहरूले पाउनुपर्ने अधिकार साथै राजनीतिमा पनि उनीहरूको बराबरी सहभागितामा जोड दिनु पर्ने र यस्तो नभएको र यसमा आफू सन्तुष्ट नरहेको बताउनु हुन्छ।

## नोना कोइराला



नेपाली कांग्रेस स्थापनाकाल २००३ सालदेखि राजनीतिमा संलग्न रहनु भएकी नोना नेपाली कांग्रेस केन्द्रीय समिति सदस्य हुनुहुन्छ। ०१७ सालमा सुरक्षा कानून तोडेको अभियोगमा एक वर्ष जेल र १ हजार रुपियाँ जरिबानामा परेको, छुटेपछि पुन: तीन वर्षसम्म हिरासतमा सजाय भोगेको, त्यस्तै ०४३ सालमा पनि सात महिना डि.एस.पी. कार्यालय, बसन्तपुरमा अमानवीय यातनाका साथ जेल यातना भोगेको बताउनु हुन्छ।

पारिवारिक समस्याले गर्दा नेपालको राजनीतिमा महिलाको स्थिति पुरुषभन्दा कमजोर रहेको बताउँदै आफ्नो पार्टीको विधानमा राजनीतिमा महिला प्रतिनिधित्व बढाउने नीति लिए पनि महिला अधिकारको लागि गर्नुपर्ने जति काम नगरेको बताउनु हुन्छ। ०४६ साल पश्चात् राजनीतिमा महिला सहभागिता बढेको बताउँदै महिलाहरूले संविधानमा उल्लेखित अधिकार केवल किताबमा रहेको र हकहितको बारेमा केही नभएको बताउनु हुन्छ।

## पम्फा भुसाल



२०३५-०३६ सालको विद्यार्थी आन्दोलनदेखि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं) को माध्यमबाट सांगठनिक राजनीतिक जीवन शुरूवात गर्नु भएकी पम्फाले नेपालको राजनीतिक आन्दोलनमा सक्रियतापूर्वक सहभागी हुँदै नेतृत्वदायी भूमिका समेत निर्वाह गरिसक्नु भएको छ। बिगतको पञ्चायत कालमा विभिन्न आन्दोलनमा भाग लिंदा पटक-पटक प्रहरी हिरासत र कारागारको जीवन समेत बिताउनु भएको छ। उहाँले ०४६ सालको जनआन्दोलनको समयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ। ०४६ सालपछिको देशको राजनीतिक स्थितिमा केही समयसम्म संयुक्त जनमोर्चा नेपालको केन्द्रीय अध्यक्ष समेत रहनु भएको थियो र हाल त्यसको महासचिव हुनुहुन्छ।

## पुष्पलता

वि.सं. १९९७ सालमा आफ्नो दाजु गंगालाललाई राणाले हत्या गरी शहीद बनाएको घटना आफ्नो बाल्यकालको दु:खद घटनाको रूपमा सम्झनु हुन्छ। पद्मकन्या कलेजमा पढ्दा विभिन्न माग लिई आन्दोलन गरेकोले अनिश्चित कालसम्म रेस्टिकेडमा परेको भन्नुहुन्छ। पुष्पलालको राजनीतिक विचारबाट प्रभावित भएर विभिन्न आन्दोलनमा सहभागी भए पनि विविध कारणले गर्दा राजनीतिक आन्दोलनको अग्रीम पंक्तिमा उभिएर आउन नसकेको हो भन्नुहुन्छ। तल्लो वर्ग र तहका महिलाहरूलाई जागरूक र आत्मनिर्भर नबनाउदासम्म महिलाको वास्तविक मुक्ति सम्भव छैन र राजनीतिमा महिला सहभागिता बृद्धि गर्न सामाजिक तथा आर्थिक क्षेत्रमा पनि संलग्न गराउनु पर्दछ भन्नुहुन्छ।

## स्व. पारिजात (विष्णुकुमारी वाइवा)



पारिजात आधुनिक नेपाली साहित्य र राजनीतिको क्षेत्रमा चर्चित नाम हो। दार्जिलिङमा जन्मेर काठमाडौंलाई आफ्ना कर्मस्थल बनाउनु भएकी पारिजातले नेपाली साहित्यमा थुप्रै कृतिहरू दिनु भएको छ। ०२३ सालको मदन पुरस्कार प्राप्त पारिजातको प्रथम उपन्यास शिरिषको फूल, संयुक्त राज्य अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिएको छ। उहाँका साहित्यिक क्षेत्रमा लगभग एक दर्जन जति उपन्यास, तीन कथा संग्रह, तीन कविता संग्रह र तीन आत्मसंस्मरण एवं महिला आन्दोलनसँग सम्बन्धित लेखको संगालो "आधी आकाश"

प्रकाशित भएका छन्। उहाँ ०२३ सालमा आरम्भ भएको राल्फा आन्दोलनको अगुवा र नेपाली प्रगतिवादी साहित्यको विशिष्ट व्यक्तित्व हुनुहुन्छ। उहाँले ०३५/०३६ सालको आन्दोलनपछि राजनीतिक क्षेत्रमा पनि आफ्नो विशेष भूमिका निर्वाह गर्ने क्रममा "अखिल नेपाल महिला संघ" को अध्यक्ष, ०४५ सालमा नेपाल मानव अधिकार संगठनको संस्थापक उपाध्यक्ष, ०४६ सालमा अखिल नेपाल महिला मञ्चको संस्थापक अध्यक्ष र बहुदलीय व्यवस्थाको स्थापना पछि ०४८ सालमा गठित "बन्दी सहायता नियोग" नामक संस्थाको संस्थापक अध्यक्षको जिम्मेवारी पूरा गर्नु भयो। प्रज्ञा प्रतिष्ठानलाई प्रजातन्त्रीकरण गर्न गठित "प्राज्ञिक संघर्ष" समितिको संयोजकको भूमिका निर्वाह गर्नुभयो। ०५० साल वैशाख ५ गते उहाँको निधन भयो।

विवरण स्रोत : पारिजात स्मृति केन्द्रले ०५१ मा प्रकाशित "पारिजात स्मृति ग्रन्थ"।

## मंगलादेवी सिंह



प्रजा परिषद्को राजनीतिक आन्दोलन सँगसँगै नेपालको प्रजातान्त्रिक आन्दोलनमा लाग्नु भएकी मंगलादेवी सिंह नेपाली कांग्रेसको केन्द्रीय सदस्य र नेपाल महिला संघको अध्यक्ष हुनुहुन्छ। आफ्नो विवाह भएको वर्ष दिन भित्र वि.सं. १९९७ साल असोज २७ गते ठोरीको जंगलमा गणेशमानसिंहलाई गिरफ्तार गरेको, राणाहरूले १९९७ सालमा शहीद गंगालाललाई गोली हानी हत्या गरेपछि विष्णुमतिको किनारमा पुगी पुष्पलाल र आफूले हात समातेर "तपाई हामी मिलेर यो राणा शाहीलाई बदला लिएर मात्र छोडौं" भनी प्रण गरेको कुरा लेख्नुहुन्छ। ०१७ साल पुस १ गतेको शाही कदमपछि गोपालदास वादे श्रेष्ठका साथ वनेपाबाट पैदल हिँडेर सीमाना काटी भारतको कलकत्ता पुगेको र त्यसपछि काठमाडौंको इन्चार्ज बनी सम्पर्क गर्न रक्सौलमा बसेको बताउनु हुन्छ। नेपाली कांग्रेसको दरभंगा सम्मेलनमा भाग लिएपछि सुवर्ण शम्शेरले कलकत्ता बोलाउनु भएको र त्यहाँको वातावरण देखि "यहाँ बसेर माखो पनि मर्नेवाला छैन, जे हुन सक्छ देशभित्रै बसेर हुन सक्छ, इन्डियाको हावा खाएर मलाई बस्ने मन छैन" भन्ने विचार लिई घर आउँदा (पति गणेशमान) मन्त्री हुँदा फूलमाला लिएर अवीर जात्रा गर्दै सगुन दिन आउने नातागोताहरू फेरि कता लुके कता, डेढ वर्ष अघि मात्रै मन्त्री भएकै दिन दिनहुँ खाना खान बोलाउने र नाता जोड्न चाहनेहरू पनि अपरिचित झैं हुन थाले भन्नुहुन्छ। बिगतको व्यवस्थामा काठमाडौंको चर्चित "जनसेवा काण्ड" मा गिरफ्तार गरी २१ दिनसम्म प्रहरी हिरासतमा राखेपछि जेल चलान गरेको उल्लेख गर्दै सुरक्षा कानून अन्तर्गत डेढ वर्षसम्म जेलमा बसी रिहा भएपछि ०२८ सालतिरको ओखलढुंगा काण्डमा राजकाज मुद्दा लगाई आफू सहित ९१ जना पक्राउ गरी प्रहरीमा बयान लिएपछि सैनिक मुद्दा चलाई बम काण्ड लगायतका पाँच अभियोग लगाइएको थियो भन्नुहुन्छ। उहाँको बिगतको जीवनसँग सम्बन्धित "नारी संघर्षका पाइलाहरू" नामक संस्मरणात्मक पुस्तक ०५१ मा प्रकाशित भएको छ।

## माया ज्ञवाली



सानै उमेरदेखि वामपन्थी राजनीतिको सान्धियमा रहनु भएकी मायाले ०३६ सालदेखि सांगठनिक राजनीतिक जीवनमा प्रवेश गर्नु भएको छ र हाल नेकपा (एमाले) मा संगठित एवं अनेमसंघको राष्ट्रिय परिषद् सदस्य हुनुहुन्छ। बिगतमा उहाँले विभिन्न जिल्लामा रहेर काम गर्नु भएको छ। हालको राजनीतिमा महिलाको स्थिति देखावटी रूपमा प्रतिनिधित्व भए पनि नगन्य नै छ भन्दै आफ्नो पार्टीको माथिल्लो तहमा संख्या थोरै भए पनि तल्ला तहमा केही मात्रात्मक सुधार छ भन्नुहुन्छ। आफ्नो संस्थाले महिला उत्थान र अधिकारको निम्ति राम्रो काम गरे पनि सन्तुष्ट छैन भन्दै ०४६ सालपछि संख्यात्मक बृद्धि भए पनि गुणात्मक रूपमा भने कमी छ भन्नुहुन्छ। संविधान बनाउने तथा अन्य नीति निर्माण तहमा महिला प्रतिनिधित्व नभएकोले वर्तमान संविधान र कानून चित्तबुझ्दो छैन भन्नुहुन्छ।

## विन्दा पाण्डे



२०३६/०३७ सालदेखि अनेरास्ववियूको माध्यमबाट राजनीति शुरूवात गर्नु भएकी विन्दा नेकपा (एमाले) सँग संबद्ध हुनुहुन्छ। राजनीतिक आन्दोलनको दौरानमा ०४६ सालको जनआन्दोलनको बेलामा २२ दिनसम्म हनुमानढोका प्रहरी कष्टडीमा रहेको बताउनु हुन्छ। सांगठनिक जीवन बिताउने क्रममा अनेरास्ववियू र अनेमसंघका विभिन्न तहको जिम्मेवारी पूरा गर्दै अनेमसंघको केन्द्रीय समिति र ट्रेडयुनियन महासंघको महिला विभाग सदस्य हुनुहुन्छ। हाल सांगठनिक कामको विस्तारको क्रममा उहाँ प्रवासमा हुनुहुन्छ।

## विद्यादेवी भण्डारी



२०३५ सालदेखि राजनीतिमा लाग्नु भएकी विद्यादेवी नेकपा (एमाले) राष्ट्रिय परिषद सदस्य र संसदीय विभाग सदस्य हुनुहुन्छ। राजनीतिमा लागेको अभियोगमा आफूले शारीरिक रूपमा सामान्य लाठी चार्जबाट र भूमिगत रहँदा मानसिक रूपमा तनाबग्रस्त रही रहनु परेको बताउनु हुन्छ। नेपालमा राजनीतिक महिलाको स्थिति सम्भावना राम्रो रहेको तर हालको स्थिति परनिर्भरतामा आधारित रहेको हुँदा त्यति राम्रो नरहेको अनुभव व्यक्त गर्नु हुन्छ। आफू सम्बद्ध रहेको दलमा महिला प्रतिनिधित्व राम्रो रहेको तर जनसङ्ख्याको तुलनामा सन्तोष गर्न नसकिने भन्दै आफ्नो दलले महिला अधिकारका लागि गरेको प्रयास राम्रो रहेको तर सन्तोष गरेर बस्न नसकिने भन्नुहुन्छ। नेपालको संविधान र कानूनले महिला अधिकारको बारेमा संविधानलाई आधार मानि कानून बनाउँदा राम्रो हुने तर हालको व्यवस्था संविधान ०४७ को भावना अनुरूप कानून नभएको बताउनु हुन्छ।

## शान्ता श्रेष्ठ

२००४ सालदेखि नेपाली कांग्रेससँग संवद्धता कायम गरेकी शान्ताले २०४८ साल साउन ६ गतेदेखि नेपाली कांग्रेसँग कुनै सम्बन्ध छैन भन्नुहुन्छ। विगतको अनुभवको

बारेमा "२००४ साल वैशाख २७ गते नागरिक र राजबन्दीको रिहाइको निम्ति नेपालमा प्रदर्शित पहिलो जुलुसमा नारा लगाएर सहभागी भएको, २००७ साल मङ्सिर २२ गते गौचर विमानस्थलमा ट्रेनिङ कमिसन (ब्रिटिश मिसन) आउँदा गोली थापी लाठी खाई सख्त घाइते भई त्रिभुवन नेपाल नफर्केसम्म भूमिगत भएको। २००९ सालमा भूगोलपार्कमा निर्मम कुटाई र दमकलको पानी फोहरा खाई घाइते अवस्थामा थुनुवा परेको र २०४८ साउन ६ गतेदेखि असोज १५ गतेसम्म कर्मचारी आन्दोलनको सिलसिलामा भूमिगत भएको बताउँदै २००७ सालको संयुक्त सरकारदेखि हालसम्मको इतिहासमा एकैपल्ट दुईजनासम्म महिला मन्त्री रहेको मलाई थाहा छैन भन्दै कुनै पनि सरकारी, गैरसरकारी संस्था र पार्टीहरू आदिमा पनि महिलाहरूको उच्चस्तरीय सहभागिता नगण्य रूपमा नै रही आएकोले राजनीतिमा महिला सहभागिता नगण्य रूपमा देखेकी छु" भन्नु हुन्छ। २०४६ सालपछि पनि उल्लेखनीय सहभागिता रहेको मैले अनुभव गरेकी छैन फरक यत्ति हो कि पञ्चायती व्यवस्थामा अहिले जस्तो विना डर स्वतन्त्र नारावाजी, जुलुस प्रदर्शन र भाषण गर्न पाइदैन थियो" भन्दै "जबसम्म स्वयं महिलाहरूले आफ्नो हक हित र कर्तव्य व्यवहारमा उतार्न सक्तैनन् तबसम्म संविधान र कानूनले जस्तोसुकै अनुकूल व्यवस्था गरेपनि त्यसको उपभोग गर्न नसक्ने" हुँदा सर्वप्रथम महिलावर्ग ठीक ठाउँमा हुनु पर्‍यो भन्नुहुन्छ। पुरुष प्रधानता रहेसम्म महिलावर्गलाई उठ्न नदिने तथ्य स्पष्ट भएकोले कानून बनाउनमा मात्र हैन व्यवहारमा ल्याउन पनि सरकारबाट पहल गर्नु पर्ने नितान्त आवश्यक छ र महिला वर्ग राजनीतिमा पुरुषको बराबरी नआउदासम्म सामाजिक क्रान्ति, सुधार, विकास आदि अधूरो नै रहने कुरा आजसम्मको इतिहासले स्पष्ट देखिएको छ भन्नु हुन्छ।

**शान्ता मानवी**



२०२८ सालमा क्रान्तिकारी महिला संघको अध्यक्षको जिम्मेवारी साथ राजनीतिमा संलग्न रहनु भएकी शान्ता २०३७ सालमा निर्माण गरिएको अनेमसंघ केन्द्रीय तयारी समितिको अध्यक्ष रही सक्नु भएको छ र नेकपा (एमाले) धवलागिरी इञ्चार्जमा एवं राष्ट्रिय सभाको सांसद हुनुहुन्छ। राजनीतिक आन्दोलनमा सरिक भएदेखि बेलाबेला प्रहरी प्रशासनको कुटपिट र धम्कीबाट पीडित भएको, भूमिगत जीवनकालमा सामाजिक एवं पारिवारिक अनेकौं समस्याको सामना गर्दै वामपन्थी आन्दोलनमा क्रियाशील भएको र ०३४ सालमा तात्कालीन व्यवस्था र शासकको विरोध गर्दा बनारसमा ६ दिन थुनामा बसेको कुरा बताउनु हुन्छ। नेपालको राजनीतिमा महिलाको स्थिति अझै पनि दयनीय रहेको बताउँदै आफू सम्बद्ध रहेको दलमा महिला प्रतिनिधित्व सन्तोषजनक हुन सकेको छैन भन्नुहुन्छ। पार्टीले महिला अधिकारको लागि गरेको प्रयास राम्रो रहेको तर व्यवहारमा भने लागु हुन नसकेको बताउनु हुन्छ। ०४६ साल पश्चात् राजनीतिमा महिला सहभागिता बृद्धि भएको छ। संविधानले जाती, लिङ्ग र संबद्धताका आधारमा भेदभाव नगरिने भनेता पनि कानूनमा भेदभाव गरिएको कुरा बताउँदै राजनीतिमा महिला सहभागिता बृद्धि गर्न

आर्थिक, सामाजिक र पारिवारिक समस्याबाट मुक्त गर्नु पर्छ भन्नुहुन्छ।

**शारदा झा**

सानै उमेरमा विवाह भएकोले आफूले राजनीतिप्रति त्यति चासो नलिए पनि नेपाली कांग्रेसका कार्यकर्ता भरत गोपाल झासँग वैवाहिक सम्बन्धमा बाँधिएपछि राजनीतिक गतिविधिमा संलग्न भएको कुरा बताउनु हुन्छ। आफ्नो बिगतबारे चर्चा गर्दा "०१८ सालम पति जेल पर्दा मन झस्कियो, कति मान्छेहरू त मसँग बोल्न पनि डराउँथे। जेल परेको लोग्नेको स्वास्नीसँग बोल्न हुँदैन भन्थे" भन्दै पतिलाई जेलमा पहिलो पटक भेट्न जाँदा उहाँले "मुलुक र प्रजातन्त्रको निम्ति आफू जेलमा परेको हुँ, धेरै कुरा तिमी बुझ्दै जानेछौ। तर पहिला तिमी पढ, तिमीले पढाइ पूरा गर्नुपर्छ। स्कूल जाउँ, मलाई यिनीहरूले केही गरे भने पनि तिमीले मेरो ठाउँ सम्हाल्नु पर्दछ" भन्नुभएको बताउनु हुन्छ। जेलमा पनि बिरामी भएपछि भेट्ने क्रममा चैत २६ गते उहाँलाई भेट्नको निम्ति घरबाट हिँड्न थालेको समयमा उहाँको मृत्युको खबर थाहा पाएँ। उहाँलाई पटक-पटक माफी माग भन्दा नमानेपछि विषको इन्जेक्सनद्वारा उहाँको हत्या गरिएको रहेछ भन्नुहुन्छ।

२०४६ सालपछिको राजनीतिक वातावरणमा मंगलादेवी सिंहको आग्रहमा अध्यापनको कार्य छोडी नेपाल महिला संघको पाँच वर्षसम्म भक्तपुर जिल्ला अध्यक्षको जिम्मेवारी पूरा गर्नु भएकी शारदाले "नेपाली कांग्रेसमा योद्धाहरूको मूल्यांकन छैन" भन्नुहुन्छ। बिगतमा आफूले निर्वाह गरेको भूमिकाको कारणले गाउँ-गाउँबाट महिलाहरू समस्या लिएर आउँछन्। सम्बन्धित स्थानमा काम गरिदिन जाने क्रममा भोकभोकै दौडनु पर्दा मलाई दुःख लाग्दैन किनकि प्रजातन्त्र र नेपाली कांग्रेस मेरा पतिको सपना थियो। अहिले म उहाँले देख्नु भएको त्यही सपनालाई यथार्थमा भोगिरहेकी छु भन्नुहुन्छ।

**शैलजा आचार्य**



२०१७ सालदेखि राजनीतिमा लाग्नु भएकी शैलजा लामो समयसम्म नेपाली कांग्रेस केन्द्रीय समिति सदस्य र हाल केन्द्रीय उप-सभापति हुनुहुन्छ। ०१७ सालमा तीन वर्षभन्दा बढी, ०३३ सालमा एक वर्ष, ०४२ सालमा नौ महिना गिरफ्तार भएको र ०१७ सालमा खोरमा यातना दिइएको स्मरण गर्नु हुँदै उहाँ नेपालमा राजनीतिमा मात्र हैन समाजका हरेक क्षेत्रमा महिलाको स्थिति राम्रो छैन भन्नुहुन्छ। आफू सम्बद्ध दलमा महिलाको प्रतिनिधित्व राम्रो छैन। संविधानद्वारा प्रदत्त पाँच प्रतिशतमा मात्र सीमित छ। मैले २० प्रतिशत प्रत्येक तहको लागि हुनु पर्छ भन्ने आवाज राखेकी छु, संविधान र स्थानीय विकास ऐनमा संशोधन आवश्यक छ भन्दै आफ्नो संस्थाले १० प्रतिशत महिलाको प्रतिनिधित्व सबै इकाइमा पार्टी-विधानमै राखेर अनिवार्य गरी महिला उत्थानको लागि प्रयास गरेको बताउनु हुन्छ। ०४६ सालको जनआन्दोलनमा व्यापक रूपमा महिलाको सहभागिता रहेको तर त्यो उर्लेको शक्तिलाई कुनै पनि महिला संस्थाले संगठित रूपमा परिचालन गर्न नसकेको, हालको स्थितिमा महिला आन्दोलन पढेलेखेका, टाठाबाठा महिलाहरूमा मात्र

सीमित रहेको र आन्दोलन बन्न नसकी वास्तवमा प्रेसर ग्रुपको रूपमा रहेको धारणा बताउनु हुन्छ।

**सहाना प्रधान**



श्रीमती साहना प्रधान नेपाली राजनीतिमा चर्चित नाम हो। २००४ सालदेखि राजनीतिमा संलग्न मै निरन्तर क्रियाशील रहन् भएकी सहाना २०४६ सालमा भएको पञ्चायत व्यवस्था विरोधी आन्दोलन सञ्चालन गर्नको निम्ति नेपालमा क्रियाशील सात कम्युनिष्ट पार्टीहरूले बनाएको "संयुक्त वाममोर्चा" को केन्द्रीय अध्यक्ष र पञ्चायती व्यवस्थाको अन्त्य पछि गठन भएको अन्तरीम मन्त्रिमण्डलमा रही महत्त्वपूर्ण जिम्मेवारी पनि पूरा गरी सक्नु भएको छ। लामो समयदेखि नेपालको कम्युनिष्ट आन्दोलनमा संवद्ध मै कम्युनिष्ट पार्टीको नेतृत्वदायी भूमिका समेत निर्वाह गर्ने क्रममा हाल नेकपा (एमाले) स्थायी समितिको सदस्य र अखिल नेपाल महिला संघको केन्द्रीय अध्यक्ष समेत हुनुहुन्छ। २००४ सालमा १७ दिन महाराजगञ्ज व्यारेकमा बिताउनु भएकी सहाना २००९ सालमा सल्लाहकार सभाको विरोध गरेको कारणले २ वर्ष ६ महिना जेल जीवन बिताउनु भएको छ। त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रको प्राध्यापन सेवाबाट ०३२ मा बर्खास्त गरिएको थियो र २०३६ सालमा २० दिन थानामा राखिएको थियो। २०४२ सालको सत्याग्रहमा पाँच महिना र ०४६ सालको संयुक्त जनआन्दोलनको दौरानमा ४५ दिन जेल पर्नु भयो। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालकी पत्नीको रूपमा उहाँले आफ्नो र सहयात्रीको महत्त्वपूर्ण भूमिका निर्वाह गर्न भएको छ। यस अतिरिक्त नेपालको राजनीतिक आन्दोलनको दौरानमा विभिन्न आन्दोलनमा स्वयं आफूले पनि भाग लिई त्यसको नेतृत्व समेत गर्नु भएकोले उहाँले आफ्नो छुट्टै पहिचान र विशेषता पनि कायम गर्नु भएको छ। बहुदलीय व्यवस्थाको स्थापना पछि सम्पन्न भएका दुई संसदीय निर्वाचनमा काठमाडौंबाट विजयी भएर प्रतिनिधिसभा सदस्य समेत हुनुहुन्छ। हालको राजनीतिक परिवेशमा पनि "पुरुष प्रधान समाजमा महिलाहरूले व्यहोर्नु पर्ने अनेक सामाजिक र आर्थिक कारणले पुरुषहरूको महिलाप्रतिको सोचाइमा सामन्ती तथा पूँजीवादी धारणा रहनाले नेपालको राजनीतिमा महिलाको स्थिति राम्रो छैन भन्नुहुन्छ। "जबसम्म राज्य र देशका राजनीतिक पार्टीहरूले जो पुरुष प्रधान छन्, आफ्नो सोचाइमा परिवर्तन गर्दैनन र महिला सशक्तीकरणबारे गम्भीर रूपले सोच्दैनन् तबसम्म महिला सहभागिताको स्थितिमा खास परिवर्तनको आशा गर्न सकिंदैन" उहाँ अगाडि भन्नु हुन्छ। संविधानले महिला पुरुषमा केही भेद नराखेको र विशेष ऐन जारी गर्न सक्ने प्रावधान भएपनि मुलुकी ऐन यथावत रहेकोले संविधान प्रदत्त अधिकार औपचारिक मात्र रहन गएकोले सहभागितामा बाधा दिँदैछ" भन्दै राजनीतिमा महिला सहभागिता वृद्धि गर्न महिला प्रतिको दृष्टिकोणमा परिवर्तन हुनु पर्दछ, सरकारको नीति स्पष्ट हुनुपर्दछ, राजनीतिक प्रतिवद्धता साथ तामेल गर्नुपर्दछ भन्दै सानातिना सिलाई बुनाई, खरायो पालन आदिमा अलमलाउने काम नगरी सम्पूर्ण सामाजिक आर्थिक र राजनीतिक संरचनामा महिलालाई

सशक्तीकरण गर्ने कार्यक्रम र नीति बनाउनु पर्दछ भन्नुहुन्छ। यसका अतिरिक्त ऐन कानून मात्र भएर हुँदैन ऐन कानून नभएको अवस्थामा पनि समाजमा महिला सहभागिताको लागि चेतना जागरण गर्न समाजका जागरूक पक्षले कसरत गर्नु पर्दछ। ऐन कानून भएका अवस्थामा पनि त्यसलाई लागू गर्न समाजलाई आन्दोलित गर्ने काम भइरहनु पर्दछ भन्ने धारणा व्यक्त गर्न हुन्छ।

**साधना अधिकारी**



२००४ सालदेखि राजनीतिमा संलग्न रहनु भएकी साधना हाल नेकपा (एमाले) मा संबद्ध हुनुहुन्छ। राणा शासनको विरोधमा ००४ सालमा भएको सत्याग्रहमा उहाँले सक्रिय रूपमा भाग लिनु भएको थियो। त्यस बखत उहाँ समेत चार जना महिलाहरूलाई पक्राउ गरियो। जेलभित्र उहाँहरूले राख्नु भएका माग पूरा गरी सात दिन पछि उहाँहरूलाई रिहा गरिएको थियो। उहाँकै सक्रियतामा ४५ जना महिलाहरूको समूह बनाएर महिला संघ गठन गरिएको थियो। श्रीमती अधिकारी नै नगरपालिकाको चुनावमा विजय हुने नेपालको प्रथम महिला हुनुहुन्छ। ००९ सालमा सम्पन्न उक्त चुनावमा सबैभन्दा बढी मत ल्याएर उहाँ विजयी बन्नुभएको थियो। उहाँ त्यसो हुनुमा महिला सहभागिताकै कारण ठान्नु हुन्छ। ०४६ सालपछि राजनीतिमा महिला सहभागिता बढेको भए पनि पहिले जस्तो निस्वार्थ भावनाको कमी भएको उहाँको विचार छ। संवैधानिक र कानूनी प्रावधान राम्रो जस्तो देखिएता पनि महिलाहरू अझै ठगिएको, सामाजिक रूपमा पनि उनीहरूलाई राम्ररी काम गर्ने मौका नदिएको उहाँ ठान्नु हुन्छ।

**सानु मिश्र**

लामो समयदेखि वाम राजनीतिमा सहभागी बन्दै आउनु भएकी सानु नेकपा (एमाले) मा संगठित र हाल अनेमसंघ केन्द्रीय कमिटीको सदस्य रहनु भएको छ। ०४६ सालको जनआन्दोलनको क्रममा उहाँलाई प्रहरीले पक्राउ गरी १२ घण्टासम्म हिरासतमा राखेका थिए। यस अघि ०४२ सालको शिक्षक आन्दोलनको क्रममा पनि प्रहरीको लाठी चार्जमा परि उहाँ घाइते हुनु भएको थियो। नेपालका अन्य राजनैतिक पार्टीहरूको तुलनामा आफ्नो पार्टीमा बढी महिला सहभागिता रहेको दावी उहाँको छ। राजनीतिमा महिला सहभागिता बढाउन सबै क्षेत्रबाट प्रयास गरिनु पर्ने उहाँ ठान्नु हुन्छ।

**सावित्रा भूषाल**

०३६ सालमा विद्यार्थीको माध्यमबाट राजनीति लाग्नु भएकी सावित्रा ०३७ सालमा महिला जुलुस आयोजना गरे बापत र ०३८ चैत देखि ०३९ असारसम्म विद्यार्थी सम्मेलनको सन्दर्भमा केन्द्रीय महिला कारागारमा जेल जीवन बिताइ सक्नु भएको छ। ०४६ सालपछि राजनीतिमा महिला सहभागिता केही हदसम्म वृद्धि भएको र कठिन प्रयास गरी सक्रिय हुन सकेको खण्डमा भविष उज्जवल देखिन्छ भन्नुहुन्छ। ५० प्रतिशत भन्दा बढी जनसङ्ख्या भएका महिलाहरूका लागि पाँच प्रतिशतको प्रावधान उपयुक्त छैन भन्दै राजनीतिमा महिला सहभागिता वृद्धि गर्न महिलाहरूलाई सम्पत्तिमा समान अधिकार दिनु पर्ने र

सामाजिक चेतना अभिवृद्धि गर्नु पर्ने भन्नुहुन्छ।

### सीता कुमारी पौडेल



२०३६ सालदेखि संगठित राजनीतिक जीवन सुरु गर्नु भएकी सीताकुमारी नेकपा (एमाले) को अञ्चल समन्वय समितिको सदस्य एवं अनेमसंघ र अनेकिसंघको केन्द्रीय सदस्य हुनुहुन्छ। राजनीतिक आन्दोलनको दौरानमा विगतमा ५ पटकसम्म गिरफ्तार हुनु भएकी सीता पौडेललाई २०४२ साल चैत १४ गते गिरफ्तार गरेर ३६ दिन जेल राखी छोडिएको थियो भने २०४६ सालमा जनआन्दोलनको तयारीमा लाग्दा मण्डलेहरूले मोसो दलेर घुमाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी चौकीमा दुई घण्टा राखी छोडेको थियो। हालको परिवेशमा पनि "आफ्नै खुट्टामा उभिएर राजनीति गर्ने महिलाहरूको सङ्ख्या नगण्य रूपमा रहेको छ र अझ पेशेवर राजनीतिक महिलाको स्थिति दयनीय नै छ भन्दै यसको निम्ति महिलाहरूमा आर्थिक अधिकार नहुनु, पितृसत्तात्मक सामाजिक जीवनको प्रभाव हरेक क्षेत्रमा रहनु र महिलाहरूमा सामाजिक चेतना नहुनु प्रमुख कारण हुन र यी तीन कुराबाट महिलाहरू मुक्त हुन सकेको खण्डमा महिलाहरूको राजनीतिक भविष्य उज्वल देखिन्छ भन्नु हुन्छ। तुलनात्मक रूपबाट २०४६ सालपछि महिलाहरू राजनीतिक रूपमा केही सचेत भए पनि "महिलाहरूले अनुभव गर्न सक्ने गरी कुनै पनि क्षेत्रमा परिवर्तन हुन सकेको छैन र राजनीतिमा हुने चर्को प्रतिस्पर्धामा महिलाहरू अगाडि आउन धेरै कठिनाइहरूको सामना गर्नु पर्ने हुनाले महिलाहरूमा राजनीति प्रति आकर्षण भन्दा विकर्षण पैदा हुने खतराका संकेतहरू देखिन थालेका छन्" भन्नुहुन्छ। हालको संविधान र कानूनमा गरिएको व्यवस्था "आर्थिक अधिकारमा पुरै वञ्चित गराएर अन्य कुरा गर्न नसकिने भएको र बाँच्नको लागि उत्पादनका साधन आफ्नो हातमा हुनु पर्ने भएकोले यस विषयमा कुनै अधिकार नदिएकोले वर्तमान संवैधानिक एवं कानूनी व्यवस्था लंगडो छ भन्ने प्रतिक्रिया व्यक्त गर्नुहुन्छ।

### स्व. सुष्मा कोइराला

प्रजातान्त्रिक राजनीतिक आन्दोलनमा लाग्नु भएकी स्व. सुषमा ०१७ सालमा ६ महिना र त्यस पछि पनि पटक-पटक गरी आफ्नो जीवनकालमा डेढ वर्ष जेल पर्नु भएको थियो।

### हसिना देवी श्रेष्ठ



१९९० सालमा शहीद गंगालाल श्रेष्ठसँग १४ वर्षको उमेरमा विवाह भएपछि अप्रत्यक्ष रूपमा पतिलाई सघाएको कुरा बताउनु हुन्छ। हाल उहाँको एक पुत्र शशी श्रेष्ठ हुनुहुन्छ भने जेष्ठ पुत्र रवि श्रेष्ठको पाँच वर्षको उमेरमै मृत्यु भएको कुरा बताउनु हुन्छ। २४ वर्षका नव युवक पति गंगालाल शहीद भएपछि टंकप्रसाद आचार्यको पालादेखि मासिक रू. १०० भत्ता प्राप्त गर्दै आएको र ८-९ वर्ष अघिदेखि रू. ५०० भत्ता प्राप्त गर्दै आएको बताउनु हुन्छ। जनआन्दोलनपछि मंगलादेवी सिंहले रू. १,,००,००० (एकलाख) दिई दोसल्ला ओडाएर सम्मान गरेको कुरा उहाँ बताउनु हुन्छ।

# नेपालको महिला अधिकार आन्दोलनमा इन्सेकको योगदान

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) नेपालको मानव अधिकारका क्षेत्रमा अग्रणी संस्था हो। सन् १९८८ मा स्थापना भएको यस संस्थाले अनौपचारिक क्षेत्रका श्रमिक, घरेलु कामदार, किसान, मजदुरलगायत श्रमजीवी वर्गको हक र न्यायका लागि कार्य गर्ने उद्धेश्य राखेको थियो। स्थापनाका वर्षहरू बित्दै जाँदा यसको कामको दायरा विस्तार गर्दै गयो। यसले वञ्चित, उत्पीडित, विशेषतः महिलाको हकहित संरक्षण, संवर्द्धन र सशक्तिकरणमा आफ्नो ध्यान केन्द्रित गर्न थाल्यो। नेपालको लोकतान्त्रिक रूपान्तरणसँगै नागरिक समाजका संस्थाहरूको भूमिकामा आमूल परिवर्तन आएको थियो। इन्सेकले राजनीतिक संक्रमणकालीन अवस्था, सशस्त्र द्वन्द्व, महिला हिंसा, सामाजिक भेदभाव र आर्थिक शोषणका विरुद्ध महिलाको आवाज उठाउने र उनीहरूलाई नेतृत्वको स्थानमा पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।



**विजयराज गौतम**

"सबैले सम्मानित रूपमा बाँच्न पाउने अधिकार" र "काम गरेपछि उचित ज्याला पाउने अधिकार" सुनिश्चित गर्नका लागि काम गर्दै आएको इन्सेकले मानवअधिकारका सवालमा अभियान जारी राखेको छ। इन्सेकले देशका विकट गाउँसम्म पुगेर समानता, स्वतन्त्रता र न्यायका अधिकारका लागि काम गरिरहेको छ।

इन्सेकले २०४९ सालमा उत्पीडित र भेदभावमा परेका महिलाहरूलाई सङ्गठित गर्न र अधिकारका लागि सचेत बनाउने काम प्रारम्भ गरेको थियो। यसैगरी, इन्सेकले २०४९ सालमा उत्पीडित महिला भेला आयोजना गरी विभिन्न क्षेत्रका पीडित महिलाहरूको सामाजिक, सांस्कृतिक र पारिवारिक हिंसाका विषयमा आवाज उठाएको थियो।

२०५१ सालमा राजनीतिमा सकृय रहेका देशभरका महिलाहरूको भेला आयोजना गरेको थियो। सो कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनमा शहादत प्राप्त गरेको परिवार र राजनीतिक रूपमा पीडित महिलाहरूको उपस्थिति रहेको थियो। २०५२ सालमा आयोजित राष्ट्रिय महिला भेलाले पासाङ ल्हामु सङ्कल्प प्रस्ताव पारित गऱ्यो। सङ्कल्प प्रस्तावमा महिलाहरूको सहभागिता र अधिकारका लागि विभिन्न विषय उठान गरिएका थिए।

योसँगै महिला जनप्रतिनिधिहरूको सचेतना, नेतृत्व विकास र राजनीतिक सहभागिता वृद्धिका लागि विभिन्न भेला, गोष्ठी र तालिमहरू इन्सेकले निरन्तर सञ्चालन गरिरहेको छ। सशस्त्र द्वन्द्वका समयमा द्वन्द्वपीडित महिलाहरूको समूह निर्माण गरी प्रभावित महिलाहरूलाई सशक्त बनाउने र द्वन्द्वपछिको पुर्नस्थापना कार्यमा निरन्तर कृयाशील रहँदै आएको छ। यसैगरी पञ्चायत विरोधी अभियानमा सकृय रहेका बेला धनुषा जिल्लाको यदुकुहामा प्रहरीको गोली प्रहारबाट




*राष्ट्रिय महिला भेलामा पासाङ्ग ल्हामु संकल्प पारित गर्दै समापन समारोहका प्रमुख अतिथि एवं अन्य अतिथिहरू*

मारिएका महिलाहरूको सम्झनामा महिला शहीद स्मृति पार्क निर्माण पनि इन्सेकले गरेको छ।

इन्सेकले महिला हिंसा, घरेलु हिंसा, समान ज्याला, बोक्सी प्रथा विरुद्ध निरन्तर अभियान सञ्चालन गर्दै आएको छ। साथै, बलात्कार लगायत विभिन्न हिंसाका घटनाको तथ्याङ्क सङ्कलन गरी सार्वजनिक गरेको छ। महिला अधिकारका कानुनी व्यवस्थाहरूमा सुधारको माग गर्दै नीति तहमा दबाब दिन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

इन्सेकले महिला अधिकारका क्षेत्रमा गरेको अयिभान स्वरूप समान कामको समान ज्याला, महिला सहभागिता अभिवृद्धिमा योगदान पुगेको छ। महिला हिंसासम्बन्धी घटनाहरूको तथ्याङ्क सङ्कलन गरी सम्बन्धित पक्षहरूको ध्यानाकर्षण गर्ने काम गरिरहेको छ। यसका साथै 'कारागार भित्र कारागार', 'सुशासनका लागि महिला सहभागिता', 'जनवकालत तालिम निर्देशिका' लगायत महत्त्वपूर्ण प्रकाशनहरू मार्फत महिला हक अधिकारको ज्ञान फैलाउने कार्य निरन्तर गर्दै आएको छ।

इन्सेकले महिला र पुरुषको समान ज्याला, कथित बोक्सी प्रथा विरुद्ध अभियान, दाइजो विरोधी अभियान लगायत निरन्तर चलाएको छ। यसले महिला अधिकारसम्बन्धी असमान कानुनहरूको सुधार र अन्तर्राष्ट्रिय कानुनहरूको कार्यान्वयनका लागि बहस र पैरवी गरेको छ।

इन्सेकले नेपालको महिला अधिकार आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। स्थापनाकालदेखि निरन्तर अभियान, सचेतना कार्यक्रम, नेतृत्व विकास, अनुसन्धान र दबाब अभियानमार्फत महिलाहरूलाई सशक्त बनाउने काम गरेको छ। महिला सहभागितामा वृद्धि हुनु र राष्ट्रिय महिला आयोगको स्थापना यसका उपलब्धि हुन्। यद्यपि महिला विरुद्धको हिंसाको दर अझै उच्च छ र कानुनी असमानताहरू पूर्ण रूपमा समाप्त हुन सकेका छैनन्। भविष्यमा महिला नेतृत्व क्षमता अभिवृद्धि, सामाजिक चेतना वृद्धि र हिंसा न्यूनीकरणका लागि थप प्रभावकारी कार्यक्रमहरू सञ्चालन आवश्यक छन्। साथै राज्य र नागरिक समाजबीच समन्वय गर्दै नीति निर्माण र कार्यान्वयनमा अझ सशक्त भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

*(लेखक : इन्सेकका कार्यकारी निर्देशक हुनुहुन्छ ।)*

विमर्श

# संविधानमा सवल, अभ्यासमा दुर्वलः हाम्रो अधिकार

नेपालमा मानव अधिकार आन्दोलनको विमर्शमा घोत्लिदा मलाई सन् १९९० तिरका ती दिनहरूको सम्झना हुन्छ, जतिखेर म पद्मकन्या कलेजको विद्यार्थी राजनीतिको अतिरिक्त एम्नेष्टी इन्टरनेशनलमा सक्रिय थिएँ। त्यतिखेर हामी विश्वभरिका आस्थाका बन्दीहरूको रिहाइका लागि आवाज उठाउथ्यौँ। सम्बन्धित मुलुकका राष्ट्र प्रमुखलाई पत्र लेख्थ्यौँ। मुलुकको लोकतान्त्रिकरण वा राज्यको नागरिकीकरण हाम्रो आन्दोलनको केन्द्रमा हुन्थ्यो। यही प्रेरणाले हामीलाई नेपालमा प्रजातन्त्रको पुनर्स्थापना हुँदै लोकतन्त्र र गणतन्त्रसम्मको यात्रा तय गर्न सहज पनि भयो।



कमला पन्त

हामी यतिखेर आएर विश्व राजनीतिक मञ्चमा लोकतान्त्रिक राज्य व्यवस्थाको जुन अधिकतम व्यक्गित स्वतन्त्रता वा नागरिक केन्द्रित चासो, चिन्तन वा प्रेरणा देख्छौँ, यसको आधार आजभन्दा आठ दशक अगाडि नै 'मानव अधिकारको विश्वव्यापी घोषणापत्र' को रूपमा संयुक्त राष्ट्रसङ्घले पारित गरेको थियो। यसले मानव अधिकारको सूची मात्र पस्किएन, त्यस्ता अधिकारको संरक्षणका लागि राज्य र अन्तर्राष्ट्रिय समुदायको दायित्व बारे पनि प्रष्ट बोलेको थियो।

नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौता वा प्रोटोकलमा हस्ताक्षर गरेको छ । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारदेखि लिएर राजनीतिक, सामाजिक वा सांस्कृतिक अधिकार सम्बन्धी धेरै सन्धि, महासन्धिको पक्ष राष्ट्र बनेको छ। यति भएर पनि, नेपालमा मानव अधिकार उल्लङ्घनका घटनाहरू निरन्तर घटिरहेका छन्। किनकि अहिले पनि हामी मानव अधिकारको सवालमा ओठे प्रतिबद्धताबाट माथि उक्लिन सकेका छैनौँ। राजनीतिको बर्कोभित्र अपराधले प्रश्रय पाइरहेको छ।

संविधानसभाद्वारा जारी नेपालको संविधान मानव अधिकारसम्बन्धी व्यवस्थाका हिसाबले उत्कृष्ट मानिन्छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकारहरू यसले समेटेको मात्र छैन, तिनको समुचित कार्यान्वयनका लागि संवैधानिक संरचना एवं प्रावधानहरूको समेत व्यवस्था गरेको छ । तर दुःखको कुरो, अहिलेसम्म पनि संविधान प्रदत्त मौलिक हक तथा मानव अधिकारको उपयोगका सन्दर्भमा आवश्यक न्यूनतम कानुन समेत निर्माण हुन सकेको छैन ।

नेपालको संविधानमा व्यवस्था गरिएको 'राष्ट्रिय मानव अधिकार आयोग' लाई नै हामी हेर्न सक्छौँ । मानव अधिकार रक्षा र संवर्द्धनका सवालमा यसलाई पहिलेको

तुलनामा निकै अधिकार सम्पन्न बनाइएको छ। मानव अधिकार उल्लङ्घनका घटनामा यसले उजुरी लिने, छानबिन गर्ने, अनुसन्धान गर्ने तथा दोषीलाई कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने पूरा अधिकार छ। सर्वोच्च अदालतले समेत आयोगको सिफारिसलाई अदालतको निर्णय सरह लिनुपर्ने व्याख्या गरेको छ। तर दुर्भाग्य, आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयनको अवस्था हामीकहाँ एकदमै फितलो छ। दण्ड र पुरस्कारको मामिलामा सरकार पुरै उदासिन छ।

दण्डहीनताको अवस्था अरू डरलाग्दो छ । २०४६ साल र त्यसयताका राष्ट्रिय वा क्षेत्रीय प्रमुख आन्दोलन, सङ्घर्ष वा विद्रोहमा कहिले सत्ता पक्षबाट र कहिले विद्रोही पक्षबाट मानव अधिकार उल्लङ्घनका गम्भीर घटना भएका छन्। तर कसैले दण्ड पाएको वा दण्ड पूरा अवधि भोगेको तथ्य पाइदैन। कानुनको छिद्र समातेर अपराधीहरू छुटेका छन्। राजनीतिक स्वार्थ वा सौदावाजीमा दण्ड लाग्ने वा उम्कने भई आएको छ।

२०५२ साल फागुन १ गतेदेखि २०६५ मङ्सिर ५ गतेसम्म नेकपा (माओवादी) ले सञ्चालन गरेको सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका परिवारलाई न्याय र परिपूरण दिएर समाजमा मेलमिलाप कायम गर्ने भनिएता पनि यसबीच गठन गरिएका 'सत्य निरूपण तथा मेलमिलाप आयोग' तथा 'बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग' ले अझै कार्य सम्पादनको भेउ पाउन सकेका छैनन् । द्वन्द्वको बहानामा भएका नियोजित हत्या, बलपूर्वक बेपत्ता, यातना, अपहरण, यौनजन्य अपराध, सम्पत्ति कब्जा तथा विस्थापन कुनैले उचित न्यायिक उपचार पाएका छैनन् । अन्तरिम राहत झनै लज्जास्पद ढंगले वितरण भयो ।

सङ्क्रमणकाल निरन्तर लम्बिरहेछ। नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता केवल सत्ता साझेदारीका लागि मात्र थियो कि भनेर द्वन्द्व पीडितहरूले बुझ्न थालेका छन् । पछिल्लो पटक आयोग गठन गर्दा पीडित पक्षको न्यूनतम हार्दिकताको खोजीलाई समेत उपेक्षा गरिएबाट सन्देह बाक्लिएको छ।

थुप्रै अध्ययनले बताएको छ कि सङ्गठित वा व्यक्तिगत जुनसुकै किसिमको मानव अधिकार उल्लङ्घनका घटनाको सबैभन्दा ज्यादा मार महिला र बालबालिका माथि पर्छ। नेपाल पनि यसको गतिलो उदाहरण हो। समग्र मानव अधिकारको रक्षाको सवाललाई त्यसैले समाजशास्त्रीहरू, महिला, बालबालिका माथिको ठूलो कल्याण वा न्यायका रूपमा पनि मापन गर्दछन्।

नेपालको राजनीतिले यतिखेर व्यवस्था भन्दा पनि अवस्थामा रूपान्तरण खोजिरहेको छ। संविधानको समीक्षा र पुनरावलोकन मागिरहेको छ। संविधानको मूल मर्मको निष्पक्ष र प्रभावकारी कार्यान्वयन चाहिरहेको छ। दलहरूको विकल्प भन्दा पनि नेताहरूको कार्यशैली, सोच र चरित्रको विकल्प जनताको प्राथमिकतामा पर्दै गएको देखिन्छ। भनाइ र गराइबिच कुनै दूरी हुनु भएन। गणतन्त्र राजाविहीन एउटा शासन व्यवस्था मात्र होइन, मानव अधिकार, कानुनी शासन लगायत हरेक दृष्टिले नागरिक सर्वोच्चता बोकेको प्रणाली हो भन्ने कुरा प्रमाणित गर्नेतर्फ लागौँ। गम्भीर भएर लागौँ।

*(लेखक : नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा राष्ट्रिय सभा सदस्य हुनुहुन्छ ।)*

विश्लेषण

# नेपालको संसदीय राजनीतिमा महिला सहभागिता



विन्दा पाण्डे (पीएचडी)

**संक्षेप**

नेपालमा पहिलो पटक २००४ जेठ २९ गते नगरपालिकाको निर्वाचन भएको थियो, जसमा महिलाले मत दिन पाएनन्। त्यसको झण्डै दुई महिनापछि राजनीतिक सङ्गठनको रूपमा नेपाल महिला सङ्घको गठन भयो। उक्त सङ्घको तर्फबाट राणा प्रधानमन्त्री पद्मशमशेर समक्ष प्रतिनिधि मण्डल गएर मताधिकारको माग गर्दा सकारात्मक सङ्केत मिल्यो। त्यसको ६ महिनापछि २००५ वैशाख १ गतेबाट लागु हुने गरी घोषणा गरिएको पहिलो संविधानमा २१ वर्ष उमेर पुगेका सबै नागरिकले मत दिन पाउने प्रावधान राखेसँगै नेपाली महिलाले मताधिकार प्राप्त गरे। यसको व्यवहारिक प्रयोग भने २०१० भदौमा भएको नगरपालिकाको दोस्रो निर्वाचनमा गरे। जहाँ साधना प्रधान नेपालकै पहिलो महिला जनप्रतिनिधि हुनुभयो।

२०१५ फागुन ७ गतेबाट शुरु भएको पहिलो आम निर्वाचनबाट द्वारिकादेवी ठकुरानी पहिलो सांसद र पछि मन्त्री पनि हुनुभयो। तर, बिडम्वना २०१७ पुस १ गतेबाट दलहरूमाथि प्रतिबन्ध लाग्यो। जननिर्वाचित सरकार अपदस्त गर्दै संसद पनि भङ्ग गरियो।

पञ्चायतकालमा पनि केही महिलाहरू राष्ट्रिय पञ्चायतको सदस्य भए र मन्त्री बनाइए। संवैधानिक रूपमा २०४७ सालको संविधानले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनै पर्ने व्यवस्था गऱ्यो। त्यसपछि संसदमा क्रमश: महिलाको सहभागिता र मुद्दाको उठानले गति लिन थाल्यो। २०६२-६३ को जनआन्दोलनपछि पुनस्थापित संसद हुँदै नेकपा (माओवादी)को सहभागितासँगै बनेको २०६३ माघ गतेबाट अन्तरिम व्यवस्थापिकामा महिलाको सहभागिता १७ प्रतिशत भयो। संविधान सभाको निर्वाचनमा हरेक दलबाट कम्तीमा एकतिहाइ महिला उम्मेदवार बनाउनुपर्ने संवैधानिक प्रावधानसँगै महिला सहभागिता ह्वात्तै बढ्यो। २०५४ सालमा वडा सदस्यमा एकजना महिला अनिवार्य गरेपछि स्थानीय तहमा वृद्धि भएको महिला जनप्रतिनिधिको सङ्ख्या ४० प्रतिशत कटेको छ। यद्यपि मौलिक हक अनुसार राज्यको हरेक निकायमा समानुपातिक सहभागिताका लागि कानुन बनाएर सोही अनुसार महिला उम्मेदवारी दिने अवस्था अझै बनेको छैन।

**पृष्ठभूमि**

दुनियामै पुरानो मानिएको पूर्वीय दर्शन अनुसार वैदिक युगमा गणको शासन व्यवस्थाका लागि क्षेत्रफल अनुसार प्रमुख, राजा र सामन्तहरू चयन गरिन्थे। प्रमुख राजाबाट मनोनित वा गणका सदस्यबाट निर्वाचित गर्ने अनि सामन्तहरू प्रमुख र

राजाबाट मनोनित गर्ने प्रचलन थियो। त्यतिखेरको कूल आधारित बस्तीलाई 'विश' र शासनसत्ता चलाउनेलाई 'विशापति' भनिन्थ्यो। समयको क्रमसँगै मध्यकालमा पुग्दा जन्मको आधारमा सत्ताको उत्तराधिकार चयन हुने राजतन्त्रात्मक प्रणाली शुरु भयो, जसको आम चरित्र निरङ्कुश थियो।

जनप्रतिनिधिद्वारा शासन गर्ने युग तेह्रौं शताब्दीमा बेलायतबाट सुरु भएको पाइन्छ। सन् १२९५ मा बेलायतका राजा एड्वर्ड प्रथमले पहिलोपटक प्रतिनिधिमूलक संस्थालाई व्यवस्थित गर्दै औपचारिक रूपमा गाउँका जमिनदार र धनीमानीहरूको प्रतिनिधित्व रहेको 'किङ्ग्स काउन्सिल' बनाए। जसलाई 'हाउस अफ कमन्स' भनियो। त्यही संस्था नै दुनियाका लागि संसदीय प्रणालीको आधार बन्यो।

शासन सत्ता सञ्चालन गर्ने प्रतिनिधि चयनको साँघुरो घेरा विरुद्ध क्रमश: आवाजहरू बढ्दै गए। पोप र राजामा केन्द्रित अत्यधिक अधिकार विरुद्ध जागरुक असन्तुष्टिको परिणामस्वरुप सन् १३१५ मा बेलायतमा जनाधिकारको दस्तावेजका रूपमा 'म्याग्ना कार्टा' घोषणा गरियो। जसले राजतन्त्रलाई कानुनको मातहत ल्याउनुका साथै नागरिकको अधिकार सुनिश्चित गऱ्यो। यही म्याग्नाकार्टा नै आधुनिक लोकतन्त्रको महत्त्वपूर्ण दस्तावेज र जनअधिकार संस्थागत गर्ने आधार बन्यो।

सन् १७८९ मा सुरु भएको फ्रान्सेली क्रान्तिका कारण आमनागरिकले मताधिकार पाउनुपर्ने कुरा स्थापित गऱ्यो। क्रान्तिकारी दार्शनिक टोमस पैनेले सन् १७९१ मा 'द राइट अफ म्यान' प्रकाशन गर्दै आम नागरिकलाई आफ्नो अधिकारको पक्षमा बोल्न आग्रह गरेसँगै फ्रान्सेली श्रमजीवी र मध्यम वर्गीय प्रगतिशील जनमानसमा देखा परेको जागरणको राप र ताप आफ्नो देशमा पनि फैलन सक्ने कुरालाई ध्यानमा राखी बेलायतमा दमन सुरु भयो। तर, त्यो दमन प्रत्युपादक हुन पुग्यो।

जनता जागेपछि समयको माग रोक्न सकिँदैन भन्ने पुष्टि गर्दै बेलायती जनताले सन् १८३२ मा निर्वाचनसम्बन्धी कानुनमा संशोधन गर्नैपर्ने अवस्थामा सरकारलाई पुऱ्याए। नयाँ ढङ्गबाट निर्वाचन क्षेत्र निर्धारण गर्दै जोसँग जमिन छ वा खेतीपाती र व्यवसाय गरेर राज्यलाई कर तिर्छन्, ती सबै पुरुषले स्थानीय तहको निर्वाचनमा मताधिकार प्राप्त गरे।

सन् १८३६ जुनमा विलियम लोभेल्टको पहलमा 'लन्डन वर्किङ मेन एसोसिएसन' गठन गरेर जमिन नभएका सर्वहारा/श्रमजीवी वर्गले पनि नागरिक अधिकार पाउनुपर्ने माग अगाडि सारे। ६ ओटा बुँदामा सुत्रबद्ध गरिएको 'चार्टर अफ डिमान्ड' (१. सबै नागरिकलाई मताधिकार, २. गोप्य मतदान, ३. वार्षिक रूपमा संसदीय निर्वाचन, ४. समान प्रतिनिधित्व, ५. सांसदका लागि पारिश्रमिक र ६. उम्मेदवार हुन सम्पत्तिमाथि स्वामित्व हुनुपर्ने व्यवस्थाको अन्त्य) पूरा गराउन आन्दोलन सुरु भयो, जुन 'चार्टिस्ट आन्दोलन' को नामले विश्वप्रशिद्ध हुन पुग्यो।

"विश्व बदल्ने श्रमजीवी जनता हुन्" भन्ने भनाइलाई सार्थक रूपमा स्थापित गर्दै चार्टिस्ट आन्दोलन सफलतामा टुङ्गियो। आफूमाथि शासन गर्ने प्रतिनिधि चयनमा श्रमजीवी वर्गसमेत सहभागी हुन पाउने भए। तर, त्यो वर्गमा महिलालाई स्वीकार गरिएन।

**महिला मताधिकार आन्दोलन र प्राप्ति**

एकातर्फ, चार्टिस्ट आन्दोलन सफल हुँदा पनि महिलाले मताधिकार प्राप्त गर्न

सकेनन्। अर्कातर्फ औद्योगिक विकाससँगै कलकारखानामा महिलाहरूलाई सस्तो र कम महत्त्व ठानिएका श्रम क्षेत्रमा लगाउन थालिएको थियो। त्यही क्रममा सन् १८४८ फेब्रुअरीमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र सार्वजनिक गर्दै महिला मुक्तिका लागि उनीहरू आर्थिक उत्पादनमा संलग्न भएर आत्मनिर्भर हुनुपर्ने र श्रमको उचित मूल्य पाउनुपर्ने कुरा बाहिर ल्याए। विचार प्रधान दस्तावेजमै यस किसिमको विषय समावेश भएपछि महिलाहरूमा पनि साहस बढ्यो।

यता सन् १८४० मा महिलावादी सोच राखेकै आधारमा एलिजाबेथ क्याडी स्टाटोन र लुक्रेसिया मोटलाई बेलायतमा भएको वर्ल्ड एन्टी स्लेभरी कन्भेन्सनमा सहभागी हुनबाट वञ्चित गरिएको थियो। त्यसपछि महिलाहरू वैकल्पिक उपायको खोजीमा लागे। त्यही क्रममा सन् १८४८ जुलाई १९-२० का दिन अमेरिकी महिला एलिजाबेथ क्याडी स्टाटोनको अगुवाइमा अमेरिकाको सेनेका फल्स भन्ने ठाउँमा महिला सम्मेलन गर्दै महिला मताधिकारको प्रस्ताव पारित गरे। जुन 'सेनेका फल्स कन्भेन्सन' को नामले परिचित छ।

समान अधिकारको अभियानकै क्रममा सन् १८६५ मा बेलायतका महिलाले मताधिकार लगायत माग गर्दै सङ्कलन गरिएको हस्ताक्षरसहित समान अधिकारसम्बन्धी विधेयक सांसद जोन स्टुअर्ट मिल मार्फत संसदमा पेस गरे (पार्लियामेन्टेरी अर्काइभिङ, सन् १८६६)। समान अधिकारको माग गर्दै संसदमा विधेयक पेस गरिएको विश्वकै यो पहिलो घटना र महिलावादी आन्दोलनको तर्फबाट सङ्गठित रूपमा राज्यसमक्ष माग प्रस्तुतिको सुरुआत मानिन्छ। जसको दीर्घकालीन लक्ष्य सबै किसिमको पितृसत्तात्मक विभेद अन्त्य गर्दै महिला र पुरुषबिच समानताको स्थापना गर्नु थियो। त्यस सन्दर्भमा सन् १८६९ मा जोन स्टुआर्ट मिलले प्रकाशन गरेको पुस्तक 'द सब्जेक्सन अफ विमेन' मा भनिएको छ- उक्त पहलले समानताको पक्षमा महिलाहरूलाई सङ्गठित र परिचालन गर्न धेरै मद्दत पुग्यो।

यहीबिच आफूलाई समाजवादी भन्ने एक नेता लास्साले फर्नान्डेजले 'महिलाको स्थान घरपरिवार हो, उनीहरूलाई सार्वजनिक क्षेत्रमा सहभागी गराउनु हुन्न' भन्ने बहस सुरु गरे। सो विषयमा सन् १८७८ मा अगस्त बेबेलले 'विमेन एन्ड सोसियलिज्म' र सन् १८८३ मा फ्रेडरिक एङ्गेल्सले 'फ्यामिली, प्राइभेट प्रोपर्टी एन्ड ओरिजिन अफ स्टेट' जस्ता विचारप्रधान पुस्तक प्रकाशन गरेर महिलाको समान अधिकारको पक्षमा अझ स्पष्ट जनमत बनाउन सहयोग गरे। अन्तत सन् १८९२ मा जर्मन सोसियल डेमोक्र्याटिक पार्टीले लैङ्गिक समानताको पक्षमा नीति पारित गरेपछि यो विवादको अन्त्य भयो। खास गरी औद्योगिक मुलुकहरूमा समान मताधिकार, शिक्षा र रोजगारीको अवसर र सम्पत्तिमाथिको अधिकारको विषयले थप महत्त्व पाउन थाल्यो। समानताको आन्दोलनले एकपछि अर्को मुलुकमा उपलब्धि हासिल गर्न थाल्यो। सन् १८९३ मा 'महिला मताधिकार' को व्यवस्था गर्ने न्युजिल्यान्ड विश्वमै पहिलो मुलुक बन्यो। आधुनिक संसदीय प्रणालीको जग बसाउने श्रेय पाएको मुलुक बेलायतका महिलाले सन् १९१८ बाट ३० वर्ष उमेर पुगेपछि मतदान गर्ने अधिकार प्राप्त गरे। अमेरिकाका महिलाले सन् १९२० बाट मतदानको अधिकार पाए।

एसिया महाद्वीपमा सन् १९३१ मा महिलालाई मताधिकार दिएर पहिलो बनेको श्रीलङ्काले सन् १९६० मा देशको प्रमुख

कार्यकारी पद र विश्वकै पहिलो जननिर्वाचित महिला प्रधानमन्त्रीका रूपमा सिरिमाभो बन्दरानाइकेलाई निर्वाचित गऱ्यो।

**नेपालको संसदीय राजनीतिमा महिला**

नेपालमा २००४ जेठ २९ गते पहिलो पटक काठमाडौं म्युनिसिपालिटीको निर्वाचन भएको थियो (निर्वाचन आयोग, २०७३, पृष्ठ १५१)। उक्त निर्वाचनमा महिलाले मत प्रयोग गर्न नपाएपछि महिला प्रतिनिधि मण्डल मताधिकारको माग गर्न गयो। परिणाम २००५ वैशाख १ गतेबाट कार्यान्वयनमा आएको नेपाल सरकार वैधानिक कानुन (धारा ४) ले २१ वर्ष पुगेका सबै नागरिकलाई समान मताधिकार दियो। त्यसको पहिलो प्रयोग २०१० भदौ १७ गते सम्पन्न नगरपालिकाको निर्वाचनमा भयो, जहाँ साधना प्रधान पहिलो महिला जनप्रतिनिधिका रूपमा काठमाडौं नगरपालिकाको वडाध्यक्ष हुनुभयो (उही, पेज १५७)।

नेपालमा पहिलो संसदीय निर्वाचन २०१५ फागुन ७ गतेबाट सुरु भएर चैत २१ गते सम्पन्न भएको निर्वाचनमा द्वारिकादेवी ठकुरानी (नेपाली कङ्ग्रेस) डडेल्धुराबाट निर्वाचित हुँदै पहिलो महिला सांसद र पछि सहायक मन्त्री हुनुभयो। तर, २०१७ पुस १ गते राजा महेन्द्रले जननिर्वाचित सरकार अपदस्त गर्दै संसद पनि विघटन गरेर पञ्चायती व्यवस्था लागु गरे। पञ्चायती शासनमा पनि केही महिला राष्ट्रिय पञ्चायतमा मनोनित भए। मन्त्री बनाइए। पञ्चायतकालमा बालिग मताधिकारबाट प्रतिनिधि छनौटको काम भने पहिलोपटक २०३८ वैशाखमा भयो। जहाँ दुई जना महिला नानीमैया दाहाल (काठमाडौं) र भद्राकुमारी घले (सिन्धुली) निर्वाचित भए। २०४३ वैशाखमा भएको दोस्रो निर्वाचनमा तीन जना महिला शारदा मल्ल (धनुषा), लक्ष्मी सिंह (सर्लाही) र चन्दा शाह (बारा) निर्वाचित भएका थिए (निर्वाचन आयोग, २०७३)।

**बहुदलीय व्यवस्था पुनर्स्थापनापछिको निर्वाचन**

राष्ट्रिय जनआन्दोलन २०४६ मार्फत तीन दशक लामो निर्दलीय पञ्चायती व्यवस्था अन्त्य भयो। छरपस्ट रहेका वामपन्थी दलहरू बनेको वाममोर्चाको नाममा एक ठाउँमा आउँदा सर्वस्वीकार्य अध्यक्ष सहाना प्रधानलाई बनाइयो। आन्दोलनको सफलतासँगै बहुदलीय व्यवस्था पुनर्स्थापनापछि महिलाका लागि राजनीतिमा थोरै ढोका खुल्यो। सहाना प्रधान अन्तरिम मन्त्री मण्डलको सदस्य हुनुभयो। नेपालको संविधान, २०४७ मा आमनिर्वाचनमा हरेक दलले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार उठाउनै पर्ने व्यवस्था भयो। यसका कारण बहुदलीय व्यवस्था अवधिभर भएका तीन ओटा आमनिर्वाचन (२०४८, २०५१ र २०५६) मा उक्त प्रावधानमा बाँधिएर सबै राजनीतिक दलले तोकिएको सङ्ख्यामा उम्मेदवारी दिए। जसमा पहिलो (२०४८) र दोस्रो (२०५१) निर्वाचनमा ३.४ र तेस्रो (२०५६) मा ५.८ प्रतिशत महिला निर्वाचित भएका थिए। राष्ट्रिय सभामा कानुन अनुसार ६० जनामा अनिवार्य तीन सिटमा महिला निर्वाचित भइरहे।

देशमा बहुदलीय व्यवस्थाको सुरुआतसँगै संसदको अन्तर्राष्ट्रिय सम्पर्क-सम्बन्ध विस्तार हुँदै थियो। यसै क्रममा इन्टरनेसनल पार्लियामेन्टरी युनियन ( आइपियु) को सदस्यको रूपमा नेपाली प्रतिनिधि विभिन्न कार्यक्रममा सहभागी हुन थाले। आइपीयुले संसदीय राजनीतिमा महिला सहभागिता वृद्धि र लैङ्गिक समानताको

पक्षमा संसदमा सहभागी दलहरू बिच ऐक्यबद्धता विकास र सहकार्यबारे अध्ययन (सन् २०००) गरेको थियो। १ सय ६५ मुलुकका करिब २ सय जनाबिच गरिएको उक्त अध्ययनको निचोडका रूपमा 'अन्तरदलीय महिला सांसदहरूको संयन्त्र बनाएर काम गर्दा संसदमा महिला नेतृत्व विकास गर्न र लैङ्गिक समानताको विषयलाई मूल प्रवाहमा ल्याउन सहज हुने' सुझाव थियो। त्यसै आधारमा आइपीयुले नीतिगत रूपमै सदस्य राष्ट्रहरूको संसदले महिला सांसदबिच साझा संयन्त्र बनाएर काम गर्न प्रस्ताव गरिएको सिफारिस सर्वसम्मत पारित भयो। आइपीयुको पक्ष राष्ट्रका रूपमा नेपालको संसद पनि उक्त सिफारिस कार्यान्वयन गर्न तयार भयो।

त्यही सिफारिस कार्यान्वयन गर्ने सन्दर्भमा २०५८ कात्तिकमा संसदबाट महिला सांसद समूह (महिला ककस) को नियमावली पारित गर्दै राष्ट्रिय सभा सदस्य माननीय मैयादेवी श्रेष्ठको अध्यक्षतामा महिला ककस गठन भयो। सबै दलका महिला सांसदहरूको औपचारिक साझा संयन्त्र महिला सांसद समूहमा रहेर लैङ्गिक समानताको विषयमा साझा मुद्दा परिचान गरेर अगाडि बढाउन सहज भयो। लामो समयदेखि माग गरिएको राष्ट्रिय महिला आयोग (फागुन २३, २०५८) गठन भयो। संसदमा विचाराधीन रहेको मुलुकी ऐनको एघारौँ संशोधन (चैत २, २०५८) पारित भयो। तर, २०५९ जेठमा संसद विघटन भएपछि भने राष्ट्रिय सभाका तीनजना महिला मात्र रहेको महिला ककसको गतिविधि खासै रहेन।

बहुदलीय व्यवस्था अन्तर्गत ३ हजार ९ सय ९५ गाउँ विकास समिति र ३६ ओटा नगरपालिकाको पहिलो निर्वाचन २०४९ जेठमा भयो। हरेक गाविसलाई ९ वडा र नगरपालिकामा ३५ ओटासम्म वडा विभाजन गरिएको उक्त निर्वाचनबाट ४४ हजार ५ सय ३९ जना जनप्रतिनिधि निर्वाचित भए (निर्वाचन आयोग, २०७३, पृष्ठ २३०) महिला कोटा नतोकिनुको परिणाम देशभरबाट निर्वाचित हुने महिलाको सङ्ख्या नगन्य रह्यो। उक्त निर्वाचन परिणामको सन्देश थियो– कानुनी रूपमा अनिवार्यताको व्यवस्था बिना औपचारिक पदमा महिला सहभागितालाई प्रोत्साहन गर्दै जानुपर्छ भन्ने सचेतना राजनीतिक दलहरूमा देखिएन। त्यसपछि भने 'महिला कोटा' को विषयमा बहस चल्न थाल्यो।

स्थानीय तहको दोस्रो निर्वाचन हुनुपूर्व २०५३ चैत २२ गते अध्यादेश जारी गर्दै हरेक वडामा चारजना सदस्य थप गर्दै त्यसमध्ये एक महिला अनिवार्य निर्वाचित हुने कानुनी व्यवस्था भयो। सो अध्यादेश अनुसार २०५४ जेठ ४ र २३ गते दुई चरणमा सम्पन्न निर्वाचनबाट देशभर २० जना अध्यक्ष, १४ जना उपाध्यक्ष, २ सय ४० वडाध्यक्ष लगायत ४० हजारभन्दा बढी महिलाहरू राज्यको आधारभूत निकायमा निर्वाचित भए (निर्वाचन आयोग, २०७३)। त्यससँगै जिल्ला विकास समितिको उपसभापतिमा एक्ली महिला भोजपुरकी जयन्ती राई निर्वाचित हुनुभयो।

आधारभूत तहको संरचनामा निर्वाचित महिलाको यो उपस्थितिले सिङ्गो राजनीतिमा सहभागिता वृद्धिमात्र भएन, समाज रुपान्तरणमा समेत सकारात्मक प्रभाव पर्न थाल्यो। त्यसपछिका राजनीतिक अभियान र आन्दोलनमा आम महिलाको सहभागिता क्रमशः वृद्धि हुन थाल्यो।

**एकतिहाइ महिला सहभागिताको अभियान**

चौथो विश्व महिला सम्मेलन,

बेइजिङ (सन् १९९५) पछि अन्तर्राष्ट्रिय रूपमै तय गरिएको लक्ष्य 'कम्तीमा एकतिहाइ महिला सहभागिता' मा राष्ट्रको प्रतिबद्धता तोकिएको समयमा पूरा गर्नुपर्ने चासो सरकार लगायत कुनै दलमा देखिएन। महिला आन्दोलनले भने उक्त प्रतिबद्धतालाई आधार बनाएर निरन्तर अभियान अगाडि बढाइ रह्यो। अखिल नेपाल महिला सङ्घको चौथो राष्ट्रिय सम्मेलन (२०५५ पुस) ले विशेष प्रस्ताव पारित गर्दै एकतिहाइ महिला सहभागिताको विषयमा अभियान चलायो।

२०६१ माघ १९ गते दलीय नेतृत्वमा रहेको सरकारलाई पुन: राजा ज्ञानेन्द्रले बाबु महेन्द्रकै २०१७ सालको तरिकाले अपदस्त गरी सत्ता हातमा लिने प्रयत्न स्वरूप आफ्नै अध्यक्षतामा सरकार गठन गरे। बहुदलीय व्यवस्था अन्तर्गत प्राप्त जनअधिकार फेरि हनन् भयो। सञ्चार क्षेत्र नियन्त्रण गरियो। राजनीतिक नेताहरू गिरफ्तार भए। राजा ज्ञानेन्द्रमा मौलाएको सत्तामोहको यही घटना पनि राजतन्त्रको अन्त्य वा गणतन्त्र स्थापनाका लागि एउटा कारण बन्न पुग्यो। राजाको निरंकुश कदम विरुद्ध राजनीतिक दलका साथै महिलाहरू पनि जुर्मुराए। त्यही क्रममा अनुसार एकतिहाइ महिला सहभागिताको मुद्दा राजनीतिक र नागरिक आन्दोलनको साझा विषयका रूपमा स्थापित हुन पुग्यो। नेकपा (एमाले) को केन्द्रीय महिला विभागको तर्फबाट २०६२ भदौमा पार्टीको केन्द्रीय कमिटीको बैठकमा प्रस्ताव गरिएको 'राज्यका हरेक निकायमा समानुपातिक लक्ष्यसहित कम्तीमा एकतिहाइ महिला सहभागिता' आठबुँदे जेण्डर विषय पारित भयो (अपानी १२, २०६२)। त्यसपछि सहाना प्रधान, सुप्रभा घिमिरे लगायत सात दलका महिला नेताहरूबिच यी विषयलाई साझा बनाउने पहल सुरु भयो। परिणामत: २०६२ फागुन २४ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च) का दिन तत्कालीन अवस्थामा आन्दोलनरत दलहरू नेकपा (एमाले), नेपाली कङ्ग्रेस लगायत सात दलका महिला नेता बिच अन्तरपार्टी महिला सञ्जाल औपचारिक गठन गर्दै नौबुँदे साझा जेन्डर विषय पारित गरियो (अपामसं, २०६२)। जसमा महिला सहभागिताको विषय प्राथमिकताका साथ समावेश थियो। उक्त कार्यक्रममा आन्दोलनरत दलका प्रतिनिधिहरूले सम्बोधन गर्दै प्रस्तावित विषयहरूलाई संयुक्त रूपमा स्वीकार गरे। तीनै मुद्दासहित २०६२-६३ को जनआन्दोलनमा महिलाहरू उत्साहपूर्वक सहभागी भए।

बहुदलीय व्यवस्थाले जनतामा जगाएको चेतना र स्थापित गरेको हकमाथि राजा ज्ञानेन्द्रको सक्रिय शासन मोहका कारण अङ्कुश लगाउने प्रयत्नका विरुद्धमा उठेको जनआवाज सङ्गठित हुँदै जाने क्रममा २०६२-६३ को राष्ट्रिय जनआन्दोलनमा जनताको अभूतपूर्व सहभागिता रह्यो। अन्तत: २०६३ वैशाख ११ गते विघटित संसद पुनर्स्थापना गर्दै नेपालको शासन सत्ता फेरि राजनीतिक दलमै फिर्ता हुने अवस्था आयो। २०६३ वैशाख १५ गते पुनर्स्थापना भएको संसदले जेठ ४ गतेको घोषणाबाट नारायणहिटी राजदरबारका सम्पूर्ण अधिकार जननिर्वाचित संस्था मातहत ल्यायो। झण्डै २ सय ५० वर्षको शाह राजतन्त्र निलम्बनको अवस्था पुग्यो। तर लैङ्गिक समानताको लागि उठान भएका कुनै पनि माग जेठ ४ गतेको घोषणामा समावेश गरिएन।

त्यसपछि तत्कालीन एमाले सांसद विद्यादेवी भण्डारीको प्रस्ताव एवं नेपाली कङ्ग्रेसका कमला पन्त र नारायणप्रसाद साउद तथा राष्ट्रिय जनमोर्चाका नवराज

सुवेदीको समर्थनमा त्यसका आधारमा आन्दोलनबाट पुनर्स्थापित संसदमा 'राज्यको सबै निकायमा समानुपातिक लक्ष्यसहित कम्तीमा एकतिहाइ महिला सहभागिता गरिनेछ' लगायत महिला अधिकारसम्बन्धी चारबुँदे जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव संसदमा दर्ता भयो (संसद सचिवालय, २०६३)। उक्त प्रस्ताव २०६३ जेठ १६ गते संसदबाट सर्वसम्मत रूपमा पारित भयो।

यसरी २०५३ सालमा बेइजिङ सम्मेलनबाट उठान भएर २०५५ सालबाट

**प्रस्तावको विषय** : आमा वा बाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तिमा एक तिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, त्यस्तै विभेदकारी कानुनको खारेजी गर्न र महिला प्रति हुने गरेका हिँसा अन्त्य गर्न जरुरी भएको ।

**पारित मिति** : २०६३/२/१६

महिला आन्दोलनको अभियानको केन्द्र बनेको विषय राजनीतिक दल हुँदै एक दशकपछि २०६३ सालमा राज्यको विषय बन्न पुग्यो।

संसदबाट पारित त्यही प्रस्तावसमेतका आधारमा २०६३ माघ १ गते घोषणा गरिएको अन्तरिम संविधान (धारा ६३-५)ले संविधान सभाको निर्वाचनमा कम्तीमा एकतिहाइ महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गऱ्यो। सोही दिन घोषणा गरिएको अन्तरिम व्यवस्थापिका संसदमा पहिलोपटक ५७ जना महिला सदस्य भए (संसदमा महिला, २०७५)।

**संविधान सभाको गठनदेखि घोषणासम्म**

२००७ सालको क्रान्तिदेखि नै माग

**नेकपा एमालेले पारित गरेका जेण्डर एजेण्डाहरू**

१. पूर्ण प्रजातन्त्र, दिगो शान्ति र मानव अधिकार
२. आमाको नामबाट नागरिकता पाउने व्यवस्था
३. राजनीतिक पार्टी, राज्य संरचना लगायत सम्पूर्ण क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता
४. सम्पत्तिमाथि समान अधिकार
५. प्रजनन् स्वास्थ्य र यससम्बन्धी अधिकार
६. द्वन्द्व प्रभावित महिलाको मानव अधिकारको संरक्षण, सुरक्षा र पुनर्स्थापनाको व्यवस्था
७. महिला हिंसा, दुर्व्यवहार र कुरीति विरुद्ध अभियान
८. सकारात्मक विभेदका कार्यक्रमहरू

*(नेकपा एमाले, २०६२, अपानी १२)*

हुँदै आएको संविधानसभाको निर्वाचन २०६४ चैत २८ गते पूरा भयो। सो निर्वाचनमा पहिलो हुने जित्ने (प्रत्यक्ष) र समानुपातिक अर्थात् मिश्रित निर्वाचन प्रणाली अपनाइयो। समानुपातिक निर्वाचन 'जिपर प्रणाली' प्रणाली अन्तर्गत पुरुष-महिला आधा-आधा सङ्ख्यामा निर्वाचित गर्नुपर्ने भयो। संवैधानिक व्यवस्था अनुसार एकतिहाइ महिला उम्मेदवार पुऱ्याउन प्रत्यक्ष निर्वाचनतर्फ कम्तीमा १० प्रतिशत महिला उम्मेदवार बनाउनै पर्ने बाध्यता बन्यो।

सशस्त्र विद्रोहको राप र ताप ताजै भएकाले नेकपा (माओवादी) ले पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत तोकिएभन्दा बढी महिला उम्मेदवारी दिनुको साथै आफ्ना उम्मेदवार जिताउन सिङ्गो पार्टीपङ्क्ति परिचालित हुनुको परिणाम सो पार्टीबाट

प्रत्यक्षतर्फ २३ जना महिला र अन्य दलका सात जनासहित प्रत्यक्ष निर्वाचित हुने महिलाको सङ्ख्या ३० जना पुगेको थियो। समानुपातिकतर्फबाट १ सय ६१ र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ६ जनासहित ६ सय १ सदस्यीय संविधान सभामा १ सय ९७ जना महिलाको सहभागिता भयो (संसद सचिवालय, २०६५)। संविभानसभा र व्यवस्थापिका संसद गरी २४ ओटा समितिमध्ये आठ ओटामा महिला सभापति र प्राय: सबै दलको पदाधिकारी (सचेतक) मा महिला निर्वाचित गरिए। महिलाहरूले नेतृत्व गरेका समितिहरूको काम औसतमा कमजोर थिएन। बरु कतिपय समितिको काम अन्य समितिको तुलनामा उत्कृष्ट रहेको कुरा नेकपा (एमाले) ले गरेको अध्ययन प्रतिवेदनको निचोडमा समेत उल्लेख छ।

संविधान सभाका सबै महिला सदस्य रहने गरी महिला सांसद समूह (महिला ककस) गठन गरिएको थियो। यद्यपि औपचारिक रूपमा महिला ककसको विषय नियमावलीमा थिएन। महिला ककसको अगुवाइमा लैङ्गिक समानताका विषयहरू खास गरी वंश, अंश, सहभागिता, लैङ्गिक हिंसा, प्रजनन अधिकार, घरायसी कामको गणना लगायतमा सबै दलाका महिला सभासद् बिच साझा धारणा बनाउने काम भयो। त्यही पहलका कारण महिला आन्दोलनले उठाउँदै आएका लैङ्गिक समानतासम्बन्धी अधिकांश विषयहरूलाई संविधानको मस्यौदामा समावेश गर्न सम्भव भयो। यी सबै कामहरू नेपालको संसदीय इतिहासकै सबैभन्दा ठूलो उपलब्धि थियो।

तर, राजनीतिक दलहरूबीचको असमझदारीका कारण चार वर्षपछि २०६९ जेठ १३ गते संविधान घोषणा नगरी पहिलो संविधान सभा विघटन भयो। त्यसको डेढ वर्षपछि २०७० मङ्सिर ४ गते संविधान सभाको दोस्रो निर्वाचन भयो। त्यहाँसम्म पुग्दा लैङ्गिक सहभागिताको बारेमा नेकपा (माओवादी) बाट अरु दलले सिक्ने भन्दा पनि माओवादी नै अरु दल जस्तो भइसकेको थियो। परिणामत: सबै दलले प्रत्यक्ष निर्वाचनतर्फ संवैधानिक प्रावधान अनुसार महिला उम्मेदवारीलाई १० प्रतिशतमा सीमित गरे। दोस्रो संविधान सभा (व्यवस्थापिका संसद) मा प्रत्यक्षबाट निर्वाचत हुने महिला सङ्ख्या १० मात्र रह्यो। समानुपातिकतर्फको १ सय ६२ र मनोनित ४ सहित दोस्रो संविधानसभामा महिलाको सङ्ख्या १७६ (२९.२३ प्रतिशत) रह्यो। यसपटक संविधानसभाका कतिपय दलहरूमा प्रमुख सचेतक र सचेतक दुवै पुरुष चयन भए। १० ओटा समितिमध्ये दुईटामा मात्र महिला सभापति भए। महिला सभासदबीच महिला ककस बनाउन अघोषित प्रतिबन्ध नै लगाइयो। यसरी आन्दोलनको सफलतापछिको दोस्रो निर्वाचनमा पुग्दा महिला सहभागिता वृद्धि हुनु र एकता सुदृढ हुनुको बदला निर्णायक तहमा महिला सहभागिता पुरानै लयमा फर्कने सङ्केत देखा पर्न थाल्यो।

नेपालको संविधानमा सङ्घीयता अन्तर्गत सङ्घीय संसद र प्रदेश सभामा कम्तीमा एकतिहाइ (धारा ८४-८ र) र स्थानीय तहमा ४० प्रतिशत (धारा १७६-९) महिला सहभागिता सुनिश्चित गरियो। मौलिक हक अन्तर्गत महिलाको हक (धारा ३८-४) मा राज्यका सबै निकायमा समावेशी सिद्धान्तका आधारमा समानुपातिक सहभागिताको हक हुने भनिएको छ। मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन संविधान घोषणा भएको तीन वर्षभित्र बनाएर लागु गर्नुपर्ने व्यवस्था (धारा ४७) मा

गरिएको छ। यसको अर्थ संविधान घोषणा भएको तीन वर्ष नपुग्दै निर्वाचन भएमा पनि एकतिहाइमा कम नहुने गरी महिलाको सहभागिता गराउनुपर्ने व्यवस्था (धारा ८४ र ८६) मा गरियो। यसले तीन वर्षपछि हुने निर्वाचन अगि नै (धारा ३८-४) अनुसार कानुन बनाएर निर्वाचनमा समानुपातिक सहभागिताको सुनिश्चितता हुनुपर्ने संवैधानिक व्यवस्था गऱ्यो। संविधानको (धारा ५१) मा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त र नीतिहरूसम्बन्धी हरेक प्रावधानको प्रगतिशील कार्यान्वयन गरिनुपर्ने व्यवस्था (धारा ५४) मा उल्लेख गरिएको छ। कानुन नबनेको' बहानामा २०७९ मा भएको निर्वाचनमा संविधान उल्लङ्घन गर्ने काममा सबै दल र राज्यका सरोकारवाला निकायको समेत सहमति रह्यो।

संवैधानिक व्यवस्था अनुरूप संविधान घोषणा लगत्तै रूपान्तरित व्यवस्थापिका संसदमा ओनसरी घर्ती पहिलो महिला सभामुखमा निर्वाचित हुनुभयो। सोही व्यवस्थापिका संसदले राष्ट्र प्रमुखका रूपमा तत्कालीन सभासद् विद्यादेवी भण्डारीलाई पहिलो महिला राष्ट्रपतिमा निर्वाचित गऱ्यो। त्यही अवधिमा सर्वोच्च अदालतमा रोलक्रम अनुसार सुशीला कार्की पहिलो महिला प्रधानन्यायाधीश नियुक्त हुनुभयो। यसरी एकै पटक तीनओटा सर्वोच्च निकायमा महिलाको नेतृत्व रहनु राम्रो संयोग नै बन्यो। राज्यका शीर्ष पदमा महिला निर्वाचित हुनुले नेपाली महिलामा आत्मविश्वास उचो बनाउन र कतिपय सन्दर्भमा संविधानसम्मत कानुन बनाउन सकारात्मक योगदान पुऱ्यायो।

सङ्घीय संसद र प्रदेश सभामा प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनैपर्ने संवैधानिक व्यवस्था (धारा ९१-२, ९२-२ र १८२-२) मा छ। स्थानीय तहको प्रमुख/उपप्रमुखमा भने संवैधानिक रूपमा यो प्रावधान राख्न राजनीतिक सहमति हुन सकेन। २०७३ सालमा स्थानीय निर्वाचन ऐन बनाउने समयमा उक्त प्रावधान ऐनमा राखियो। त्यसै गरी राजनीतिक दलको संरचनामा कम्तीमा एकतिहाइ महिला हुनुपर्ने विषयमा लामो छलफल हुँदा पनि सहमति हुन सकेको थिएन। त्यसै कारण ती विषय संविधानमा रहेनन्। तर, राजनीतिक दल दर्तासम्बन्धी ऐन, २०७४ ले राजनीतिक दलका सबै तहका समितिमा कम्तीमा एकतिहाइ महिला सहभागिता हुनुपर्ने व्यवस्था (दफा १५-४) गरियो।

**महिला सांसदको साझा संयन्त्र**

दोस्रो संविधान सभाको निर्वाचनदेखि संविधान घोषणासम्म महिलाहरूकाबिचमा साझा संयन्त्र बन्न सकेन/दिइएन। जसको कारण पहिलो संविधान सभाले स्थापित गरेको अविभेदको सिद्धान्तसमेत उल्टाउँदै नागरिक पहिचानको विषयमा लैङ्गिक विभेदको प्रावधान संविधानको अङ्ग बन्यो। प्रजनन् हक लगायत कतिपय प्रावधानको मर्म र भावना नै परिवर्तन हुनेगरी कमजोर भाषा प्रयोग गरियो। तर, जब २०७२ असोज ३ गते नेपालको संविधानको घोषणापछि रूपान्तरित व्यवस्थापिका संसदले राज्यका दुई ठूला पद राष्ट्रपति र सभामुखमा महिला निर्वाचित गऱ्यो। त्यसपछि संसदमा विभिन्न विषयका विधेयकहरू छलफलमा आए। महिला सांसदहरू एक ठाउँमा आएर साझा धाराणा बनाउनु आवश्यक भयो। त्यही आवश्यकताले २०७३ पुसमा महिला सांसदहरूबिच अनौपचारिक रूपमै 'महिला सांसद समन्वय समिति' गठन भयो। महिला सभामुख भएको कारण यो काम सहज भएको थियो।

त्यही साझा संयन्त्रको उपलब्धिको रूपमा संविधानमा राख्न पहल गरिएर पनि नसकिएका दुई प्रावधान कानुनमा राख्न सम्भव भयो। एक, राजनीतिक दलमा महिला सहभागिताको विषय। यस सन्दर्भमा राजनीतिक दल दर्तासम्बन्धी ऐन, २०७४ को दफा १५ को उपदफा (३) मा, "*विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्नेछ*" र उपदफा (४) मा "*दलको सबै तहको समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्नेछ*" भन्ने प्रावधान समावेश गरियो। दुई, स्थानीय तह निर्वाचन सम्बन्धी ऐन, २०७३ को दफा १७ को उपदफा (४) मा "*उपदफा (१) बमोजिम मनोनयनपत्र पेश गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ। तर दलले एकजना मात्र उम्मेदवारी दिएमा यो उपदफाको प्रावधान लागु हुने छैन,* समावेस गर्न सम्भव भयो।

त्यसैगरी देवानी संहिता बन्ने क्रममा पनि यस संयन्त्रको महत्त्वपूर्ण योगदान रह्यो। मुलुकी देवानी संहिता ऐन, २०७४ को मस्यौदामा पैतृक सम्पत्तिमाथिको हकलाई इच्छा प्रणाली (विल सिस्टम) बनाउन गरिएको प्रस्तावमा महिला सांसद समन्वय समितिले असहमति राख्यो। संविधानमा '*पैतृक सम्पत्तिमा सबै सन्तानको समान हक*' स्थापित भएको थियो। 'संविधानको प्रावधान अनुसार छोरीहरूले सम्पत्तिमाथिको अधिकार प्रयोग गर्नै नपाइ इच्छा प्रणालीमा जाने कुरा मान्य हुँदैन भन्ने कुरा उठ्यो। राष्ट्रपति र सभामुख दुवै महिला भएका कारण यस कुराको मर्ममा दुवै जनाको सहमति रह्यो। अन्ततः देवानी संहितालाई पुनर्लेखन गरी संविधानसम्मत पैतृक सम्पत्तिमा सबै सन्तानको हक स्थापित गर्ने प्रावधानका लागि सभामुखको कार्यालयबाट समितिमा फिर्ता पठाइयो।

त्यसपछि इच्छा प्रणालीसम्बन्धी परिच्छेद हटाएर अंशसम्बन्धी प्रावधान (दफा २०५) मा *सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन्"* राखियो। यस भाषामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको विमति रहँदै आएको छ।

त्यतिखेर उक्त मस्यौदा उपसमितिका केही सदस्यको अभिव्यक्ति– "*हामीले बनाएको सर्वसम्मत प्रस्ताव परिवर्तन गर्न लाउनुका पछाडि मूल रूपमा राष्ट्रपति र सभामुखमा महिला हुनु हो। त्यसैले भविष्यमा कुनै पनि शीर्ष पदमा महिला निर्वाचित गर्ने बारेमा गम्भीरतापूर्वक सोच्नुपर्छ।*" पुरुषप्रधान संस्कारमा हुर्किएका मानिसहरू सतहमा जति नै समानताको पक्षमा देखिए पनि खास अवस्थामा कति स्त्रिद्वैषी र पूर्वाग्रही हुन्छन् भन्ने कुराको एउटा ज्वलन दृष्टान्त हो यो।

अहिले मुख्य पदको जिम्मेवारीमा सकेसम्म महिलालाई किन निर्वाचित गरिँदैन वा अवसर दिइँदैन भन्ने कुरा बुझ्न उक्त अभिव्यक्तिको रणनीतिक असर खोज्न सकिन्छ। विगतका यी सबै अनुभवले भन्छ- महिला आन्दोलनहरूको साझा मुद्दा पहिचान गरी फराकिलो एकता र ऐक्यबद्धताले मात्र प्राप्त उपलब्धिको रक्षा र थप उपलब्धि हासिल गर्ने अभियान प्रभावकारी बनाउन सकिन्छ। पितृसत्तात्मक पूर्वाग्रहबिच समानताको आवाजलाई जीवित मात्र होइन,

जाग्रित गर्दै अगाडि बढ्नु त्यत्तिकै चुनौतीको विषय थियो र आज पनि छ। समानताका पक्षधरहरूले यसबाट मनन् गर्नुपर्ने कुरा के हो भने तहगत रूपमै नेतृत्वको सोच र दृष्टिकोण बदलिएन भने सार्वजनिक खपतका लागि प्रस्तुत भाष्यले मात्र जीवनमा परिवर्तन सम्भव छैन।

## सङ्घीय लोकतान्त्रिक गणतन्त्र र निर्वाचनमा महिला

संविधानको घोषणासँगै केन्द्रीकृत रूपमा चल्दै आएको नेपालको राजनीतिक प्रणाली सङ्घीयतामा रूपान्तरण भयो। नेपालको संविधान, २०७२ ले औपचारिक रूपमा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल' को स्थापना गऱ्यो। नयाँ प्रणाली अन्तर्गत हालसम्म तीनै तहका दुई निर्वाचन (पहिलो २०७४ र दोस्रो २०७९) सम्पन्न भए।

पहिलो स्थानीय निर्वाचन तीन चरणमा गरियो। त्यस निर्वाचनमा नेपाली कङ्ग्रेस र नेकपा (माके) बिच राष्ट्रिय तहमा तालमेल भएको थियो। नेकपा (एमाले) र जसपा लगायत दलहरू स्थानीय तहका केही स्थानमा तालमेल गरेर निर्वाचनमा गएका थिए। २०७४ सालमा भएको तीनै तहको निर्वाचनबाट ४१.१ प्रतिशत महिला निर्वाचित भए। त्यसमध्ये संवैधानिक प्रावधान अनुरुप दलित महिलाको कोटामा उम्मेदवारी नपर्दा १ सय ७५ स्थान खाली रहन गयो।

त्यसैगरी सङ्घीय तहको प्रतिनिधि सभा र प्रदेश तहमा प्रदेश सभाको निर्वाचन २०७४ मङ्सिर १० र २१ गते दुई चरणमा गरियो। त्यसमा नेकपा (एमाले) र नेकपा (माके) बिचको गठबन्धनले एउटै घोषणापत्र लिएर देशभर साझा उम्मेदवार उठाए। नेपाली कङ्ग्रेस लगायत अरु दलहरूले स्थानीय समझदारीमा केही स्थानमा तालमेल गरे। आमरूपमा उनीहरू एकल आधारमा निर्वाचनमा सहभागी भए।

सङ्घीयता अन्तर्गत २०७९ मा सम्पन्न दोस्रो निर्वाचन एकै चरणमा सम्पन्न भयो। स्थानीय निर्वाचन देशभर २०७९ वैशाख ३० गते गरियो भने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन मङ्सिर ४ गते सम्पन्न भयो। यस पटक स्थानीय तहको निर्वाचनमा सरकारमा रहेको गठबन्धन (नेपाली कङ्ग्रेस, नेकपा-माके, नेकपा-एस, राष्ट्रिय जनमोर्चा र जसपा) एकातिर र नेकपा (एमाले) लगायत अरु दल एकल रूपमा निर्वाचनमा होमिए। प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा भने सरकारी गठबन्धनमा राजपा समेत समावेश भयो भने जसपा उक्त गठबन्धनबाट बाहिरिएर नेकपा (एमाले) सँग स्थानीय गठबन्धन बनायो। तर, स्थानीय परिवेश अनुसार केही ठाउँमा यो भन्दा फरक खालको तालमेल पनि भए।

२०७९ को निर्वाचनमा दलित महिला १ सय २३ र महिला १ पदसहित १ सय २४ स्थानमा उम्मेदवारी पर्न सकेन। संविधानको प्रस्ट प्रावधान र दिगो विकास लक्ष्य (२०१५-३०) कार्यान्वयन उन्मुख हुँदा महिलाको सहभागिता यस पटक बढ्नुपर्ने थियो। तर, निर्वाचनको परिणामअनुसार यस पटक निर्वाचित महिला ४०.९३ प्रतिशत रह्यो।

पछिल्लो समय गठबन्धनका नाममा स्थानीय निर्वाचनमा पालिकाको प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने कानुनी प्रावधान भए पनि एउटा दलले एउटा पदमा मात्र उम्मेदवारी दिएमा उक्त प्रावधान लागु नहुने (दफा १७-४) कानुनी छिद्रको दुरुपयोगको गरियो। त्यसका कारण प्रमुख/उपप्रमुखमा महिलाको उम्मेदवारी नै कम दिइयो। परिणाम, १ सय ६३ ओटा पालिकाका दुवै पदमा पुरुषहरू मात्र निर्वाचित भए। सङ्घीय र प्रदेश सभाको निर्वाचनमा पनि राजनीतिक दलहरूले

संवैधानिक प्रावधान र दिगो विकास लक्ष्यमाथिको प्रतिबद्धतामा ध्यान दिएनन्। कानुनमा लेख्ने, प्रतिबद्धता जनाउने तर कार्यान्वयनमा ध्यान नदिने प्रवृत्तिले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै खडा भएको प्रश्नको जबाफ समय खोज्ने नै छ।

२०७४ र २०७९ को दुवै निर्वाचनमा पालिका प्रमुख र वडाध्यक्ष अनि प्रदेश र प्रतिनिधिसभा तर्फ प्रत्यक्ष निर्वाचित हुने प्रणालीमा महिलाको उम्मेदवार एकदम न्यून रह्यो। यो तथ्यले के देखाउँछ भने कुरामा जे भनिए पनि व्यवहारमा नीति निर्माण तहमा लैङ्गिक उपस्थितिको महिलालाई सहायक तहमा राख्ने मानसिकताबाट हाम्रो राज्य र राजनीतिक नेतृत्व मुक्त छैन। यस्तो मानसिकता हरेक परिणाममा प्रतिबिम्बित भएकै छ। यसको प्रभाव समाजका अन्य निकाय हुँदै परिवारसम्म पनि पुग्छ। यो प्रवृत्तीलाई समयमा नै परिवर्तन गर्न सकिएन भने त्यो नै हामीले तय गरेको लक्ष्य 'समृद्ध नेपाल र सुखी अनि खुसी नेपाली' प्राप्तिका लागि

**तालिका १ :**
**सङ्घीय प्रणाली अर्न्तगत सम्पन्न दुई निर्वाचन (२०७४ र २०७९) को लैङ्गिक परिणाम**

| | निर्वाचित संस्था | पद सङ्ख्या | महिला | | पुरुष | |
|---|---|---|---|---|---|---|
| | | | २०७४ | २०७९ | २०७४ | २०७९ |
| | प्रतिनिधिभा | २७५ | ९० | ९१ | १८५ | १८४ |
| | | | (६) | (९) | (२६) | (२९) |
| २. | राष्ट्रिय सभा | ५९ | २२ | २२ | ३७ | ३७ |
| | प्रदेशसभा सदस्य | ५५० | १८९ | २०० | ३६१ | ३५० |
| | | | (१७) | (१४) | (४८) | (३०) |
| ४. | स्थानीय सरकार (प्रमुख) | ७५३ | १८ | २५ | ७३५ | ७२८ |
| ५. | स्थानीय तह -उपप्रमुख) | ७५३ | ७१४ | ५६७ | ३९ | १८६ |
| ६. | वडा अध्यक्ष | ६७४३ | ६२ | ६९ | ६६८१ | ६६७४ |
| ७. | वडा दस्यहरू | २६९७२ | १३५७५ | १३८०४ | १३२२२ | १३०४४ |
| ८. | स्थानीय तहको जनप्रतिनिधि | ३५२२१ | १४३६९ | १४४६५ | २०६७६ | २०६३२ |
| | जम्मा जनप्रतिनिधि सङ्ख्या | ३६१०५ | १५३८४ | १४७७८ | २२०४७ | २१२०३ |
| | प्रतिशत | १०० | ४१.१ | ४०.९३ | ५८.९ | ५८.७२ |

स्रोत: निर्वाचन आयोग, २०७४/२०७९

*नोट- कोष्ट () भित्र रहेको सङ्ख्या महिला तर्फ प्रत्यक्ष र पुरुष तर्फ समानुपातिक सूचीबाट निर्वाचित सङ्ख्या रहेको छ।*

सबैभन्दा ठुलो बाधक बन्नेछ।

सामान्यत: राजनीतिक प्रणाली परिवर्तन भएपछि शासन सत्ता सञ्चालन गर्ने नेतृत्व पनि पुस्तान्तरण हुँदा परिवर्तित प्रणालीको मर्म र भावना सहज आत्मसात् हुन्थ्यो होला। तर, हाम्रो राजनीतिक वातावरणले त्यो अवसर पाएन। तीन दशकको बहुदलीय व्यवस्था र डेढ दशकको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सञ्चालन चार-पाँच दशकदेखि त्यही पदमा रहिरहेको नेतृत्वमा सीमित छ। यसबाट समाजमा हरेक व्यक्तिलाई आफै सरहको नागरिक मान्ने सोच बनाउन सहज देखिँदैन। केन्द्रीकृत शासन प्रणालीमा शक्ति प्रयोग गरेको नेतृत्वबाट सङ्घीयता अनुसार शक्तिको पुनर्वितरण र विन्यास हुन नसक्ता सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा बाधा पुगेको देखिन्छ।

समग्रमा शासन प्रणालीसँगै नेतृत्व नयाँ नआएसम्म आन्दोलनले स्थापित गरेको परिवर्तित प्रणाली र त्यसको मर्म, भावना एवम् माग अनुसार मुलुक चल्न सक्तो रहेनछ भन्ने अनुभूति हुन थालेको छ समाजमा। यो अनुभूति रुपान्तरण प्रक्रियामा कार्यान्वयन गर्न राज्यका हरेक निकायको नेतृत्वमा प्रक्रियागत रूपमै पुस्तान्तरणमा गति थप्नुको विकल्प देखिँदैन।

तीनै तहको निर्वाचनको नतिजा हेर्दा महिला र सीमान्तकृत समुदायलाई अझै पनि दलहरूले राजनीतिक नेतृत्वको रूपमा स्वीकार गरेको देखिँदैन। यसकै कारण दल होस् वा सरकार र जनप्रतिनिधिमूलक संस्थाका कार्यकारी पदमा महिला र दलित समुदायका प्रतिनिधिलाई प्रोत्साहन गर्ने कुरामा सबै दलका नेतृत्वको दृष्टिकोण र व्यवहार बदलिएन। दलीय संरचनाभित्रै पनि दल दर्तासम्बन्धी ऐनले 'हरेक तहको कार्यकारी समितिमा कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' (दफा १५-४) प्रावधानको प्रगतिशील व्याख्या गर्दै पदाधिकारी लगायत विधानत: जेजे संयन्त्र बनाइयो, त्यसमा राज्यको कानुनी प्रावधान कार्यान्वयन गर्नुपर्ने कुरा गरिएन। अझ सीमान्तकृत समुदायको सदस्यको आधारमा समानुपातिक सहभागिता गराउनुपर्ने कानुनी प्रावधान (दफा १५-३) बारे त न सम्बन्धित समुदायले कुरा उठायो, न त निर्वाचन आयोगले नै। दवाव सिर्जना नभैकन सोच्ने तहमा दलहरू पुग्ने त कुरै भएन। किनभने हाम्रा दलहरू आन्दोलनले सडक नभरिई कुनै कुरा सुन्दैनन्, देख्तैनन् र बुझ्दैनन्। त्यसैले कानुनी राज्यको सबलीकरण गर्दै नागरिकमा सुशासनको प्रत्याभूति दिन आफै उदाहरण बन्नुपर्ने दलहरूमा आन्तरिक लोकतन्त्र अझै कमजोर छ। आफैभित्रबाट सुदृढ गर्दै जानुपर्ने राज्यको कानुन कार्यान्वयनको पक्षमा दलहरूमा उदारता र फराकिलोपन हुनुको बदला उदासीनता कायमछ।

यो प्रवृत्तिलाई चुनौतीका रूपमा लिएर विद्यमान राजनीतिक प्रणाली, संविधानको मर्म, समयको मागलाई गम्भीरतापूर्वक सम्बोधन गर्दै दलहरूले आन्तरिक संरचना र गतिविधिदेखि नै सुधारमा लाग्नु आवश्यकता मात्र होइन, अनिवार्यता मान्ने कुरालाई आत्मसात् गर्नुको विकल्प छैन। अन्यथा जनआन्दोलनको वलमा स्थापित प्रणाली लोकतान्त्रिक गणतन्त्रमाथि नै प्रश्न खडा गर्नेका आवाज बढ्दै जान सक्छ। जनाधिकार स्थापित गर्न आन्दोलनको अगुवाई गर्ने दलहरूको सान्दर्भिकताका वारेमा उठ्न थालेका आवाजलाई निस्तेज गर्न सहज हुने छैन।

*(लेखक : संविधान सभा (२०६४), प्रतिनिधि सभा (२०७४) का सदस्य हुनुहुन्छ ।)*

विश्लेषण

# पञ्चायतकालको महिला आन्दोलन

सुशीला श्रेष्ठ



### पृष्ठभूमि

नेपालको राजनीतिक परिवर्तनका लागि बलिदानीपूर्ण सङ्घर्षको इतिहास छ। यो क्रममा कैयौँ मारिए,बेपत्ता पारिए, घाइते भए। बालबालिकाले आमाबाबु गुमाए र आमाबाबुले छोराछोरी। पञ्चायत विरोधी आन्दोलनमा सहभागी भएका महिलाहरू पति वा दाजुभाइहरूको प्रेरणाका कारणले राजनीतिमा सकृय भएका थिए। उनीहरू राजनीतिक पार्टीको काममा भन्दा पनि महिला सङ्गठनको काम बढी सक्रिय थिए। पूर्णकालीन राजनीतिमा लागेका पतिलाई पत्नीले स्वरोजगार वा रोजगारी गरी आर्थिक उपार्जन गर्दै भौतिक, नैतिक र घरपरिवारको काम गरी सहयोग गरे। त्यो कामलाई नै पार्टीको कामको रूपमा मूल्याङ्कन गरियो। यस्तो अवस्थामा महिलाहरूको राजनीतिक योगदान पुरुष नेताहरूको सहयोगीको भूमिका खेल्ने ठाउँबाट क्रमिक रूपमा अगाडि बढ्दै गयो।

महिलाहरूको विकासमा बाधक तत्त्वको रूपमा हाम्रो सामाजिक र सांस्कृतिक मूल्य, मान्यता, धार्मिक परम्पराबाट सिर्जित संस्कार तथा पितृसतात्मक सोचबाट निर्मित राजनीतिक, सामाजिक संरचनाहरू हुन् भन्ने कुरा विभिन्न अध्ययन र अनुभवले पुष्टि गरिसकेको छ।

### पञ्चायत विरोधी आन्दोलन

राजा महेन्द्रले २०१७ पुस १ गते निर्वाचित संसद भङ्ग गरी एकात्मक राज्य व्यवस्था सुरुआतको घोषणा गरे। पञ्चायत व्यवस्थाको शुरुवातसँगै राजनीतिक पार्टी र सङ्घ सङ्गठनमाथि प्रतिबन्ध लाग्यो। पुरुष नेताहरू केही निर्वासनमा र केही गिरफ्तार भए। घटनाको विरोधमा महिलाहरू पनि आन्दोलनमा उत्रिए। तर, पञ्चायत व्यवस्थाको विरुद्ध सङ्घर्ष सशक्त रूपमा उठ्न सकेन। राजनीतिक पार्टीहरू भूमिगत भए। नेताहरू प्रवास जाँदा कतिपय महिलाहरू (शैलजा आचार्य, नोना कोइराला, सुशीला कोइराला, मंगला देवी सिंह) उतै लागे। नेपालमा बसेकाहरू पक्राउ परे, जेल बसे। पार्टीमा क्रियाशील महिलाहरू घरपरिवार र बालबच्चाको रेखदेखमा लागे। राजनीतिमा प्राय: निष्कृय रहन पुगे। राजनीतिक गतिविधिहरू सीमाना पारी भारतमा हुने र महिलाका लागि आवत जावतको यात्रा सहज नभएको कारण धेरै महिलाहरू राजनीतिक क्रियाकलापमा सक्रिय रहन सकेनन्।

नेकपा (माले)ले २०३७ सालमा अखिल नेपाल महिला सङ्घ पुन: गठन गऱ्यो। अखिल नेपाल महिला सङ्घ, नेपाल महिला सङ्घ, प्रगतिशील महिला सङ्घले महिलाहरूका हक अधिकारका माग राख्दै पञ्चायत विरोधि गतिविधिमा सकृय थिए। त्यसबेला ती संगठनले बालविवाह,

बहुबिबाह, अनमेल विवाह महिलाहरूको पैत्रिक सम्पत्तिमा अधिकार अन्धविश्वास, कुरीति र कुसंस्कारहरूका साथै सामाजिक र सांस्कृतिक अन्याय अत्याचारको विरोधमा आवाज उठाएका थिए। साहना प्रधान, साधना अधिकारी, शैलजा आचार्य, नोना कोइराला, सुशीला कोइराला, मंगलादेवी सिंह लगायतका महिलाहरू आन्दोलनको नेतृत्वमा थिए।

सङ्गठन निर्माण र आन्दोलनको हरेक मोर्चामा महिला अग्रपंक्तिमा रहँदै आएको कुरा तथ्यहरूले देखाउँदछ। तीमध्ये कैयौँले जेलनेल र यातना भोगे। तर, पार्टीहरूको नीति निर्माण गर्ने पार्टी संरचनादेखि राज्य संयन्त्रसम्म प्रतिनिधित्व गर्ने बेलामा उनीहरूको लगानी र योगदानको उचित मूल्याङ्कन र सम्मान भएको देखिँदैन। महिलाहरू सङ्गठित हुन छुट्टै महिला सङ्घ छँदैछ, पार्टी सङ्गठनमा किन चाहियो भन्ने सोच र राजनीतिक प्रणालीको परिवर्तन र वर्गीय पक्षधरतालाई मात्र महत्त्व दिने, लैङ्गिक समानता र सम्मान ओझेलमा पर्ने अवस्था रहेको देखिन्छ।

**झापा विद्रोहमा महिला**

कम्युनिष्ट नेताहरूले स-साना पार्टी सञ्चालन गर्दैगर्दा बामपन्थी विचारधाराका युवाहरू आफ्नै पहलमा स्थानीय तहमा सङ्गठित भए र पञ्चायत विरोधी अभियानमा सक्रियता बढाउन थाले। यहीक्रममा भारतको पश्चिम बङ्गाल राज्यका कम्युनिष्ट नेता चारु मजुमदारको विचारबाट प्रभावित भएका झापाका युवाहरूले २०२८ जेठ २ गते झापामा “वर्ग शत्रु खतम गरौँ” भन्ने नाराका साथ सशस्त्र विद्रोह गरे। उक्त विद्रोहमा शुरुदेखि नै महिलाहरू सहभागी थिए।

महिला अधिकारको लागि आन्दोलन गर्न जीवन र जगतका सवै क्षेत्रमा महिलाको समान हक अधिकार, समान कामको समान ज्याला, मातृत्व संरक्षणसम्बन्धी व्यवस्था, शिशु स्याहारको सुविधा, बालबच्चाका लागि शिक्षा र प्रजातान्त्रिक अधिकारको सुनिश्चितताको विषयमा महिलाहरूलाई संगठित हुन र क्रान्तिमा होमिन थप प्रेरित गरेको थियो। महिलालाई योजनामूलक तरिकाले संगठित वा गोलबन्द गर्दै क्रमश: पार्टी कमिटीहरूमा संगठित गरी परिचालन गरिन्थ्यो। भूमिगत काम गर्नुपर्ने भएकोले महिलाका सङ्गठनहरूलाई आश्रय व्यवस्थापन, सुरक्षा प्रदान, पत्र तथा समाचार आदान प्रदान, नेता तथा कार्यकर्तालाई एक ठाउँवाट अर्को ठाउँमा पुऱ्याउने कामका साथै जेलमा परेकाहरूलाई भेट्ने सम्पर्क सुत्रको समेतको जिम्मेवारी दिइन्थ्यो।

त्यस काममा झापाका जीवन घिमिरे (शहीद नेत्र घिमिरेको पत्नी) भक्तिमाया खरेल, हरिमाया कुँवर, लक्ष्मीदेवी भुर्तेल, रेखा कुँवर, शिला भट्टराई, सूर्यमाया श्रेष्ठ, सावित्रा पौडेल, सोमा अधिकारी, शान्ता भट्टराई, देवी श्रेष्ठ, टिका गुरागाई, गंगा शिवाकोटी, सोनु अधिकारी, कृष्णमाया खरेल, हरिमाया चिमरिया, मुना सिटौला, सुधा कुँवर लगायत सकृय थिए।

**विद्यार्थी आन्दोलनमा महिला**

सुस्ताको दुई हजार बिघा जमिन २०२० मा भारतले बलपूर्बक कब्जा गरेको विरोधमा भएको आन्दोलन, २०२८ सालमा मा नयाँ शिक्षा विरुद्धको आन्दोलन, २०३२ मा अनेरास्ववियु र नेविसङ्घको २८ सुत्रीय माग सहित विभिन्न समयमा अन्याय

अत्याचारको विरुद्ध विद्यार्थी सङ्गठनहरूले गरेका केही मुख्य आन्दोलनमध्ये थिए।

पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई २०३५ चैत्र २२ गते रावल पिण्डीको जेलमा फाँसी दिइयो। सो घटनाको विरोधमा पाकिस्तानी राजदुतावास अगाडि भएको विरोध प्रदर्शनको प्रहरीले निर्मम दमन गऱ्यो। सो क्रममा सुषमा बास्कोटा, पवना जोशी, मीना खडका आदि गिरफ्तार गरिए।

विद्यार्थी महिलाहरू बिभिन्न जिल्लाबाट देशब्यापी आन्दोलनमा जोडिए। सुनसरीबाट शशी लिङ्देन, अमृता सुब्बा, लिला रिजाल, सिता पाठक, भोजपुरबाट बसन्त पाखिन, विद्या राई, गीता राई, इन्द्रकला राई, जयन्ती राई, तारा राई, विद्या पाण्डे, सुमिता नेपाल, साबित्री बस्नेत, सौभाग्यवती राई, सुमिता नेपाल, गीता राई, वसन्ति न्यौपाने, साबित्री बस्नेत, खोटाङबाट मीना राई, कमला राई, भम्पादेवी राई, रामकुमारी राई, भक्ति राई, चेतकुमारी गुरुङ, सुमित्रा गुरुङ, संगीता राना, हरिदेवी गुरुङ लगायत आन्दोलनमा सक्रिय भएर लागेका थिए। यिनै बिद्यार्थी महिलाहरू पार्टी र जनताको नेताको रूपमा परिचित भए।

**खोकु छिन्ताङ सङ्घर्षमा महिलाहरू**

धनकुटा जिल्लाको दुर्गम गाउँको रूपमा खोकुछिन्ताङ पर्छ। २०३६ को असोज कात्तिक महिनामा खोकु छिन्ताङ क्षेत्रको पोखरेमा चेतनामूलक साँस्कृतिक कार्यक्रम भयो। सरकारका गुप्तचरहरूले त्यो कार्यक्रमको रेकर्ड गरे र धनकुटा प्रशासन मार्फत दरबारसम्म पुऱ्याए। पञ्चायत सरकारको निर्देशनमा खोकु छिन्ताङका जनताहरूको घरघरमा पस्दै मानिसहरूलाई पक्रने, कुटपिट गर्ने र १४ जनाको हत्या गरियो। सुत्केरी अवस्थामै घरमा रहेको हाङ्खिम्माकी साहिँलीलाई प्रहरीले गोली हानी हत्या गऱ्यो। धेरै मनिसहरूको उठिबास भयो। गाउँमा रहेका महिलाहरूले दमनको विरुद्ध जुद्धै बालबच्चा, गाईवस्तु र खेतिपातीको रेखदेख गरेका थिए।

**जनमत संग्रह : खुकुलो वातावरणमा महिला**

विद्यार्थी आन्दोलनको कारण २०३६ सालमा 'जनमत संग्रह'को घोषणा गरियो। जनमत संग्रहलाई निरंकुश पञ्चायत व्यवस्था विरोधी आन्दोलनको रूपमा राजनीतिक दलले उपयोग गरे।

जनमत संग्रहले पञ्चायत व्यवस्थाको विरोधमा बोल्न खुकुलो वातावरण बन्यो। नेपाली महिलाहरूलाई बहुदलको पक्षमा मतदान गर्न २०३७ साल फागुन १७ गते पुनर्गठित अखिल नेपाल महिला सङ्घले आह्वान गरेको थियो। यस अवसरलाई देशव्यापी रूपमा प्रजातान्त्रिक अधिकार, स्वतन्त्रता, समानता लगायतका विषयलाई अभियानकै रूपमा जनता समक्ष पुऱ्याउन महिलाहरू जागरुक भएर पञ्चायत व्यवस्थाको विरुद्ध लागिरहे। जनमत संग्रहमा पञ्चायत व्यवस्थाको जितको घोषणा भयो। तर नेपाली महिलाहरू अंश, वंश, राज्य र समाजको विभेदको विरुद्ध सङ्घर्षमा क्रियाशील रहे।

**पिस्कर घटनामा महिला**

सिन्धुपाल्चोक जिल्लाको पिस्करमा बहुसङ्ख्यक थामी जातिको बसोबास रहेको छ। थामी जाति आदिवासी जनजाति सिमान्तकृत समुदायभित्र पर्छ। पिस्कर गाउँको महादेव स्थानमा उनीहरूको

परम्परागत पर्व माघे संक्रान्तिको मेला लाग्छ। २०४० पुस मसान्तको दिन बेलुका सधैं झैं सांस्कृतिक कार्यक्रम पिस्करका जनताले राखे। त्यस कार्यक्रममा प्रगतिशील गीत र नाटकसहित चेतनामूलक कार्यक्रमबाट रमाइलो गर्दै थिए। राती उक्त कार्यक्रममा प्रहरीले अनायासै आक्रमण गऱ्यो। गोली चल्यो। धेरै धनजनको क्षति भयो। किसान योद्धा इली थामी र बिरबहादुर थामी कार्यक्रम स्थलमा नै मारिए। पाल्कमाया थामी, सोना तामाङ, जगतबहादुर बोहरा लगायत धेरै मानिसहरू गोलीबाट सख्त घाइते भए। सावित्रा वोहरा, बेत्रावती पौडेल, रेनु थामी, श्रीमाया तामांङ, नैनबहादुर वोहरा, भीमबहादुर, मिनबहादुर लगायतलाई गिरफ्तार गरियो। गाउँका अन्य मानिसहरू पञ्चायती व्यवस्थाको दमनबाट डराएर घर छोडेर ओडारमा बस्न गए। १५ दिनको शिशुसहित कान्छी थामी र लालमाया थामीको खान नपाएर ओडारमा नै मृत्यु भयो। पञ्चायत व्यवस्थाको शासनकालमा भएका क्रुर घटनाहरू मध्ये यो घटना पनि पर्दछ,। जहाँ दुई वर्षसम्म निरन्तर दमन कायम रह्यो। यो घटनामा ८३ जना व्यक्ति गिरफ्तार भएका थिए। यो निर्मम घटनाका कारणवाट पनि देशव्यापी रूपमा महिलाहरू पञ्चायतको विरुद्धमा लाग्ने क्रम बढ्यो।

**महिलाहरूको कार्यशैली**

भूमिगत भएर भूमिगत राजनीतिक, खुला बसेर भूमिगत राजनीतिक, खुला बसेर खुला राजनीतिक तीन प्रकारले महिलाहरूले काम गर्ने अवस्था थियो। पार्टी भित्र भूमिगत नेताहरूको बिचमा भूमिगत रूपमै पार्टीको मध्यस्थता र प्रबन्धमा वैचारिक विवाह समारोहहरू हुन्थे। छोराछोरीको आमाले बास पनि पाउँदैन भन्ने उखानै छ। भूमिगत महिलाहरूले भूमिगत बस्न र बच्चा लिएर हिड्न निकै कठिन थियो। बच्चाको दिशापिसाव पनि पोको पारेर झोलामा हालेर हिड्नु पर्दथ्यो। बिवाहपछि धेरै महिला नेताहरूले विभिन्न पेशा गरेर पुरुष नेताहरूलाई आर्थिक, राजनीतिक, सामाजिक रूपले टेवा दिन र सहयोग गर्नु पर्ने जिम्मेवारी पनि लिनु पर्दथ्यो। जसलाई पार्टीको कामको रूप फेरिएको मानिन्थ्यो।

केही महिला नेताहरूले भूमिगत रूपले बैवाहिक सम्बन्धमा बाँधिए पछि छोरा छोरीलाई आफूसँगै हुर्काउन असम्भव भएकोले जनताको बिचमै छोडेर राजनीतिक साङ्गठनिक गतिविधिमा लाग्नु बाध्यता थियो। जनतालाई पार्टीले नेता कार्यकर्ताका छोराछोरी हुर्काउने, बढाउने र पढाउने तथा स्याहार सुसार गर्ने जिम्मेवारी पनि पार्टीको काम हो भनेर सुम्पिएको अवस्था थियो। यसरी आफ्ना साना छोराछोरी जनताको विचमा छोडेर छोराछोरीको माया त्याग गरी राजनीतिक काममा लाग्ने महिला नेताहरूमा सीता खड्का, अष्टलक्ष्मी शाक्य, सुशीला श्रेष्ठ र गोमा देवकोटा थिए।

**२०४६ को जनआन्दोलनमा महिला**

संयुक्त बाममोर्चा र नेपाली कांग्रेसले २०४६ फागुन ७ गते जनआन्दोलन गर्ने घोषणा गरे। संयुक्त वाममोर्चाको अध्यक्ष सहाना प्रधान भएपछि महिला जगतमा निकै उत्साह थप्यो। संयुक्त वाममोर्चा र नेपाली कांग्रेसको नेतृत्वमा भएको आन्दोलनमा देशव्यापी रूपमा महिला परिचालित भए। काठमाडौंमा सहाना प्रधान, मञ्जु थापा, कल्याणी शाह, हिसिला यमी, शैलजा आचार्य, नोना कोइराला, शशी श्रेष्ठ लगायतका धेरै

महिलाहरू गिरफ्तारी भए। कास्कीमा लक्ष्मी कार्की माथिको प्रहरी दमनले आन्दोलनकारीमा देशव्यापी आक्रोश थपेको थियो।

आन्दोलनको क्रममा धनुषामा जानकी यादव, सोनावती यादव र मुनेश्वरी यादव, काठमाडौमा पम्फा खड्गी, भीमा श्रेष्ठ, ज्ञानीशोभा बज्राचार्य लगायतका महिलाहरूले शहादत समेत प्राप्त गरे।

राजा बिरेन्द्रले चैत्र २६ गते राती बहुदल व्यबस्थाको घोषणा गरे। चैत्र २७ गते विजय जुलुस निस्किएर जेलमा परेका विद्यार्थी तथा अन्य बन्दीहरूलाई छुटाउन गए। फूलमाला र अबिर जात्रा गरेर देशब्यापी विजय उत्सव मनाइएको थियो। २०४७ साल कार्तिक २३ गते नयाँ संविधानको घोषणा भई वहुदलीय व्यवस्थालाई संस्थागत गर्ने महत्त्वपूर्ण काम भएको थियो।

हरेक घरको आधार महिलाहरू हुन्। त्यसैले बस्ने व्यवस्था, खाना खुवाउने, सुरक्षा प्रदान गर्ने, चिठीपत्र समाचार आदान प्रदान गर्ने, नेता कार्यकर्ताहरूलाई एक ठाउँवाट अर्को ठाउँमा पुऱ्याउने, नेताहरूलाई सुरक्षा प्रदान गर्ने, जासुसी (प्रहरी प्रशासनसँगका कुरा लिने) गर्ने, जेल सम्पर्क गर्ने आदिजस्ता महत्त्वपूर्ण कामहरू गरेर पञ्चायत व्यवस्थालाई परास्त गर्न महिलाहरूको ठूलो भूमिका रहेको थियो। एकदिन, एकपटक र एक वर्षको आन्दोलनले पञ्चायत व्यवस्था ढलेको होइन। यसमा विद्यार्थी, शिक्षक, प्राध्यापक, साहित्यकार, किसान, मजदुर आदि क्षेत्रको लामो सङ्घर्षको इतिहास रहेको छ।

*(लेखक जनता समाजवादी पार्टीकी उपाध्यक्ष हुनुहुन्छ ।)*


**मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानवअधिकार सङ्गालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार–प्रहरी–कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

विश्लेषण

# नेपालमा नारीवाद र मधेशी महिलाका सवाल

नेपालमा नारीवादी आन्दोलनको शुरुआत भएको लगभग सय वर्षको इतिहास छ। वि.स.१९७४ सालमा योगमाया नेउपानेले सामाजिक कुरीति र संस्कार विरुद्ध आवाज उठाउँदै जल समाधि लिएदेखि नै नारीवादी आन्दोलनको शुरुआत भएको मानिन्छ। विगत सय वर्षमा नेपाली महिलाहरूले धेरै सङ्घर्ष र बलिदान दिँदै आएका छन्। उक्त सङ्घर्षले आज नेपाली महिलाहरूले धेरै उपलब्धिहरू पनि प्राप्त गरेका छन्। तथापि अझै पनि नेपाली महिलाहरूले पुरुष सरह जीवनयापन गर्न र अधिकार प्राप्त गर्नको लागि धेरै चुनौतीहरू खेप्नुपर्ने अवस्था छ। नेपालको नारीवादी आन्दोलनबारे बहस र विश्लेषण गर्न विश्व नारीवादी आन्दोलनबारे बुझ्न जरुरी छ। तसर्थ, यो लेख विश्व परिवेशमा नारीवादीसँगै नेपालको नारीवादी आन्दोलन र त्यसभित्र मधेशी लगायत सीमान्तकृत महिलाको सवाललाई विश्लेषण गरिनेछ।



रीता साह

**विश्व परिवेशमा नारीवाद** : नारीवादलाई दुई प्रकारले हेर्न सकिन्छ। पहिलो, आन्दोलनको आधारमा। दोस्रो, विचारधाराको आधारमा। कुनै पनि अवस्थालाई बदल्न आन्दोलनको जरुरी हुन्छ र त्यसको लागि विचारधाराको आवश्यकता हुन्छ। नारीवाद पनि विचारधारा बोकेको एक आन्दोलन हो। नारीवादबारे थाहा पाउन विभिन्न समयका नारीवादी धारहरूबारे बुझ्नु आवश्यक हुन्छ।

**फस्ट वेभ फेमिनिज्म**: यसको शुरुआत अठारौँ शताब्दीमा अमेरिका र युरोपबाट भएको थियो। अमेरिकन र फ्रेन्च क्रान्तिहरूपछि त्यहाँ नागरिकताको अधिकार दिन थालिएको थियो तर, पुरुषलाई मात्र। महिलालाई आर्थिक, राजनीतिक र सामाजिक अधिकारबाट वञ्चित गरिएको थियो। त्यस मान्यतालाई पहिलो पटक चुनौती दिएकी थिइन्, मेरी उल्सटन क्राफ्टले। उनले सन् १७९२ मा 'भिन्डिकेसन अफ वुमन' नामको पुस्तक लेखे। पुस्तकमा महिलालाई पनि पुरुष सरह अधिकार हुनुपर्छ भनिएको थियो। त्यहाँबाट नै फस्ट वेभ फेमिनिज्मको औपचारिक रूपले शुरुआत भएको मानिन्छ। त्यस पुस्तकले महिला समानताको मागको जन्म दियो। सन् १८४८ मा महिला सम्मेलन भयो। त्यस सम्मेलनले पारित गरेको घोषणापत्रमा महिलालाई भोटको अधिकार दिइनुपर्ने माग गरिएको थियो। महिलाले भोट दिने अधिकार प्राप्त गरेमा महिलाको राजनीतिमा पनि पहुँच बढ्ने आकलन थियो। यो आन्दोलन बेलायत र अमेरिकामा बढी केन्द्रित थियो। फलस्वरूप सन् १९२० मा महिलाले भोटिङ अधिकार प्राप्त गरे।

# पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकारको संकल्प प्रस्ताव

प्रतिनिधिसभाले ०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकारको संकल्प प्रस्तावले नेपालको इतिहासमा महिला अधिकारको सवालमा नयाँ आयम थपेको छ। सांसद विद्या भण्डारी प्रस्तावक र सांसद कमला पन्त समर्थक रहेको सार्वजनिक सरोकारको प्रस्ताव ०६३ जेठ १५ गते संसदमा पेश गरिएको थियो। प्रतिनिधिसभाले सर्वसम्मतरूपमा पारित गरेको उक्त संकल्प प्रस्तावले महिलाविरुद्ध विभेद गर्ने सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्न र राज्य संरचनामा महिला सहभागिता बढाउन मार्गप्रशस्त गरेको छ। महिला र पुरुषबीचको विभेद हटाउन समावेश गरिएको चार महत्त्वपूर्ण प्रस्तावमध्ये पहिलो प्रस्तावमा आमा–बाबुमध्ये कुनै एकजनाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था छ। प्रस्तावमा राज्यको संरचनामा ३३ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने सवाल पनि उल्लेख गरिएको थियो। राज्य संरचनामा महिलाको प्रतिनिधित्व पाँच प्रतिशतमात्र रहेको वर्तमान अवस्थामा महिलामाथिको विभेदकारी व्यवस्था खारेज गरी उनीहरूको समानुपातिक सहभागिता निश्चित गरिनुपर्नेमा प्रस्तावले जोड दिएको छ। महिलाविरुद्ध विभेद गरी सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्ने र राज्य संरचनामा उनीहरूको समानुपातिक सहभागिता बढाउने सम्बन्धमा प्रभावकारी कार्य गर्न प्रतिनिधिसभाले उक्त प्रस्ताव मार्फत् सरकारलाई निर्देशन दियो। नेपाल राज्यपक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको भावनालाई प्रस्तावले आत्मसात गरेको छ।

अमेरिका र युरोपमा नारीवादी आन्दोलनको पहिलो लहर चलिरहेका बेला नेपालमा राणा शासन उत्कर्षमा थियो। त्यति नै बेला अर्थात् १९७४ सालतिर योगमाया नेउपानेको नेतृत्वमा महिला समिति गठन भएको थियो। उक्त समितिले सतीप्रथा, बालबिबाह लगायतका सामाजिक कुरीतिविरुद्ध अभियान थालेको थियो। राणा शासकले माग पूरा नगरेको भन्दै उनले आफ्ना ६८ जना अनुयायीसहित अरुण नदीमा हाम फालेर देहत्याग गरेको इतिहास छ। यस घटनाको तीन वर्षपछि १९७७ साल असार २५ मा प्रधानमन्त्री चन्द्र शमशेरले सती प्रथामाथि प्रतिबन्ध लगाएका थिए।

**सेकेन्ड वेभ फेमिनिज्म** : फस्ट वेभ फेमिनिज्मले महिलाको शिक्षामा पहुँच बढ्यो तर, सबै विषय महिलाले पढ्न पाउँदेनथे। अर्थात लिङ्गको आधारमा हुने विभेद कायमै थियो। सन् १९६३ मा बेट्टी फ्राइदानको पुस्तक “द फेमिनिन मिस्टिक”ले उदारवादी नारीवादी धारको अवधारणा अगाडि सार्दै सेकेन्ड वेभ फेमिनिज्मको शुरुआत गरेको मानिन्छ।



**२०६२-०६३ को आन्दोलनमा सहभागी एक महिला**

सेकेन्ड वेभ फेमिनिज्ममा दुई ओटा समूह थियो। दुवै समूहको माग र तरिका फरक-फरक थियो।

पहिलो, उदारवादी नारीवादी धार थियो जसले शिक्षामा समान अवसर, प्रजनन् सम्बन्धी अधिकारहरू, समान श्रमको समान ज्याला जस्ता मागहरू अघि सारेका थिए। अर्थात महिलामाथि हुने बाहिरी विभेदको अवधारणा अगाडि ल्याएको थियो। दोस्रो,उग्र नारीवादी धार। सन् १९४९ मा सिमोन द व्युभरको "द सेकेन्ड सेक्स" पुस्तकले उग्र नारीवादीधारको अवधारणा अगाडि सार्दै प्राज्ञिक बहसको शुरुआत गरेको थियो। पहिलो पटक पितृसत्ताको अवधारणाबारे बोलेको थियो। उनको तर्क थियो समाज निर्माण जुन सिद्धान्तको आधारमा गरिएको छ, ती सबै पुरुषहरूले गरेका हुन्। त्यसमा महिलाको इच्छाको ख्याल राखिएन। अहिलेको संरचनाले महिलाको अवस्थामा खासै सुधार ल्याउन सक्दैन। त्यसैले नयाँ विचारधारा र दर्शनको निमार्ण गर्नुपर्छ। महिला पुरुष भन्दा अलग र पुरुषको तुलनामा उत्तम हुन्छ। महिलाको यो गुणको सेलिब्रेट हुनुपर्ने, गौरब महसुस गर्नुपर्ने तर्क अगाडि सारेका थिए।


विश्व परिवेशमा नारीवादी आन्दोलनको दोस्रो लहर चलिरहँदा नेपालमा २००२ सालमा चन्द्रकान्ता मल्लले नारी जागरण केन्द्रका स्थापना गरेकी थिइन्। २००४ मंगलादेवी सिंहको अध्यक्षतामा महिला संघको स्थापना भएको थियो। यी महिला संगठनहरूले सामाजिक कुरीति, कुसंस्कार र राजनीतिक अधिकारका लागि राणा विरोधी आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

२०१७ सालमा पञ्चायती व्यवस्थाको थालनी भएपछि नारीवादी आन्दोलन पनि सुस्ताएका थिए। सन् १९७५ सालमा भएको संयुक्त राष्ट्रसङ्घको महिलासम्बन्धी घोषणापत्रबाट प्रेरित भएर नेपालमा पनि केही सङ्घ संस्थाहरू खुलेका थिए। महिलाको स्थितिबारे अनुसन्धान, पैरवी र विकासमा सहभागितामा सुधारबारेको बहसलाई अगाडि बढाएका थिए। यस्ता कार्यमा थोरै संख्यामा रहेका प्राज्ञिक

महिलाहरूको समूह, राजघराना, राणा परिवार तथा उच्च वर्गका महिलाहरूको बर्चस्व थियो। राजनीतिक दलमाथि लगाइएको प्रतिबन्ध विरुद्ध साहना प्रधान, साधना प्रधान, मंगलादेवी सिंह, शैलजा आचार्य, अष्टलक्ष्मी शाक्य लगायतका महिलाहरू सङ्घर्षरत थिए। २०४६ सालपछि महिलाले राजनीतिक तथा सामाजिक गतिविधिहरूमा पहुँच र प्रतिनिधित्व बढ्न थाल्यो। महिलासँग सम्बन्धित कुरीति, हिंसाजन्य कार्यहरूका विरुद्ध ऐन कानुनहरूमा बन्न थाल्यो। यसरी, राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल र बहुदलीय व्यवस्थालाई समग्रमा हेर्दा नेपाली महिलाहरूले उदारवादी नारीवादकै अवधारणा अपनाएको देखिन्छ। राज्यको संरचनामा परिवर्तन भएमा महिलाको अवस्थामा पनि परिवर्तन हुने विश्वास थियो। राजनीति, आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा महिलाको अवस्थामा सुधार हुने विश्वास थियो।

**थर्ड वेभ फेमिनिज्म** : सन् १९९० को दशकमा उग्रवादी नारीवादी धारलाई आलोचना गर्दै थर्ड वेभ फेमिनिज्मको शुरुवात भएको मानिन्छ। सबै महिलाको समस्या एकै प्रकारको हुँदैन, महिला भित्र पनि विविधता छ भन्दै उत्तरआधुनिक नारीवादको अवधारणा अगाडि आयो। महिला केवल लिङ्गको आधारमा विभेद भोग्दैन बरु रङ, जात, वर्ग र इथिनिसिटीको आधारमा विभेद भोगेको हुन्छ। रङ र लिङ्गका आधारमा हुने विभेदवारे 'वेल हुक' र ऐनजिला डेभिसले 'ब्ल्याक फेमिनिज्म'को अवधारणा अगाडि सारे। भारतमा नारीवादले उपल्लो र मध्यम जातका महिलाको मुद्दालाई मात्र प्रतिनिधित्व गर्छ भन्दै 'दलित फेमिनिज्म'को अवधारणा अगाडि सारियो। महिलाको राजनीतिक, आर्थिक र संस्कृतिमा औपनिवेशिकरणको असर परेको हुँदा यसलाई सशक्त रूपमा उठाउन 'पोष्ट कोलोनियल फेमिनिज्म'को अवधारणा सतहमा आए। समग्रमा हेर्दा उत्तरआधुनिक नारीवादले महिलाभित्रको विविधताको वकालत गर्दछ।

पहिलो र दोस्रो नारीवादी लहरको



मताधिकारको माग गर्दै मोहनशमशेरकोमा ट्रकमा बसेर गएको महिलाहरूको जुलुश

बढी प्रभाव अमेरिका र युरोपमा देखियो। तर, तेस्रो नारीवादी आन्दोलनको लहरको प्रभाव नेपाल, भारत लगायतका दक्षिण एशियाको देशहरूमा पनि व्यापक देखियो। नेपालमा यस कालखण्डमा १० वर्ष लामो सशस्त्र द्वन्द्व, मधेश आन्दोलन, दलित आन्दोलन लगायतका आन्दोलनहरू भएका थिए। ती आन्दोलनले राज्यको मूलधारमा आउन नसकेका महिला, मधेसी, आदिवासी जनजाति, दलित लगायतका सीमान्तकृत समुदायको पहिचान, प्रतिनिधित्व र पहुँचको संवैधानिक ग्यारेण्टी भयो। जुन नेपालको नारीवादी आन्दोलनको ठूलो उपलब्धि हो। साथै समाजमा विद्यमान रहेका जातीय छुवाछुत, बोक्सी प्रथा, बालविवाह, छाउपडी लगायतका कुरीति र कुसंस्कारहरूलाई कानुनी रूपमा बन्देज लगाए। यति नै बेला नेपालमा एलजिबिटीक्यु आन्दोलन पनि सतहमा देखा पऱ्यो। यस आन्दोलनले महिलाको यौनिकता, शरीरमाथिको अधिकार बारे आवाज उठाउन थाल्यो।

नेपालमा नारीवादी आन्दोलनको अगुवाइ गरेकाहरूले उदारवादी धार समातेको देखिन्छ भने युवापुस्ताका महिलाहरूले उग्रवादी धारको वकालत गर्छन्। मधेशी, दलित, जनजाति र मुस्लिम लगायतका सीमान्तकृत महिलाहरूले उत्तरआधुनिकतावादी धारको वकालत गरेका पाइन्छ भने मुलधारको नारीवादी आन्दोलनले महिला भित्रको विविधता तथा इन्टरसेक्सनालिटी बारे खासै बोल्न चाहँदैन। तसर्थ, अबको नारीवादी आन्दोलनलाई मुखर बनाउन नारीवादबारे नयाँ शिराबाट बहस र छलफल हुन आवश्यक छ। जसको लागि अबको नारीवादी आन्दोलनलाई थप सशक्त र फराकिलो मुद्दाहरूबारे स्पष्ट हुन जरुरी छ। नारीवादी आन्दोलनका केही साझा मुद्दा छन् जो सबैका लागि उत्तिकै महत्त्वपूर्ण छ तर, समुदाय विशेषका केही फरक मुद्दाहरू पनि छन् जसबारे बहस हुनु जरुरी छ।

**साझा मुद्दाहरू** : नारीवादी आन्दोलनको तीनओटा साझा मुद्दाहरू छन्। पहिचान, प्रतिनिधित्व र पहुँच। यी तीनै सबै सीमान्तकृत समुदायका मुद्दा पनि हुन्। पहिचानको मुद्दा नागरिकतासँग सम्बन्धित छ। नागरिकतामा लैङ्गिक विभेद हुनुहुँदैन। यो महिला आन्दोलनको साझा माग हो। आमाको नाममा सहज रूपले नागरिकता पाउनुपर्ने र नागरिकतामा छोरा र छोरीबिच विभेद हुनुहुँदैन। यसका लागि विभिन्न महिलावादी सङ्घसंस्था, अधिकारकर्मी, नेतृ तथा नागरिक समाजले अभियान गर्दै आएको छ।

राज्यको हरेक निकायमा महिलाको सामानुपातिक प्रतिनिधित्व हुनुपर्ने दोस्रो प्रमुख मुद्दा हो। सङ्घीय संसदमा कम्तीमा ३३ प्रतिशत, प्रदेशमा ४० प्रतिशत र स्थानीय तहमा ५० प्रतिशत प्रतिनिधित्व हुनुपर्ने माग हो। यस मागलाई मध्यनजर गर्दै नेपालको संविधान (२०७२) को मौलिक हकमा समानता र सामाजिक न्यायमा महिलाको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी पनि गरिएको छ। परिणामत: संघीय संसदमा ३३ प्रतिशत, प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत महिलाको उपस्थिति पुगेको छ। राष्ट्रको प्रमुख पदहरू राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, स्थानीय तहको प्रमुख र उपप्रमुख मध्ये एकजना महिला हुनुपर्ने र वडाको पाँच सदस्यमध्ये दुई जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था छ। यो महिला आन्दोलनको उपलब्धि हो।

त्यस्तै राज्यको प्रशासनिक निकायमा महिलाको प्रतिनिधित्व बढाउनका लागि आरक्षणको व्यवस्था गरिएको छ। जसको लागि आरक्षित सिटमध्ये ३३ प्रतिशत महिलाको प्रतिनिधित्वको व्यवस्था गरिएको छ। आरक्षण व्यवस्था लागु हुनु अघि निजामती सेवामा १० प्रतिशत मात्र महिलाको सहभागिता थियो। आरक्षण थालिएपछि महिलाको उपस्थिति २५ प्रतिशत पुगेको छ। त्यस्तै शिक्षण पेशा, स्वास्थ्य क्षेत्र लागायतका सार्वजनिक क्षेत्रमा महिलाको प्रतिनिधित्व बढ्दै गइरहेको छ। यो पनि महिला आन्दोलनको उपलब्धि नै हो।

राज्यको स्रोत साधनमा महिलाको पहुँच स्थापित हुनुपर्ने महिला आन्दोलनको तेस्रो साझा मुद्दा हो। महिलालाई प्रत्यक्ष लाभ हुने गरी नेपाल सरकारले आ.व. २०६४/२०६५ सालदेखि लैङ्गिक उत्तरदायी बजेट बनाउन थालेको छ। आ.व. २०७७/२०७८ मा कूल बजेटको १४.७४ प्रतिशत लैङ्गिक उत्तरदायी बजेट छुट्ट्याइएको छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरूले महिलाको आर्थिक, शैक्षिक, स्वास्थ्य तथा जनचेतना अभिवृद्धिका लागि स्रोतसाधन उपलब्ध गराउने गर्दछ। अचेल महिला सशक्तिकरणको क्षेत्रमा हजारौं गैसस क्रियाशील रहेका छन्।

**फरक मुद्दाहरू** : जसरी समुदाय, जात, भाषा, क्षेत्र, लैङ्गिकता, धर्म आदिको आधारमा महिलाहरूको अवस्था फरक फरक छन्, त्यसरी नै केही मुद्दाहरू पनि फरक फरक छन् जसबारे बहस हुनु जरुरी छ। सहज रूपमा नागरिकता पाउनुपर्ने सबै महिलाको साझा मुद्दा हुन्, त्यहींनिर नागरिकताकै सबालमा मधेशी महिलाको केही विशेष मुद्दा छन्। नागरिकता लिनका लागि स्वास्थ्य जाँच गर्नुपर्ने प्रावधान हट्नुपर्ने यौनिक तथा अल्पसङ्ख्यकहरूको माग छ। नागरिकता लिनका लागि कतिपय कागजात जुटाउन नसक्ने कारणबाट दलित महिलाहरू बढी पीडित भइरहेका छन्।

प्रतिनिधित्वको सवालमा पनि मधेशी, दलित, आदिवासीको फरक फरक धारणा छ। राज्यको निकायमा महिला प्रतिनिधित्व भित्र महिला विविधतालाई समेटिनुपर्छ। सबै महिलालाई एकै डालोमा राख्दा एकै समुदायको महिलाले अधिकांश ठाउँमा प्रतिनिधित्व हुन थालेको छ। यसले गर्दा फेरि मधेशी, दलित, जनजाति, मुस्लिम तथा थारु महिलाहरू बञ्चितिकरणमा पर्न थालेका छन्। निजामती सेवामा महिलाको प्रतिनिधित्व २५ प्रतिशत माथि पुगेको छ तर, त्यसमा दुइतिहाई बढी सहभागिता खस आर्य समुदायको नै रहेको छ। मधेशी, जनजाति, दलित र मुस्लिम, थारु महिलाको न्युन प्रतिनिधित्व छ। पहिचान, प्रतिनिधित्व र पहुँच बाहेक पनि केही थप फरक मुद्दा छन्। जस्तै दलित महिलासँग हुने छुवाछुतको समस्या अन्य समुदायका महिलासँग हुँदैन। आदिवासी जनजाति र मुस्लिम महिलालाई धर्मको आधारमा विभेद हुने गर्दछ। मधेशी महिलालाई भाषा र उनीहरूलाई भारतबाट आएको विदेशी नागरिक भन्दै विभेद गरिन्छ, जुन अन्य समुदायका महिलासँग हुँदैन।

तसर्थ अबको नारीवादी आन्दोलनको मुद्दालाई नयाँ प्रकारले परिभाषित र प्राथमिकता निर्धारण गर्नु जरुरी छ। यसका लागि नारीवादी आन्दोलनमा लागेका राजनीतिज्ञ, नागरिक समाज, लेखक, अभियन्ताले सोच्न, बोल्न र लेख्न जरुरी छ।

*(लेखक : अधिकारकर्मी हुनुहुन्छ ।)*

विश्लेषण

# महिलाकै पक्षमा हुन नसकेको महिला आन्दोलन !



लेखनाथ भण्डारी

नेपाली महिला आन्दोलनको चर्चा गर्दा कम्तीमा एक शताब्दी पहिलेदेखिका प्रयास कोट्याउनु पर्ने हुन्छ। तर यसभन्दा पहिले माथि शीर्षकमा नराखिएको किन भन्ने प्रश्नबाट यो सन्दर्भ शुरु गरौँ- किन महिलाकै पक्षमा हुन सकेन नेपाली महिला अधिकारवादी आन्दोलन ? सय वर्ष पहिलेदेखि शुरु भएर आजपर्यन्त जारी नेपाली महिला आन्दोलन महिलाकै पक्षमा हुन सकेन ! यो अलिक अस्वभाविक प्रश्न लाग्न सक्छ, कसरी र किन हुन सकेन त महिला आन्दोलन महिलाकै पक्षमा ? यसको प्रारम्भिक उत्तर र निष्कर्ष हो यो - नेपाली महिला अधिकारवादी आन्दोलन कि त महिलाहरूले गरेकै छैनन् कि त महिला अधिकारवादी आन्दोलन पुरुषहरूको निर्देशनमा वा दृष्यमा मात्र महिलाको सहभागितामा तर, पुरुषवादी सता-सोचले मात्र भएको छ। नेपालको महिलावादी अधिकारको आन्दोलन महिलावादी सोच र महिलाको मात्र नेतृत्वमा भएका छैनन्। महिला अधिकारवादी सोच-दृष्टिकोणमा नै नभएको आन्दोलनले दिने परिणाम जेजस्तो प्राप्त हुनसक्थ्यो,त्यो मात्र नेपाली महिलाले आजसम्म प्राप्त गरेको उपलब्धि हो। तर, जेजस्तो उपलब्धि प्राप्त हुनुपर्थ्यो त्यो भने अहिलेसम्म प्राप्त भएको छैन।

महिलाको नेतृत्व र महिलावादी सोचका साथ अपवादमा बाहेक हिजोदेखि नै महिला आन्दोलन भएकै छैन। त्यो अपवाद थियो- वि.सं. १९७०-१९९८ को बिचमा योगमाया नेउपानेको नेतृत्वमा भएको 'धर्मराज्य स्थापना' को मागको आन्दोलन। महिलाको नेतृत्वमा र महिला अधिकारका आधारभूत मागलाई प्राथमिकतामा राखेर गरिएको यो आन्दोलन १९९८ पछि भने निरन्तर हुन सकेन। यस लेखमा यही १९७०-१९९८ को बीचको योगमायाको विद्रोहको केन्द्रमा नेपालको महिला आन्दोलनको चर्चा गर्न प्रयास गरिनेछ।

महिला पनि समाजको समान पक्ष भएकाले र नेपाली जनबोलीमा भन्दा 'एउटै रथका दुई पाङ्ग्रा' भएकाले समग्र सामाजिक विकाससँगै महिलाका हकहितका विषय पनि समेटिएर आउनु पर्ने हो। तर, विडम्बना त के रह्यो भने समग्र सामाजिक सुधारको मात्र होइन एक शताब्दी पहिलेबाट नै छुट्टै शुरु भएको महिला अधिकारवादी आन्दोलनले पनि किन नेपाली महिलाको हक अधिकार सुनिश्चित गर्न सकेन ? एउटै रथका दुई पाङ्ग्राको यही असन्तुलनको कारण नेपालको सामाजिक जागरण, भौतिक विकास, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन। आज पनि महिलामाथिको सामाजिक व्यवहार, कतिपय कानुनी व्यवस्था र राज्यको दृष्टिकोण दोस्रो

दर्जाको नागरिकको छ। महिलाहरूको लागि समान अवसरका व्यवस्थाहरू राज्यले नियन्त्रण र खटनमा राखेको छ। यसको पहिलो उदाहरण हो, कूल जनसङ्ख्याको आधाभन्दा ज्यादा रहेको महिलाहरूको राजनीतिमा सहभागिता संविधानमा नै ३३ प्रतिशतमा मात्र सीमित गरिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख रहेकोमा महिला ५१.०२ प्रतिशत र पुरुष ४८.९८ प्रतिशत छन् । तर, समग्र राज्यका निकाय र राजकीय भूमिकाहरूमा महिलाको सहभागिता जनसङ्ख्याको अनुपातमा त छैन नै संविधानले गरेको मापदण्डको पूर्ण पालना गरिएको छैन। नेपालको संविधान २०७२ ले राज्यका हरेक तहमा महिला ३३ प्रतिशत अनिवार्य रूपमा सहभागिता गराउनुपर्ने व्यवस्था गरेको भएता पनि उनीहरूको सहभागिता बाध्यात्मक अवस्थामा बाहेक ३३ प्रतिशत पनि छैन।

वि.सं. १९७४ मा कृष्णप्रसाद कोइरालाले आफ्ना परिवारका सदस्यहरूलाई राखेर नेपाल महिला सङ्घ गठन गरेका थिए। महिलाको नेतृत्वमा स्थापना भएको भए पनि तत्कालीन समयमा कृष्णप्रसाद कोइरालाले राणा सरकार विरोधी अभियानमा बल पुऱ्याउन यो सङ्घ स्थापना गरेका थिए। समग्र समाजमा पुरुष र महिलाहरूको अवस्थालाई बराबरी बनाउने उद्देश्य र लक्ष्य प्राप्तीका लागि नभएर पुरुष बर्चस्वलाई बढाउने र महिलालाई "खटाएर भाग तोकिदिने" राजनीतिक आन्दोलनहरूमा भने महिलाको सहयोग र सहभागिता हुँदै आएको छ। त्यही आधारमा एकपछि अनेक राजनीतिक पार्टीहरूले महिला सङ्घहरू गठन गरेका छन्। तीनको यहाँ चर्चा गरिएको छैन।

योगमायाको बारेमा पनि विभिन्न माध्यमहरूमा चर्चा हुँदै आएको छ। उनको जन्म भोजपुर जिल्लाको नेपालेडाँडा स्थित मझुवामा वि.सं. १९१७ देखि १९२५ का बीच भएको थियो। उनी बालविवाह, बुहार्तन, सामाजिक भेदभावको सामना गर्दै भारतको आसमा गएर २५-३० वर्ष घरबार गरेर बसेकी थिइन्। उनी वि.सं. १९७० को आसपासमा एउटी छोरी (बाटुली) लाई उतै छोडेर र एउटी छोरी (नैनकला) लाई लिएर नेपाल फर्केकी थिइन्।

नेपाल आएपछि योगमायाले नेपाल लगायत भारतका विभिन्न तिर्थस्थलहरू घुमेर योगी-सन्यासी मार्गका केही शिक्षा दिक्षा लिइन्। अन्ततः उनी एक तपस्वीको रूपमा जन्मस्थलमा पुगेर कठिन योगसाधनामा लागेर धाराप्रवाह प्रवचन दिन थालिन्। उनका सयौं भक्तहरू तयार भए। उनकी छोरी नैनकला उनको सहयोगी र दण्डी स्वामी पण्डित प्रेमनारायण भण्डारीले सल्लाहकारका रूपमा काम गर्न थाले।

योगमायाले तत्कालीन समाजमा भएका अनेकौं भेदभाव र विसङ्गतिका विरुद्ध राणा सरकारलाई पनि घच्घच्याउन थालिन्। उनले धनी गरिब, ठूला साना मानापाथी, जातीय भेदभाव, सती प्रथा, दास दासी प्रथा, चर्को व्याज, घुसखोरी, महिलामाथिका भेदभाव,वनजंगल र चरनकको सुरक्षाको लगायतका परम्परागत कुसंस्कारका विरुद्ध राणा सरकारसँग सुधारको माग गरिन्। योगमायाका प्रवचन छोरीले वाचन गरेको सुनेपछि ती वाणीहरू प्रेमनारायणले लिपिबद्ध गरिदिए। योगमायाले प्रवचनमा व्यक्त गरेका वाणीहरूलाई उनका भक्तहरूले 'सर्वाथ योगवाणी' का नाममा प्रकाशित गरे। योगमायाका मागमध्ये धर्मराज्य स्थापना हुनुपर्ने मुख्य थियो।

रुढीवादी समाजको विरोधका अतिरिक्त योगमायाले सबै मानिसले आ-आफ्नो जिम्मेवारी अर्थात् पद अनुसारको

आचरण गर्नु पर्ने कुरामा जोड दिएको देखिन्छ। ब्राम्हण भनेर जुनसुकै कार्य गर्न नहुने, पुराण, वेद, गरुड पुराण जस्ता ग्रन्थहरूका आधारमा अन्य सर्वसाधारणमा भय, आतङ्क र भ्रम फैलाउन नहुने उनको मान्यता पाइन्छ। उनका कविताका केही अंश-

धर्म थाम्ने निसाफीले यती चाल पाउन्,
कुनकुन जातले जुन जुन ल्याउँछ जात्ता मिलाउन् ।

.........................................................

आसामीले पहिले कर्जा तिरि सकेछ,
साहु भन्ने लोभिले त बाँकी भनेछ।
आसामीले कर्जा तिर्यो तमसूक छ ठाडै,
छोरो थियो बालक बाबु मरेछ,
लोभि साहु माग्न गयो तिर्नु परेछ।

.............................................

हेर्न केटा तमसुकमा येती बढेको,
अन्तरयामी प्रभु देख्छन् धर्म छाडेको।
लोभ र अन्यायका अक्षर लेखेको
आफू सत्य भगवान्ले रछ देखेको।

............................................

अहिले गर्छौं भलाझी हो आफ्ना खुसैले
भित्र् जरा हालिसक्यो लोभी घुसैले
सरकारका अड्डा अदालत रहेका,
लोकको नियाँ हेर्न राखि दिएका।

..............................................

लोभले गर्दा धर्मको नष्ट पारी
नियाँ त्यसको थियो लियो घुस हकारी।
दोहोरो दण्ड त्यसैमा लगायो,
थियो जित्ने मुद्दा त्यो मुद्दा हरायो।



**योगमाया नेउपाने**

.........................................................

माया त्याग्न सजिलो छ, लोभ छ त्याग्न कोटी,
लोभि चित भयो भने कर्म हुन्छ खोटी।
घटिया काम नभै दौलथ जम्दैन,
होइन भन्नता कोही पाउँदैन।

स्थानीय रूपमा रहेका सामाजिक असमानता, अन्याय, शोषण आदिको विरोध गरेपछि उनले राजधानीमा समेत चेताउनु पर्छ भनी प्रेमनारायणलाई काठमाडौं पठाइन्। राणा प्रधानमन्त्रीहरू चन्द्रशमशेर र भीमशमशेरसँग उनीहरूको भेट हुन पाएन। श्री ३ जुद्धशमशेरले "श्री भक्तिजीले पठाउनु भएको सूचना पात्रे, धर्म पालना गर्छु" भनी सत्य कबोल गरी त्यसको चिन्हस्वरूप एक फूलको थुँगो पनि १९८८ भाद्र कृष्ण जन्माष्टमीमा पठाएका थिए। सत्य धर्म भिक्षा आश्वासन प्राप्त भएको धेरै समय बितिसक्दा पनि मागहरू पूरा नभएको उनले महसुस गरिन्। त्यसपछि अर्को भिक्षा पत्र लेखी श्री ३ काहाँ पठाउनुको साथै ठाउँ ठाउँमा प्रचारका लागि समेत पठाइयो। श्री ३ जुद्धशमशेरले योगमायालाई भेटी दोहोरो वार्तासमेत गरे। उक्त

वार्तामा योगमायाले भनेकी थिइन् 'जस्का राजमा उदय भयो यो सूचना राष्ट्रपतिमा दिन हाजिर छु लेऊ तर यदि नगरे जसको पालो आउँछ उसैले नगरी छाड्ने छैन। सत्य धर्म भिक्षा पाउँ।' श्री ३ ले सत्य धर्मको भिक्षा दिएँ, कबोल गर्छु तर तपाईंजस्ता सत् पात्रको आर्शिवाद पाउनु पर्छ भनेका थिए। योगमाया राजालाई भेट्न चाहन्थिन् तर राजासँग भेट भएमा उनले त्यसबेलाको शासनको विरोध गर्ने डर राणा प्रधानमन्त्रीहरूलाई थियो। त्यसैले योगमायालाई राजालाई भेट्ने अनुमति दिएनन्।

उनले सरकारले ती मागहरू बेवास्ता गरेको महसुस गरिन्। उनीहरूले सरकारले माग पूरा नगरेकोमा अग्नि प्रवेश गरी आत्मादाह गर्ने सूचना ठाउँ ठाउँमा टाँस्न लगाए। उनीहरूले धेरै समयसम्म बाटो हेर्दा पनि सत्य धर्म प्रतिज्ञाको ख्याल नरहेको उल्लेख गर्दै हामी २ सय ४० जना भक्त श्री भक्तिनीका साथै सती भई अग्नि प्रवेश गरी प्राण त्याग गर्छौं, हामी आफूखुशी जान तयार भएको हुँदा सरकारबाट रोकटोक नहोस्, यदि बुढा पुराना थोत्रा भइसकेको ऐन कानुन लगाई हाम्रो सत्य कबोललाई बाधा डालेमा सो डाल्ने उपर नयाँ उपवृद्ध कानुन चल्नेछ भन्ने सूचना समेतको बिन्तिपत्र तत्कालीन सरकारलाई पठाएका थिए। वि.सं. १९९५ मङ्सिरको पूर्णिमाका दिन मझुवामा ठूलो यज्ञको तयारी गरियो। बिन्तीपत्रले ठूलो हलचल ल्याइदियो। तत्कालीन धनकुटा गौंडाका बडाहाकिम माधवशमशेर र भोजपुरका गरुडध्वजलाई सरकारले उक्त यज्ञ रोक्न आदेश दियो। आदेशमा भनिएको थियो- 'भक्ति भनाउँदीलाई पार्टीमा राखी कैदमा पर्यौ भन्ने सुनाइदिनु। अरुलाई धनकुटा जेलमा थुन्नु।' उक्त आदेशपछि बडाहाकिम माधवशमशेर राणा श्रीमतीसहित ठूलो फौज र गोलीगट्ठा लिएर मझुवा पुगी पालो पहरा बसेर उक्त यज्ञ र अग्निदाह रोकियो। योगमायासहित १७ जना अनुयायीहरू पक्राउ परे। पक्राउ परेकाहरूलाई तीन महिनापछि भक्तिनी सहित स्त्री जातिलाई छोडिदिनु अरुलाई तीन वर्षकैद गरी ६-६ महिना फरक गरी छाडिदिनु भन्ने पुर्जी पठाइएको थियो। तोकिएको समय कैद पूरा गर्दै 'हामी मर्ने छैनौं, यदि मर्यौं भने ऐन सवाल बमोजिम बुझाउँला' भन्ने कागज गराउँदै अड्डाले छाडिदिएको थियो।

योगमायाले सत्य धर्म शिक्षाका नाममा तत्कालीन सरकारलाई २६ वटा मागहरू सहितको बिन्तिपत्र एवम् चेतावनी पनि दिएकी थिइन्। उनको मागपत्र प्राप्त नभएता पनि 'सर्वार्थ योगवाणी' मा प्रकाशित विषयहरू नै उनका मागहरू थिए। योगमायाले सत्य धर्म शिक्षाको बदलामा जेल नेल भोग्नु परेपछि यस दुनियामा झनै अत्याचार र अन्याय बढेको महसुस गर्न थालिन्। जुन राज्यमा धर्म र न्याय पाइदैन र आफूले केही पनि गर्न सकिँदैन भने सरकारलाई चेताउन पर्छ , आफू पछिका सन्ततीले धर्म न्याय पाउँछन् भन्ने मान्यता उनको थियो। अन्ततः उनीहरूले वि.सं. १९९८ साल असार २२ गते शनिबार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीको दिन अरुण नदीको उर्लंदो भेलमा हामफाली देहत्याग (जल समाधी) लिए। जल समाधी जानेहरूमा योगमाया, पण्डित प्रेमनारायण भण्डारी सहित ६८ जना थिए। यसरी नेपाली समाज सुधारको अग्रणी महिला योद्धाको अन्त्य भयो।

योगमायाको भूमिका समकालीन विश्व परिवेशका विभिन्न घटना र व्यक्तित्वहरूसँग जोडेर पनि मुल्याङ्कन गर्न सकिन्छ। उनी झाँसिकि रानी लक्ष्मीबाई (सन १८२८-१८५८) भन्दा ४० बर्ष कान्छी र चर्चित युरोपियन वामपन्थी महिला नेतृ रोजा लक्जेम्वर्गभन्दा पाँच वर्ष जेठी थिइन्। योगमायाको समयमा अमेरिका र युरोपका

महिलाहरू मतदानको अधिकारको आन्दोलनमा थिए। यता योगमाया आसामबाट फर्केर अरूण किनारमा आफ्ना अनुयायीहरू जम्मा गर्दै थिइन्। उता एलिजावेथ क्याडी, सुसान बि एन्थोनी र पार्कर पिल्वरीहरू मिलेर सन १९६८ तिर पाक्षिक अखवार 'रिभोलुसन' निकाल्दै थिए। नेपालामा योगमायाको आन्दोलन उत्कर्षमा पुगेको एक दशकपछि मात्र रुसमा अक्टोवर क्रान्ति (सन् १९१७) भएको थियो। योगमायाले नेपालका राणा प्रधानमन्त्रीलाई भेटेर महिला शोषण र सामाजिक विभेद विरुद्ध धर्म राज्य स्थापनाको माग गरेको पाँच वर्षपछि अमेरिकामा महिलाहरूले मतदानको अधिकार पाएका थिए। यी दृष्टान्तहरूले पुष्टि हुन्छ, योगमाया विश्व महिला आन्दोलनका अगुवाहरूको समकालीन मात्र होइन जेठी पनि हुन्।

एकछिनलाई विगतका सबै विभेद बिर्सिदिउँ। वि.सं. २०६२-६३ को जनआन्दोलनपछि स्थापित शासन प्रणालीका दुई दशक बितिसक्दा पनि किन निसर्त राख्न सकिएन महिला र पुरुषका समान अधिकारको व्यवस्था संविधान र कानुनहरूमा? सामन्ती, पुरातन वा यथास्थितिवादी राजतन्त्रका आन्तरिक पारिवारिक खटनपटनका विषयमा चासो राखेर राजाको छोरी पनि राजगद्धीको उत्तराधिकारी हुनुपर्छ भन्ने माग गर्ने र सो व्यवस्था गर्न पाएकोमा "महिला अधिकार प्राप्तिको महत्त्वपूर्ण उपलब्धि'को जस बुद्धिजीविहरूले दिन कन्जुस्याईं गरेको गुनासो गर्नुहुने राजनीतिक पार्टीका नेताहरू महिला अधिकार स्थापित गर्न किन साइत भेट्नु हुन्न ? समग्र राजतन्त्र अन्त्यका लागि जनता आन्दोलित भएको समयमा तत्कालीन संसद वा मन्त्रिपरिषद्ले 'राजाकी छोरी पनि राजगद्धीको उतराधिकारी' हुने व्यवस्था गरेर सरकारले 'महिला मैत्री' भएको जस लिन प्रयास गरेको थियो। तर ०६२-६३ को आन्दोलनले राजतन्त्रको लागि राजनीतिक पार्टीहरूले गरेको त्यो चिन्ता 'नरहे बाँस नबजे बाजा' भएको छ। यद्यपि सर्वसाधारण नेपाली महिलाका लागि राजनीतिक पार्टीहरूको त्यो उदारता अझै पनि 'मुठ्ठी कसिएकै' अवस्थामा छ।

अढाइ दशक पहिले स्थापना भएको महिला आयोगले पनि सनातनी राज्य व्यवस्थाको सहयोगी निकायका रूपमा 'कर्मकाण्डी' परम्परा धान्ने बाहेक नेपालका विद्यमान कानुनहरूमा रहेको महिलाहरूप्रतिको विभेदको अन्त्यको सैद्धान्तिक र संवैधानिक व्यवस्था एकीन गर्न हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छैन। अहिले पनि नागरिकता, वैवाहिक सम्बन्ध, आर्थिक अधिकार, रोजगारी, पहिचान र महिलामा हुने हिंसाका घटनाहरूसँग सम्बन्धित महिलालाई विभेद गर्ने दर्जनौं कानुनी प्रावधानहरू कायमै छन्। महिला, कानुन र विकास मञ्चले केही वर्ष पहिले संविधान, २ सय ८८ ऐन तथा २ सय ८० नियमहरूको अध्ययन गरेकोमा ६२ कानुनहरूको ९६ वटा प्रावधानहरू र ९२ वटा अनुसूचीहरू महिलाहरूप्रति विभेदकारी रहेको सार्वजनिक गरेको थियो।

आमाको नाममा नागरिकता लगायतका विषयमा अहिले पनि नागरिकहरूले समस्या भोगिरहेकै छन्। संविधान, कानुन नियमावली, अदालतका आदेश आदिमा तिनको निसर्त कार्यान्वयनको कुनै स्पष्ट विधि-प्रकृया छैन। नागरिकको संवैधानिक अधिकारको पालना गर्न कानुनका छिद्रमा पसेर वडा सदस्य, वडा अध्यक्ष, पालिका प्रमुख, कार्यकारी अधिकृतदेखि लिएर अन्य नियामक निकायका सरकारी अधिकारीहरू आमाको नामबाट सन्तानलाई नागरिकता लिन चाहनेहरूलाई

**जुन राज्यमा धर्म र न्याय पाइँदैन र आफूले केही पनि गर्न सकिँदैन भने सरकारलाई चेताउनु पर्छ, आफू पछिका सन्ततीले धर्म न्याय पाउँछन् भन्ने मान्यता उनको थियो। अन्ततः उनीहरूले वि.सं. १९९८ साल असार २२ गते शनिबार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीको दिन अरुण नदीको उर्लँदो भेलमा हामफाली देहत्याग (जलसमाधी) लिए।**

कठघरामा उभ्याएर 'जघन्य अपराधी' लाई झैँ अपमानित गरिरहेकै छन्।

नेपालमा पछिल्लो दशकमा राष्ट्रपतिदेखि लिएर प्रधानन्यायाधीश, सभामुख, मुख्य सचिवलगायत महिलाहरू भए। तर, त्यसको जस राजनीतिक पार्टी र तिनका नेताहरूले लिने गरेका छन्। कतिसम्म भने हामीले यो-यो ठाउँमा महिलालाई पुऱ्यायौँ। यो वा त्यो पद महिलाका लागि त्याग गऱ्यौँ, दियौँ। अब यी-यी पदहरू जस्तो प्रधानमन्त्रीलगायतमा पनि महिला पुऱ्याएर 'देखाइदिनेछौँ' नेताहरूले भन्न भ्याएका छन्।

यसैबिच नेपालको पहिलो महिला राष्ट्रपतिका रूपमा सात वर्षको कार्यकाल पूरा गर्नु भएकी विद्या भण्डारीलेसमेत आफ्नो चाहना विपरीत पार्टी वा नेताको दबाबमा आफूले राष्ट्रपति हुन 'बाध्य' भएको आफ्ना निकटका मानिसहरूलाई बताउने गर्नु भएको कुरा सार्वजनिक बहसमा आएको छ। राष्ट्रपतिको रूपमा कतिपय राजकीय व्यवहारको कार्यान्वयनमा उहाँको स्वविवेकीय र अभिभावकीय वा संविधानको संरक्षकको भूमिकामाथि प्रश्न पनि उठेको थियो। पार्टी वा व्यक्तिका दबाब र प्रभावको सामना गर्न नसकेको भन्नेजस्ता ती दुवै अनौपचारिक वा पुष्टि हुन नसकेका टिप्पणीहरूलाई राष्ट्रपति भण्डारी स्वयम्का गतिविधिहरूले पुष्टि गर्न थालेको छ। राष्ट्रपति भण्डारी हिजोको जस्तो हात-खुट्टा बाँधिएको नियन्त्रित र निर्देशित अर्थात् 'सेरोमोनियल' भूमिका बाहिर आफ्नो क्षमता र भूमिकाको तरक्की देखाउन चाहनुहुन्छ। हिजोको आफ्नै भूमिकामाथि चित्त नबुझेकोले उहाँ पुन: कार्यकारी राजकीय भूमिकामा आउन प्रयास गरिरहनु भएको छ। यदि साँच्चिकै हिजोको आफ्नो 'सेरोमोनियल' भूमिकाप्रति सन्तोष नभएको हो र महिला नेतृत्वको कार्यकारी भूमिकामा अब आफ्नै बल-बुतामा 'तरक्की' नै गर्ने हो भने नेपालको महिला आन्दोलनमा सय वर्ष पहिले सुरू भएको विद्रोहलाई समातेर गन्तव्यमा पुऱ्याउने अवसर राष्ट्रपति भण्डारीलाई छ। संयोग पनि के छ भने विद्या भण्डारी पनि भोजपुर जिल्लाकै हुनुहुन्छ।

यसका लागि उहाँले सनातनी राजनीतिक नेतृत्व प्राप्त गर्न सके समझदारीमा भागबण्डा, 'सेन्डिकेट' वा नसके 'बार्गेनिङ'को बाटो अपनाउनु हुँदैन। त्यसैले आफ्नो योग्यता र क्षमताले हिजो आफूले गर्न नपाएका, अहिलेको नेतृत्वले गर्न नसकेका र आगामी दिनमा आफूले गर्न चाहेका परिवर्तनका फरक 'एजेण्डा' पनि सार्वजनिक गर्नुपर्छ। देशले मागे,पार्टीले दिए र आफूले अवसर पाए 'आकाशका तारा' झार्छु भनेर मात्र हुँदैन ! शताब्दी लामो प्रयासमा पनि महिलाकै पक्षमा हुन नसकेको महिला आन्दोलनलाई नयाँ गति दिन र निष्कर्षमा दिनका लागि महिला नेतृत्व र महिलावादी दृष्टिकोणसहितको 'हस्तक्षेप' अझै आवश्यक छ।

*(लेखक मानव अधिकारकर्मी हुनुहुन्छ ।)*

विश्लेषण

# महिला अधिकार र लैङ्गिक हिंसाः संवैधानिक र कानुनी व्यवस्था

**परिचय**

मानवले प्राप्त गर्ने सबै मानव अधिकारहरूका अतिरिक्त महिलाको विशिष्ट अवस्था, भूमिका र आवश्यकतालाई सम्बोधन गर्न स्थापित अधिकारहरूलाई महिला अधिकार भनिन्छ। महिला अधिकारले महिलाहरूलाई समान अवसर, गरिमायुक्त जीवन तथा नागरिक, राजनीतिक सामाजिक, र आर्थिक सहभागिताको सुनिश्चितता प्रदान गर्ने उद्देश्य राख्दछ। यस अन्तर्गत महिलाको हक उपभोगमा सहज पहुँच, समान हैसियत, तथा लैङ्गिक न्याय प्राप्त गर्ने अधिकार समेटिन्छ।



डा. विद्या चापागाईं

महिला अधिकार र लैङ्गिक हिंसाविरुद्धको सङ्घर्ष मानव अधिकारको ऐतिहासिक यात्रा सँगै विकास भएको पाइन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले कुनै पनि व्यक्तिलाई जाति, वर्ग, लिङ्ग, भाषा, धर्म वा राजनीतिक आस्थाका आधारमा भेदभाव वा हिंसा गर्न नपाइने घोषणा गरेको छ। त्यसैगरी, १९९३ को महिलाविरुद्ध हुने हिंसा उन्मूलन घोषणा अनुसार महिला हिंसा भन्नाले शारीरिक, यौनिक, मानसिक हिंसात्मक व्यवहार, घरेलु हिंसा, बालिकामाथि यौन शोषण, दाइजोका कारण हुने दुर्व्यवहार, वैवाहिक बलात्कार र हानिकारक परम्परागत अभ्यासहरूलाई समेटिन्छ।

नेपाल पनि मानव अधिकारका विविध अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूको-जसमा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलनसम्बन्धी महासन्धि, बेइजिङ कार्ययोजना र अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरू समावेश छन् – पक्ष राष्ट्र हो। यिनै प्रतिबद्धताहरूको परिपालना गर्दै, नेपालको संविधान, २०७२ ले महिला र पुरुषबीचको समानता, समावेशी सहभागिता, र भेदभाव विरुद्धको संरक्षणलाई सुनिश्चित गरेको छ। संविधानको धारा १८ ले समानताको हक र धारा ३८ ले महिला अधिकारका विशेष व्यवस्था गरि लैङ्गिक न्याय र सामाजिक समावेशीकरणलाई संवैधानिक मान्यता दिएको छ।

नेपालमा पछिल्लो दुई दशकको राजनीतिक सङ्क्रमणपछि भएको संवैधानिक परिवर्तन र राज्य संरचनामा आएको आमूल रूपान्तरण–विशेषतः सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशिता, समानता र न्यायप्रति प्रतिबद्ध नयाँ संविधान (२०७२)– ले महिला अधिकार र लैङ्गिक समानता प्रवर्द्धन गर्न कानुनी र संस्थागत अवसरहरू

उपलब्ध गराएको छ। राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा पुन:संरचना गरी महिला सहभागिता, समावेशी प्रतिनिधित्व, र सेवा प्रवाहमा पहुँच विस्तार गर्ने लक्ष्य राखिएको छ। यद्यपि व्यवहारमा यस्ता परिवर्तनले अपेक्षित सुधार ल्याउन सकिरहेको भने छैन, र महिलाहरू अझै पनि संरचनागत र प्रणालीगत अवरोधहरूको सामना गरिरहेका छन्।

संविधानमा अन्तर्निहित असंगत तथा संरचनात्मक सीमितताहरूले महिलाको पूर्ण सहभागिता र अधिकार उपभोगमा अवरोध पुऱ्याएका छन्। महिलाहरू अझै पनि राज्य संयन्त्रमा सीमित प्रतिनिधित्व (३३ प्रतिशत), कानुनी प्रक्रियामा पहुँचको अभाव, सांस्कृतिक कलङ्क, आर्थिक निर्भरता, र न्याय प्रणालीमा लैङ्गिक संवेदनशीलता नहुँदा समस्या भोगिरहेका छन्। नेपाल सरकारले यस्ता समस्याहरूको समाधान गर्न विभिन्न प्रगतिशील नीति तथा कानुनी संरचना विकास गर्दै आएको छ – जसमा महिला हिंसा विरुद्धको ऐन, कार्यस्थलमा यौनजन्य हिंसा विरुद्ध ऐन, घरेलु हिंसा नियन्त्रण ऐन, साथै फौजदारी संहिता, फौजदारी कार्यविधि र देवानी संहिता छन्।

महिला सशक्तिकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने उद्देश्यले १५ औं राष्ट्रिय योजना (२०१९-२०२४) लागु गरिएको छ, जसले सामाजिक संरचनाको पुनर्संरचना र समानुपातिक सहभागितालाई प्राथमिकता दिएको छ। तर, अझै पनि लैङ्गिक हिंसाको विद्यमान रूप, न्यायमा पहुँचको चुनौती, तथा समाजमा गहिरो जरा गाडेर बसेका पितृसत्तात्मक सोच जस्ता समस्याहरू कायम छन्। यस्ता समस्याहरूको समाधानका लागि संवैधानिक र कानुनी अधिकारको व्यवहारिक कार्यान्वयन, पीडितमैत्री संरचनाहरूको विकास, तथा राज्य संयन्त्रको जवाफदेहीतालाई मजबुत बनाउने आवश्यक छ।

यस लेखमा, नेपालको संवैधानिक र कानुनी व्यवस्थाले महिला अधिकार प्रवर्द्धन र लैङ्गिक हिंसाको अन्त्यका लागि खेलेको भूमिका, प्रभावकारिता, चुनौती र सुधारका उपायहरूबारे समालोचनात्मक अध्ययन गरिनेछ। लेखको उद्देश्य महिला अधिकारसँग सम्बन्धित विद्यमान कानुनी प्रतिबद्धता र व्यावहारिक अवस्थाबीचको अन्तरलाई उजागर गर्दै, न्याय र समानताको सुनिश्चितताका लागि नीति निर्माण र कार्यान्वयनमा योगदान पुऱ्याउनु हो।

**महिला अधिकारको अवस्था**

नेपालको कूल जनसङ्ख्याको आधाभन्दा बढी अर्थात (५१.१३ प्रतिशत) महिला रहेका छन् तर यो अनुपात जनसङ्ख्यामा मात्र देखिन्छ, उनीहरूको अधिकार उपभोग, पहुँच र प्रतिनिधित्वका सूचकहरूमा भने अझै पनि गम्भीर असमानता देखिन्छ। महिला अधिकार भन्नाले महिलाहरूले बिना भेदभाव राज्यद्वारा सुनिश्चित गरिएका सबै मानव अधिकारहरू समान रूपमा प्राप्त गर्न सक्नुपर्छ भन्ने मान्यता बुझिन्छ। तर, यथार्थमा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक संरचनाहरूले महिलाको अधिकार सुनिश्चित गर्ने प्रयासहरूमा गहिरो अवरोध खडा गरिरहेका छन्।

सन् २०२३ मा नेपालको लैङ्गिक विकास सूचकाङ्क ०.८५८ र लैङ्गिक असमानता सूचकाङ्क ०.४८७ रहेको छ जसले नेपाललाई १ सय ७२ मुलुकमध्ये १

सय २५ औँ स्थानमा राखी महिलाहरूको सामाजिक तथा आर्थिक विकासमा अवस्थित असमानताको स्पष्ट सङ्केत दिन्छ। राष्ट्रिय जनसाङ्ख्यिकीय स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार १५ वर्षदेखि ४९ वर्ष उमेर समूहका २७ प्रतिशत महिलाहरूले शारीरिक हिंसा र ८ प्रतिशत महिलाहरूले यौन हिंसा भोगेका छन्। तीमध्ये ७२ प्रतिशत महिलाले उपचारका लागि कुनै पनि पहल नगरेको अवस्थाले महिलाको न्यायमा पहुँच अझै कमजोर छ, जुन महिला अधिकारको मूल मर्ममाथिको प्रहार हो। नेपाल प्रहरीले विगत पाँच वर्षमा महिला र बालिकाहरू विरुद्ध विभिन्न स्वरूपका ९७,०२४ हिंसाका घटनाहरू अभिलेख गरेको तथ्यले लैङ्गिक हिंसा संरचनागत समस्याको रूपमा रहेको यथार्थलाई प्रमाणित गर्दछ। यो अवस्था संवैधानिक र कानुनी प्रगतिका बावजुद महिलाहरूको जीवनमा व्याप्त असुरक्षा र अधिकारको कमजोर कार्यान्वयनको द्योतक हो।

विश्व आर्थिक मञ्चको ग्लोबल जेण्डर ग्याप रिपोर्ट २०२४ अनुसार नेपाल ०.६६४ स्कोरसहित ११७ औँ स्थानमा परेको छ। यो सूचकले महिलाहरू शिक्षा, स्वास्थ्य, आर्थिक सहभागिता र राजनीतिक सशक्तिकरणका दृष्टिले अझै पनि उल्लेखनीय पछाडि रहेको सङ्केत गर्दछ। शिक्षाको दृष्टिकोणले हेर्दा, केन्द्रीय तथ्याङ्क विभाग, २०२१ अनुसार महिला साक्षरता दर ५७.४ प्रतिशत मात्र छ। शिक्षा नपाएको वा आधा अधुरो शिक्षा पाएको महिलाले राज्यद्वारा प्रत्याभूत अधिकारहरूको न त उपयोग गर्न सक्छन्, न त नीतिगत परिवर्तनमा आफ्नो आवाज उठाउन सक्षम नै हुन्छन्।

राष्ट्रिय मानव विकास प्रतिवेदन २०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत मात्र छ भने काम गर्ने उमेर समूहमा रोजगार प्राप्त गर्ने महिला २२.९ प्रतिशत छन्। यसले महिलाहरूको आर्थिक अधिकार, स्वावलम्बन र आत्मनिर्भरता कमजोर रहेको देखाउँछ, जुन अधिकारको उपभोग र दिगो सशक्तीकरणको लागि गम्भीर चुनौती हो। सम्पत्ति स्वामित्वलाई हेर्ने हो भने, दिगो विकास लक्ष्यको राष्ट्रिय पुनरावलोकन प्रतिवेदन अनुसार ३३.९३% महिलाको घरजग्गामा स्वामित्व छ, तर प्राय: निर्णय गर्न नपाउने, उपयोग गर्न नपाउने, र सम्पत्ति बिक्री वा व्यवस्थापन गर्न असमर्थ महिलाको सङ्ख्या अझै उच्च छ।

राजनीतिक सहभागिता भनेका महिला अधिकारको एक महत्त्वपूर्ण आयाम हो। नेपालको संविधान, २०७२ अनुसार महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरिएको भए पनि प्रतिनिधित्व अझै न्यून छ। राष्ट्रिय मानव विकास प्रतिवेदन २०२० अनुसार प्रतिनिधिसभामा ३२.७ %, राष्ट्रिय सभामा ३७.७ %, प्रदेश सभामा ३४.४ %, र स्थानीय तहमा ४९ % महिलाको प्रतिनिधित्व छ। यसरी देखिने संख्यात्मक वृद्धिलाई सकारात्मक उपलब्धिका रूपमा लिन सकिए पनि गुणात्मक सशक्तिकरण अझै चुनौतीपूर्ण छ–महिलाहरू अझै पनि निर्णय प्रक्रियामा सीमित प्रभावकारिताका साथ प्रतिनिधित्व गरिरहेका छन्। निजामती सेवामा महिलाको सहभागिता २६.१७%, स्वास्थ्य सेवामा ४७%, तथा सहकारीको सञ्चालकमा ४०% सहभागिता रहेको छ। यद्यपि यस्ता सङ्ख्याहरूले सकारात्मक सङ्केत गरे पनि कार्यस्थलमा लैङ्गिक विभेद, असुरक्षा, तथा सीमान्तीकृत

महिलाको पहुँचको अभाव अझै विद्यमान छन्।

महिलाहरूको अधिकार सैद्धान्तिक रूपमा सुनिश्चित भए तापनि व्यवहारमा तिनको उपभोग र संरक्षण अझै कमजोर रहेको यी सबै तथ्याङ्कहरूले देखाउँछन्। महिला अधिकारको अवस्था सुधार गर्न संविधानमा उल्लेख गरिएका प्रावधानहरूलाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै लैङ्गिक न्याय सुनिश्चित गर्ने संरचनागत सुधार, सामाजिक रूपान्तरण, कानुनी पहुँच, तथा महिलामैत्री सेवा प्रणाली आवश्यक छ।

**महिला अधिकारको संवैधानिक विकासक्रम**

सामान्य अर्थमा महिला अधिकार भन्नाले महिलाहरूको हक, हित, सुरक्षा र तीनको सहज उपभोग सुनिश्चत गर्ने संवैधानिक, कानुनी, र सामानजिक प्रयासलाई बुझिन्छ। यस अवधारणाअन्र्तगत महिलाको समानता, गोपनीयता, नागरिकता प्राप्ति तथा आफ्ना सन्तानलाई नागरिकता हस्तान्तरण, हिंसा विरुद्धको सुरक्षा, प्राकृतिक स्रोत साधनमा पहचुँ, स्थानीय निकायमा महिलाको उपस्थिति, निर्णायक क्षेत्रमा महिलाको समान सहभागिता, स्वास्थ्य विशेष गरी प्रजनन स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता आधारभूत आवश्यकता लगायतका विशेष अधिकार समेटिन्छन्।

नेपालमा महिला अधिकारको विकासको प्रत्याभूति संविधानको विकाक्रमसँगै जोडिएको छ। २००४ सालको राजनीतिक परिर्वतनपछि सातओटा संविधान जारी भएको छ। संवैधानिक विकासक्रलाई हेर्दा हालसम्म जारी भएका सात ओटा संविधानले नागरिकको हक अधिकारलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। २००४ सालमा लिखित संविधानको रूपमा जारी भएको “नेपाल सरकारको वैधानिक कानुन” बाटनै महिलाहरूको अधिकारप्रति संवैधानिक मान्यता शुरु भएको हो। यसपछिका संविधानहरू-अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९ र विशेषत: २०४७ पछि जारी भएका संविधानहरू -ले लैङ्गिक समानता र महिला अधिकारलाई क्रमश: गहिरो संवैधानिक आधार प्रदान गर्दै आएका छन्।

२०४७ सालको संविधानले समानताको सिद्धान्तलाई स्थापित गर्दै महिलाको हकलाई कानुनी संरक्षण प्रदान गऱ्यो भने, २०६३ को अन्तरिम संविधानले महिला अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरी अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डलाई आत्मसात् गऱ्यो। हाल कार्यान्वयनमा रहेको संविधानले समानता, सहभागिता, सशक्तिकरण र अविभेदको सिद्धान्तमा आधारित रहँदै महिला अधिकारलाई फराकिलो रूपमा समेटेको छ।

संविधानले पितृसत्तात्मक संरचनाबाट सिर्जित विभेद, हिंसा, र उत्पीडनको अन्त्य गर्न महत्त्वपूर्ण अवधारणागत प्रावधानहरू समेटेको छ। धारा ३८ ले महिला हकसम्बन्धी मौलिक अधिकार सुनिश्चित गरेको छ भने, धारा १८ ले सबै नागरिकबीच समानताको अधिकार प्रत्याभूत गरेको छ। महिलाको लागि विशेष व्यवस्था, समानुपातिक सहभागिता, मिश्रित निर्वाचन प्रणाली, र राष्ट्रिय महिला आयोगको गठन जस्ता संरचनागत उपायहरू पनि संविधानमा समावेश गरिएका छन्।

संविधानका यस्ता प्रावधान कार्यान्वयन गर्न नेपाल सरकारले विभिन्न

विशेष कानुन तथा नीतिहरू तर्जुमा गरेको छ। सर्वोच्च अदालतले पनि महिला अधिकारको प्रवर्द्धन र संरक्षणमा निर्णायक भूमिका निर्वाह गर्दै आएको छ। न्यायिक निर्णयहरूमार्फत अदालतले संविधान र अन्तर्राष्ट्रिय सन्धिहरूको व्याख्या गर्दै राज्यलाई नीति तथा कानुन संशोधन गर्न जावफदेही बनाएको छ।

उदाहरणस्वरूप, महिलाको पुर्ख्यौली सम्पत्तिमा अधिकारसम्बन्धी ऐतिहासिक फैसलाले लैङ्गिक समानताको बहसलाई नयाँ दिशा दियो। त्यसैगरी, घरेलु हिंसा, वैवाहिक बलात्कार, गोपनीयता उल्लङ्घन, बहुविवाह, र यौन दुर्व्यवहारसम्बन्धी मुद्दाहरूमा पनि अदालतले पीडितको अधिकारलाई केन्द्रमा राख्दै संवेदनशील दृष्टिकोणलाई प्रोत्साहित गर्ने फैसलाहरू गरिरहेको छ।

सर्वोच्च अदालतले केवल मुद्दा निरूपणमा सीमित नरही, राज्यको नीति निर्माण तहमा समेत महिला अधिकारलाई प्राथमिकता दिन निर्देशनात्मक आदेशहरू जारी गर्दै आएको छ। कतिपय भेदभावपूर्ण कानुनहरू खारेज गर्ने तथा संशोधन गर्न निर्देशन र संविधान र अन्तर्राष्ट्रिय सन्धिहरूको व्याख्या गर्दै कानुन निर्माण गर्न दिएको निर्देशनात्मक फैसलाहरूले अदालतको हस्तक्षेपलाई लैङ्गिक समानतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधारका रूपमा स्थापित गरेका छन्। राजनीतिक सहभागिता, शिक्षा, स्वास्थ्य सेवा, र प्रजनन अधिकारमा पहुँच सुनिश्चित गर्न गरिएको संवैधानिक व्याख्या र आदेशहरूले शासन प्रणालीमा लैङ्गिक उत्तरदायित्व स्थापित गर्न सहयोग पुऱ्याएका छन्।

अन्ततः, नेपालको महिला अधिकार आन्दोलन केवल संवैधानिक र कानुनी स्तरमा सीमित नरही व्यवहारिक रूपान्तरण र सामाजिक न्यायको दिशामा पनि दृढतापूर्वक अघि बढिरहेको छ। संविधान, कानुन, र न्यायिक निर्णयहरूबीचको सशक्त सहकार्यमार्फत मात्र महिला अधिकारको प्रत्याभूति सम्भव हुन्छ।

**महिला अधिकार संरक्षणः विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाहरू**

नेपाल महिला अधिकारको संरक्षण र लैङ्गिक समानताको प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रतिबद्धतासहित अगाडि बढिरहेको मुलुक हो। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न दुई दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू, जसमध्ये महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि प्रमुख हो, अनुमोदन गरिसकेको छ। संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रका रूपमा नेपालले आफ्ना नागरिकहरूको अधिकारको सम्मान, संरक्षण र पूर्ति गर्ने दायित्व बोक्दछ। महिला विरुद्ध हुने हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ को समितिमा नेपालद्वारा प्रस्तुत सातौं आवधिक प्रतिवेदनको समीक्षा र विश्वव्यापी आवधिक समीक्षाको तश्रो चक्र अर्न्तगत मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा कार्यदलको ४७ औं सत्रले सन् २०२१ नेपालको मानव अधिकारको अवस्थाको समीक्षा गरी जारी गरेको सिफारिसहरूमा विद्यमान कानुन तथा नीतिमा सुधार वा परिमार्जन गर्नु पर्ने उल्लेख छ।

दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. ५ ले सबै क्षेत्रमा महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने, लैङ्गिक समानता कायम गर्ने र महिला तथा

बालबालिकाको सशक्तिकरण गर्ने उद्देश्य राख्दछ।

लैङ्गिक हिंसा र भेदभाव अन्त्य गर्न नेपालमा विशिष्ट कानुनी व्यवस्था गरिएको छ। घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ र सोसँग सम्बन्धित नियमावली घरेलु हिंसा नियन्त्रणका लागि कार्यान्वयनमा छ। त्यसैगरी, महिलाविरुद्ध भेदभावपूर्ण कानुनलाई खारेज गर्न "केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३" कार्यान्वयनमा ल्याइएको हो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र सोसँग सम्बन्धित नियमावली, २०६५, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२ तथा तेजाव आक्रमणसम्बन्धी कानुनजस्ता प्रावधानहरू ले महिलाविरुद्ध हुने विविध प्रकृतिका हिंसालाई दण्डनीय बनाएको छ।

मुलुकी ऐन २०२० लाई प्रतिस्थापन गर्दै २०७४ मा लागू गरिएका नयाँ ऐनहरू- मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, र मुलुकी देवानी संहिता ले महिलाविरुद्ध हुने विभिन्न प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक/सांस्कृतिक कुरीतिजन्य व्यवहार तथा महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई आपराधिकरण गरेको छ। ती ऐनहरूमा जबरजस्तीकरणी, वैवाहिक बलात्कार, जातीय वा लैङ्गिक भेदभाव, सामाजिक अपमानजनक व्यवहार आदिलाई स्पष्ट रूपमा परिभाषित गरी दण्ड र क्षतिपूर्तिको व्यवस्था गरिएको छ।

मुलुकी देवानी संहिता २०७४ ले प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने, कुनै पनि भेदभाव नगरिने र न्यायको दृष्टिमा लैङ्गिक तथा सामाजिक समानताको सुनिश्चितता गर्ने व्यवस्था गरेको छ। कानुन विपरितका हानिकारक प्रथा तथा परम्परालाई अस्वीकार गर्दै समाजमा चलिआएका भेदभावपूर्ण अभ्यासहरू लाई निरुत्साहिन गर्ने व्यवस्था यस संहिताले गरेको छ।

महिलाविरुद्ध हुने हिंसाका सन्दर्भमा लागू भएका कानुनहरूलाई कार्यरूप दिन विभिन्न नियम, निर्देशिका, र कार्ययोजनाहरू निमार्ण गरिएको छ। तीमध्ये लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (२०६७), एकल महिला सुरक्षा कोष (२०७०), मानव बेचबिखन तथा ओसारपसार पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२, मानव बेचविखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखनविरुद्धको अभियानमा संलग्न सरोकारवालाहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८, एकद्वार सङ्कट व्यवस्थापन (सञ्चालन) निर्देशिका, २०७७ लगायतका व्यवस्थाहरू उल्लेखनीय छन्।

महिला, बालबालिका तथा ज्येष्ठ

नागरिक मन्त्रालयले लैङ्गिक समानतासम्बन्धी छाता नीतिको रूपमा राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ जारी गरेको छ। महिला, किशोरकिशोरी र बालबालिकाको सामाजिक उन्नति सुनिश्चित गर्न नीतिगत र संरचनात्मक संयन्त्रहरू स्थापना गर्नु, भेदभाव र लैङ्गिक हिंसा अन्त्य गर्नु, लैङ्गिक जवाफदेही शासन अपनाउनु र महिलाको आर्थिक सशक्तिकरण प्राप्त गर्ने उद्देश्य यस नीतिको रहको छ। लैङ्गिक समानता र महिला सशक्तिकरणलाई अगाडि बढाउन यसले विशेष गरी महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणलाई लक्षित गर्दछ साथै महिला, पुरुष, लैङ्गिक र यौन अल्पपसङ्ख्यकहरूबीच कानुनी र वास्तविक समानता स्थापित गर्दछ र ती लक्ष्यहरू प्राप्त गर्न रणनीतिहरूको रूपरेखा प्रस्तुत गर्दछ।

नेपालमा राज्य पुनर्संरचना र कानुनी सुधार प्रक्रियाहरू अविभेद, लैङ्गिक समानता र सामाजिक न्यायको सम्बन्धमा राज्यको अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धताहरूद्वारा निर्देशित छन्। कानुन, नीति, र प्रशासनिक र न्यायिक संयन्त्रमा विद्यमान विभेद र असमानता उन्मूलन गर्नुपर्छ। नेपालमा महिला अधिकारलाई सुनिश्चित गर्न विभिन्न कानुनी तथा नीतिगत प्रावधानहरू लागु गरिएका छन्। नेपालको संविधानले महिलालाई समान अधिकार प्रदान गरेको छ, जसमा राजनीतिक सहभागिता, सम्पत्तिको अधिकार, शिक्षा तथा रोजगारमा समान अवसर, र लैङ्गिक हिंसा विरुद्ध सुरक्षण समावेश छन्। दायित्व पालना गर्ने प्रतिक्रिया स्वरूप नेपालको संविधान २०७२ ले ३१ ओटा मौलिक अधिकारहरू सुनिश्चित र सबै तहमा प्रभावकारी सेवा वितरण सुनिश्चित गर्न प्रयास गरिरहेको छ। महिला, दलित, मधेशी, मुस्लिम, आदिवासी, थारू समुदायले सामना गर्ने असमानतालाई र विभेदको अवस्थालाई सम्बोधन गर्न संवैधानिक रूपमा कार्यदेश प्राप्त अधिकारमुखी आयोगहरूका अतिरिक्त राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोगको रूपमा व्यवस्था गरेको छ। त्यसैगरी महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।

लैङ्गिक हिंसा रोकथाम र प्रतिकार गर्न औपचारिक न्याय प्रणाली अर्न्तगत सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरू मिलेर बनेको तहगत न्यायपालिकाको व्यवस्था गरिएको छ। ७७ जिल्लामा रहेका अदालतहरूले प्रत्येकले देवानी र फौजदारी मुद्दाहरूको उजुरीका न्यायिक निरूपण गर्दछन्। हालैका प्रगतिहरूमा महिला र बालबालिकाका मुद्दाहरूलाई छिटो छरितो बनाउन काठमाडौं जिल्ला अदालतको पारिवारिक अदालत र मंसिर २०८१ सालमा बाल अदालत स्थापनाका लागि न्यायाधीशहरूको नियुक्ति गरेको छ। संविधानले न्याय वितरणलाई विकेन्द्रीकृत गर्ने र औपचारिक कानुनी प्रणालीमा पहुँचमा रहेका अवरोधहरूलाई कम गर्ने उद्देश्यले ७ सय ५३ स्थानीय तहहरूमा न्यायिक समितिहरू गठन गर्ने आदेश दिएको छ। उपमेयर वा उपाध्यक्षको नेतृत्वमा तीन सदस्यहरू मिलेर बनेको यी

समितिहरूले संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐनको धारा ४७ (१) र (२) मा जिल्ला अदालतहरूको निरीक्षणमा काम गर्दछन्। यी औपचारिक अदालतहरू स्थानीय र अर्धन्यायिक निकायहरू (न्यायिक समितिहरू, स्थानीय अदालतहरू र मध्यस्थता केन्द्रहरूद्वारा पूरक छन् जसले समुदाय स्तरमा आउने विवाद समाधानलाई सहज बनाउँछ। विशेष गरी ग्रामीण र सीमान्तकृत क्षेत्रहरूमा यी संयन्त्रहरूले प्राय: धेरैका लागि न्यायमा पहुँचको प्रारम्भिक बिन्दुको रूपमा काम गर्दछ।

केही वर्षयता सरकारीस्तरबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन्। त्यसबाहेक महिलालाई आत्मनिर्भर, आर्थिक स्वनिर्भर गराउन विभिन्न सङ्घ/संस्थाले सञ्चालन गरेका सशक्तिकरणका कार्यक्रम र अभियानमार्फत प्रयास भइरहेको छ। साथै योजनाबद्ध विकासमा लैङ्गिक हिंसा नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय प्रावधानहरूको कार्यान्वयन गर्न राष्ट्रियस्तरमा विविध कानुनी प्रावधानहरूको व्यवस्था गरिएका छन्। तर कानुनी र नीतिगत व्यवस्थाहरू भएर पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाविरुद्ध हुने हिंसा नियन्त्रण हुन सकेको छैन। महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि सबै सरोकारवालाको भूमिका महत्त्वपूर्ण हुन्छ। संविधान र कानुन प्रदत्त हक अधिकारलाई व्यवहारमा लागु गर्नका लागि राज्यको उचित संयन्त्रसहितको प्रतिबद्धता र सबै सरोकारवालाको प्रभावकारी ऐक्यबद्धता आवश्यक छ। न्यायिक सक्रियताको बाबजुद कार्यान्वयनमा कमजोरी, पीडितमैत्री संरचनाको अभाव, र न्यायको ढिलासुस्तीजस्ता चुनौतीहरू अझै विद्यमान छन्। यी चुनौतीहरूलाई सम्बोधन गर्दै अदालतको फैसला कार्यान्वयनमा राज्यका निकायहरू, नागरिक समाज, र कानुनी समुदायको सहकार्य अपरिहार्य देखिन्छ।

**विद्यमान चुनौती र समाधानका उपायहरू**

नेपालको संविधान र कानुनी संरचनाले महिला अधिकार सुनिश्चित गर्ने उल्लेखनीय प्रगति गरेका छन्। यद्यपि व्यवहारिक कार्यान्वयनका स्तरमा अझै गम्भीर चुनौतीहरू विद्यमान छन्। महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् अन्तर्गतको विश्वव्यापी आवधिक समीक्षामा बारम्बार नेपालमा प्रचलित विभेदकारी नीतिहरूको अन्त्यका लागि सिफारिसहरू गरिँदै आएको छ। यस्ता सिफारिसहरू पहिलो चक्रदेखि दोहोरिएर तेस्रो चक्रसम्म आइपुग्दा समेत पूर्ण रूपमा कार्यान्वयन नभएको अवस्था चिन्ताजनक छ।

न्यायिक सक्रियता अन्तर्गत केही उल्लेखनीय निर्णयहरू भए तापनि ती निर्णयहरूको कार्यान्वयनमा सुस्तता, राज्य संयन्त्रहरूको असंवेदनशीलता, र पीडितमैत्री प्रणालीको अभावका कारण महिला पीडितहरूको न्यायमा पहुँच सुनिश्चित हुन सकेको छैन। यसले देखाउँछ कि संविधानमा भएका घोषणाले मात्र अधिकार सुनिश्चित हुँदैन, ती अधिकारहरूको व्यवहारिक कार्यान्वयनमा सबै राज्य संयन्त्रहरूको स्पष्ट प्रतिबद्धता आवश्यक हुन्छ। साथै, नागरिक समाज, कानुनी समुदाय र आम जनताको सक्रिय सहकार्यले मात्र महिला अधिकारको

# महिलाको मौलिक अधिकारसँग सम्बन्धित संवैधानिक प्रावधान

**नेपालको वैधानिक कानुन २००४**

- कानुनको अगाडि पूर्ण समानता, उमेर पुगेका नागरिक सबैले मतदान गर्न पाउने समान हक (धारा ४)

**नेपालको अन्तरिम शासन विधान २००७**

- स्त्री पुरुष दुबैलाई समान कामको लागि समान तलब दिलाउने (धारा ५)
- प्रसूती-सहायताको निमित्त प्रवन्ध गर्ने (धारा ८)
- लिङ्ग वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने (धारा १५)
- सरकारी पदमा काम लाउने वा नियुक्त गर्ने सम्बन्धमा सबै नागरिकहरू ले समान अवसर पाउने (धारा १६)

**नेपाल अधिराज्यको संविधान २०१५**

- सबै नागरिक कानुनको समान संरक्षणको हकदार हुने, सामान्य कानुनको प्रयोगमा र सरकारी सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि लिङ्गको आधारमा भेदभाव नगरिने (धारा ४)

**नेपालको संविधान २०१९**

- सबै नागरिक कानुनको समान संरक्षणका हकदार हुने, सामान्य कानुनको प्रयोगमा र सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि लिङ्गको आधारमा भेदभाव नगरिने (धारा १०)
- वर्गीय सङ्गठनहरूको रूपमा नेपाल महिला सङ्गठन स्थापना र सञ्चालन (धारा ३७ क)

**नेपाल अधिराज्यको संविधान २०४७**

- लिङ्गको आधारमा भेदभाव नगरिने, महिला वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिकमा भेदभाव नगरिने (धारा ११)
- महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति र शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गने (धारा २६)
- राष्ट्रिय सभामा कम्तीमा तीन जना महिला सदस्य (धारा ४६)

- प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेदवारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार अनिवार्य (धारा ११४)

**नेपालको अन्तरिम संविधान २०६३**

- सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, राज्यले नागरिकहरूकाबीच कुराको आधारमा भेदभाव नगर्ने, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने (धारा १३)
- महिला नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने (धारा १८)
- महिलाको हक अन्र्तगत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने,
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने र पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने (धारा २०)
- समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने (धारा २१)
- राज्य संरचनाका समानुपातिक समावेशीको आधारमा सहभागी गराउने (धारा ३३)
- राज्यले एकल महिलाको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने, सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने, कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्ने (धारा ३५)
- राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा कानुनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने र कूल सङ्ख्यामा न्यूनतम एक तिहाई उम्मेदवारी दिनु पर्ने (धारा ६३)
- राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिला सहित विविधता कायम गर्नु पर्ने (धारा १३१)
- नेपाली सेनालाई समावेशी बनाउन महिला जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिने (धारा १४४)
- महिलाको हक हितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोग गठन गर्न सक्ने (धारा १५४)

**नेपालको संविधान २०७२**

- लैङ्गिक विभेद अन्त्य गर्ने, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प (प्रस्तावना)
- वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको

नामबाट लैङ्गिक पहिचान समितको नेपालको नागकिताको प्रमाणपत्र पाउन सक्ने (धारा ११)

- सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात , लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव नगरिने, समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने (धारा १८)
- प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हक हुने (धारा ३१),
- महिलाको हक अन्तर्गत समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बनधी हक, सांस्कृतिक परमपरा वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, राज्यका सबै निकायमा समानुपातिक समाबेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा अवसर प्राप्त हुने, सम्पत्ति तथा पारिवारि मामिलामा समान हक हुने (धारा ३८)
- सामाजिक न्यायको हक अन्तर्गत राज्यको निकायमा सहभागिताको हक हुने (धारा ४२)
- असहाय एकल महिलाला सामाजिक सुरक्षाको हक हुने (धारा ४३)
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने, (धारा ५१)
- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने (धारा ७०)
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने, सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने (धारा ८४)
- प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुन बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला सदस्य, नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिला

सहित तीन जना (धारा ८६)

- प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्ने (धारा ९१)
- राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नुपर्ने (धारा ९२)
- प्रदेश व्यवस्थापिकामा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने, प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने (धारा १७६), प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्ने (धारा १८२)
- स्थानीय कार्यपालिकामा गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने (धारा २१५), नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य हुने (धारा २१६) र जिल्ला सभाले कम्तीमा तीन जना महिला सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने (धारा २२०)
- स्थानीय व्यवस्थापिकामा गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने (धारा २२२), नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने (धारा २२३)
- नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहने (धारा २५२)
- राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्ने (धारा २८२)
- संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने (धारा २८३)
- सङ्घीय निजामती सेवा लगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने (धारा २८५)

प्रत्याभूति सुनिश्चित हुन सक्छ।

महिला अधिकारसम्बन्धी संविधान तथा कानुनको कार्यान्वयन सुदृढ पार्न निम्न पक्षमा गहन ध्यान दिनुपर्ने आवश्यकता छः

**संविधानको संशोधन**

संविधानका प्रावधानहरूमा महिला अधिकार र समानता सुनिश्चित गर्न आवश्यक छ। पहिचान अथवा नागरिकताको अधिकारबारे महिलामाथि संविधानमै विभेद विद्यमान छ। संवैधानिक व्यवस्थामा आवश्यक संशोधन महिलासँग सम्बन्धित अधिकारहरू संविधानमै सुनिश्चित गरिए पनि केही व्यवस्थाहरू महिलामाथि विभेदकारी छन्। विशेषतः नागरिकता सम्बन्धी धारा ११(५), ११(६), र ११(७) ले महिलालाई आफ्ना बालबालिकालाई स्वतन्त्र रूपमा नागरिकता दिनबाट रोक्दछ, जुन लैङ्गिक समानताको मर्मविपरीत छ। यस्ता व्यवस्थाहरू खारेज गर्दै प्रत्येक अभिभावकलाई समानरूपमा नागरिकता प्रदान गर्ने अधिकार सुनिश्चित गर्न संविधान संशोधन अपरिहार्य छ। त्यसैगरी, राजनीतिक सहभागितामा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न प्रतिनिधिसभा, प्रदेशसभा, र स्थानीय तहका निर्वाचनमा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य बनाउने संवैधानिक प्रावधान आवश्यक देखिन्छ।

**प्रचलित कानुनको समसामयिक समीक्षा र संशोधन**

नेपालको संविधान २०७२ ले लैङ्गिक समानता, मानव अधिकार, र सामाजिक न्यायको जगमा निर्माण भएको भए पनि, प्रचलित अधिकांश कानुनहरू संविधान जारी हुनु अगाडि बनाइएका हुनाले ती कानुनी संरचनाहरू संविधानको मर्मसँग मेल खाँदैनन्। यी असंगत प्रावधानले महिला अधिकारको प्रत्याभूति र लैङ्गिक हिंसाविरुद्धको कानुनी प्रभावकारिता दुबैमा गम्भीर अवरोध उत्पन्न गरेका छन्।

विद्यमान कानुनहरू संविधानको मूल मर्म-जस्तै लैङ्गिक समानता (धारा १८), महिला अधिकार (धारा ३८), र मानव अधिकारको सम्मान (धारा १६)–सँग मेल नखाने अवस्थाले प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याइरहेको छ। त्यसैले संविधानको भावना, अन्तर्राष्ट्रिय कानुनी दायित्व, र महिलाको मानवीय गरिमा सुनिश्चित गर्ने लक्ष्यलाई व्यवहारमा उतार्न कानुनहरूको समयसापेक्ष समीक्षा र संशोधन अत्यावश्यक छ। प्रचलित कानुनी ढाँचाको समग्र पुनरावलोकन गरी, संवैधानिक समानता र लैङ्गिक न्यायका सिद्धान्तसँग सुसङ्गत बनाउँदै, दण्डहीनता अन्त्य गर्न सक्षम, पीडित-मैत्री, र उत्तरदायी न्याय प्रणाली निर्माण गर्नु अपरिहार्य छ।

**मुलुकी अपराध संहिता र देवानी संहिताबीचको समन्वयको आवश्यकता**

दुई प्रमुख कानुनी दस्तावेजहरू– मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४–ले नागरिकहरूको व्यवहार र दायित्वहरूलाई निर्देशित गर्ने आधार तय गर्छन्। तर व्यवहारमा यी दुई संहिताका कतिपय प्रावधानहरूबीच विरोधाभास देखिन्छ, जसले कानुनी व्याख्या, कार्यान्वयन र पीडितको न्याय प्राप्तिमा अन्योल सिर्जना गरिरहेको छ। विशेषतः बहुविवाह र सम्पत्ति बाँडफाँडका सन्दर्भमा। अपराध संहिताले बहुविवाहलाई दण्डनीय अपराध मानेको छ भने देवानी संहिताले त्यस




# इन्सेक र महिला अधिकार अभियान

१ इन्सेकद्वारा २०५५ मङ्सिर ८-१० गते ललितपुरमा आयोजित महिला जनप्रतिनिधि राष्ट्रिय कार्यशालाका सहभागीहरू

२ महिला जनप्रतिनिधि राष्ट्रिय कार्यशालाको समापनमा मन्तव्य राख्दै इन्सेकका अध्यक्ष सुशील प्याकुरेल

३,४ महिला हिंसा विरुद्ध २०७९ पुस १२ गते काठमाडौंमा आयोजित विरोध प्रदर्शन

५ दाइजो प्रथा विरुद्ध २०६० जेठ २६ गते आयोजित र्‍याली

६,११ पैतृक सम्पत्तिमा समान अधिकारको माग गर्दै २०५२ सालमा आयोजित धर्ना

७ ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २०८० फागुन २५ गते धनुषामा आयोजित दीप प्रज्ज्वलन कार्यक्रम

८ महिला तथा बालबालिका विरुद्धको हिंसासम्बन्धी प्रतिवेदन सार्वजनिक कार्यक्रम

९ महिला हिंसा विरोधी सचेतनामूलक नाटक प्रर्दशनका सहभागीहरू

१० दाइजो प्रथा विरुद्ध काठमाडौंमा २०६० जेठ २६ गते आयोजित र्‍याली

१४ महोत्तरी जिल्ला, सिमरदही गाविस–१ मा बोक्सी काण्डकी पीडित मरनीदेवी २०५८ साउन ३० गते काठमाडौंमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्तव्य राख्दै



३



४



५



६




७



८



९



१०




११



१२



संयोजनः गीता माली




सम्बन्धलाई वैधानिक मान्यता दिने खालका अस्पष्ट प्रावधानहरू राखेको छ। यस्ता असमझदारीले पीडितलाई न्याय प्राप्तिमा बाधा र दोषीलाई लाभ पुऱ्याउने सम्भावना सिर्जना गर्छ। यसकारण, यी संहिताबीच स्पष्टता सुनिश्चित गर्न समन्वित कानुनी पुनरावलोकन आवश्यक छ। अदालत, कानुन कार्यान्वयन गर्ने निकाय र पीडित सबैलाई स्पष्ट मार्गदर्शन प्रदान गर्न फौजदारी र देवानी संहिताबीच समान दृष्टिकोणका लागि एक संयोजित कानुनी पुनरावलोकन प्रक्रिया आवश्यक छ।

**संरचनागत समायोजन र अद्यावधिक**

सङ्घीय संरचनामा परिवर्तन भए तापनि, कानुनी कार्यान्वयनका संरचनाहरू अझै पुराना प्रावधानअनुसार सञ्चालन भइरहेका छन्। यसले व्यवहारमा अधिकारको कार्यान्वयनलाई जटिल बनाएको छ। उदाहरणको लागि घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा समन्वय गर्ने कार्यसमेतका लागि प्रत्येक महिला विकास कार्यालयमा एकजना महिला संरक्षण अधिकृत रहने व्यवस्था भएकोमा नयाँ संरचनामा महिला तथा बालबालिका कार्यालय हटाइएको हुनाले स्थानीय तहलाई थप जिम्मेवार बनाउन आवश्यक देखिन्छ। नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानुनी सहायता समितिमार्फत निःशुल्क कानुनी सहायता उपलब्ध गराउने उल्लेख गरिएकोमा एकद्वार सङ्कट व्यवस्थापन (सञ्चालन) निर्देशिका २०७७ अनुसार अस्पतालस्थित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको समन्वयमा पीडितलाई निःशुल्क कानुनी सहायता वा मनोसामाजिक परामर्श दिने प्रावधान रहेकोले यस प्रावधान समेत ऐनमा समावेश गर्नुपर्ने देखिन्छ। त्यसैगरी कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ अर्न्तगत उजुरी सुन्ने अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारीविरुद्धको उजुरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित क्षेत्रको क्षेत्रीय प्रशासकलाई हुने व्यवस्था भएकोमा क्षेत्रीय प्रशासकको व्यवस्था खारेज भएको र क्षेत्रीय प्रशासकको स्थानमा प्रदेशको प्रमुख सचिवको जिम्मेवारी बमोजिम संशोधन गर्न आवश्यक छ। यस्ता कानुनी र संरचनात्मक व्यवस्थाहरूलाई अद्यावधिक गर्दै वर्तमान शासन प्रणालीसँग मिल्ने बनाउन आवश्यक छ।

**पीडित-केन्द्रित संरचना र प्रणालीगत जवाफदेहीता**

लैङ्गिक हिंसा, मानव अधिकार उल्लङ्घन, र महिला विरुद्धको अन्यायका

मुद्दाहरूमा पीडितमैत्री संरचना अझै निर्माण हुन सकेको छैन। उजुरी दर्तादेखि न्याय प्राप्तिसम्मको प्रक्रियामा महिलाहरूले अपमानजनक व्यवहार, गोपनीयताको उल्लङ्घन, ढिलासुस्ती, र संवेदनशीलताको अभावको सामना गर्नुपरेको छ। कानुनहरूले पीडितको हक सुनिश्चित गरेजस्तो देखिए पनि व्यवहारिक कार्यान्वयनमा ती अधिकारहरू सुनिश्चित हुने वातावरण छैन। विशेषत: न्याय सम्पादन प्रक्रियामा पीडितको आवाज सुन्ने, उनीहरूको सुरक्षाको प्रत्याभूति दिने, तथा घटनापछि शारीरिक, मानसिक र सामाजिक पुन:स्थापनाको सुनिश्चितता गर्ने संरचना अत्यन्त कमजोर छ। उदाहरणका लागि, अदालतमा यौन हिंसाका मुद्दा चलाउँदा पीडितको पुन:पुछताछले पुन:पीडित बनाउने, गोपनीयता पर्याप्त सुरक्षा नहुने, तथा अनुसन्धान अधिकारी र न्यायाधीशको लैङ्गिक संवेदनशीलता अभावले मुद्दा कमजोर हुने गरेको छ।

त्यसैगरी, पीडितका लागि आवश्यक पर्ने सुरक्षित आवास, मनोवैज्ञानिक परामर्श, कानुनी सहायता, तथा सुरक्षाको व्यवस्थापनमा राज्यका संयन्त्रहरू निर्बल छन। सरकारी सेवा केन्द्रहरूमा रहेका सेवा प्रदायकहरूलाई पीडित-मैत्री व्यवहार तथा संवेदनशीलता तालिमको अभाव छ, जसले गर्दा पीडितहरू प्रणालीमै पहुँच बिहीन बन्ने स्थिति सिर्जना भएको छ।

जवाफदेहिताको सन्दर्भमा हेर्दा अपराधपछि हुने अनुसन्धान, अभियोजन र न्याय सम्पादनको प्रक्रियामा संस्थागत ढिलासुस्ती, प्रभावशाली व्यक्तिको प्रभाव, तथा पीडितको संरक्षण र सहभागितालाई उपेक्षा गर्ने प्रवृत्तिले न्यायमा पहुँच अझै टाढा बनाइदिएको छ। कतिपय अवस्थामा पीडितमाथि मुद्दा फिर्ता लिन दबाब दिने, मिलापत्रको नाममा दोषीलाई उन्मुक्ति दिने प्रवृत्ति पनि देखिन्छ, जसले कानुनको मर्म र पीडितको न्यायको अधिकारलाई क्षति पुऱ्याउँछ। यस सन्दर्भमा, केवल कानुनमा परिवर्तन ल्याउनु पर्याप्त हुँदैन कार्यान्वयन गर्ने संस्थाहरूको संरचना, प्रक्रिया र व्यवहारमा समेत पीडित केन्द्रित अवधारणा र उत्तरदायित्व सुनिश्चित गर्न ठोस र दिगो सुधार आवश्यक छ। विशेष गरी पीडितको आवश्यकतालाई केन्द्रमा राखेर सेवा प्रवाह गर्ने, संवेदनशील र समावेशी व्यवहार गर्ने, र राज्य संयन्त्रलाई परिणाममुखी बनाउने प्रयास अत्यावश्यक भइसकेको छ।

**अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन**

नेपालले महिला अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गरिसकेको छ। संविधानमा पनि यी सन्धिहरूको पालना गर्ने स्पष्ट व्यवस्था गरिएको छ। तर, व्यवहारमा तिनको कार्यान्वयन अझै कमजोर छ। अत: अन्तर्राष्ट्रिय दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अबको मुख्य प्राथमिकता हुनुपर्छ। नेपालको संविधान र अन्तर्राष्ट्रिय संयन्त्रमा व्यवस्था भएका महिला अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गरी सम्पूर्ण महिलाहरूको अधिकार स्थापित गर्नु आजको प्रमुख आवश्यकता हो। संविधानमा उल्लेख भएका मौलिक हकहरू को कार्यान्वयनको लागि आवश्यक ऐन तथा नियमहरूको तर्जुमा यथाशक्य छिटो हुनुपर्छ। संविधान बमोजिम भएको स्थानीय तहको निर्वाचन पश्चात् महिलाको आर्थिक, सामाजिक सशक्तिकरण गर्नुका साथै महिला र बालिका उपर हुने विभेदको अन्त्य गर्ने जिम्मेवारी

स्थानीय तहमा हस्तान्तरण हुँदैछ। यसको लागि सक्षम र प्रतिस्पर्धी स्थानीय तहको आवश्यकता पर्दछ। यसका साथै महिलाउपर हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, बेइजिङ घोषणा र २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्न यी सबै संयन्त्रहरूको स्थानीयकरण यथाशीघ्र गर्न जरुरी छ।

**निष्कर्ष**

नेपालमा महिला अधिकारको संवैधानिक विकास क्रम शोषण र विभेदको अन्त्य गर्दै समानता, स्वतन्त्रता र सहभागिता सुनिश्चित गर्ने दिशामा केन्द्रित रहँदै आएको छ। संविधान र कानुनमार्फत महिला अधिकारको प्रत्याभूति गर्दै विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति भए तापनि ती अधिकारहरूको व्यावहारिक कार्यान्वयन अझै पनि चुनौतीपूर्ण छ। समस्या केवल नीति निर्माण वा कानुनी घोषणामा सीमित छैन। कार्यान्वयनको संवेदनशीलता, प्रभावकारिता र जवाफदेहीतामा रहेको कमजोरीले अधिकारहरूको व्यवहारिक प्रत्याभूति कठिन बनाएको छ।

संवैधानिक विभेद, कानुनी असङ्गति, संरचनागत अव्यवस्था, र पीडितमैत्री सेवाको अभावले गर्दा महिला अधिकारको संरक्षण र न्यायमा पहुँच बाधित भइरहेको छ। साथै, अन्तर्राष्ट्रिय संयन्त्रहरूबाट पटक-पटक उठाइएका सिफारिसहरू कार्यान्वयन नभएकाले राज्यको प्रतिबद्धता र क्षमतामाथि प्रश्न उठ्न थालेको छ। विशेषत: न्यायिक निर्णयको पालना, संवेदनशीलता अभिवृद्धि, र उत्तरदायी संरचना निर्माणमा स्पष्ट कमी देखिन्छ। प्रभावकारी कार्यान्वयन नहुनु, लैङ्गिक पूर्वधारणाबाट प्रेरित व्यवहार, पीडितको न्यून पहुँच तथा कमजोर अनुगमन प्रणाली जस्ता कारणले हिंसा नियन्त्रणमा पूर्ण सफलता प्राप्त हुन सकेको छैन।

यस सन्दर्भमा, संविधानका विभेदपूर्ण प्रावधानहरूको संशोधन, कानुनहरूको समयसापेक्ष पुनरावलोकन, फौजदारी र देवानी संहिताको सुसंगति, सङ्घीय संरचनासँग मेल खाने व्यवस्थाको निर्माण, र पीडित केन्द्रित तथा जवाफदेही प्रणालीको विकास अहिलेको आवश्यकता हो। अबको प्राथमिकता संरचनागत र व्यवहारगत रूपान्तरणमार्फत संवैधानिक अधिकारलाई नागरिकको दैनिक जीवनमा रूपान्तरण गर्नु हो।

महिला अधिकार सुनिश्चित गर्ने अभियान केवल कानुनी दस्तावेजमा सीमित नरही व्यवहारमा अनुभूत हुने गरी कार्यान्वयन हुनुपर्छ। यसका लागि राज्य, नागरिक समाज, कानुन व्यवसायी, न्यायिक निकाय र सरोकारवाला सबै पक्षबीचको समन्वयात्मक प्रयास अपरिहार्य छ। अन्तत:, नीतिगत प्रतिबद्धता, संस्थागत सक्रियता र सामाजिक रूपान्तरणको दीर्घकालीन प्रयासमार्फत मात्र महिला अधिकारको वास्तविक प्रत्याभूति सम्भव हुनेछ। लोकतान्त्रिक नेपालको भविष्य महिला अधिकारको संरक्षण र प्रवर्द्धनमै निर्भर रहेको स्पष्ट सन्देशसहित सबै तहले जिम्मेवारी बहन गर्नुपर्ने समय आएको छ। संविधान र कानुन प्रदत्त हकलाई व्यवहारमा उतार्न राज्यको प्रतिबद्धता, प्रभावकारी संयन्त्र र सबै सरोकारवालाको सहकार्य अपरिहार्य छ।

*(लेखक : मानव अधिकार र सामाजिक न्यायका विभिन्न विषयमा अनुसन्धान गर्नुहुन्छ ।)*

विश्लेषण

# महिलामाथि हुने हिंसा र यसको दुष्प्रभाव

महिलामाथि हुने हिंसा भन्ने बित्तिकै हामीहरूले लैङ्गिक विभेदमा आधारित हिंसा भनेर भनिहाल्छौँ। महिलामाथि हुने हिंसा लैङ्गिक विभेदमा हुने हिंसा भित्र त पर्छ नै, तर लैङ्गिक विभेदमा आधारित हिंसाको परिभाषा भित्र महिलामाथि हुने हिंसा मात्रै पर्दैन। त्यसैले महिलामाथि हुने हिंसाको विषयमा स्पष्ट बुझ्न बुझाउन लैङ्गिक विभेदमा आधारित हिंसाको विषयमा जानकारी राख्न जरुरी हुन्छ। लैङ्गिक विभेदमा आधारित हिंसा भन्नाले कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा गरिने भेदभाव, असमान व्यवहार एवम् कसुरजन्य क्रियाकलापहरू पर्दछन्। जुन समाजले निर्माण गरेको विभेदकारी व्यवहार हो र यो महिला, पुरुष र यौनिक अल्पसङ्ख्यक सबै माथि गरिएको हुन्छ। त्यसैले व्यक्तिलाई उसको लिङ्गको आधारमा समाजमा रहेका चालचलबाट निर्देशित भई गरिएका सम्पूर्ण विभेदपूर्ण कार्यहरू लैङ्गिक विभेदमा आधारित हिंसा हुन्। अर्थात् लैङ्गिक विभेदमा आधारित हिंसाभित्र शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक, यौनिक रूपले पीडा दिने वा पुऱ्याउने खालका काम तथा धम्कीपूर्ण व्यवहार, लिङ्गको आधारमा हुने कुनै पनि प्रकारको अपमान, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिला, पुरुष वा यौनिक अल्पसङ्ख्यकलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गराइने कार्य पर्दछन्। साथै त्यस्ता कार्यहरू गर्नका लागि डर धम्कीजस्ता व्यवहारहरूदेखि लिएर व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार पर्दछन्। नेपाल प्रहरीको अपराध अनुसन्धान विभागको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयले हरेक वर्ष लैङ्गिक हिंसाको वार्षिक तथ्यपत्र प्रकाशन गर्दै आएको त्यसैको आधारमा आमरूपमा महिला माथि हुने हिंसाको तथ्याङ्कलाई व्याख्या र विश्लेषण गर्ने गरिएको छ।



नारायणी देवकोटा

यस लेखको सुरुआतमा लैङ्गिक विभेदमा आधारित हिंसा वा नेपाल प्रहरीको भाषामा लैङ्गिक हिंसाको प्रसङ्गलाई केही प्रकाश पारेपछि महिलामाथि हुने हिंसा र त्यसको प्रभावको विषयलाई समेटिने छ। नेपाल प्रहरीको उक्त तथ्यपत्रमा १९ ओटा उपशीर्षकमा घटनालाई वर्गीकृत गरिएको छ। जसमा यौनजन्य हिंसालाई नै एउटा उदाहरणको रूपमा लिन सकिन्छ। नेपाल प्रहरीले महिला, पुरुष र यौनिक अल्पसङ्ख्यक सहितलाई समेटेर यौनजन्य हिंसाको तथ्याङ्क सार्वजनिक गरेको छ। जसमा जबरजस्तीकरणी, जबरजस्तीकरणी उद्योग, बाल यौन दुर्व्यवहार/दुरूपयोग, अप्राकृतिक मैथुन, अपहरण, शरीर बन्धक गरी जबरजस्तीकरणी, अभद्र व्यवहार (सार्वजनिक स्थलमा हुने महिला, बालबालिका विरुद्धको यौनजन्य दुर्व्यवहार) सहित सात

ओटा उपशीर्षकमा २ हजार ४ सय ८९ जना हिंसा प्रभावित भएको उल्लेख गरिएको छ। जसमध्ये २० जना पुरुष, एक जना यौनिक अल्पसङ्ख्यक रहेको तथ्याङ्कमा उल्लेख छ। नेपालमा यौनजन्य हिंसामा पुरुषको तुलनामा महिला अत्यधिक पर्ने गरेको देखाउँछ। तर, सम्पूर्ण तथ्यलाई महिलामाथि हुने हिंसा भन्न भने मिल्दैन।

लैङ्गिक विभेदमा आधारित हिंसा महिला, पुरुष र यौनिक अल्पसङ्ख्यकहरू सबै माथि हुन्छ। तर, वर्तमान समयमा मानव समाजमा रहेको पितृसत्तात्मक शक्ति संरचनाका कारण लैङ्गिक विभदेमा आधारित हिंसा सबैभन्दा बढी महिलामाथि हुन्छ (यौनिक अल्पसङ्ख्यक भित्र पनि महिला यौनिक अल्पसङ्ख्यक पुरुष यौनिक अल्पसङ्ख्यक भन्दा विभेद र हिंसामा परेका हुन्छन्)। लैङ्गिक विभेदमा आधारित हिंसा र महिलामाथि हुन हिंसा समानार्थी जस्तो लागे पनि समानार्थी शब्द भने होइनन् र लैङ्गिक विभेदमा आधारित हिंसा भन्ने वित्तिकै महिला माथि मात्रै हुने हिंसा हो भनेर बुझ्नु हुँदैन।

**महिलामाथि हुने हिंसाको परिभाषा**

महिलामाथि हुने हिंसाको बारेमा स्पष्ट हुनका लागि संयुक्त राष्ट्रसंघले १९७९ मा जारी गरेको महिलामाथि हुने सबै प्रकार विभेद उन्मूलनसम्बन्धी घोषणापत्र (सिड, १९६३) उपयुक्त हुन्छ :

> महिलामाथि हुने हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक, सामाजिक एवं हिंसात्मक व्यवहारहरू हुन्। यस्ताखाले व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिका उपर गरिने यौनशोषण, दाइजोका कारण गरिने दुर्व्यबहार, वैवाहिक जीवनभित्रको बलात्कार, योनीच्छेदनका साथै विभिन्न किसिमका घातक सामाजिक साँस्कृतिक परम्पराहरू पर्दछन्। (महिलामाथि हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९७९)

त्यसैगरी सन् १९९५ मा भएको महिलाहरूको बेइजिङ्ग विश्व सम्मेलनले महिलामाथि हिंसाको बारेमा “महिला विरुद्धको हिंसा समानता प्राप्त गर्ने बाटोको बाधक तत्त्व हो। महिला विरुद्धको हिंसा जुनसुकै स्थान चाहे त्यो सार्वजनिक स्थलमा होस् वा कार्यस्थल वा घरभित्र होस्, त्यो महिलाको मानव अधिकारको विषय हो।” भनेर व्याख्या गरेको छ। (बेइजिङ्ग घोषणापत्र तथा कार्ययोजना १९९५)

नेपालमा महिलामाथि हुने हिंसाका विविध रूपहरू रहेका छन्। यी रूपहरूलाई हेर्न र बुझ्नको लागि के आधारमा टेक्ने भन्ने र कसरी व्याख्या गर्ने भन्ने सवाल प्रमुख भएर आउँछ। नेपाल प्रहरीले ले नै आर्थिक वर्ष २०८०/२०८१ को वार्षिक तथ्यपत्रमा १९ वटा प्रकारका हिंसालाई लैङ्गिक हिंसाको रूपमा समेटेको छ भने पछिल्लो पाँच वर्षको तथ्यपत्रमा भने १३ प्रकारका हिंसालाई राखिएको छ। तर, ती १९ ओटा हिंसाभित्र पनि पक्षगत आधारमा विविध हिंसाहरू रहेका छन्। उदाहरणको लागि नेपाल प्रहरीमा दर्ता हुने सबै भन्दा बढी हिंसाका घटनामध्ये घरेलु हिंसालाई लिन सकिन्छ। जम्मा १६ हजार ४ सय १६ उजुरीमा १६ हजार ४ सय ३४ जना मानिस हिंसामा परेकोमा १४ हजार ८ सय ४०

जना महिला माथि र १ हजार ५ सय ९३ पुरुषमाथि र एक यौनिक अल्पसङ्ख्यकमाथि घरेलु हिंसाका घटना भएको पाइन्छ। उक्त तथ्याङ्कलाई नेपाल प्रहरीले नै मानसिक हिंसामा ७ हजार ५ सय ७४ जना, शारीरिक हिंसामा ७ हजार १ सय ५६ जना, आर्थिक हिंसामा १ हजार ६ सय ६८ जना, १३ जनालाई पतिले खानामा विष मिसाएको र पाँच जनालाई पेशाबाट बञ्चित गरिएका घटना रहेका थिए। त्यसैले हिंसाका रूपलाई के शीर्षकमा राख्न भन्ने कुरा उक्त घटनालाई अभिलेखिकरण गर्ने, व्याख्या विश्लेषण गर्ने व्यक्ति वा संस्थामा भर पर्दछ। व्यक्तिमाथि भएका हिंसाका घटनाले उक्त ब्यक्तिको मानसिकता, शारीरिक अवस्था, सामाजिक जीवन, आर्थिक पक्षलाई त असर गर्छ नै साथसाथै, उसको परिवार, विशेष गरि बालबालिकाको मानसिक स्वास्थ्य, सामाजिकीकरण, आर्थिक अवस्था, सामाजमा भएको प्रतिष्ठामा समेत आँच आउँछ। त्यसै गरि महिलामाथि हिंसा हुने समाजमा हिंसा गर्ने र हिंसामा पर्ने व्यक्ति बाहेक छरछिमेक, नाता सम्बन्ध, समुदायका साथ साथै वर्तमान सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै मानिस मानिसको बिचमा अविश्वासको वातावरण निर्माण भइरहेको हुन्छ। त्यसैगरि हिंसा न्यूनीकरणका लागि उक्त देशको सरकारले ठूलो बजेट छुट्याउन पर्ने बाध्यता रहेको हुन्छ।

नोटः तलको तथ्याङ्क नेपाल प्रहरीले पछिल्लो पाँच आर्थिक वर्षमा नेपाल प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसाका घटनाको तथ्याङ्क हो। यो तथ्याङ्कको विस्तृत ब्याख्यामा पनि महिलामाथि हुने हिंसाको मात्रा अत्याधिक भए पनि सम्पूर्ण हिंसाका घटनामा पिडित महिला, पुरुष र यौनिक अल्पसङ्ख्यक पनि रहेको कुरालाई बिर्सन भने मिल्दैन।

**महिलामाथि हुने हिंसाले असर पार्ने क्षेत्रहरू**

सतहमा हेर्दा हिंसाको असर प्रभावितको ब्यक्तिगत जीवनमा मात्रै परेको जस्तो देखिन्छ। तर, महिला (व्यक्ति)ले भोगेको हिंसाले उसको मानसिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा त असर पार्छ नै साथसाथै उसको परिवार, समाज, राष्ट्र र समग्र मानव सभ्यतामाथि नै प्रश्न चिन्ह उठाउँछ। तलको खण्डमा महिला माथि हुने हिंसाले पार्ने प्रभावको दायरालाई समेट्ने कोशिस गरिएको छ।

**व्यक्तिगत स्तरमा**

एक जना व्यक्ति हिंसाबाट प्रभावित हुँदा उसको शारीरिक, मानसिक, सामाजिक र आर्थिक पक्षहरूमा आघात परेको देखिन्छ। यी हिंसाहरूका कारण ब्यक्तिको जीवनका विभिन्न पक्षमा असर परेको हुन्छ। साथसाथै हिंसामा परेका महिला तथा किशोरीहरू यदि सीमान्तकृत समुदायको भएमा, गरिब परिवारको भएमा वा यौनिक अल्पसङ्ख्यकमा हिंसाले पार्ने प्रभावको दर अझ बढी हुन्छ। त्यसैगरि, एउटा महिलामाथि हुने हिंसाका कारण अर्का कयौँ व्यक्तिको मानसिक स्वास्थ्यमा गम्भीर असर परिरहेको हुन्छ। जसले ती मानिसहरूको दैनिक क्रियाकलाप र सार्वजानिक जीवनमा पनि नकारात्मक प्रभाव पारेका हुन्छन्।

**व्यक्तिको स्वास्थ्यमा**

महिलामाथि हुने हिंसाबाट ब्यक्तिको स्वास्थ्यमा असर पर्दछ। कुटपिटबाट, आधारभूत आवश्यकताबाट टाढा राख्दा

प्रत्यक्ष रूपमा नै देखिने गरि व्यक्तिको स्वास्थ्यमा असर पर्दछ। त्यसैगरी, महिला तथा किशोरीहरूमा अनिच्छित गर्भ रहने, गर्भपतन हुने वा गर्भपतन गर्न बाध्य हुने, यौनाङ्ग क्षतविक्षत हुने, ढाड कम्मर दुख्ने, पाठेघरको सङ्क्रमण हुने, यौन रोगहरू तथा एचआईभीको जोखिम रहन्छ। साथसाथै विभिन्न प्रकारका विभेद, वेवास्था, तिरस्कार र हिंसा निरन्तर भोगिरहन बाध्य हुनु र आफूले भोगेको हिंसाका बारेमा कसैलाई पनि भन्न नसक्नु, भने पनि कसैले विश्वास नगर्नु, आफ्नो मनको कुरा सार्वजानिक रूपमा राख्न नपाउनु, आफूलाई लागेको गर्न भन्न नपाउनु, निरन्तर काम र हिंसाले महिलाहरूलाई जीवनदेखि नै बिमुख बनाइरहेको हुन्छ। त्यसमाथि लगाइने कयौँ लान्छनाले महिलालाई टाउको दुख्ने, दुखेको जस्तो महसुस हुने, चिडचिडापन, डिप्रेसन र कतिपय आत्महत्याको बाटोमा धकेलिरहेको हुन्छ।

**व्यक्तिको पहिचानको पक्षमा**

महिलामाथि हुने हिंसाले हिंसा प्रभावितको वास्तविक पहिचान निर्माण स्वतन्त्र रूपमा गर्न दिँदैन। नेपालमा शिक्षा एउटा यस्तो महिला हिंसाले असर क्षेत्र हो जहाँ पहिला अभिभावकले छोरा र छोरीमा गर्ने विभेद देखिन्छ, अहिले पनि नेपालका कैयौँ गाउँमा छोरालाई निजी र छोरीलाई सरकारी विद्यालयमा पढाइन्छ। छोरालाई घरमा गृहकार्य र छोरीलाई घरेलु धन्दा गर्न लगाइन्छ। जसले गर्दा बालिकाले आफू भविष्यमा के बन्ने आफ्नो पहिचान के हुने भन्ने विषयमा सोच्न थोरै बालिकाले मात्र पाउँछन्। त्यसमाथि विद्यालयका विभेदकारी पाठ्यक्रम, विद्यालयमा शिक्षकले गर्ने दुर्व्यवहारले पनि बालिकामाथि महिला भनेको शोषणमा पर्ने जात हो भन्ने भावनाको विकास गराएको पाइन्छ। प्रौढ भएपछि घरभित्रको कामको लैङ्गिक विभाजनले गर्दा कार्यक्षेत्र र घरको कामले गर्दा महिलाले आफ्नो पहिचान निर्माण गर्नमा पुरुषले भन्दा दोब्बर मेहनत गर्न परिहरहेको हुन्छ।

कामको लैङ्गिक विभाजन र त्यसमा आधारित हिंसाका कारण कयौँ मानिसलाई आफ्नो रुचिको सीप सिक्न, क्षमता विकास गर्न र पेशागत क्षेत्रमा जानबाट बञ्चित गरिएको हुन्छ। उदाहरणको लागि कयौँ घराना परिवारमा पढेलेखेका भए पनि छोरी बुहारीलाई सार्वजानिक क्षेत्रका काममा जान बञ्चित गरिएको हुन्छ। जसले गर्दा उनीहरूले आफ्नो पेशागत पहिचान नै बनाउन पाउँदैनन्। त्यसैगरी पढ्न पाएका र कार्यक्षेत्रमा लागेका कैयौँ महिलाका लागि कार्यक्षेत्रहरू मैत्रीपूर्ण हुनसकेका छैनन्। समानका काममा फरक ज्याला, त्यसमाथि कार्यक्षेत्रमा गरिने यौन दुर्व्यवहारले महिलालाई कार्यक्षेत्रमा निरन्तर लागिरहनबाट रोकिरहेका हुन्छन् भने, अर्कातर्फ घरबाहिर काम गरे पनि नगरे पनि घरभित्रको काम महिलाले नै गुर्नपर्ने विभेद पूर्ण श्रम विभाजनले महिलालाई पेशागत विकासमा तगारो हालेका हुन्छन्।

**आर्थिक पक्षमा**

एक जना महिलामाथि हिंसा हुँदा उक्त महिला तथा बालिकाको शारीरिक, मानसिक, सामाजिक तथा पेशागतमा असर पर्दा उसको आर्थिक पक्षमा नकारात्मक असर पर्दछ। हिंसाका कारण महिलाको स्वास्थ्यमा पर्ने असरले उपचारको क्रममा धेरै मानिसको धेरै पैसा खर्च भइरहेको हुन्छ। साथसाथै



**फोटो स्रोत : राष्ट्रिय दैनिक, ०७७ चैत ७ गते**

लैङ्गिक विभेदमा आधारित हिंसाको असरका कारण मानिसले आफ्नो पढाइ र काममा नियमित रूपमा केन्द्रित भएर पढ्न र काम गर्न नसक्ने हुँदा उनले गरिरहेको काममा पनि असर पर्दछ र उनको आर्थिक आय आर्जनमा पनि कम हुन्छ। कतिपय अवस्थामा हिंसामा सम्लग्न वा हिंसा प्रभावित व्यक्ति मुद्दा मामिलामा लाग्नु पर्दा थप आर्थिक भार पर्ने हुन्छ।

**पारिवारिक स्तरमा**

परिवार भित्रकी एक जना महिलामाथि हिंसा हुँदा, उक्त हिंसाको प्रभाव हिंसा प्रभावितको परिवारलाई पर्दछ। उदाहरणको लागि बालिकाहरूको कलिलो उमेरमा गरिने बिवाह वा बालबिवाह एक प्रकारको हिंसा हो। आर्थिक वर्ष २०८०/२०८१मा नेपाल प्रहरीमा परेका बालविवाहका ५२ उजुरीमा २९ जना बालिका र एक जना बालक बालविवाहको हिंसामा परेका छन्। साथै प्रहरीमा उजुरी नपरेका लाखौँ बालिका २० वर्ष नपुग्दै आमा बनेका छन्। सानै उमेरमा बिवाह गरेर बच्चा जन्माउँदा व्यक्तिको स्वास्थ्यामा असर त पर्दछ नै, उनले जन्माउने बच्चाको स्वास्थ्यमा पनि असर पर्दछ। कलिलो उमेरमा बिवाह गर्दा उनको बालिकाको पढाइ त छुट्छ नै, उनले कम पढेको कारण उनका छोराछोरीलाई राम्ररी पढाउने सम्भावना पनि कम भएर जान्छ। सानो उमेरमा विवाह गर्दा

बालिकाहरूको आयआर्जनको बाटा साँघुरिन्छन्, जसको प्रभाव उनको परिवारको आर्थिक अवस्थामा पर्दछ। यदि उनी विमारी परिन भने उपचारको लागि खर्च जुटाउन परिवारको अर्को सदस्यले थप मेहनत गर्नुपर्ने हुन्छ। यस्तो परिस्थिति हरेक प्रकारका हिंसासँग जोडिएर आउँछन्।

**समुदायिक वा समाजको स्तरमा**

महिलामाथि हुने हिंसा उक्त व्यक्तिको मात्रै समस्या हो भनेर कुनै पनि समुदाय र समाज उम्कन सक्दैन। एक जना महिलामाथि भएको हिंसाको प्रभाव सबै समाजमा पर्न जान्छ। उदाहरणका लागि निर्मला पन्तमाथि भएको बलात्कार हत्याको घटनालाई नै पनि लिन सकिन्छ। उक्त घटनाका कारण कयौँ ठाउँमा आन्दोलन भए, समाजका व्यक्तिहरूले आफ्नो काम धन्दा छोडेर आन्दोलन र घटनाको विषयमा तर्क वितर्क गर्नमा समय बिताए। कैयौँ साना बालिकाका अभिभावकहरूले छिमेकी र आफन्त प्रति अविश्वास पूर्ण सम्बन्ध बनाए, "कतै मेरी छोरीलाई पनि यौनजन्य दुर्व्यकहार गर्ला कि, गऱ्यो कि" भनेर। त्यसैगरी, समाजमा एक जना महिलामाथि हिंसा भएको अवस्थामा छिमेकका मानिस, नाता सम्बन्धका मानिस वा प्रहरी, स्थानीय तहका प्रतिनिधि बेला बेला झगडा मिलाउने, घाइते भए अस्पताल पुऱ्याउनुपर्ने हुन्छ, प्रहरीलाई खबर गर्ने र मृत्यु भएको अवस्थामा मुद्दा मामिलामा जोडिनुपर्ने हुन्छ। महिलामाथि हुने हिंसा बढी भएको समाजमा राज्यबाट प्राप्त हुने ठूलो धनराशी शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास तथा मानवीय सीप विकासमा लगाउनुको साटो हिंसा निवारणको लागि लगाउनु पर्दा समग्र समाजको विकासको गति समेत सुस्त हुन पुग्छ।

राज्यको स्तरमा महिलामाथि हुने हिंसाको प्रभाव व्यक्ति, परिवार, समुदाय र समाजका साथसाथै राज्य तहमा पनि पर्दछ। महिलामाथि हिंसा हुने समाजमा राज्यको ठूलो साधन स्रोत, हिंसा कम गर्न र हिंसाले पार्ने प्रभावको रोकथाम गर्नमा प्रयोग हुन्छ। आर्थिक उन्नयनमा लाग्नुपर्ने जनशक्ति कतै हिंसामा लागेका हुन्छन् कतै हिंसाको विरुद्धमा लागेका हुन्छन्। जसले गर्दा राज्यको आर्थिक सामाजिक विकासमा असर परिरहेको हुन्छ भने, अन्तर्राष्ट्रिय तहमा आफ्नो मुलुकको बदनामी समेत फैलिरहेको हुन्छ। उदाहरणको लागि २०७९ सालमा नेपालका एक चर्चित क्रिकेट खेलाडी बलात्कारको केसमा जोडिएपछि उनलाई खोज्नको लागि नेपाल प्रहरीले इन्टरपोलको सहायता लिनु पऱ्यो, अन्तर्राष्टिय क्रिकेट जगतमा नेपाली समाजको नाम बद्नाम भयो। कयौँ दिन आन्दोलन, सामाजिक सञ्जालमा हुने विवादमा मानिसहरूको सहभागिता, सरकारी स्रोत साधनको प्रयोग जस्ता कुराले आर्थिक पक्षलाई असर गरे। त्यस्तै अदालतमा भइरहेको बहसले अन्य व्यक्तिहरूले आफ्ना मुद्दाको पालो कुरिरहनपर्ने अवस्था आएको थियो।

अन्त्यमा जहिले पनि महिलामाथि हुने हिंसा भन्दा महिलामाथि हुने हिंसा र लैङ्गिक विभेदमा आधारित हिंसामा फरक छुट्याउन सक्नु पर्छ। महिलामाथि हुने हिंसा कति छन् भन्ने विषयमा स्पष्ट सीमारेखा छैन। त्यसैगरी महिलामाथि हुने हिंसाको प्रभाव उक्त महिलामा मात्रै सीमित नभई समग्र समाजले भोगिरहेको हुन्छ।

*(लेखक: समाजशास्त्र अध्यापन गर्नुहुन्छ।)*

विश्लेषण

# विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) र महिलाका सवाल

**परिचय**

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्र अर्न्तगत महासन्धिजनित निकाय र वडापत्रमा आधारित निकायहरू रहेका छन्। विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) वडापत्रमा आधारित संयन्त्र हो। यूपीआर मानव अधिकार परिषद् स्थापना गर्ने संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा स्थापित संयन्त्र हो। यो संयन्त्रले संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य देशहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताहरूको कार्यान्वयन अवस्थालाई आवधिकरूपमा समीक्षा गर्दछ।



सम्झना श्रेष्ठ

प्रस्ताव नं. ६०/२५१ मा महासभाले "मानव अधिकार परिषद्लाई प्रत्येक राष्ट्रले मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धता पूरा गरे-नगरेको सम्बन्धमा वस्तुगत र विश्वसनीय सूचनाका आधारमा विश्वव्यापी आवधिक समीक्षा गर्न परिषद् सदस्यहरू र राज्यका प्रतिनिधिबीच अन्तरक्रियात्मक सम्वादमा आधारित, सम्बन्धित राष्ट्रको पूर्ण संलग्नतासहित समीक्षा गर्ने सहयोगात्मक संयन्त्र हुनेछ भनेको छ।" यो संयन्त्र सन्धिजनित निकायहरूको नक्कल गर्ने नभई पूरकका रूपमा रहनेछ भनिएको छ। त्यसैगरी १८ जुन २००७ मा सम्पन्न परिषद्को पाँचौं सत्रले प्रस्ताव नं. ५/१ मार्फत यूपीआर संयन्त्रसम्बन्धी विस्तृत स्वरूप जारी गरेको थियो।

यूपीआरको उद्देश्य हरेक राज्यको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताहरू कार्यान्वयनको समीक्षा गर्नु हो। यसअन्तर्गत समीक्षाको विश्वव्यापी विस्तार र सबै राष्ट्रहरूलाई समान व्यवहार, राज्यको क्षमता अभिबृद्धिको आवश्यकतालाई मध्यनजर गर्ने सहयोगात्मक संयन्त्र हो। यो सन्धिजनित निकायहरूको नक्कल नभई पूरकको कार्य गर्नुपर्ने यसको उदेश्य रहेको छ।

प्रत्येक साढे चार वर्षमा संयुक्त राष्ट्रसङ्घका सदस्यहरूको आवधिक समीक्षा हुन्छ। कुनै पनि राष्ट्रको समीक्षा गर्दा खासगरी तीनओटा दस्तावेजहरूलाई आधार मानिन्छ। पहिलो, सम्बन्धित राज्यद्वारा तयार पारिएको प्रतिवेदन जुन २० पेजमा र १० हजार ६ सय शब्दभित्र रहेको हुनुपर्दछ। उक्त प्रतिवेदन समीक्षाका लागि यूपीआर कार्यदलको बैठक बस्नुभन्दा ६ हप्ता अगाडि पेश गरिसक्नु पर्दछ। दोस्रो संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय ( ओएचसीएचआर) द्वारा बढीमा १० पेजमा र ५ हजार ६ शब्दभित्र रहेको प्रतिवेदन र तेस्रो अन्य सरोकारवालाहरू जस्तै राष्ट्रिय मानव अधिकार संस्थाहरू, गैरसरकारी संस्थाहरू आदिबाट प्राप्त सूचनाहरूलाई १० पेज र ५ हजार ६ सय शब्दमा ओएचसीएचआरद्वारा संक्षेपीकरण गरिएको प्रतिवेदन। यो दोस्रो र तेस्रो प्रतिवेदन मानव अधिकारको उच्च आयुक्तको कार्यालय (ओएचसीएचआर) मा

राज्यको समीक्षा हुने तय गरिएको मितिभन्दा ६ महिना अगाडि पेश गरिसक्नुपर्ने हुन्छ।

समीक्षाको परिणाम (प्रतिवेदन)मा यूपीआरको निर्ष्कष र सुझाव एउटा विस्तृत दस्तावेज हुन्छ, जसमा समीक्षा गरिएको राष्ट्रले चाल्नुपर्ने कदमहरूका बारेमा दिइने सुझावहरूका अलावा, मानव अधिकारसम्बन्धी दायित्वहरू पूरा गर्न उक्त राष्ट्रको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने प्राविधिक सहयोग कार्यक्रम तथा अन्य उपायहरूका सम्बन्धमा पनि परिषद्ले सुझाव दिन सक्छ। प्राप्त सुझावहरूमध्ये राज्यले स्वीकार गर्ने र अस्वीकार गर्ने सुझाबहरूको सूची तयार गरिन्छ। स्वीकार गरिएका सुझाबहरू कार्यान्वयन गर्ने दायित्व राज्यलाई रहन्छ।

नेपाल पहिलो पटक २५ जनवरी २०११ मा आवधिक समीक्षामा सहभागी भयो भने नेपालको दोस्रो चरणको समीक्षा नोभेम्बर २०१५ मा र तेस्रो चरणको समीक्षा २०२१ मा भयो। त्यसैगरी चौथो समीक्षा जनवरी २०२६ का लागि तय गरिएको छ।

यूपीआरको चौथो चरणको समीक्षाकालागि नेपाल राष्ट्रिय संजाल (एनएनसी-यूपीआर) ले ५ सय ३० नेपाली गैरसरकारी संस्थाहरूको तर्फबाट दुईओटा अनुसूचीसहित (यूपिआरकालागि महिलाको सञ्जाल र डर्बान रिभ्यू कन्फरेन्स फलोअप कमिटी) को प्रतिवेदन संयुक्त राष्ट्रसङ्घ मानव अधिकार उच्च आयुक्तको कार्यालय मार्फत मानव अधिकार परिषद्मा प्रतिवेदन पठाइएको छ। उक्त प्रतिवेदनमा समावेश गरिएका महिला अधिकारसम्बन्धी विषयवस्तुलाई यो आलेखमा उल्लेख गरिएको छ।

## यूपीआरमा महिला अधिकार

यूपीआरको पहिलो समीक्षादेखि तेस्रो समीक्षासम्ममा प्राप्त सुझाबहरूमा संविधान संशोधन, विभेदकारी कानुन संशोधन खासगरी नेपाली महिला र पुरूषबीच भएको नागरिकता हस्तान्तरणसम्बन्धी प्रावधान, राष्ट्रिय मानव अधिकार संस्थाहरू, महासन्धिहरूको अनुमोदन, सङ्क्रमणकालीन न्याय, महिला विरुद्धको हिंसा, बाल अधिकार, मानव बेचविखन तथा ओसारपसार, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता, जातीय छुवाछुत, वातावरणीय विषयजस्ता मुद्दाहरू समेटिएका थिए। त्यसैगरी महिलाविरूद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसालाई समेट्न पारिवारिक र घरेलु हिंसाको परिभाषालाई फराकिलो बनाउने, साथै लैङ्गिक हिंसा विरूद्धका सेवाहरूमा प्रभावकारी पहुँच सुनिश्चित गरी पीडितहरूलाई न्याय प्रदान गर्न सबै प्रकारका यौन तथा लैङ्गिक हिंसा उन्मूलन गर्ने प्रभावकारी कदम चाल्नुपर्ने लगायतका सुझाबहरू प्राप्त भएका थिए। त्यसैगरी महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको उल्लङ्घन गर्ने नागरिकतासम्बन्धी कानूनी संरचना परिमार्जन गरी बिना विभेद महिलाले नागरिकता प्रदान गर्ने अधिकारको प्रत्याभूति गरिनुपर्ने। महिलाविरूद्धको हानिकारक अभ्यासबिरूद्ध सचेतना कार्यक्रमलाई बलियो बनाउनुपर्ने, पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्ने र लैङ्गिक हिंसा र जातीय भेदभाव अन्त्य गर्न र जबरजस्ती करणीसम्बन्धी कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाएर पीडितहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने प्रयासहरू बढाउनुपर्ने सुझाब प्राप्त भएका थिए।

## लैङ्गिक समानता

पितृसत्ता, संस्थागत भएको लैंगिक विभेद, वहिष्करण र गरिबीले गर्दा नेपालको संविधानले प्रदान गरेको अवसरहरूबाट लाभ लिन नेपाली महिलाहरू वञ्चित भइरहेका छन्। जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका

उनीहरू राजनीतिक, सामाजिक र आर्थिक जीवनमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व पाउने कुरामा पछाडि पारिएका छन्।

संविधानले कुनै पनि नागरिकलाई जाति, लिङ्ग, आर्थिक अवस्था वा यस्तै अन्य आधारमा भेदभाव गरिने छैन भनी ग्यारेन्टी गरेको छ। संविधानको धारा ३८ मा महिलाको अधिकारको व्यवस्था गरको छ। यद्यपि, लैङ्गिक असमानता व्यापक छ, र सार्वजनिक, निजी र राजनीतिक क्षेत्रहरूमा महिलाहरूमाथि भेदभाव गरिन्छ। दलित, आदिवासी, धार्मिक अल्पसङ्ख्यक, एकल महिला र अपाङ्गता भएका महिलाहरूले लैङ्गिक र पहिचानमा आधारित बहुरूपी भेदभाव भोगिरहेका छन्।

प्रतिवेदनमा उल्लेखित अवस्था सुधार्नका लागि सुझाबहरू पनि पेश गरिएको छ। ती सुझाबहरूमध्ये आमाको नागरिकताको आधारमा सन्तानलाई नागरिकता सजिलै उपलब्ध गराउन कानुन र सर्वोच्च अदालतको निर्णयहरू कार्यान्वयन गनुपर्ने, त्यसैगरी पर्याप्त स्रोतसाधनसहित लैङ्गिक समानतासम्बन्धी कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने लगायत छन्।

**महिला विरूद्धको हिंसा**

कानुनी सुरक्षाको बाबजुद पनि, परिवार र समुदायमा महिलाविरूद्धको भेदभाव र हिंसा जारी छ। पितृसत्तात्मक सामाजिक संरचनाले घरेलु हिंसाका मुद्दाहरूलाई सम्बोधन गर्न सहज छैन किनभने पीडितहरूले सामान्यतया उजुरी दर्ता गर्दैनन् र धेरैजस्तो मुद्दाहरू मेलमिलापमा अन्त्य गरिन्छन्। घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले परिकल्पना गरेको अन्तरिम सुरक्षा उपाय प्रभावकारी भएको छैन।

हानिकारक अभूसहरूको अन्त्य गर्नुपर्ने र हानिकारक अभ्यासहरूसँग सम्बन्धित मुद्दाहरूको अनुसन्धान गरी पीडकलाई दण्ड दिने र पीडितहरूलाई सुरक्षा र पुनर्स्थापना प्रदान गर्नपर्ने। दाइजो प्रथा, छोराको प्राथमिकता र बहुविवाहजस्ता मुद्दाहरू विरूद्ध संचेतना अभिबृद्धि गर्नुपर्ने। घरेलु हिंसा (अपराध र सजाय) ऐन, २०६६ बाट महिलाविरूद्धको हिंसाका घटनाहरू सम्बन्धमा मेलमिलापको प्रावधान हटाउनुपर्ने जस्ता सुझाबहरू प्रतिवेदनमा समावेश गरिएका छन्। त्यसैगरि महिला तथा बालिकाविरूद्ध हुने सबै प्रकारका हिंसाको छानबिन गरी दोषीलाई न्यायको दायरामा ल्याउने पीडितले क्षतिपूर्ति पाउने सुनिश्चित गर्नका साथै छाउपडी, बालविवाह, दाइजो, जबरजस्ती विवाह, अन्य हानिकारक अभ्यासहरू लगायत छोराको प्राथमिकता, बहुविवाह र बोक्सी कुरीतिजस्ता महिला तथा बालिकासम्बन्धी हानिकारक प्रचलनहरूबारे



**विश्वव्यापी आवधिक समीक्षामा सदस्य राष्ट्रको मानव अधिकार बारे छलफल हुँदै।**

सचेतनामूलक कार्यक्रमहरूलाई सुदृढ गर्नुपर्ने लगायत छन्।

## दलित महिला

नेपालको संविधानले समानता र अविभेदको सिद्धान्तहरूको ग्यारेन्टी गरेको छ। यसका साथै, संविधानको धारा ४० मा दलितको अधिकार मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ। नेपालमा दलितहरूलाई समानताको अधिकार, मानवीय सम्मानका साथ बाँच्न र जातको आधारमा छुवाछुत र भेदभावलाई निषेध गर्न जातमा आधारित भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ कार्यान्वयनमा छ, तैपनि नेपालमा दलित समुदायका महिलाहरू बहुविभेदभावबाट पीडित छन्। निर्णायक तहमा दलित महिलाको उपस्थिति नगण्य अवस्थामा रहेको र अन्तरजातीय विवाहमा पनि दलित महिला अझ बढि पीडित हुनुपरेको अवस्था छ। यतिमात्र नभएर दलित महिलाहरू आफ्नो वर्ग, जात, भाषिक, क्षेत्रीय र लिङ्गमा आधारित भेदभावको सामना गरिरहेका छन्।

प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूमा दलित महिलाहरूप्रति प्रणालीगत भेदभावलाई सम्बोधन गर्न र दलितहरूको न्याय, सामाजिक न्याय, शिक्षा, रोजगारी र भूमिमा समान पहुँच सुनिश्चित गर्न दलित सशक्तिकरण ऐन लागु गर्नुपर्ने र दलितहरूमाथि हुने भेदभाव विरूद्ध कारबाही गर्न र दलितहरूको अधिकार संरक्षण गर्न जातीय भेदभाव र छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ कडाइका साथ लागू गर्नुपर्ने। गैरदलितहरूसँग अन्तरजातीय विवाह हुँदा दलितमाथि हुने हिंसा, विशेष गरी दलित महिलाहरूमाथि हुने हिंसालाई सम्बोधन गर्नुपर्ने। यसैगरि सबै सार्वजनिक क्षेत्र र राज्यका संरचनाहरूमा विद्यमान दलित कोटा भित्र दलित, मधेसी र बादी महिलाहरूको लागि छुट्टै आरक्षण सुनिश्चित गर्नुपर्ने जस्ता सुझाब पेश गरिएको छ।

## महिला समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी, अन्तर्लिङ्गी समुदायका व्यक्तिहरू

नेपालको संविधानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई मान्यता दिएको छ। व्यक्तिहरूको समुदाय आफ्नै परिवार, विद्यालय, रोजगारी र सार्वजनिक सेवाहरूमा भेदभाव, घृणा, सामाजिक कलंक र उत्पीडनको शिकार भएको छ। विभिन्न समूहहरू बीचको विवाहलाई सरकारले मान्यता दिएको छैन। विवाह समानताको यो विभेदी व्यवस्थाले LBTIQ जोडीहरू उनीहरूको पारिवारिक मामिला र वैवाहिक अधिकारहरूमा निश्चित अधिकार र सुविधाहरूबाट वञ्चित भएका छन्।

महिला समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी, अन्तर्लिङ्गी समुदायका व्यक्तिहरू (LBTIQ) लगायत समाजका सबै तहहरूमा यौन र लैङ्गिक उत्पीडना र हिंसा अन्त्य गर्न पूर्ण रूपमा प्रतिबद्ध हुनुपर्ने। सरकारले मुलुकी देवानी संहिता, २०७४ र मुलुकी फौजदारी संहिता, २०७४ र LBTIQ समुदायको अधिकारलाई प्रतिबन्धित गर्ने अन्य भेदभावपूर्ण कानूनहरूलाई परिमार्जन र संशोधन गर्नुपर्ने, त्यसैगरि ट्रान्सजेन्डर वा अन्तरलिङ्गी व्यक्तिहरूलाई चिकित्सा परीक्षण बिना नागरिकता कागजातहरूमा आफ्नो लिङ्ग र नाम संशोधन गर्न अनुमति दिने कानुनी प्रावधानहरू लागू गर्नुपर्ने सुझाव पेश गरिएको छ।

## अपाङ्गता भएका महिलाहरू

अपाङ्गता भएका व्यक्तिहरू, विशेष गरी महिलाहरूलाई सामाजिक क्षेत्रबाट स्वतन्त्रताको लागि असक्षम हुन्छन् भन्ने कथित विश्वास गरिन्छ र उनीहरूलाई आयआर्जनको अवसरबाट वञ्चित गरिन्छ र प्रायः उनीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई बेवास्ता गरिन्छ। अपाङ्गता

भएका महिलाहरू बहुविभेद बाट पीडित भइरहेका छन्। उनीहरूले समाजमा पूर्ण सहभागिता (सामाजिक, आर्थिक र राजनीतिक रूपमा) मा उल्लेखनीय सहभागिता हुन सकेको छैन।

नेपाल सरकारको योजना र कार्यक्रमहरू विकास गर्दा अपाङ्गता भएका महिलाहरूको समावेशीकरण, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने र अपाङ्गता भएका महिलाको लागि सुरक्षित मातृत्त्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने, स्वास्थ्य सेवा प्रदायकहरूलाई पर्याप्त बजेट विनियोजन गर्नुपर्ने सुझाब पेश गरिएको छ।

**आदिवासी महिला**

खासगरी, जलविद्युत परियोजनाहरूको अनियन्त्रित विस्तारका कारण आदिवासीहरू उनीहरूको थातथलोबाट जबरजस्ती विस्थापित भएका छन्। अर्थपूर्ण परामर्श वा पर्याप्त सुरक्षा उपायहरू बिना यो विकासले आदिवासी समुदायहरूलाई अपूरणीय सामाजिक र सांस्कृतिक क्षति पु¥याएको छ। यो समुदायले कतिपय अवस्थामा विकासको नाममा आफ्नो पुर्ख्यौली बसोबासको गरिरहेको स्थानबाट विस्थापित हुन पुगेका छन्।

नेपालको संविधानले राज्यको सबै संयन्त्रहरूमा समावेशीकरणलाई प्रवर्द्धन गरे पनि आदिवासी महिलाहरूले यसको कार्यान्वयनमा खासै फाइदा लिन सकेका छैनन्। तीन तहको शासन व्यवस्थामा महिलाहरूको सहभागिताका लागि संवैधानिक प्रावधान भए तापनि, विभिन्न तहको निर्वाचन ऐन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जस्ता नेपालका कानुनहरूले आदिवासी महिलाहरूलाई एक विशिष्ट समूहको रूपमा मान्यता दिएको छैन। उनीहरूका लागि विशिष्ट कोटाको अभावले उनीहरूको न्यून प्रतिनिधित्व भइरहेको छ। सबै जलविद्युत विकास प्रक्रियाहरूमा आदिवासी जनजातिहरूको भूमि, स्रोतसाधन, आर्थिक, सांस्कृतिक र राजनीतिक अधिकारहरूको लागि कानुनी र नीतिगत स्पष्टता गरिनुपर्ने । त्यसैगरि, आदिवासी महिलाहरूलाई औपचारिक रूपमा एक विशिष्ट सीमान्तकृत समूहको रूपमा मान्यता दिन निर्वाचन ऐनहरू र निजामती सेवा, सुरक्षा बल, र अन्य राज्य संयन्त्रहरूमा महिला कोटाभित्र उनीहरूका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्ने सुझाबहरू पेश गरिएको छ।

**सशस्त्र द्वन्द्वका यौन हिंसा पीडित महिला**

बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग, २०७१ सम्बन्धी ऐनको तेस्रो संशोधनले बलात्कारलाई मानव अधिकारको गम्भीर उल्लङ्घनका रूपमा परिभाषित गरेको छ। यो ऐन अनुसार पीडकहरूलाई बलात्कारको मुद्दामा आममाफीको दिन मिल्ने व्यवस्था गरेको छैन। यसले सशस्त्र द्वन्द्व सम्बन्धित यौन हिंसाका पीडितहरू जसले पहिले आयोगमा आफ्नो मुद्दा दर्ता गरेका छैनन् उनीहरूले तीन महिना भित्र मुद्दा दर्ता गर्नुपर्ने प्रावधान राखिएको छ। यो ऐनले पीडितहरूले भोगेको यौन हिंसालाई सम्बोधन गरेको छ र उनीहरूलाई अन्तरिम राहतको व्यवस्था गरेको छ।

सशस्त्र द्वन्द्वका यौन हिंसा पीडित महिलाहरूको अधिकार संरक्षण गर्न सशस्त्र द्वन्द्वको समयमा भएका बलात्कार र यौन हिंसा र दुर्व्यवहारका घटनाहरूको रिपोर्टिङमा समय सीमा हटाउनुपर्ने, सरकारले अनुसन्धानको लागि लैङ्गिक मैत्री प्रक्रियाहरू बनाउनुपर्ने जसमा बयान लिने, पीडित र साक्षीहरूको सुरक्षा र जसमा

द्वन्द्वको अवधिमा यौन हिंसाबाट पीडित महिला र पीडितहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न विशेष परिपूरण नीति अपनाउनुपर्ने सुझाबहरू पेश गरिएको छ।

**मनोरञ्जन र आतिथ्य क्षेत्रमा कार्यरत महिला**

मनोरञ्जन र आतिथ्य क्षेत्रको कामलाई राज्यले श्रमकोरूपमा मान्यता दिइएको छैन। सर्वोच्च अदालतको मनोरञ्जन क्षेत्रमा महिलाहरूलाई यौन दुर्व्यवहार र शोषणबाट जोगाउन प्रक्रियागत दिशा निर्देशनहरू, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मुलुकी फौजदारी संहिता २०७४ र श्रम ऐन २०७४ ले कार्यस्थलमा यौन उत्पीडनलाई निषेध गरेको छ। तर, मनोरञ्जन र आतिथ्य क्षेत्रमा धेरै महिलाहरू रोजगार सम्झौता बिना नै कार्यरत छन् जसले गर्दा उनीहरूलाई न्यूनतम ज्याला, सामाजिक सुरक्षा वा कानुनी सुरक्षाको पहुँचबाट वञ्चित गरिएको छ। कानुनी संरक्षण र मान्यता नहुँदा उनीहरूको कार्यस्थलमा प्रहरी छापा र निगरानी गरिन्छ। आन्तरिक मानव बेचबिखनमा दलालहरू र सङ्गठित तस्करहरूको संलग्नताले मनोरञ्जन र आतिथ्य क्षेत्रमा बालबालिका बेचबिखन र बालश्रमका घटनाहरू रहेको अवस्था छ। नेपालको सर्वोच्च अदालतले २०६४ मा सरकारलाई मनोरञ्जन क्षेत्रमा महिला कामदारहरूलाई हुने यौन उत्पीडनका घटनाहरू सम्बोधन गर्न कानुनी उपायहरू, नियम र नियमहरू विकास गर्न निर्देशनात्मक आदेश दिएको थियो।

सरकारले श्रम ऐन, २०७४ अन्तर्गत मनोरञ्जन र आतिथ्य क्षेत्रलाई औपचारिक रूपमा मान्यता दिनुपर्ने, यस क्षेत्रमा न्यूनतम ज्याला, व्यावसायिक स्वास्थ्य र सुरक्षा, र रोजगारदातालाई करार दायित्व सुनिश्चित गर्नुपर्ने, सरकारले सर्वोच्च अदालतको २०६४ को दिशानिर्देशहरू लागु गर्नुपर्ने, मनोरञ्जन र आतिथ्य क्षेत्रमा श्रम अधिकारको उल्लङ्घनका लागि नियमित अनुगमन, निरीक्षण र आवश्यक कारबाही गर्नुपर्ने, त्यसैगरी यस क्षेत्रका कामदारहरूलाई कानुनी सल्लाहार, आपतकालीन सहायता र ट्रेड युनियन वा सङ्घहरूमा सामेल हुने व्यवस्था गर्नुपर्ने सुझाबहरू समावेश गरिएको छ।

**निकर्ष**

यूपीआरको उद्देश्य हरेक राज्यको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताहरू कार्यान्वयनको समीक्षा गर्नु हो। यो संयन्त्र अन्तर्गत राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले प्रत्येक साढे चार वर्षमा अनिवार्यरूपले आफ्नो देशको समग्र मानव अधिकारको अवस्थाको समीक्षामा सहभागी हनुपर्ने बाध्यता रहेकाले राज्यलाई मानव अधिकारको अनिवार्य रूपमा संरक्षण र प्रवर्द्धन गर्ने दायित्व सृजना गरेको हुन्छ। आवधिक रूपमा हुने समीक्षामा सहभागी हुने क्रममा नेपाल हालसम्म तीनपटक सहभागी भइसकेको छ। सन् २०२६ को जनवरीमा नेपाल चौथो चरणको समीक्षामा सहभागी हुनेछ। यो संयन्त्रमा गैरसरकारी संस्थाहरूको प्रतिवेदहरू पनि महत्त्वका साथ हेरिन्छ। त्यसैले चौथो चरणको समीक्षाका लागि यूपीआरका लागि नेपाल राष्ट्रिय सञ्जाल (एनएनसी-यूपीआर) ले ५ सय ३० नेपाली गैरसरकारी संस्थाहरूको तर्फबाट प्रतिवेदन पनि पेश गरिकेको छ । गैससको प्रतिवेदनमा विगत साढे चार वर्षमा नेपालमा मानव अधिकारको अवस्था उल्लेख गर्दै नेपालले मानव अधिकारको क्षेत्रमा आगामी दिनमा गर्नुपर्ने दायित्वहरूलाई सुझाबका रूपमा पेश गरिएको छ । सन् २०२६ जनवरीमा हुने समीक्षामा मानव अधिकार परिषद्का सदस्य राष्ट्रहरूले राज्यको प्रतिवेदनमा उठान गरिएका विषयवस्तुका बारेमा नेपाल सरकारको धारणा र प्रतिबद्धताका लागि आग्रह गर्नेछन् ।

*(लेखक : इन्सेकका वरिष्ठ अधिकृत हुनुहुन्छ ।)*

विश्लेषण

# कर्णाली प्रदेशका महिला र अधिकारको सवाल



केशवी जोशी

भौगोलिक विकटता, पितृसत्तात्मक सोच, रुढिवादी प्रचलन, गरिबी, अशिक्षा, वैदेशिक रोजगारी, शहर केन्द्रित बसाइँ सराइ लगायत सामाजिक, आर्थिक, र सांस्कृतिक अवरोधहरूका कारण कर्णालीका महिलाको अधिकार सङ्कुचित भएको छ। विभिन्न अध्ययन र तथ्याङ्कहरूले यस प्रदेशका महिलाहरूको जीवनमा व्याप्त असमानता र हिंसाको गहिरो चित्रण गर्छन्। यद्यपि, पछिल्लो समय सरकारी र गैरसरकारी सङ्घसंस्थाको बलियो उपस्थितिले यहाँका महिलाहरूको अवस्थामा केही सकारात्मक परिवर्तनहरू देखिन थालेका छन्।

**कर्णालीमा महिला अधिकारको वर्तमान अवस्था**

पित्रसत्तात्मक सोच, गरिबी, शिक्षाको अभाव, रुढिवादी कुसंस्कार, रीतिरिवाज र परम्पराजस्ता कारणले कर्णालीका महिला अन्यक्षेत्रका भन्दा पछाडि परेका र पारिएका छन्।

**तालिका १. कर्णाली प्रदेशको जनसाङ्ख्यिक विवरण**

| लिङ्ग | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ८,६४,६५१ | ५१.२१ |
| पुरुष | ८,२३,७६१ | ४९.७९ |
| अन्य | - | - |
| जम्मा | १६,८८,४१२ | १०० |

स्रोत: राष्ट्रिय जनगणना २०७८

तालिका १ ले कर्णाली प्रदेशमा पुरुषको सङ्ख्या महिलाको तुलनामा दुई प्रतिशतले कम रहेको देखाउँछ। जनसङ्ख्याको हिसाबले आधा भन्दा बढी भए पनि महिलाहरू आधारभूत अधिकारबाट समेत बञ्चित छन्। कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म दर्ता भएका घरेलु हिंसाका उजुरीहरूको सङ्ख्या २ हजार ६ सय २१ पुगेको छ।

**तालिका २. आर्थिक वर्ष २०८०/८१ मा उजुरी भएका हिसांत्मक घटनाको विवरण**

| घटनाको प्रकृति | पीडितको सङ्ख्या |
|---|---|
| घरेलु हिँसांबाट मृत्यु | ६ |
| घरेलु हिँसा | ८८० |
| बलात्कार | २०७ |
| बलात्कारको प्रयास | ३४ |
| बालविबाह | २ |
| बहुविवाह | ६३ |
| मानव बेचविखन | १० |
| मानव बेचविखन र बलात्कार | ३ |
| बन्धक र बलात्कार | ७ |
| **जम्मा** | **१,२१२** |

स्रोत: अपराध अनुसन्धान विभाग २०८२

त्यस्तै अपराध अनुसन्धान विभागको आर्थिक बर्ष २०८०/८१ को तथ्याङ्कले पनि घरेलु हिंसाका घटना बढिरहेको देखाउँछ।

तालिका ३ को तथ्याङ्कले पनि अन्य भन्दा महिला अधिकार उल्लङ्घनका घट्नाको सङ्ख्या बढेको देखिन्छ। इन्सेकको सन् २०२५ को पहिलो त्रैमासिकको तथ्याङ्क अनुसार कर्णालीमा पहिलो तीन महिनाको अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय १७ जना पीडितमध्ये महिलाको सङ्ख्या १ सय १३ जना रहेको छ। जसमा दुई जना महिलाको त हत्या नै भएको देखिन्छ। महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए। जसमध्ये १६ जना बलात्कार, एक जनालाई बलात्कारको प्रयास, ७२ जना महिला घरेलुहिंसा, एक जना महिला बोक्सीको आरोपमा पीडित भए। यसै अवधिमा एक जना महिलाको परिवारजनबाट हत्या भयो। २०२४ मा कर्णाली प्रदेशमा ६ सय भन्दा बढी मानव अधिकार उल्लङ्घनका घटनाहरू दर्ता भएका छन्, जसमा ३ सय १२ ओटा घरेलु हिंसाका थिए। यी घटनाहरूमा कुटपिट, मानसिक यातना, यौनहिंसा, घरबाट निकाल्ने जस्ता क्रियाकलापहरू समावेश छन्।

**तालिका ३. मानव अधिकार र उल्लङ्घनका घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| पाइते | | | | ३ | १५ | १८ |
| बाल अधिकार | | | | ९७ | ३ | १०० |
| अमानवीय व्यवहार | | १ | १ | १ | १ | २ |
| धम्की | | | | २ | ५ | ६ |
| महिला अधिकार | १ | | १ | ३८५ | | ३८३ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ३ | १ | ४ | १ | २ | ३ |
| जातीय विभेद | | १ | १ | ४ | ६ | ११ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| कुटपिट | १ | ३ | ४ | ९ | ३४ | ४३ |
| हत्या | | | | १३ | १४ | २६ |
| जम्मा | ५ | ६ | ११ | ५१५ | ८१ | ५९६ |

स्रोत: नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५

**राजनीतिमा महिलाको सहभागिता**

कर्णाली प्रदेशको राजनीति र राजनीतिक संरचनाहरूमा महिलाको सहभागिता पछिल्ला वर्षहरूमा क्रमश: वृद्धि हुँदै गएको छ। तर, अझै पनि पुरुषको तुलनामा न्यून नै देखिन्छ। नीतिनिर्माण तह त्यसमा पनि राजनीतिक निर्णय प्रक्रियामा महिलाको प्रभावकारी सहभागिता सीमित नै छ। नेपालको संविधान २०७२ मा महिलालाई समान अवसर र ३३ प्रतिशत आरक्षणको सुनिश्चिता भएसँगै कर्णाली प्रदेशमा महिलाको राजनीतिक अधिकार सुधारोन्मुख रहेको देखिन्छ। तर, प्रत्यक्ष निर्वाचनमा महिलाको सहभागिता अत्यन्त न्यून रहनुले राजनीतिक दलको महिलालाई हेर्ने पुरानो दृष्टिकोणमा भने परिवर्तन आएको देखिएन। मतदाता र उम्मेदवारीमा भने

**तालिका ४. कर्णाली प्रदेश सभामा महिला प्रतिनिधित्वको अवस्था**

| निर्वाचनको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) | ० | २४ | २४ |
| समानुपातिक (अप्रत्यक्ष) | १५ | १ | १६ |
| जम्मा | १५ | २५ | ४० |

स्रोत: कर्णाली प्रदेश सभा सचिवालय २०८१

**तालिका ५. कर्णाली प्रदेश सभामा दलगत प्रतिनिधित्व**

| राजनीतिक दलको नाम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| नेपाली कांग्रेस | ५ | ९ | १४ |
| नेकपा (माओवादी केन्द्र) | ४ | ९ | १३ |
| नेकपा एमाले | ४ | ६ | १० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | ० | १ |
| नेकपा (एकीकृत माजवादी) | १ | ० | १ |
| स्वतन्त्र | १ | ० | १ |
| जम्मा | १६ | २४ | ४० |

स्रोत: कर्णाली प्रदेश सभा सचिवालय, २०८१

महिलाको सहभागिता देखिन्छ।

कर्णाली प्रदेश सभाको निर्वाचनका लागि स्वतन्त्र पार्टी बाहेक प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार नबनाएका राजनीतिक दलहरूले ३३ प्रतिशत महिला सहभागिता हुनपर्ने बाध्यताका कारण समानुपातिक कोटाबाट ३३ प्रतिशत महिला सासंद पुऱ्याएका छन्। १६ समानुपातिक सांसदमध्ये १५ जना महिला सासंद रहेका छन्। यद्यपि, महिलालाई प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवार नबनाउनु भनेको महिलाहरूलाई नीति निर्माणमा संलग्न गराउन नचाहनु वा महिलालाई कम आँकलन गर्नु हो। जसलाई तालिका ४ र ५ ले प्रष्ट पार्दछ। कर्णालीमा प्रदेशमा सभामुख र उपसभामुख दुवै पदमा महिलाहरू निर्वाचित भएका छन्। यसलाई सकारात्मक प्रयासको रूपमा लिन सकिन्छ।

यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी कूल ७९ स्थानीय तहका जम्मा ७ सय १८ वडाहरू रहेका छन्। कर्णाली प्रदेशमा २०७९ को स्थानीय निर्वाचनमा ४ हजार ८ सय ७८ कूल महिला उम्मेदवार मध्येबाट १ हजार ५ सय २४ महिला उम्मेदवार निर्वाचित भएका छन्। एक मेयर, एक अध्यक्ष, १८ उपप्रमुख र ३५ उपाध्यक्ष पदमा गरी जम्मा ५५ पदमा महिला स्थानीय तहमा सहभागिता देखिन्छ। जबकी निर्वाचित पुरुषको सङ्ख्या १ सय ३ रहेको छ। स्थानीय तहको निर्वाचनमा प्रत्येक वडामा एक जना महिला र एक जना दलित महिला गरी २ जना महिला सदस्यका लागि कोटा निर्धारण गरिएका कारण कूल निर्वाचित सङ्ख्याको ६० प्रतिशत सङ्ख्या महिलाको छ।

त्यस्तै, सात वर्षको अवधिमा कर्णालीमा चार जना मुख्यमन्त्रीसहित ४३ जना मन्त्री भए। जहाँ महिलाको सहभागिता न्यून मात्रामा रहेको छ। हालसम्मका बनेका चारओटै सरकारहरूमा जम्मा ६ जना महिला सांसदहरूले मन्त्री

**तालिका ६. स्थानीय तहमा निर्वाचित महिला प्रतिनिधित्व**

| पद | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| नगर प्रमुख / गाउँपालिका उपाध्यक्ष | २ | ७७ | ७९ |
| नगर उप-प्रमुख/ गाउँपालिका अध्यक्ष | ५३ | २६ | ७९ |
| वडा अध्यक्ष | ६ | ७१२ | ७१८ |
| महिला सदस्य | ७१६ | ० | ७१६ |
| दलित महिला सदस्य | ६८० | ० | ६८० |
| खुल्ला सदस्य | ६७ | १,३६६ | १४३३ |
| कुल निर्वाचित | १,५२४ | २,१८२ | ३७०५ |

स्रोत: निर्वाचन आयोग २०७९

**तालिका ७. कर्णाली प्रदेश सरकार र विभिन्न आयोगमा महिला प्रतिनिधित्व**

| कर्णाली प्रदेश सरकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कर्णाली प्रदेश मन्त्रिपरिषद् | २ | ६ | ८ |
| कर्णाली प्रदेश योजना आयोग | ० | ६ | ६ |
| कर्णाली प्रदेश लोक सेवा आयोग | १ | २ | ३ |

स्रोत: कर्णाली प्रदेश सरकार २०७९

बन्ने अवसर पाए।

कर्णाली प्रदेश योजना आयोगको वर्तमान समितिमा महिलाको सहभागिता छैन। यसले योजना निर्माण र नीति निर्धारणमा महिलाको सहभागिताका लागि प्रदेश सरकार सचेत रहेको देखिँदैन। तर, कर्णाली प्रदेश लोग सेवा आयोगको कार्यसमितिमा भने महिला सहभागिता रहेको छ।

**तालिका ८. कर्णालीका महिला र पुरुषको साक्षरता दर**

| लिङ्ग | कर्णालीको साक्षरता दर | नेपालको साक्षरता दर |
|---|---|---|
| महिला | ६४.१ प्रतिशत | ६९.४ प्रतिशत |
| पुरुष | ८२.९ प्रतिशत | ८३.६ प्रतिशत |

स्रोत: तथ्याङ्कमा कर्णाली

**महिलाको शैक्षिक अवस्था**

तालिका ९ ले कर्णालीमा महिला साक्षरता दर पुरुषभन्दा अझै १८ प्रतिशतले कम रहेको देखाउँदछ। यो दर ग्रामीण क्षेत्रमा अझै बढी रहेको अनुमान गर्न सकिन्छ। ग्रामीण महिलाहरूमा औपचारिक शिक्षामा पहुँच नै नभएकाले महिला साक्षरता दर घटेको हो। नेपालको कूल पुरुष साक्षरता दर कर्णालीको पुरुष साक्षरता दर भन्दा २ प्रतिशतले कम छ। तर, महिलाको साक्षरता दर राष्ट्रिय साक्षरता दर भन्दा लगभग ८ प्रतिशतले कम छ। जबकी पुरुषको अनुपातमा महिलाको सङ्ख्याको बढी छ। विद्यालय र घरको दूरी धेरै रहेकाले पनि छोरीलाई विद्यालय नपठाउनु, बालविवाह र घरायसी जिम्मेवारीका कारण नियमित विद्यालय जान नसक्नु, आर्थिक कठिनाइले गर्दा विद्यालय छुटाउने वा माध्यमिक तहपछि शिक्षाबाट बाहिरिने दर उच्च रहेकाले पनि महिला साक्षरता दर कम भएको हुनसक्छ। जसका कारण महिलालाई रोजगारीका अवसरहरूबाट समेत बञ्चित गरेको छ। त्यस्तै, तालिका १० ले कर्णालीको मानव विकास सूचकाङ्क, युवा साक्षरता दर र अपेक्षित आयुको अवस्था देखाएको छ।

**तालिका ९. मानव विकास सूचकाङ्क, युवा साक्षरता दर र औसत आयु**

| क्षेत्र | मानव विकास सूचकाङ्क | युवा साक्षरता दर (प्रतिशत) | औसत आयु (वर्ष) |
|---|---|---|---|
| कर्णाली प्रदेश | ०.४२७ | ६६.१७ | ६६.८ |
| नेपाल | ०.५७४ | ८५ | ६९.७ |

स्रोत: नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०

**६. महिलाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था**

नेपाल

**तालिका १०. घरजग्गामा महिलाको स्वामित्व**

| क्षेत्र | महिला घरमुली | पुरुष घरमुली |
|---|---|---|
| कर्णाली प्रदेश | ३१.५५ | ६८.४५ |
| नेपाल | ३२.७ | ६७.९३ |

स्रोत: नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०

जीवनस्तर सर्वेक्षण, २०७९/८० को सर्वेक्षण अनुसार घरजग्गामा महिलाको स्वामित्व ३१.५५ रहेको छ। आधिकांश घरका पुरुषहरू वैदेशिक रोजगारी लागि भारत लगायत अन्य देशमा जाने गरेका कारण घरजग्गा महिलाको स्वामित्व रहेको हो। कर्णाली प्रदेशमा कूल ३ लाख ६६ हजार २ सय ५५ घरधुरीमध्ये जम्मा ३२ प्रतिशत (करीब १ लाख १७ हजार २ सय २० घरधुरी) महिलाको नेतृत्वमा रहेको देखिएको हो। त्यसमा, १७ प्रतिशत घरधुरी एकल महिलाले नेतृत्व गरेका छन्। महिला घरमूली रहनुका कारणहरूमा पुरुषको वैदेशिक रोजगारीका लागि पलायन, एकल महिलाहरूको सङ्ख्या वृद्धि, तथा महिलाको सशक्तीकरण अभियानको प्रभाव जस्ता विषयहरू रहेका छन्।

कर्णाली प्रदेशमा महिलाको सङ्ख्या बढी भए पनि आर्थिक, सामाजिक र राजनीतिक रूपमा महिलाहरूको अवस्था दयनीय रहेको देखाउँछ । यसलाई मध्यनजर गर्दै कर्णाली प्रदेशमा महिलाहरूको सामाजिक, आर्थिक, र राजनीतिक सशक्तीकरणको लागि सरकारी र गैरसरकारी (युएन वुमन, युरोपियन युनियन, युनिसेफ र अन्तर्राष्ट्रिय श्रम सङ्गठन) सङ्घसंस्थाले लगायतले कर्णालीमा 'समृद्ध महिला समृद्ध नेपाल', महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, हाम्रो साहस कार्यक्रम तथा आपतकालीन तयारी र लैङ्गिक समावेशी आपतकालीन प्रतिक्रिया जस्ता कार्यक्रम सञ्चालन गरेका छन्। यहाँका महिलाहरू मुख्य रूपमा कृषि र घरेलु काममा सीमित रहेका छन्। सहकारी संस्थाहरू, महिला समूह र आमा समूहलाई बचत र आम्दानीको स्रोत बनाउँदै गरेको देखिन्छ।

तालिका ११ ले के देखाउँछ भने कर्णालीमा बालविवाह व्यापक छ। किशोरको तुलनामा किशोरीहरूमा बालविवाहको प्रभाव २३ प्रतिशतले बढी देखिन्छ। नेपाल डेमोग्राफिक हेल्थ सर्भे २०२२ को तथ्याङ्क अनुसार प्रत्येक वर्ष कर्णालीका १९ वर्षमुनिका २१ प्रतिशत किशोरी गर्भवती हुन्छन्। जस्मा मातृ स्वास्थ्य सेवा प्रयोग गर्ने किशोरीको दर ५२.५ प्रतिशत मात्र छ। यसले कर्णालीका महिलाले मौलिक अधिकारको समेत प्रयोग गर्न पाएका छैनन् भनी प्रष्ट गर्छ। त्यस्तै, व्यक्तिगत निर्णयको स्वतन्त्रता पाउने महिलाको सङ्ख्या ३८.६ प्रतिशत छ। अर्को तिर बालविवाह, बहुविवाह, बोक्सी, छाउपडी जस्ता कुप्रथाका कारण कर्णालीका महिलाहरूले पुरुषको तुलनामा चरम विभेद खेप्नु परेको छ। बलात्कार, कुटपिट र हत्या जस्ता जनघन्य अपराधका घटना कम हुन सकेका छैनन्। घरेलु हिंसा, बालविवाह, छाउपडी जस्ता विषयमा कानुनी प्रतिबन्ध भए पनि कार्यान्वयनमा अझै कमजोर अवस्था छ।

**तालिका ११. बालविवाहको अवस्था**

| लिङ्ग | १५-१९ वर्ष उमेर समूह |
|---|---|
| किशोरी | ४८ प्रतिशत |
| किशोर | २५ प्रतिशत |

स्रोत: नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०

## समाधान र चुनौती

नेपालको संविधान, २०७२ ले समेत महिलासम्बन्धी हक र अधिकार सुनिश्चित गरेको छ भने त्यसलाई कार्यान्वयन गर्न विभिन्न ऐन, नीति नियमहरू समेत तर्जुमा भइसकेका छन्। त्यस्तै, अन्तर्राष्ट्रिय स्तरमा पनि महिला अधिकारका लागि विभिन्न घोषणा पत्रहरू बनेका छन्। सोही घोषणा पत्रको बुँदा अनुसार महिला सशक्तीकरण लागि काम भइरहेका छन्। महिला विरुद्ध सबै प्रकारको विभेद अन्त्यसम्बन्धी महासन्धि १९७९, संयुक्त राष्ट्रसङ्घद्वारा पारित यो महासन्धिसँगै नेपालले अधिकांश अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन गर्नुका साथै तिनकै आधारमा विभिन्न कानुन, नीति र कार्यक्रमहरू बनाएको छ। यद्यपि, पूर्णरूपले कार्यान्वयन गर्न भने विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको छ। कर्णालीमा पनि यहाँको विकट भौगोलिक अवस्थिति, शिक्षाको कमी, गरिबी, रूढिवादी परम्परा तथा मूल्यमान्यता र लैङ्गिक विभेदका कारण महिलाका हक र अधिकारका लागि बनेका नीति, नियमहरू पूर्णरूपले लागु हुन सकेका छैनन् ।

कर्णाली प्रदेशमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सशक्तीकरण लागि राष्ट्रिय मानव अधिकारको कर्णाली प्रदेश कार्यालय, इन्सेक, आवज जस्ता विभिन्न सरकारी र गैरसरकारी सङ्घसंस्थाहरू सक्रिय छन्। यी संस्थाहरूले महिला, दलित, बालबालिका, एकल महिला, र अन्य सीमान्तकृत समुदायहरूको अधिकार सुनिश्चित गर्न विविध कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन्। जसका कारण पछिल्लो केही वर्ष देखि यहाँका महिलाको अवस्थामा केही सुधार आएको छ भन्न सकिन्छ। बढ्दो साक्षरता दर र महिला आत्मानिर्भताको विकाससँगै महिलाको मानव अधिकारका बारेमा सचेतनात्मक कार्यक्रमहरू सञ्चालन भएका कारण सामाजिक व्यवहारमा केही सकारात्मक परिवर्तन देखिएका छन्। यसका साथै, नेपाल सरकारले शैक्षिक स्तर बढाउनका लागि पोषण कार्यक्रम, छात्रवृत्ति, र बालिकामैत्री अभियान र महिला उद्यम प्रवर्द्धनका लागि सीप विकास, सहकारी र अनुदान कार्यक्रम सञ्चालनमा ल्याएको छ। कर्णाली प्रदेश सरकारले महिलाको उच्च शिक्षामा पहुँच पुर्याउन स्नातक र स्नातकोत्तर तहसम्म महिला लक्षित छात्रवृत्तिको व्यवस्थाका साथै नेतृत्व विकास कार्यक्रम समेत सञ्चालन गरेको छ।

कणाली प्रदेश समक्ष महिलाको




**महिला हिंसा र हत्या विरुद्ध मानव अधिकारकर्मीद्वारा सुर्खेतमा आयोजित विरोध र्‍यालीका सहभागीहरु ।**

मानव अधिकार सुनिश्चित गर्न चुनौती र कठिनाइको पहाड नै छ। भौगोलिक विकटता, सदियौँदेखि जरागाडेर बसेको पुरातन र लैंगिक पूर्वाग्रहयुक्त सोच (छोरालाई प्राथमिकतामा राख्ने प्रवृति), चरम गरिबी, बालविवाह, घरेलु जिम्मेवारी, सामाजिक दबाब र परम्परागत मूल्य-मान्यतालाई सहजै भत्काउन कठिन छ। लैङ्गिक असमानताका कारण साधन र स्रोतको समान पहुँचको कमीका कारण महिलाहरूको स्तर पुरुषको तुलनामा निकै पछाडि छ।

भौगोलिक अवस्था र गरिबीका कारण छोरीको शैक्षिक स्तरमा सोचेजस्तो सुधार ल्याउन सकिएको छैन। छोराले हरेक क्षेत्रमा प्राथमिकता पाउने र छोरीले घरको काममा बढी समय खर्च गर्नु परेको कारण पनि छोरीको शिक्षामा अवरोध पुगेको छ। यसैगरी, कर्णालीका ग्रामीण क्षेत्रमा महिलामैत्री स्वास्थ्य सेवा पुग्न सकेको छैन। उक्त क्षेत्रका गर्भवती महिला समयमै सेवा नपाएर गम्भीर स्वास्थ्य जोखिमका साथै अकाल मै मृत्युवरण गर्न बाध्य छन्। दक्ष जनशक्ति र स्वास्थ्य संस्थासम्मको पहुँचको अभाव वा समयमै एम्बुलेन्स पुग्न नसक्नु वा बाटो नहुनु प्रमुख समस्याले सुरक्षित मातृत्व सेवाबाट वञ्चित रहनु परेको छ।

लैङ्गिक असहजता र अशिक्षाका कारण अधिकांश महिला आर्थिक रूपमा पुरुषमा निर्भर रहेका छन् भने सम्पत्ति, घर वा जग्गा पनि पुरुष कै स्वामित्वमा छ। कर्णालीका महिला प्राय: घरेलु काम, कृषि मजदुरी वा अनौपचारिक श्रममा सीमित रहने गरेका छन्।

कर्णाली मात्र नभएर पूरै देशभर राजनीतिक तथा सामाजिक रूपमा महिलाको सहभागिता न्यून देखिन्छ। त्यसमाथि कर्णालीमा अझै न्यून छ। संविधानले महिला सहभागिता सुनिश्चित गराएको कारण कर्णालीमा महिला प्रतिनिधिहरू रहेका हुन् भन्न सकिन्छ। राजनीतिक वृत्तमा समेत पुरुषवादी सोचले महिलाई जहिले पनि दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरिन्छ।

**निष्कर्ष**

कर्णालीमा महिला सशक्तीकरण र महिला अधिकारको सुनिश्चित गर्नका लागि सर्वप्रथम समाजमा गहिरो रूपमा जरा गाडेर बसेको अन्धविश्वास, रुढीबादी परम्परा, पुरातन सोचमा परिवर्तन हुनु अति आवश्यक छ।

दोस्रो, संविधानमा सुनिश्चित अधिकारलाई सरकारले पूर्ण रूपमा लागु गरी राज्यका नीति निर्माण तहमा महिलाको समान सहभागिताको अवसर प्रदान गर्नु आवशयक छ। साथै, अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि सम्झौता र घोषणालाई अविलम्व कार्यान्वयन गरी महिलाका हक अधिकारको सुनिश्चितामा जोड दिनु आवश्यक छ।

सबै महिलालाई साक्षर, शिक्षित र दक्ष बनाउनुका साथैं स्वावलम्बी, आत्मनिर्भर बनाउने सरकारको पहिलो प्राथमिकता हुनु पर्छ।

*(लेखक : मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा अध्यापन गर्नुहुन्छ ।)*

विश्लेषण

# नेपालमा महिला बेचबिखन तथा ओसारपसारः

# इतिहास र वर्तमान स्वरुप

नेपालमा महिला बेचबिखनको इतिहास धेरै पुरानो छ। पुराना दस्तावेजहरू अनुसार, राणा शासनको समयदेखि नै नेपालबाट भारततर्फ महिलाहरूको ओसारपसार हुने गरेको पाइन्छ। त्यो बेलामा गरीब र पिछडिएको समुदायका महिला तथा बालिकाहरूलाई विभिन्न प्रलोभन–जस्तै राम्रो काम, विवाह, वा राम्रो आशामा भारत लगिन्थ्यो। विशेषगरी भारतको कोठी (वेश्यालय) बजारमा नेपाली महिलाहरूको माग धेरै थियो। नेपाली महिलालाई सुन्दर, सोझो र सजिलो शिकारको रूपमा लिइन्थ्यो। यसकारण धेरै महिला युवतीहरू जबरजस्ती वेश्यावृत्तिमा धकेलिएको इतिहास छ ।



**निर्मला पौडेल**

सन् १९८० को दशकदेखि महिला बेचबिखनबारे जनचेतना फैलिन थाल्यो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले महिला अधिकार र मानब बेचबिखन मानब तस्करीविरुद्ध अभियान चलाउन थाले। यसैक्रममा विभिन्न संस्थाहरू सक्रिय भए। यिनीहरूले उद्धार, पुनःस्थापना, शिक्षा र कानुनी सहायता प्रदान गर्न थाल्दै यो समस्या गम्भीर रहेको उल्लेख गरे।

आजको युगमा मानब बेचबिखनका तरिका पनि फेरिएको देखिन्छ। सामाजिक सञ्जाल, मोबाइल फोन र अनलाइन माध्यमबाट पनि ठगी र प्रलोभनको प्रवृत्ति बढेको छ। विवाहको झुटो प्रस्ताव, मोडलिङ वा फिल्ममा काम लगाइदिने, वैदेशिक रोजगारी, उच्च शिक्षाको नाउँमा पनि महिला र किशोरीहरू अझै भनौं यो विषयको चेतना नभएका सिङ्गो मानव जातिरूलाई बेचबिखनको सिकार बनाएको पाइन्छ ।

महिला बेचबिखनको प्रमुख कारणमा गरिबी, अशिक्षा, लैङ्गिक विभेद, बेरोजगारी, र सीमित अवसरहरू पर्दछन्। ग्रामीण क्षेत्रका महिला तथा किशोरीहरूलाई विभिन्न लोभ देखाएर भारत, खाडी मुलुक तथा पछिल्लो समयमा चीन, कोरिया, मलेसिया लगायतका देशहरूमा बेचबिखन गरिन्छ। केही दलालहरूले त आफन्त, छिमेकी वा चिनजानको नाउँमा विश्वास जितेर पनि यो अपराध गर्छन्।

नेपाल सरकारले मानब बेचबिखन नियन्त्रणका लागि विभिन्न कानुनी प्रयासहरू गरेको छ। संविधानमा समेत मानव बेचबिखनविरुद्ध व्यवस्था गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ नियमावली २०६५ अनुसार यस्तो अपराध गर्नेलाई कडा सजाय तोकिएको छ। यस्तै, विभिन्न पुनःस्थापना केन्द्रहरू मार्फत पीडितलाई पुनर्जीवन दिने काम पनि भइरहेको छ। तर, कार्यान्वयनमा अझै कमजोरी देखिन्छ। सीमा क्षेत्रको कमजोर निगरानी, कानुनी कारबाहीमा ढिलाइ, र दलालसँगको साँठगाँठ अझै समस्या बनेको छ।

मानब बेचबिखनविरुद्ध लड्न सबै तहबाट एकजुट प्रयास आवश्यक छ। शिक्षा, जनचेतना, रोजगारीका अवसर, र महिला सशक्तीकरणका कार्यक्रमहरू बढाउनु जरुरी छ। विशेषगरी किशोरीहरूलाई आत्मरक्षा, यौन

शिक्षा, र जीवनपयोगी सीप सिकाउनु अत्यन्त महत्त्वपूर्ण छ।

मानब बेचबिखन कुनै एक व्यक्तिको होइन, सम्पूर्ण समाजको साझा समस्या हो। यसविरुद्धको लडाइँमा राज्य, नागरिक समाज, सञ्चारकर्मी, शिक्षक, अभिभावक र हरेक व्यक्तिको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। जबसम्म सबै मिलेर दृढ सङ्कल्पका साथ अघि बढ्दैनौँ, तबसम्म यो अपराध अन्त्य हुने छैन।

**नेपालमा मानव बेचबिखनले पारेको प्रभाव**

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा मानव बेचबिखन एउटा गम्भीर सामाजिक अपराध र मानव अधिकार उल्लङ्घनको विषय बनेको छ। गरिबी, अशिक्षा, बेरोजगारी, लैङ्गिक विभेद, तथा सीमा नाकाको खुलापनले गर्दा नेपाली नागरिक, विशेषगरी महिला र बालबालिका, मानव बेचबिखनको चपेटामा पर्न बाध्य छन्।

मानव बेचबिखनले सर्वप्रथम पीडित व्यक्तिको जीवनमा गहिरो असर पार्दछ। उनीहरू शारीरिक, मानसिक, तथा यौन शोषणको शिकार हुन्छन्। बेचबिखनमा परेका धेरै महिला यौन व्यवसायमा जबरजस्ती लगाइन्छन् भने बालबालिकाहरूलाई बालश्रम, घरेलु कामदार, वा अवैध अङ्ग व्यापारका लागि प्रयोग गरिन्छ। पीडितहरूलाई आफन्तबाट टाढा राखिन्छ, डर, धम्की, र हिंसाको माध्यमबाट नियन्त्रण गरिन्छ। यसले उनीहरूको आत्मसम्मान, आत्मविश्वास र भविष्यप्रतिको आशालाई पूर्ण रूपमा क्षति पुऱ्याउँछ।

यस अपराधको असर समाजमा पनि गहिरो छ। जब समाजका सक्रिय अङ्गहरू महिला र बालबालिका यस्तो शोषणमा पर्छन्, तब देशको समग्र सामाजिक विकासमा अवरोध पुग्छ। साथै, समाजमा असुरक्षा र अविश्वासको भावना पैदा हुन्छ। बेचबिखनको सञ्जाल प्राय: संगठित अपराधसँग जोडिएको हुन्छ जसले भ्रष्टाचार, सीमा अपराध, र अन्य गैरकानुनी गतिविधिहरूलाई बढावा दिन्छ।

अर्कोतर्फ, मानव बेचबिखनले परिवारमासमेत दीर्घकालीन असर पार्दछ। बेचबिखनमा परेका सदस्यको अभावमा परिवार भावनात्मक रूपमा कमजोर हुन्छ। धेरै अवस्थामा पीडित घर वा समुदायमा फर्किए पनि उनीहरूलाई समाजले पुन: स्वीकृति नदिने, तिरस्कार गर्ने प्रवृत्ति देखिन्छ, जसले पुन: पटक पटक उनीहरूलाई मानसिक यातना दिन्छ। यसले पुनर्स्थापना तथा पुन:एकीकरण प्रक्रियालाई जटिल बनाउँछ।

सरकार तथा विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूले मानव बेचबिखन नियन्त्रण गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। चेतनामूलक कार्यक्रम, कानुनी कडाइ, पीडितहरूको पुन:स्थापना, तथा सीमा सुरक्षा जस्ता प्रयास भइरहेका छन्। तर, पनि समस्याको जडमा पुगेर समाधान खोज्न अझ धेरै प्रयास आवश्यक छ। जनचेतना अभिवृद्धि, शिक्षा र रोजगारीको अवसर विस्तार, तथा कानुनी कार्यान्वयनमा सुधार अत्यन्त जरूरी छन्। मानव बेचबिखन केवल कानुनी वा सामाजिक समस्या होइन यो मानवताको गम्भीर सङ्कट हो। प्रत्येक नागरिकले यस विरुद्ध आवाज उठाउनु पर्दछ। जबसम्म हामी सबै मिलेर यसको अन्त्य गर्न एकजुट हुँदैनौं, तबसम्म सुरक्षित, समान र न्यायपूर्ण समाजको परिकल्पना अधुरो नै रहनेछ।

**मानव बेचविखनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू**

मानव बेचविखन अर्थात् मानव तस्करी एउटा गम्भीर अपराध हो जुन मानव अधिकारको उल्लङ्घन हो। यसले महिलाहरू, बालबालिका, र पुरुषहरूलाई जबरजस्ती श्रम, यौन शोषण, बालश्रम, अङ्ग प्रत्यारोपण, वा अन्य अमानवीय कार्यमा संलग्न गराउने उद्देश्यले तिनीहरूको खरिद (बिक्री वा ओसारपसारलाई जनाउँछ। विश्वका धेरै देशहरूमा यो समस्या छ, र नेपाल पनि

यसबाट अछुतो छैन। मानव बेचविखन रोकथाम गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै तहमा विभिन्न कानुन र पहलहरू भएका छन्।

**राष्ट्रिय कानुनहरू**

नेपालले मानव बेचविखन रोकथाम र पीडितको संरक्षणका लागि विभिन्न कानुनहरू निर्माण गरेको छ। तीमध्ये मुख्य कानुनहरू यसप्रकार छन्।

**नेपालको संविधान**

नेपालको संविधान २०७२ ले दासत्व, जबर्जस्ती श्रम, र मानव बेचबिखनलाई निषेध गरेको छ। अनुच्छेद २९ ले जबर्जस्ती श्रमबाट मुक्ति दिने अधिकार सुनिश्चित गर्छ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

यो ऐन नेपालमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धको प्रमुख कानुनी दस्तावेज हो। यसले मानव बेचबिखनलाई गम्भीर अपराध मानेको छ र दोषीलाई १० देखि २० वर्षसम्म कैद र जरिवाना हुने व्यवस्था गरेको छ। पीडितलाई क्षतिपूर्ति दिने प्रावधान पनि यसमा समावेश छ।

**राष्ट्रिय योजना तथा नीति**

नेपाल सरकारले विभिन्न राष्ट्रिय योजनाहरू बनाएको छ। जस्तै- "मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय योजना २०८०-२०८४" जसले रोकथाम, उद्धार, पुन:स्थापना, र पुन:एकीकरणका कामलाई प्राथमिकता दिएको छ।

**अन्तर्राष्ट्रिय कानुन**

मानव बेचविखनको समस्या विश्वव्यापी भएकाले अन्तर्राष्ट्रिय स्तरमा पनि यसको नियन्त्रणका लागि कानुनी प्रयासहरू गरिएका छन्। केही प्रमुख कानुनी दस्तावेजहरू यस प्रकार छन्।

**संयुक्त राष्ट्रसंघ पालेर्मो प्रोटोकल**

यो संयुक्त राष्ट्रसंघ अन्तर्गतको महिला र बालबालिकाको बेचबिखनविरुद्ध संयुक्त राष्ट्रसंघ पालेर्मो प्रोटोकल रहेको छ। यसले मानव बेचबिखनको परिभाषा स्पष्ट गर्छ, राष्ट्रहरूलाई कानुन बनाउन प्रोत्साहित गर्छ, र अन्तरदेशीय सहकार्यको व्यवस्था गर्छ। नेपालले सन् २००२ मा यसमा हस्ताक्षर गरेको थियो।

**मानव अधिकारको विश्वव्यापी घोषणापत्र**

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा पनि दासत्व र जबरजस्ती श्रमको विरोध गरिएको छ। यसले मानव बेचबिखनलाई मानव अधिकारको उल्लङ्घन मानिन्छ।

**आइएलओ कन्भेन्सन**

अन्तर्राष्ट्रिय श्रम संगठनले जबर्जस्ती श्रम, बालश्रमलगायतका सन्धिहरू ल्याएको छ। नेपाल यी सन्धिहरूको पक्षमा छ।

**सार्क कन्भेन्सन**

दक्षिण एशियाली राष्ट्रहरूबीच महिलाहरू र बालबालिकाको यौन शोषणका लागि हुने मानव तस्करी नियन्त्रण गर्न यो सन्धि गरिएको हो। यसले सदस्य राष्ट्रहरूबीच सहकार्यको मार्गचित्र दिएको छ। मानव बेचबिखन एउटा विश्वव्यापी चुनौती हो जसले हजारौँ मानिसको जीवनमा असर पारिरहेको छ। यस विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू अत्यन्तै महत्त्वपूर्ण छन्। यस्ता कानुनहरू केवल कागजमा सीमित नहोस् भनेर तिनको प्रभावकारी कार्यान्वयन, जनचेतना अभिवृद्धि, पीडितको न्याय र पुन:स्थापनाको सुनिश्चितता आवश्यक छ। सरकार, गैरसरकारी संस्था, सञ्चारमाध्यम, र नागरिक समाज सबैको भूमिकाले मात्रै मानव बेचबिखनको अन्त्य सम्भव छ।

**बेचबिखनको अवस्था**

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन २०२२ अनुसार, पछिल्ला दुई वर्षमा करिब ४० हजार नेपालीहरू बेचबिखनमा परेका छन्। हरेक वर्ष १२ हजारदेखि १५ हजार नेपाली बालिकाहरू भारत, चीन, मध्यपूर्व, दक्षिण कोरिया र अफ्रिकाका विभिन्न देशहरूमा बेचबिखनमा पर्ने अनुमान छ।

**उद्धार कार्यहरू**

पछिल्ला पाँच वर्षमा २०१९/२० देखि २०२३/२४ मा नेपाल प्रहरीले १ हजार ६ सय ७९ जनालाई मानव बेचबिखनबाट उद्धार गरेको छ, जसमा १ हजार ७८ महिला र ६ सय ५ जना पुरुष छन्।

**मानव बेचविखन र ओसारपसारको बदलिएको प्रवृत्तिः**

मानव बेचविखन संसारभर एक गम्भीर अपराध हो जुन समयसँगै फरक-फरक रूप लिँदै आएको छ। पुराना समयमा गुलामी प्रथा, जबरजस्ती श्रम र यौन शोषणका रूपमा देखिएको यो अपराध आज प्रविधिको प्रयोगसँगै अझै गुप्त, सञ्जालबद्ध र जटिल बन्दै गएको छ।

**पुरानो स्वरूप**

मानव बेचविखनको इतिहास हजारौँ वर्ष पुरानो छ। पुरातात्विक प्रमाणहरू अनुसार प्राचीन सभ्यताहरूमा गुलामी प्रथाको व्यापकता थियो। मानिसहरूलाई युद्ध, ऋण वा सामाजिक विभाजनका कारण बेचिन्थ्यो। नेपाल लगायत दक्षिण एशियामा पनि महिला तथा बालबालिकालाई घरेलु काम, जबरजस्ती विवाह, वा देउकी प्रथामा बेच्ने चलन थियो। ती समयहरूमा मुख्य रूपमा बल प्रयोग, गरीबी र जातीय भेदभावले मानव बेचविखनलाई बढावा दिएको पाइन्छ।

**आधुनिक युगको सुरुआत र परिवर्तन**

२० औँ शताब्दीको सुरुआतसँगै मानव अधिकारबारे सचेतना बढे पनि मानव बेचबिखनको रूप बदलिँदै गयो। पहिलेको जस्तो खुला गुलामी अब कानुन विपरीत गुपचुप रूपमा चल्न थाल्यो। यौन शोषण, बालश्रम, जबर्जस्ती मजदुरी र अङ्ग बेचबिखन जस्ता अपराधहरू बढ्न थाले। अन्तर्राष्ट्रिय सीमाहरू पार गर्दै हुने ओसार पसारमा महिला र बालबालिका मुख्य लक्ष्य बन्न थाले।

**प्रविधिको प्रभाव र डिजिटल युगको चुनौती**

२१औँ शताब्दीमा इन्टरनेट, मोबाइल, र सामाजिक सञ्जालको प्रयोगले मानव बेचविखनमा नयाँ ढोका खोलिदिएको छ। मानव तस्करहरूले झुटो रोजगारी, अध्यापन वा विवाहको आश्वासन दिएर मानिसहरूलाई झुक्याउने गरेका छन्। अनलाइनमार्फत भेटघाट, ठगी, र यौनशोषणका घटना बढेका छन्। प्राविधिक पहुँच भएका साना समूह वा व्यक्तिहरूले समेत अन्तर्राष्ट्रिय अपराधमा संलग्न हुनसक्ने अवस्था आएको छ।

**बेचविखनको मार्ग परिवर्तन**

अघिल्लो दशकहरूमा भारत, खाडी मुलुक वा मलेसिया मुख्य गन्तव्यस्थल मानिन्थे भने अहिले युरोप, अमेरिका वा अफ्रिकी देशहरूमा समेत नेपाली नागरिक बेचबिखनमा परेका तथ्य सार्वजनिक भएका छन। केही तस्करहरू पर्यटक भिसा, विद्यार्थी भिसा वा अध्यागमन प्रक्रियाको दुरुपयोग गरेर मानिसको ओसारपसार गर्छन्। नेपालबाट भारत हुँदै अन्य देश पुऱ्याउने मार्ग अझै पनि सक्रिय छ।

**बेचबिखनको बहाना बदलिँदै**

पहिले ज्यालादारी, घरेलु काम वा यौन शोषणका लागि मान्छे बेचिन्थे भने अहिले खेलकुद, संगीत, मनोरञ्जन, इन्टरनेट स्ट्रीमिङ जस्ता क्षेत्रमा पनि मानिसहरूको शोषण हुन थालेको छ। बालबालिकालाई युट्युब च्यानलमा प्रयोग गर्ने, जबर्जस्ती अश्लील भिडियो खिच्नेजस्ता घटना पनि बेचबिखनको नयाँ रूप हुन्।

**समाधानको प्रयास र चुनौतीहरूः**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले मानव बेचबिखन रोक्न कानुन बनाएका छन्। नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन लागु गरिएको छ। यद्यपि गरिबी, बेरोजगारी, शिक्षाको कमी, लैङ्गिक विभेद र कमजोर सीमाना व्यवस्थापनका कारण समस्या ज्युँका त्युँ छ।

*(लेखक : शक्ति समूह बाँकेका संयोजक हुनुहुन्छ ।)*

विश्लेषण

# उपेक्षामा कर्णालीका दलित महिला

नेपालको संविधान (२०७२) मा धारा १६ देखि धारा ४६ सम्म मौलिक हकको प्रत्याभूति गरिएको छ। तीमध्ये धारा १८ : समानताको हक, धारा २४ : छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा ३१: शिक्षा सम्बन्धी हक धारा ४२ : सामाजिक न्यायको हक आदि प्रमुख मौलिक हकका रूपमा समेटिएका छन्।

मौलिक हक मानव अधिकारको सिद्धान्तसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। मौलिक हक कसैका लागि बढी र कसैका लागि कम भन्ने हुँदैन। यो सबै नागरिकलाई बराबर रूपमा लागु हुने गर्छ। मौलिक हक आफै कार्यान्वयन हुने होइनन्। त्यसका लागि राज्य संयन्त्र, संरचना र कानुनी संस्थाहरू प्रभावकारी रूपमा क्रियाशील हुनैपर्छ।



सिर्जना बुढाथोकी

मौलिक हक कार्यान्वयनको अवस्था के कस्तो छ भन्ने बारेमा बुझ्न चाहने हो भने कर्णालीका दूरदराजका जिल्लाहरूमा रहेका दलित महिलाहरूको हालत र हविगत हेर्नुपर्ने हुन्छ। महिलाले महिला भएकै कारण वा दलित भएकै कारण भोग्नुपर्ने असमानता, हिंसा, अपमान, दुर्व्यवहार र भेदभाव सबैभन्दा बढी कर्णालीमै छ भन्दा अतिशयोक्ति नहोला।

कानुनका नजरमा सबै नागरिकहरूको अस्तित्व, अधिकार र हैंसियत बराबर हुन्छन्। कुनै पनि बहानामा राज्यले कसैलाई काखा र कसैलाई पाखा वा भेदभाव गर्न मिल्दैन। एउटै राज्यभित्र बसोबास गर्ने नागरिकलाई एकथरी वा वर्गको नागरिकलाई पहिलो दर्जाको मानेर बेग्लै कानुन र अर्कोथरी वा वर्गको नागरिकलाई दोश्रो वा तेश्रो दर्जामा राखेर अर्कै कानून वा अधिकार गर्न पाइँदैन। हाम्रो समाजमा मानिसले मानिसलाई वर्ग, धर्म, वर्ण, उत्पन्ति, जातजाति, शारीरिक अवस्था आदिका आधारमा गर्ने सामाजिक विभेद अझै कायमै रहेको छ। कानूनले यस्तो विभेद पूर्णरूपमा उन्मूलन गरिदिएको भए पनि व्यावहारिकरूपमा समाजभित्र हुने यस किसिमका विभेद एककिसिमले प्रथा वा परम्पराजस्तै जकडिएर बसेका छन्।

कर्णाली प्रदेश भौगोलिक विकटता, आर्थिक पिछडापन, शैक्षिक अवसरको कमी, स्वास्थ्य सेवाको न्यून पहुँच र सामाजिक-सांस्कृतिक रूपमा जटिल परिवेशको कारण संवैधानिक रूपमा प्रत्याभूत गरिएका आधारभूत मानवअधिकारसँग प्रत्यक्ष रूपमा अन्तरर्निहित हुने मौलिक हकहरू कार्यान्वयनको तहमा अझै पनि चुनौतीपूर्ण रहेका छन्। विशेषगरी नेपालको कर्णाली प्रदेशमा रहेका महिला, त्यसमा पनि दलित महिलाहरूको संवैधानिक हकहरूको प्रत्याभूति हुन सकिरहेको छैन।

नेपालको अन्य प्रदेशका महिलाहरू विशेषगरी दलित महिलाहरू अझै पनि

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकारबाट वञ्चित छन्। कर्णालीका दलित महिलाहरूले भोग्नुपरेका मुख्य सामाजिक समस्या वा अवरोध उल्लेख गर्नुपर्दा पहिलो: सामाजिक असमानताबाट उत्पन्न गरिबी र पछौटेपन दोस्रो: जातीय छुवाछूत र भेदभाव र तेस्रो: लैङ्गिक असमानता हुन्। यी तीन ओटा कारणले गर्दा उनीहरू सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक रूपमा अत्यन्त हेपिएको र चेपिएको अवस्थामा छन्।

कर्णाली प्रदेश योजना आयोगको २०७६/०७७ को सर्वेक्षणअनुसार कर्णालीको बहुआयामिक गरिबी ५८ दशमलव ७ प्रतिशत छ, त्यसमध्ये पनि ८० प्रतिशत दलित समुदाय गरिबीमा छन्। अनि सरकारी निकायले नै गरेको सर्वेक्षणको निष्कर्षलाई आधार मानेर भन्ने हो भने आर्थिक गरिबीकै कारण उनीहरू बढीजसो जातीय विभेदको शिकार हुनुपरेको हो। शिक्षा र चेतनाको कमी र आर्थिक अभावका कारण केही अपवाद बाहेक अधिकांश न्यायिक उपचारको प्रक्रियासम्म पुग्दै पुग्दैनन या भनौं पुग्नै सक्दैनन्।

कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०७९/०८० देखि २०८१/०८२ चैतसम्म तीन वर्षमा जम्मा १५ ओटा जातीय विभेदका मुद्दा दर्ता भएका छन्। सुर्खेतमा नौ, कालीकोट र जुम्लामा दुई-दुई, मुगुमा दुई ओटा मुद्दा दर्ता भए भने सल्यान, जाजरकोट, हुम्ला, डोल्पा, रुकुमपश्चिम र दैलेखमा कुनै मुद्दा नआएको प्रदेश प्रहरीको तथ्याङ्कले देखाउँछ।

आँकडा हेर्दा त जातीय विभेद कमै मात्रामा हुने गरेको जस्तो देखिन्छ, तर धरातलीय यथार्थ भने कैयौँ गुणा कहालीलाग्दो छ। जातीय विभेद र छुवाछुतका कतिपय घटनामा पीडितले जाहेरी नै दिन सक्दैनन्। जाहेरी दिइहाले पनि विभिन्न प्रभाव र दबावमा त्यसलाई गाउँघरमै दबाउन वा मिलाउन खोजिन्छ।



**सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ स्थित बालुवाटार बस्तीका दलित महिलाहरु ।**

सशस्त्र द्वन्द्वका कारण कर्णालीका गाउँघरबाट शुरु भएको युवा पलायन अहिले पनि उही रफ्तारमा छ। कर्णालीका पहाडी र हिमाली जिल्लाका अधिकांश उमेरदार पुरुषहरू कामका लागि थातथलो छाडेर हिँड्ने भएका कारण सन्तानहरूको लालनपालन, वृद्धहरूको स्याहारसुसार, चुलोचौकोदेखि खेतबारीसम्मको काम महिलाहरूको काँधमा आएको देखिन्छ। बालविवाह र कम उमेरमा सन्तान जन्मँदा प्रजनन स्वास्थ्यमा गम्भीर असर परेको छ। झन् पारिवारिक बोझ पनि एक्लै उठाउनुपर्ने र त्यसमाथि पोषणयुक्त खानाको अभावमा उनीहरू शारीरिक दुर्बलता, पाठेघर खस्ने आदिलगायत अन्य दीर्घकालीन रोग बिमारले ग्रस्त हुने गरेका छन्।

दलित महिलाहरू प्रायः परम्परागत पेशामा सीमित छन्, जस्तै सिलाइ, कृषि, वा घरेलु काम। उनीहरूको आर्थिक स्वतन्त्रता नहुँदा सामाजिक र राजनीतिक सहभागिता पनि कमजोर छ। कर्णालीका दलित महिलाको पहुँच राजनीतिमा पनि राम्रोसँग पुग्न सकेकै छैन। राजनीतिक मूलधारमा दलित महिलाको उपस्थिति र प्रभावको कुरा गर्ने हो भने उनीहरू अहिले पनि कोशौं टाढा छन्।

पहिलो कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेशसभा अनि कर्णाली प्रदेशका स्थानीय तह जहाँ कानुन बनाउने र कार्यान्वयन गराउने जिम्मेवारीसमेत छ। यी निकायमा महिलाको सङ्ख्या कम छ।

२०७९ को स्थानीय तह निर्वाचनमा कर्णाली प्रदेशका ७९ ओटा स्थानीय तहमध्ये दुई पालिकामामात्र उपप्रमुख दलित महिला निर्वाचित भएका छन्। अझ रोचक त के छ भने कर्णाली प्रदेशभरीका कूल ७९ स्थानीय तहका ७ सय १८ वडामध्ये हुम्ला, मुगु, जुम्ला र डोल्पाका ३६ वडामा दलित महिला सदस्यको उम्मेदवारी नपरेपछि ती सबै पद अहिले रिक्त नै छन्। सबैभन्दा धेरै डोल्पाका २२ वडामा दलित महिला सदस्यको उम्मेदवारी नपरेको निर्वाचन कार्यालयको तथ्याङ्कले देखाउँछ। यसरी रिक्त हुने अवस्थाका पद कसरी पूर्ति गर्ने र दलित महिलाको सहभागिता सुनिश्चित गर्ने भन्ने कानुनी व्यवस्था छैन।

कर्णालीमा दलित समुदायको जनसङ्ख्या करिब २९ प्रतिशत छ, र यो समुदाय सामाजिक, आर्थिक र शैक्षिक रूपमा उपेक्षित छ। दलित महिलाहरूको अवस्था झनै दयनीय छ। उनीहरूले जातीय छुवाछुत, लैङ्गिक हिंसा, र आर्थिक निर्भरताको सामना गर्नुपर्छ। शिक्षा, स्वास्थ्य, र रोजगारीमा उनीहरूको पहुँच न्यून छ।

कर्णालीमा दलित महिलाहरूलाई मूलप्रवाहमा ल्याउन नीतिगत सुधार पहिलो आवश्यकता हो। आलेखको शुरुआतमै उल्लेख गरिएको छ कि नेपालको संविधानले धारा २४ मा छुवाछूत र भेदभावविरुद्धको हक र धारा ४० मा दलितको हकको व्यवस्था गरेको छ भनेर। तर, यी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नहुनु नै सबैभन्दा जब्बर र ठूलो समस्या हो कर्णालीका लागि। त्यसका लागि संविधानमा भएको व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्न राज्य संयन्त्रले तदारूकता देखाउनैपर्छ। समग्र दलित समुदाय र त्यसमा पनि आर्थिक रूपले विपन्न दलित महिलाहरूलाई निःशुल्क शिक्षा, स्वास्थ्य, र रोजगारीका अवसरहरूमा समान पहुँच स्थापित गर्नसके सुधारको पहिलो खुड्किलो त्यही नै हुन सक्छ।

त्यसैगरी स्थानीय तहमा 'जातीय विभेद तथा छुवाछूत अनुगमन समिति' गठन गर्नुपर्छ, जसले दलित महिलाहरूको गुनासो सुन्ने र न्याय प्रदान गर्ने काम गरोस्। साथै, विशेष छात्रवृत्ति र प्राविधिक शिक्षामा दलित महिलाहरूलाई कोटा निर्धारण गर्नुपर्छ। आर्थिक स्वतन्त्रताबिना दलित महिलाहरूको मूलप्रवाहमा समावेश सम्भव छैन। कर्णालीमा दलित महिलाहरूलाई उद्यमशीलतामा प्रोत्साहन गर्न लघु, घरेलु, र मझौला उद्योगका लागि सहुलियत ऋण र अनुदान प्रदान गर्नुपर्छ। दलित महिलाहरूको आत्मनिर्भरता र आत्सम्मानका लागि उनीहरूले पुस्तौंदेखि गर्दै आएको परम्परागत सीप व्यवसाय, जस्तै सिलाइ बुनाइ र हस्तकलाजस्ता सीपलाई प्रवर्द्धन गरी कर्णालीमा दूरदराजसम्मै विस्तार गर्नुपर्छ। साथै, भूमिहीन दलित महिलाहरूलाई सरकारको जनता आवास कार्यक्रममार्फत घर र जग्गा प्रदान गर्नुपर्छ, जसले उनीहरूको आर्थिक स्थिरता बढाउँछ।

दलित महिलाहरूलाई सशक्त बनाउने तेस्रो र महत्त्वपूर्ण आधार हो शिक्षा। कर्णालीमा दलित बालिकाहरूको विद्यालय भर्ना दर कम छ। झण्डै ४ दशमलव ९ प्रतिशत शिक्षक मात्र दलित समुदायका छन्। यो अवस्थालाई सुधार्न विशेष छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्छ। कालीकोटमा सञ्चालित नेपाल छात्रवृत्ति कार्यक्रमले दलित बालबालिकाको शैक्षिकस्तर सुधार गरेको छ, र यस्ता कार्यक्रमलाई कर्णालीका सबै जिल्लामा विस्तार गर्नुपर्छ। प्राविधिक र व्यवसायिक शिक्षामा दलित महिलाहरूलाई प्राथमिकता दिनुपर्छ। कम्प्युटर, स्वास्थ्य सहायक, र उद्यमशीलताजस्ता क्षेत्रमा तालिम प्रदान गरेर उनीहरूको रोजगारी योग्यता बढाउन सकिन्छ। साथै, स्थानीय पाठ्यक्रममा दलित इतिहास र संस्कृतिलाई समावेश गर्नुपर्छ, जसले दलित बालिकाहरूलाई आत्मसम्मान र पहिचानको भावना प्रदान गर्छ।

जातीय छुवाछूत र लैङ्गिक विभेदलाई हटाउन सामाजिक जागरूकता अभियान चलाउनु पर्छ। कर्णालीमा दलित समुदायविरुद्धको छुवाछूत नेपालकै अग्रस्थानमा छ। यसलाई न्यूनीकरण गर्न स्कूल, सामुदायिक केन्द्र, र मिडियामार्फत जागरूकता कार्यक्रम सञ्चालन गर्नुपर्छ। दलित महिलाहरूलाई नेतृत्व विकास तालिम र सामुदायिक सङ्गठनमा सहभागी गराउनुपर्छ। गुर्भाकोट नगरपालिकाकी उपप्रमुख मैना विकले दलित महिलाहरूलाई विशेष क्षमता अभिवृद्धि कार्यक्रमको आवश्यकता औंल्याएकी छन्। जुन धेरै हदसम्म वास्तविक र व्यवहारिक पनि हो। यस्ता कार्यक्रमले दलित महिलाहरूलाई निर्णय प्रक्रियामा सक्रिय बनाउँछ।

कर्णालीका दलित महिलाहरूको सशक्तिकरण र विकास सरकार एक्लैको प्रयासले मात्र सम्भव हुँदैन। नेपालको संविधानले परिकल्पना गरेको समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न कर्णालीका दलित महिलाहरूको सशक्तिकरण र विकास अपरिहार्य छ। यसका लागि राज्यका सबै अङ्ग, नागरिक समाज र समग्र समाजको सामूहिक प्रतिबद्धता र प्रयास आवश्यक छ।

*(लेखक : सुर्खेतमा क्रियाशील पत्रकार हुनुहुन्छ ।)*

विश्लेषण

# महिला तथा बालिका विरुद्ध हुने लैङ्गिक हिंसा



गीता माली

महिला तथा बालिका विरुद्ध लिङ्गका आधारमा हुने हिंसा मानव अधिकारको हनन् र विभेदको रूपमा चित्रण हुँदै आएको छ। नेपालमा चारमध्ये एकभन्दा बढी महिला र बालिका लैङ्गिक हिंसामा पर्ने गरेको युनिसेफको प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय जनसाङ्ख्यिकीय स्वास्थ्य सर्वेक्षण प्रतिवेदन २०२२ अनुसार १५ वर्षदेखि ४९ वर्षका २७ प्रतिशत महिलाहरूले १५ वर्षको उमेरदेखि शारीरिक हिंसा र आठ प्रतिशत महिलाले यौन हिंसा भोग्ने गरेका छन्। तीमध्ये ७२ प्रतिशत महिलाले उपचारका लागि कुनै पनि पहल नगरेको तथ्याङ्कले देखाउँछ। विगत पाँच वर्षमा, नेपाल प्रहरीले महिला र बालिकाहरू विरुद्ध विभिन्न स्वरूपका करिब ९७ हजार हिंसाका घटनाहरू अभिलेख गरेको छ। नेपालमा लैङ्गिक हिंसाको वास्तविक अवस्था कम रिपोर्ट हुने गरेको छ र कम आकलन गरिएको छ किनभने शारीरिक वा यौन हिंसा भोग्ने एक तिहाइ महिलाहरूले मात्र मद्दत खोज्छन्।

न्याय प्रणालीमा अवरोधहरू, पीडित केन्द्रित दृष्टिकोणको अभाव, अनुकूलित सेवाहरूको अभाव, अनुसन्धान र अभियोजनमा प्रणालीगत समस्याहरूले लैङ्गिक हिंसाको प्रभावकारी प्रतिक्रियामा बाधा पुऱ्याउँदछ। पीडितहरूले प्रायः अविश्वास, सामाजिक व्यवहार, कानुनी प्रक्रियाहरूमा पहुँचमा अवरोधहरू, र समतामूलक सहभागिताका लागि आवश्यक प्रक्रियागत सुविधाको अभावको सामना गर्छन्। न्याय क्षेत्रमा लैङ्गिक र अपाङ्गता संवेदनशील दृष्टिकोणको अभावले अप्रभावी अनुसन्धान, अभियोजन र क्षतिपूर्ति निम्त्याउँछ जसले सीमान्तकृत समुदायका महिलाले सामना गर्ने अन्तरसम्बन्धित भेदभाव र हिंसालाई सम्बोधन गर्न असफल हुन्छ।

महिलाहरू प्रायः उनीहरूको जातीयता, लिङ्ग, आर्थिक अवस्था र अपाङ्गताका कारणले गर्दा भेदभावका अन्तर्विभाजित स्वरूपहरूको आधारमा थप जोखिममा हुन्छन्। लैङ्गिक हिंसा लैङ्गिक असमानताको सबैभन्दा चरम रूपहरूमध्ये एक हो, र यसले सबैको लागि दिगो विकास हासिल गर्ने नेपालको क्षमतालाई गम्भीर रूपमा कमजोर बनाउँछ।

लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया गर्न र हिंसा पीडित वा प्रभावितहरूलाई सहयोग गर्न कानुनी ढाँचा र नीतिगत प्रतिबद्धताहरूको बावजुद, स्थानीयस्तरमा हिंसाको रोकथाम र प्रतिक्रिया सेवाहरूको प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू विद्यमान छन्। लैङ्गिक हिंसा रोकथाम र प्रतिक्रिया गर्ने सम्बन्धमा उपलब्ध सेवाहरू, कानूनी तथा नीतिगत संरचना, प्रेषण वा रेफरल सेवा र ती सेवाहरू प्रभावकारी हुन सकेको छैन।

| तालिका १ : महिला विरुद्धको हिंसाको तथ्याङ्क (२०२०-२०२४) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आर्थिक वर्ष | बलात्कार | बलात्कार प्रयास | बेचबिखन तथा ओसारपसार | बेचबिखन तथा ओसारपसार प्रयास | बोक्सीको आरोप | यौन दुर्व्यवहार | घरेलु हिंसा |
| १ | २०२० | ६४८ | १५२ | २५ | ३२ | ५८ | ६२ | १३४६ |
| २ | २०२१ | ६४९ | ७३५ | ४२ | १६ | ३१ | ६१ | ३४१७ |
| ३ | २०२२ | ६०५ | १४५ | २४ | २४ | २३ | ४२ | ३०३१ |
| ४ | २०२३ | ६५१ | १५२ | ३० | २५ | २५ | ५४ | ४९४३ |
| ५ | २०२४ | ६६४ | १४४ | ६० | २२ | २९ | ३२ | ५८७६ |

स्रोत: इन्सेक

न्याय प्रणालीभित्रका अवरोधहरू पार गर्ने, कानुनी र संस्थागत ढाँचाहरूमा रहेको खाडललाई पूरा गर्ने, पीडित केन्द्रित दृष्टिकोणहरू अपनाउने, पूर्वाधार र सुरक्षित आवासलाई सुदृढ पार्ने, पीडित केन्द्रित सुधारहरू लागु गर्ने विषयको महत्त्वलाई पनि जोड दिन्छ। राज्य संयन्त्र, नीतिहरू र सेवा प्रावधानहरूमा लैङ्गिक हिंसाका मुद्दाहरूको सामना गर्न लैङ्गिक समावेशिकरण र पीडित केन्द्रित दृष्टिकोणहरूको अभाव छ।

**लैङ्गिक हिंसाको अवस्था**

१९९२ मा महिला विरुद्ध हुने हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गतको समितिले लैङ्गिक हिंसालाई भेदभावको एक रूपको रूपमा परिभाषित गरेको छ र १९९३ मा मानव अधिकार र मौलिक स्वतन्त्रताको उल्लङ्घनको रूपमा व्याख्या गरेको छ। त्यसबेलादेखि सबै प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूद्वारा सबै प्रकारका हिंसाबाट मुक्त भएर बाँच्न पाउने महिला अधिकारको सम्मान, संरक्षण र पूरा गर्ने कर्तव्य स्थापित गर्न व्याख्या गर्ने गरिएको छ। लैङ्गिक हिंसाको विद्यमानताले दिगो विकास लक्ष्यका लागि २०३० एजेण्डा र "कसैलाई पनि पछाडि नछाड्ने" सदस्य

| तालिका २ : बालबालिका विरुद्धको हिंसाको तथ्याङ्क (२०२०-२०२४) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आर्थिक वर्ष | बलात्कार | बालविवाह | बेचबिखन तथा ओसारपसार | यौन दुर्व्यवहार |
| १ | २०२० | ९८९ | ४३ | ३४ | ३५६ |
| २ | २०२१ | १०४३ | ४१ | २९ | ३८३ |
| ३ | २०२२ | १००९ | ३२ | ४६ | ३४५ |
| ४ | २०२३ | १००२ | २८ | ५२ | ३९२ |
| ५ | २०२४ | ९३६ | ४० | ६४ | ३६८ |

स्रोत: इन्सेक

राष्ट्रहरूको प्रतिबद्धतामा बाधा पुऱ्याउँछ। तर, नेपालमा लैङ्गिक हिंसा प्रणालीगत रूपमा हुने मानव अधिकार उल्लङ्घन र लैङ्गिक समानताको लागि एक महत्त्वपूर्ण बाधाको रूपमा रहिआएको छ।

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ का अनुसार नेपालमा महिला र बालिका विरुद्ध हुने हिंसाका विविध रूपहरू जस्तै: घरेलु हिंसा, 'बोक्सी'को आरोप, दाइजोजनित हिंसा, बलात्कार आदि मुख्य रूपमा रहेका छन्। हिंसा पीडित महिलाले शारीरिक र मानसिक यातना सहनुका साथै कतिपय अवस्थामा आत्महत्यासमेत गर्नुपरेको उल्लेख छ। बलात्कारजस्ता गम्भीर आपराधिक मुद्दाहरूमा पहुँचवालाहरूले न्याय प्रक्रियालाई प्रभावित पार्दै पीडितलाई 'होस्टाइल' बनाउने, बयान फिर्ता गराउने वा समाजिक दबाब सिर्जना गरेर मुद्दा कमजोर बनाउने संरचनात्मक अपाङ्गता पनि उजागर गरेको छ।

महिला तथा बालिकाको अधिकार संविधान तथा कानुनमा प्रत्याभूत गरिएको भए पनि पितृसत्तात्मक मान्यता र सोचका कारण महिला र बालिकाले विभिन्न चुनौतीहरूको सामना गर्नु पर्दछ। पितृसत्तात्मक प्रणालीमा पुरुषलाई प्रदायक र अधिक शक्तिशाली व्यक्तित्व मानिएको कारण महिलामाथि नियन्त्रण गर्ने, धार्मिक विश्वास र रुढिबाढी परम्पराले गर्दा महिला, किशोरी तथा बालिका शारीरिक, मानसिक, यौनजन्य र आर्थिक दुर्व्यवहारजस्ता हिंसाको

**तालिका ३ : सन् २०२५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा | |
| बाल विवाह | | | ३६ | ४ | ४० | ४० |
| बेचबिखन तथा ओसारपसार | | | ४९ | १५ | ६४ | ६४ |
| विद्यालयमा दिइने शारीरिक सजाय | | | ८ | १८ | २६ | २६ |
| नवजात शिशुको हत्या | | | ४ | ४ | ८ | ८ |
| बलात्कार | २ | २ | ९३४ | | ९३४ | ९३६ |
| सामूहिक बलात्कार | | | ४९ | | ४९ | ४९ |
| हाडनाता करणी | | | ६३ | | ६३ | ६३ |
| बलात्कारपछि हत्या | | | १ | | १ | १ |
| यौन दुर्व्यवहार | | | ३५५ | १३ | ३६८ | ३६८ |
| साइबर अपराध | | | २०३ | | २०३ | २०३ |
| **जम्मा** | **२** | **२** | **१७०२** | **५४** | **१७५६** | **१७५८** |

स्रोत: इन्सेक

शिकार हुने गरेको माथि उल्लेख गरिएको उदाहरणले देखाउँछ।

महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागितामा उल्लेख्य सुधार भए तापनि महिलामाथि हुने विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट पीडित हुँदैआएको तथ्याङ्कले देखाउँछ। अझै पनि घरेलु हिंसा तथा 'बोक्सी'को आरोपबाट महिलामाथि हुने शारीरिक तथा मानसिक आघातलाई संवेदनशीलताका साथ हेर्ने संस्कृतिको निर्माण हुन सकेको छैन। महिलामाथि हुने घरेलु हिंसालाई परम्परागत रूपमा लिइने सोच यथावतै रहेको छ।

महिला तथा बालिका विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबिच रहेको शक्ति सन्तुलन असमानता, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमका अपराधमा कमी आउन नसकेको देखिन्छ। महिला तथा बालिका विरुद्ध हुने हिंसा न्यूनीकरणका लागि सरकारले तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूले हरेक वर्ष लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। जनचेतना अभिवृद्धि, पीडितमैत्री सेवा पहुँच विस्तार, र नीतिगत संवाद सिर्जना गर्न सार्वजनिक र विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रमहरूह कानुनी साक्षरता शिविर, जसमा लैङ्गिक हिंसासम्बन्धी कानुनी अधिकार, उजुरी प्रक्रियाबारे जानकारी दिने प्रशिक्षणहरू, सुरक्षा निकाय
(प्रहरी), स्वास्थ्यकर्मी, शिक्षक र स्थानीय सरकार प्रतिनिधिलाई लैङ्गिक हिंसा पहिचान, प्रतिकार्य र संवेदनशील सेवा प्रवाहबारे क्षमता अभिवृद्धि तालिमहरू नीतिगत बहस तथा संवाद कार्यक्रमहरू, जसमा विधेयक संशोधन, कार्यान्वयन चुनौती र नीतिगत सुधारका लागि बहसहरू रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमार्फत लैङ्गिक समानता र हिंसा विरुद्धको सन्देश प्रसारण लगायतका अभियानहरू सञ्चालन गरिन्छ।

तर, यस्ता पहल र प्रयासहरू लामो समयदेखि भइरहे पनि लैङ्गिक हिंसाका घटनामा उल्लेख्य न्यूनीकरण भएको देखिँदैन। यसको प्रमुख कारणहरूमा संरचनागत पितृसत्तात्मक सोच, पीडितको न्यायमा पहुँच अभाव, उजुरी फिर्ता गराउन दबाब, तथा कानुनी कार्यान्वयनको कमजोरी रहेका छन्। यसले देखाउँछ कि सामाजिक व्यवहार परिवर्तन र प्रभावकारी सेवा प्रवाहबिना केवल प्रचारमुखी अभियानहरू हिंसा न्यूनीकरणमा पर्याप्त नहुने स्पष्ट छ। कानुनी साक्षरता र आर्थिक सशक्तिकरणका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सरकारसँग सहकार्य र समन्वय गर्नु पर्छ।

सांस्कृतिक मूल्य मान्यताहरू संरचनात्मक रूपमा रहेको व्यवहारहरूले महिला र बालिकाप्रति अवहेलना तथा अपमानित गर्ने संस्कार बसालेको छ। यसरी महिला, किशोरी र बालिकाहरूलाई मौलिक अधिकार उपभोग गर्नबाट र सुरक्षित एवम् हिंसामुक्त वातावरणमा बाँच्न पाउने अधिकार उपभोग गर्नबाट बञ्चित हुने अवस्था रहेको छ।

महिला तथा बालिका विरुद्धको हिंसाले मानव अधिकारको मुद्दा र महिलाहरूलाई मात्र नभई समाज तथा राष्ट्रलाई नै देश विकासमा नकारात्मक असर पार्दछ। त्यसैले महिला तथा बालिका विरुद्ध हुने हिंसामा न्यूनीकरण गर्न घर, समाज तथा राष्ट्रले आ-आफ्नो क्षेत्रबाट जनचेतनाको आवाज तथा कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यकता छ।

*(लेखक : इन्सेकका अधिकृत हुनुहुन्छ ।)*

## पुस्तकबाट

# नेपाली महिला आन्दोलनको दिशा

२१ औं शताब्दीको संघारमा पुगी सक्दा पनि आज विश्वमा कुनै यस्तो एउटा देश छैन जहाँ नारी र पुरूषलाई समान दृष्टिले हेरिन्छ। जतिसुकै प्रजातान्त्रिक समाजवादी सम्बृद्धशाली र शक्तिशाली देश किन नहोस् अरूको दाँजोमा महिलाको सामाजिक मर्यादा क्रम तल्लो तहमा भएको मानिन्छ। नर्वे, स्वीडेन र आइसलेण्डका महिलाहरूले समाजिक, आर्थिक र राजनैतिक रूपले संसारका अरू देशका महिलाहरू भन्दा धेरै ठूलो फड्को मारी सकेका छन् तापनि महिला प्रति हेर्ने दृष्टिकोणमा अझै सन्तोषजनक प्रगति नभएको त्यहाँका महिलाहरूको गुनासो छ। स्वीडेनकै कुरा गरौं। राजनैतिक सहभागिताको दृष्टिकोणले स्वीडीश संसदमा महिला ३३ प्रतिशत छन्। श्रम बजारमा महिला श्रम शक्ति ८१ प्रतिशत छ। महिला बेरोजगारमात्र ६.६ प्रतिशत छ। महिला र पुरष वीच समानता कायम गर्न धेरै ऐन बनिसकेका छन्। मन्त्रिमण्डलमा महिला ३८ प्रतिशहत छन्। कूल १३ मा ८ महिलाहरू न्याय तथा कानून र अर्थमन्त्री छन्। जनवरी १९९५ देखि हरेक बाबुले घरको कामकाज र आफ्ना बाल बच्चाहरूको साथ रहन एक महिनाको छुट्टी अनिवार्य रूपले लिनु पर्ने ऐन पारित भई व्यवहारमा आएको छ। यी सबै प्रावधानको बाबजुद पनि स्वीडीश महिलाहरू भन्छन्-"हामीले कानूनी अधिकार समानता पाएका छौं तर व्यवहारिक समानता अझै पाउन बाँकी छ।




यस्तै अर्को देश चीनका महिलाहरूको सामाजिक मर्यादा झण्डै समान

छ भन्ने अभिव्यक्ति बेजीङ्ग सम्मेलनको दौरानमा पाइयो। देशको उच्चतम अंश राष्ट्रिय जन कांग्रेसमा महिलाहरूको प्रतिनिधित्व २१.०३ प्रतिशत मात्र छन्। साथै राष्ट्रिय जनकांग्रेसको स्थायी समितिमा मात्र १२.३ प्रतिशत महलिा छन्। महिला हितका लागि विशेष ऐनको प्रावधान छ। भरखरै ४ वर्ष अगाडि महिला संरक्षण ऐन बनेको थियो। पुरुषमा पुर्वाग्रह अझै कायम छ। चिनीया महिला भन्छन् "समानताका लागि अझै लामो बाटो तय गर्नु छ। उता जापानका महिलाहरूको हालत बढतर छ। भन्नलाई आर्थिक रूपले समृद्धिशाली देश, विचार दकियानुसी। राजनीतिमा र आर्थिक कारोवारमा महिलाहरूको सहभागिता बिल्कुल न्यून छ। सारा संस्कृति र परम्पराको भार महिलाहरूले बहन गर्नु परेको छ। अझै पनि त्यही पुरानो सामन्ती सोचाइ छ। महिलाको स्थान कहाँ ? घरको चारदिवारी भित्र। दोस्रो विश्व युद्धपछि मात्र जापानी महिलाहरू विस्तारै बाहिरी दुनिया अर्थात श्रम बजारमा देखा पर्न थाले। कुनै पनि देशमा विकासको क्रममा पुरुष र महिला वीच समाजिक आर्थिक र राजनैतिक समानता कायम गरिदैन बल्कि महिलालाई धेरै पछाडि धकेलिन्छ भने त्यो विकासलाई असन्तुलित विकास भनिन्छ। आज जापानी महिलाहरू पनि समानता र विकास अभिन्न हो भन्ने आवाज उठाइरहेका छन्।

अब अमेरिका कै कुरा गरौं। अमेरिका जो आफूलाई दुनियाको अरू सब देश भन्दा धनी, शक्तिशाली र सुपरपावर ठान्छ। आर्थ्य लाग्दो किसिमले त्यहाँ महिला प्रतिको दृष्टिकोण पूर्वाग्रह पूर्ण छ। आज विश्वमा झण्डै ६० वटा देशका संसदमा महिलाहरूको प्रतिनिधित्व ५ प्रतिशत भन्दा कम छ। यसैमा अमेरिका पनि पर्छ। निर्णायक तहमा महिलाहरूको पहुँच अति न्यून छ। महिला प्रति हिंसा चर्को छ। आर्थिक क्षेत्रमा समान कामको समान ज्यालाको ग्यारेन्टी छैन। महिला संरक्षण, समानता सम्बन्धी कुनै कानूनको प्रावधान पनि छैन। गरीवीको भारले थिचिएका आधा भन्दा बढी अमेरिकी परिवार महिलामा आश्रित छन्। जसको आम्दानी गरीवीको रेखामुनी रहेकाहरूले पाउने भन्दा २५ प्रतिशत कम बताइन्छ। धनी र विकसित देशका महिलाहरू पनि असमानताको मारले पिल्सिरहेका छन्।

उपर्युक्त विकसित देशहरूमा महिला आन्दोलन आजभन्दा झण्डै २ शताब्दी अगाडि थालनी भएता पनि आन्दोलनले २१ औं शताब्दीको मध्यतिर अर्थात दोस्रो विश्वयुद्धको अन्त्यतिर मात्र गति लिन थालेको पाइन्छ। संयुक्त राष्ट्रसंघले १९४५ मा एक महिला आयोग गठन गरेको थियो। सो आयोगको तत्वावधानमा समस्त सदस्य राष्ट्रहरूलाई आ-आफ्ना देशहरूमा महिलाहरूको स्थितिबारे जायजार्ली रिपोर्ट पेश गर्न संयुक्त राष्ट्र संघको महासभाले निर्देशन दिएको थियो। करीव ३ दशकको अनवरत प्रयत्न पश्चात सन् १९७५ मा ल्याटिन अमेरिकाको मेक्सिको शहरमा प्रथम विश्व महिला सम्मेलन सम्पन्न भएको थियो। विभिन्न देशबाट झण्डै ३००० महिलाहरू भेला भएका थिए। पहिलो पल्ट विश्व पैमानामा महिलाहरूले "समानता, विकास र शान्तिको नाराको साथ आफ्नो ऐक्यबद्धता जाहेर गरेका थिए। साथै १९७५ देखि १९८५ को एक दशकको अवधिलाई "महिला दशक" ले विकसित र अविकसित देशहरूमा महिला जागरण र तत् पश्चात महिला आन्दोलनको लहर फैलन थाल्यो। अरू त अरू माथि

उल्लेखित देशहरूमा पनि १९७५ देखि मात्र नै उल्लेखित रूपमा महिलाहरूको समाजिक, आर्थिक र राजनैतिक स्तरमा विकास भएको पाइन्छ। १९७९ मा संयुक्त राष्ट्रसंघले "महिला विरूद्ध हुने सबै खाले भेदभावपूर्ण कानून स्वारेज गर्नु पर्ने महासन्धि" र यही महासन्धिलाई व्यापक र प्रभावकारी ढंगले लागु गर्नका लागि "महिला उत्थानका लागि अग्रदर्शी रणनीति" पारित गर्नाले विश्वभरि नै महिला आन्दोलनलाई उर्जा दिने काम गर्यो। यसै गरी क्रमश: दोस्रो र तेस्रो विश्व महिला सम्मेलन १९८० र १९८५ मा डेनमार्कको कोपेनहेगन र अफ्रिकाको नेरोवीमा सम्पन्न भएको थियो। समानता, विकास र शान्तिको नारा बोकी सम्पन्न भएका तीन वटै विश्व महिला सम्मेलनले विश्वभरि नै महिलाहरूलाई झकझकाउन सफल भएको थियो। यसै बीच १९९३ मा भीयनामा भएको विश्व मानवअधिकार शिखर सम्मेलनले महिला अधिकार मानवअधिकार हो भन्ने स्वीकृति र घोषणा र १९९४ मा काइरोमा जनसंख्या शिखर सम्मेलनले प्रजातन्त्रमा महिलाको अधिकार हुनु पर्छ "प्रजनन अधिकार महिला अधिकार हो" भन्ने स्वीकृतिले महिला अधिकारले सबल टेवा पाएको महसुस गरिएको छ। कोपनहेगनको सामाजिक शिखर सम्मेलनले पनि महिलाको सवाललाई प्रमुखता दिएको छ। आज विश्वभर सम्पन्न हुने जुनसुकै शिखर सम्मेलनमा महिलाको सवाललाई एक प्रमुख सवालको रूपमा लिइएको छ। १९७५ देखि हरेक ५ वर्षमा हुँदै आएको महिला सम्मेलन तेस्रो विश्व महिला सम्मेलन २० वर्ष पछि मात्र चीनको बेइजीङमा १९९५ सेप्टेम्बर मा सम्पन्न भएको थियो। ४० हजार महिलारू एक ठाउँमा भेला हुन, महिला समस्यालाई गम्भीर छलफल गर्नु, घोषणा पत्र तयार गर्नु, कार्यको लागि प्रस्थानका विन्दु तर्जुमा गर्नु र भावी विश्व महिला

आन्दोलनको दिशा पहिल्याई अत्यन्त चासोका महिला समस्याहरूको किटान गर्नु विश्व महिला आन्दोलनमा आएको परिपक्वतालाई झल्काएको छ। बेइजीङ्ग सम्मेलनले विश्वभरिका महिलाहरूले कमोवेश १२ वटा अति चासोको विषय अर्थात समस्याहरूमा केन्द्रित भई महिला आन्दोलन परिचालन गर्नु पर्ने किटान गरेको छ।

**नेपाली महिला आन्दोलन**

पश्चिमी जगतका महिलाहरूले बराबर कामको, बराबर ज्याला र भोट हाल्ने अधिकारको लडाई लडिरहेको बेला नेपाली महिला जगतमा कुनै हलचल नै भएको थिएन। इतिहासका पाना पल्टाएर हेर्दा पश्चिमी महिलाहरूले समानताको आवाज उठाउँदा जेलनेल भोग्नु परेको सर्बविदित छ। उच्चतम् राजनैतिक अधिकार (भोट हाल्ने अधिकार) का लागि पश्चिमी महिलाहरूले झण्डै आधा शताब्दी लामो संघर्ष गर्नु परेको थियो। गन्तव्य लक्ष्य एउटै हुँदाहुँदै महिला आन्दोलको दिशा पश्चिमी र हाम्रो जस्तो अविकसित देशहरूमा भिन्न भिन्न कोणबाट शुरू भएको थियो। पश्चिममा महिलाहरूले आर्थिक र राजनैतिक मागलाई प्रमुखता दिएर महिला आन्दोलन अगाडि सारेका थिए भने नेपालमा अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्था हुँदा समाजमा विद्यमान कुरीतिहरू बाल विवाह, अनमेल विवाह, बहुविवाह र अशिक्षा हटाइ समाजको संरचनामा परिवर्तन गर्नु पर्ने आवश्यकता प्रति महिलाहरूलाई

जागृत गर्नु नै महिला आन्दोलन थियो। समानता, विकास र शान्तिको प्राप्तिको लागि महिला आन्दोलनको रणनीति देशको वस्तु स्थिति अनुसार फरक पर्नु स्वाभाविक हो। कहीँ एक शिराबाट थालनी हुन्छ भने कहीँ अर्को शिराबाट। अर्को महिलाहरूको समस्या निरपेक्ष समस्या होइन। सापेक्ष हो। देशको सामाजिक, आर्थिक र राजनीतिक ढाँचासंग महिलाको समस्या जुटेको हुन्छ। महिला समस्या देशको समस्याको एक अभिन्न अंग हो। कहिलेकाहीँ यस्तो तर्क पनि पेश गरिन्छ किन महिलाहरूले अलग्गै ढंगले समस्या राख्नु पर्‍यो र? देशको विकासका लागि तर्जुमा गरिएका नीति र योजनाले पुरुष र महिला दुवैको विकास गरीहाल्छ। यस्तो सोचाइ अनुसार काम गर्न थाल्यो भने देशको आधा जनसंख्या महिला जगतमाथि अन्याय भएको ठहरिने छ। जुनसुकै देश तथा परिस्थितिमा महिला आन्दोलन जन आन्दोलनको एक अभिन्न अंग हुँनाले तत्काल राणा शाही खतम नगरी समाजमा परिवर्तन सम्भव थिएन। यसरी सुरूदेखि नै प्रजातान्त्रिक आन्दोलनमा नेपाली महिला र पुरुष दुवै काँधमा काँध मिलाएर लड्दै आएका हुन्। यति मात्र होइन राष्ट्रका स्वातिर साम्राज्यवादी शक्तिसंग नालापानीको युद्धमा विरतापूर्वक लडेका थिए। सैद्धान्तिक र संगठनात्मक दृष्टिकोणले नेपाली महिला आन्दोलनले एउटा आकार लिइसकेको छ। यो अझै तरल अवस्थामा नै देखिन्छ, देशको प्रजातान्त्रिक आन्दोलनहरूमा पुरुषहरूका साथ साथ महिलाहरू पनि सहभागी (नगण्य रूपमा भए पनि) हुँदै आएता पनि महिलाका विरूद्ध भइरहेका अन्याय, असमानता र शोषणका विरूद्ध महिला आन्दोलन मुखर हुन सकिरहेको छैन।

**नेपाली महिला आन्दोलनको शुरूआत कहिले र कसरी ?**

५-६ दशक अगाडि र आज महिला आन्दोलनको स्वरूपमा धेरै फरक आइसकेको छ। राणा शाही र त्यसभन्दा अघिका समयमा धर्म, संस्कृति, सामन्ती परम्परा र अशिक्षाले गर्दा हाम्रा आमा तथा हजुरआमाहरूले आफूमाथि कुनै अन्याय नभएको तथा स्थितिलाई सहजै स्वीकार गर्दै आएका थिए। पति परमेश्वर हो। हाम्रो मालिक हो। अन्नदाता र आश्रयदाता हो। धर्मशास्त्रका धर्म सुत्रहरूको (वशिष्ठ, मनु र याज्ञवल्क्य जस्ता महर्षिहरू) भनाइ अनुसार पिता रक्षति कौमारे, भर्ता रक्षति यौवने पुत्रश्वा स्थविरे मावेन स्त्री स्वातन्त्र्य मर्हति अर्थात कुमारी छँदा बाबुको अधिनमा, युवती भएपछि पतिको अधीन र बृद्धावस्थामा पुत्रको अधीनमा रहनु पर्दछ।

छोरीले बालककालदेखि नै कडा आचार संहिता पालन गर्नुपर्ने व्यवस्था थियो। छोरी हमेशा आज्ञाकारिणी स्वास्नी पति परायण र आमा ममतामयी तथा करूणामयी हुनुपर्ने बाध्यता थियो। यस्तो स्थितिको मूलजड आर्थिक परालम्बन थियो। यस्तो अन्धकारमय स्थितिमा एउटा सानो फि-लिङ्गोले पनि ठूलो काम गरेको ठहरिन्छ। वि.सं. १९१० को मुलुकी ऐनले छोरीलाई ५ वर्षको उमेरमा विवाह गरिदिनु पर्छ भन्ने ऐन भएको बेला वि.सं. १९५४ मा पुरातन शिक्षा भए पनि स्त्री शिक्षाको महत्त्व दशाई दुर्गादिवी आचार्य दीक्षितले "स्त्री शिक्षा" बारे लेख लेखी महिलामा जागरण ल्याउने प्रयास गर्नु महिला आन्दोलनको सूत्रपात गरेको मान्न सकिन्छ। महिलाहरूलाई आफ्नो अवस्थाप्रति सचेत गराउन सचेत महिलाहरूको एक संगठित महिला समिति हुनुपर्ने आवश्यकताको

महसुस आज भन्दा झण्डै ८ दशक अगाडि भएको थियो। तदनुरूप, वि.सं. १९७४ मा योगमाया नेउपानेको संयोजकत्वमा एक "महिला समिति" को गठन भएको थियो।

यस समितिमा तत्कालीन राजनेताका धर्मपत्नीहरू दिव्या कोइराला, मोहनकुमारी कोइराला, पूर्णकुमारी तथा देवकुमारी अधिकारी थिए। राजनैतिक परिवारका चेतनशील महिलाहरूले यस्तो अग्रणी भूमिका निभाउनु स्वाभाविक पनि थियो। यस समितिको मूल उद्देश्य महिलाहरूको गिर्दो समाजिक मर्यादालाई उत्थान गर्ने। नेपाली महिलाहरू बहुसंख्यक किसान महिला हुँदा (जुन आजसम्म छ) उनीहरूको दयनीय अवस्थामा सुधार ल्याउने यसको उद्देश्य रहेको थियो। यसले तत्कालीन राणा प्रधानमन्त्री श्री चन्द्र शम्शेरकी रानीलाई महिला समितिको नेतृत्व गरिदिन साथै किसान महिलाहरूको दयनीय अवस्थामा सुधार ल्याउनु पर्ने जिकिर गर्दै एक अनुरोध पत्र पठाएको थियो भन्ने इतिहासका पानाहरूमा पाइन्छ। यो धेरै अतिरंजित कुरा थियो। शासक वर्गको नेतृत्व र घोर सामन्त राणा परिवारबाट किसान महिलाहरूले त्राण पाउने आशा गर्नु नै एक आदर्शवादी सोचाइ थियो। फलस्वरूप उक्त महिला समिति राणाशाहीको ग्रास बन्न पुग्यो। क्रूर तानाशाही व्यवस्थामा पनि हाम्रा अग्रज महिलाहरूले गरेको कार्य निश्चय पनि सराहनीय थियो र महिला आन्दोलनको जगमा पहिलो ईंट हाल्ने काम गरेको मान्न सकिन्छ।

राणशाही व्यवस्थालाई सखाप नपारी महिलाहरूको दुरावस्थामा सुधार ल्याउन सकिन्न भन्ने चेतना महिलाहरूलाई त्यस पछिका राजनीतिक गतिविधिले जागृत गर्ने काम गर्‍यो। राणा विरोधी प्रजातान्त्रिक आन्दोलनमा महिला आन्दोलनलाई समाहित नगरेसम्म महिला अधिकार तथा समानतका कुरा समाधान हुननसक्ने हुँदा तत्कालीन राणा विरोधी प्रचण्ड गोरखा, रक्तपात कमिटी र प्रजापरिषद्द्वारा आयोजित राजनीतिक आन्दोलनमा महिलाहरूले थोरै संख्यामा भए पनि योगदान गरेका थिए। नागरिक हकहितका लागि वि.सं.२००४ सालमा (त्यसबेला नेपालीहरू रैती थिए) राणाशाहीको विरोधमा प्रथम पटक नेपाली रैतीहरू सडकमा ओर्लेर "नागरिक अधिकार पाउनै पर्छ। राणाशाही मुर्दावाद" को नारा लगाई नागरिक अधिकार आन्दोलन गरेका थिए।

यो आन्दोलनमा पनि महिलाहरू पछि परेनन्। यहीदेखि नेपाली महिलाहरूले पनि राजनीतिक कारणले जेलनेल भोग्ने क्रम शुरू भयो। यही आन्दोलनको फलस्वरूप वि.सं. २००४ मा महिलाहरूको लागि पहिलो स्कूल "पद्मकन्या स्कूल" खुल्यो। यही २००४ सालमै काठमाडौंमा करिब ६५ जना स्थानीय, स्वतन्त्र र चेतनशील महिलाहरू बालाजु स्थिति म्हेपी मन्दिरमा भेला भई समाजका महिलामाथि हुने अन्याय, शोषण र असमानताको विरोध गर्दै समाजमा विद्यमान कुरीति र सामन्ती परम्पराहरू जस्तै बालविवाह, बहुविवाह, अनमेल विवाह र अशिक्षा प्रति महिलाहरूलाई जागरूक गर्ने उद्देश्यले मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भएको थियो। यसबेलासम्म आस्थाको सवाल थिएन। आस्थाको सवाललाई लिएर कुनै महिला आन्दोलन विभाजित भएको थिएन। राणा विरोधी आन्दोलन अर्थात पहिलो प्रजातान्त्रिक आन्दोलनसम्म एकमात्र महिला संघ थियो।

२००७ साल पश्चात स्थितिमा परिवर्तन आयो। २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना पछि अरू पनि राजनैतिक पार्टीहरू खुल्नाले भिन्नभिन्न राजनैतिक आस्थाका कारण महिलाहरू पनि एउटै थलो अर्थात एकमात्र महिला संघमा अटाउन सम्भव थिएन। हरेक राजनैतिक पार्टीसंग आबद्ध एक महिला संघ रहनु पर्ने तथ्यको आधारमा अन्य महिला संगठनहरू पनि स्थापना हुँदै गए। तदनुसार २००७ सालमा कम्युनिष्ट महिलाहरू कामाक्षा देवीको अध्यक्षतामा नेपाल महिला सगठनमा संगठित भए। यही ताका पुण्यप्रभा देवी ढुंगानाको अध्यक्षतामा "अखिल नेपाल महिला संगठन" को स्थापना भएको थियो। २००८ सालतिर कमल राणाको नेतृत्वमा "वीमेन भोलिन्टर्स सर्वीसेज" र त्यस्तै रोहिणी शाहको अध्यक्षतामा विरा ना दल खुलेको थियो।

यसरी एकपछि अर्को महिला संघ र संगठनहरू २००७ सालपछि खुल्दै गए। सन्दर्भको कुरा गर्ने हो भने यही बेला सन् १९४५ मा संयुक्तराष्ट्र संघको सान फ्रान्सिसकोमा बसेको पहिलो साधारण सभाको बैठकमा महिला सदस्यहरूले महिलाहरूको विरूद्ध हुने सबै खालका असमानता हटाउन संयुक्त राष्ट्र संघको तत्वाधानमा एक महिला आयोग गठन गर्नु पर्ने माग राखेका थिए र तदनुरूप सामाजिक र आर्थिक समिति, अन्तर्गत एक महिला आयोग गठन भएको थियो। संयुक्त राष्ट्रसङ्घले सदस्य राष्ट्रहरूलाई (हुन त त्यस बेला नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र भइसकेको थिएन, आ-आफ्ना देशमा महिला विरूद्ध भेदभाव हुने कानून खारेज गर्ने निर्देशन दिएको थियो। यसको प्रभाव हाम्रो नेपालमा पनि परेको हो, यसलाई नकार्न सकिन्न।

२००४ सालदेखि २००७ सालसम्म महिला आन्दोलन कुनै न कुनै रूपमा अगाडि बढ्दै गएको थियो। महिला आन्दोलन भन्दा हामी एउटा कुरामा स्पष्ट हुनुपर्छ। साहित्यिक र शैक्षिक कोणहरूबाट सचेतनता ल्याउनमा मद्दत पुऱ्याएको क्रियाशीलतालाई पनि महिला आन्दोलनको अंग मान्न सकिन्छ। धेरै महिलाहरूले यस फाँटबाट महिला आन्दोलनलाई सक्रिय योगदान गरेका छन् भलै पुरूषको दाँजोमा यो संख्या धेरै कम छ। पगपगमा असमानता झेल्दै सीमित संख्यामा भए पनि महिलाहरू देशको हर सामाजिक तथा राजनैतिक मोडमा पुरुषका साथ काँधमा काँध मिलाइ अगाडि बढ्नमा पछाडि हटेको छैन।

२०१७ को फौजीकाण्ड हुँदा अर्थात २००७ मा प्राप्त गरेको प्रजातन्त्र खोसिँदा, सबै राजनैतिक पार्टीहरू र जनवर्गीय संगठनमा प्रतिबन्ध लाग्दा महिलाहरू चुप लागेर बसेनन्। नेपाल महिला संगठन र नेपाल महिला सङ्घले निर्दलीय पञ्चायती व्यवस्थाको खुला रूपले विरोध गरेका थिए। फलस्वरूप महिलाहरूले पनि जेलनेल भोगेका थिए। पञ्चायत व्यवस्थालाई आत्मसात गरी त्यसका अधीनमा रही काम गर्ने एक मात्र महिला सङ्गठन कायम गरिएको थियो। यो महिला सङ्गठनको आफ्नो अस्तित्व र केही पहिचान थिएन। यो महिला संगठन निर्दलीय प्रतिगामी पञ्चायत व्यवस्थाको एक कठपुतली अर्थात एक पुर्जाको रूपमा क्रियाशील हुँदै थियो। मात्र पुर्जास्वर स्ट्याम्पको रूपमा रहेको यस्तो महिला सङ्गठनबाट महिला मुक्ति, समानता, उत्पीडन विरोधी आन्दोलनको आशा गर्न सकिदैन थियो। गाउँ, जिल्ला, अञ्चल र केन्द्र

गरी चार तहमा राष्ट्रमा ४ हजार महिला इकाइको रूपमा सङ्गठित भए तापनि पञ्चायती महिला सङ्गठन महिला हित कम र अरू महिला सङ्घहरूलाई दबाउन पञ्चायत पृष्ठपोषक बढी भएको सावित भएको छ। महिला हित गर्न पहिलो पटक मुलुकी ऐनमा संशोधन पञ्चायतकालमा भएको थियो भन्ने दाबी गरेको पनि सुनिन्छ। तर कुरो अर्कै छ। संयुक्त राष्ट्रसङ्घले १९७५ मा पहिलो महिला सम्मेलन १९७६-८६ दशकलाई महिला दशक र सदस्य राष्ट्रहरूले आ-आफ्नो देशमा विद्यमान असमान कानूनको ध्यान दिनुपर्ने निर्देशनले गर्दा मुलुकी ऐन संशोधन गर्नु पर्ने बाध्यता आएको थियो। नत्र भने निरंकुश तानाशाही व्यवस्था र असमान कानूनको संशोधन असम्भव।

एक प्रकारले झण्डै २ दशक अर्थात् ०१७ सालदेखि ०३६ सालसम्म महिला आन्दोलन पछाडि ढकेलियो। प्रतिबन्धित भएपछि निर्मम प्रहारले गर्दा महिलाहरू छितरवितर भएका थिए। केही लाखा पास्वा पनि लागे। उसै पनि महिलाहरूलाई काम गर्न सजिलो थिएन, जुन आजसम्म छैन। यसको अर्थ यो होइन कि महिला आन्दोलन खतम भयो। तीव्र प्रहारले गर्दा महिला आन्दोलन शिथिल मात्र भएको थियो। पञ्चायत विरोधी जनआन्दोलनहरू विशेष गरी ०३६ सालको जनमत संग्रह दौरानमा भएको आन्दोलनले महिला आन्दोलनमा तदारूकता ल्याउने काम गर्यो। प्रतिबन्धित भएका महिला सङ्गठनहरू धमाधम पुर्नगठन हुने क्रम सुरु भयो। यसै क्रममा ००७ सालमा गठित "नेपाल महिला सङ्गठन" ०३७ सालमा "अखिल नेपाल महिला सङ्घ" को नाममा पुर्नगठित भयो। अखिल नेपाल महिला सङ्घ प्रजातन्त्र, न्याय, समानता र स्वाधीनता र विश्वबन्धुत्वको धारणामा आधारित समृद्धिशाली सुसंस्कृत समाजको निर्माणबाट नै नेपाली महिलाहरूले सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार र मर्यादा प्राप्त गर्न सक्दछ भन्ने दृढ विश्वास गर्दै पुरुष सरह र साथै देशका तमाम वर्ग, तह र पेसाका जनसमुदायसँग ऐक्यबद्ध भएर सामन्तवाद, साम्राज्यवाद र सबै प्रकारका भेदभाव तथा अन्यायका विरूद्ध सम्पूर्ण प्रगतिशील, प्रजातान्त्रिक तथा देशभक्त नेपाली महिला सङ्गठित गर्ने उद्देश्यले सङ्गठित भएको थियो। ०३७ सालदेखि ०४६ सालसम्म एक दशकभित्र महिला आन्दोलनले केही गति लियो।

यही बीच महिलाहरूमाथि हुने अन्याय असमानता भेदभावपूर्ण र शोषणलाई उजागर गर्न अखिल नेपाल महिला सङ्घ र नेपाल महिला संघ अरू वामपन्थी महिला सङ्घहरूले राम्रो भूमिका निभाएको छ। महिलाहरू सिंगारिएका गुडिया मात्र भएर बस्नु हुँदैन। पोते र चुरा पुरुषको नाममा लगाइने एक प्रकारले बन्धन हो। कुटकुट सामन्ती संस्कार र परम्पराले भरिपूर्ण समाजमा, जहाँ महिलाको कुनै मुल्य र मान्यता छैन, चुरा पोते र निधारमा सिन्दुर टिका बहिस्कार आन्दोलनले महिलाहरूलाई झकझकाउने काम गर्‍यो। हुन त प्रातकाल पतिको गोडा धोइ पञ्चामृत खाने महिला समाजमा यसप्रकारको माध्यमद्वारा समानताको बोध गराउन सजिलो काम थिएन। केही महिलाहरू हामी पुरुष भन्दा के कुरामा कम छौं पुरुषहरूले गर्दा नै हाम्रो मर्यादा भएन तसर्थ पुरुषको बराबरी गर्नुपर्छ भन्ने नाममा पुरुषकै पहिरन, चालढाल, आचरण व्यवहारहरू गर्ने पनि देखा परे कतै कतै यो आन्दोलनले जैविक विज्ञानले हुने

असमानतालाई विर्सी सिमा नाघ्नाले केही नकारात्मक प्रभाव पनि पारेको छ। पुरुष प्रधान समाजमा देख्दा सुन्दा अतिरंजित भएता पनि महिलाहरूलाई श्रृंगारको गुडिया र भोग्या मात्र भएर नबसौं, शिक्षित हुने प्रयास गरौं, आफ्नो खुट्टामा उभिन सिकौं, असमानता र अन्यायको विरोध गरौं भन्ने जागरण र उत्साहलाई उजागर गर्ने काममा यस आन्दोलनले निकै योगदान पुऱ्याएको छ। अनेमसंघमा देशका झण्डै ४ लाख महिला सङ्गठित भएको पाइन्छ। त्यस्तै विभिन्न अरू महिलाहरू सङ्घहरूले आ-आफ्नो प्रयासद्वारा महिलाहरूलाई सङ्गठित गरेका छन्। यी सब सङ्गठित महिलाहरूलाई महिला हक हित र अधिकार बारे जागृत र गोलबन्द गरी सशक्त रूपले महिला आन्दोलनमा उतार्नु आजको खाँचो हो।

**महिला सुरक्षा दबाब समूह र नेपाली महिला आन्दोलन**

देशको आधा जनसंख्या, आधा धरती र आधा आकाशका मालिक नेपाली महिला समुदाय महिला जगत माथी युगौं देखि थोपरिएको दमन उत्पीडन र शोषणको विरूद्ध जुध्दै आएका छन्। महिलाहरूको हक अधिकारको प्राप्ति र मर्यादाको संरक्षणका लागि धेरै महिला सङ्घहरू आ-आफ्नो ढंगले कार्यरत भइआएका छन्। महिलावादी धारणाले महिलाका समस्याहरूलाई वर्गीकृत गरी धेरै समस्याहरू मध्ये एक समस्यालाई लक्षित गरी धेरै गैरसरकारी संस्थाहरू ०४६ सालको जनआन्दोलन पश्चात सङ्गठित भएका थिए। अशिक्षानै सबभन्दा ठूलो समस्या भएको हुँदा सबैजसो महिला सङ्घहरू र गैर सरकारी संस्थाहरूले जसो बढी से बढी महिलाहरूलाई, साक्षर गर्ने कृयाकलापमा जोड दिँदै आएका र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था युनिसेफ र अरू धेरै यस्तै संस्थाहरूको सहयोगमा साक्षरता आन्दोलन चलाउँदै आएका छन्। साथै अरू महिला समस्याहरू जस्तै विद्यमान असमान कानून, महिला बेचबिखन, बलात्कार, महिला उद्यमी, वातावरण आदिलाई लक्षित गरी गैर सरकारी संस्थाहरू कार्यरत छन्।

एक हिसाबले भन्ने हो भने स्थापित महिला सङ्घहरूको लक्षित उद्देश्यहरूमा यी उल्लेख गरिएका सबै उद्देश्यहरू समग्र रूपमा घोषित छन्। महिला हक, मर्यादाका लागि देशमा विद्यमान सबै महिला सङ्घ र संस्थाहरू एक आपसमा कुनै प्रकारको समन्वय एउटा समग्र सोच नराखी स्वतन्त्र बहारको रूपमा आ-आफ्नो ढंगले कार्य सञ्चालन गर्दै आएका थिए। महिला संघहरू स्थापना भएका शुरूका दिनहरूमा पनि महिला आन्दोलनको विखण्डित अवस्थाप्रति केही ध्यान गएको थियो। विभिन्न महिला संघहरूका बीच कुनै न कुनै प्रकारको लचिलो खालको समन्वयता हुनुपर्ने, एक प्रकारको समझदारी कायम गर्नु पर्ने आवश्यकता महसुस गरी नेपाल महिला सङ्गठन, नेपाल महिला सङ्घ र अखिल नेपाल महिला संगठनका बीच धेरै पटक कुराकानी भएका थिए। (म स्वयं पनि वार्ताकार थिएँ) तर ती सब प्रयास विफल भए। यदि त्यति बेला केही समझदारी कायम हुन सकेको भए आज नेपाली महिला आन्दोलनले एक प्रकारले आफ्नो विशुद्ध पहिचान बनाइ सकेको हुने थियो।

प्रयत्न र प्रयास कहिल्यै खेर जादैन। समयको प्रवाहले सबैलाई कुनै न कुनै दिन यस्को अनुभूति गराउँदो रहेछ। चार दशक पश्चात फेरी एक पटक महिलाहरू आफ्ना समस्याहरूको निराकरणका लागि गोलबन्द

हुनु पर्ने, संयुक्त प्रयास हुनुपर्ने र ऐक्यबद्धता जाहेर गर्नु पर्ने, अनुभूति गर्न थाले। ०४९ साल असार १९ गते अखिल नेपाल महिला सङ्घले देशका सम्पूर्ण महिलासंघहरू र महिला हक हितसँग सरोकार राख्ने सबै गैरसरकारी संस्थाहरूलाई देशमा विभत्स रूपमा बढ्दै गएको बलात्कारका (खासगरी त्यसबेला ७ वर्षकी नाबालिकामाथि भएको बलात्कार) को विरोधमा गोलबन्द भई संयुक्त आवाज उठाउनु पर्ने आवश्यकतालाई दर्शाउदै अपिल गर्दै सल्लाह र छलफलका लागि निमन्त्रणा गरेको थियो। उक्त अपिललाई स्वागत गरी कुल १९ महिला संघ र संस्थाहरू उपस्थित भएका थिए। सोही दिन विषयको गम्भीरतालाई ख्याल गर्दै र साथै महिला हक हित र मर्यादा प्राप्तिका लागि महिलाहरू गोलबन्द हुनु पर्ने आवश्यकता महसुस गर्दै "महिला सुरक्षा दबाब समूह" को गठन भयो।

भलै "महिला सुरक्षा दबाब समूह" काठमाडौंबाट बाहिर जिल्ला जिल्लामा प्रवाहित हुन सकेको छैन। जुन नितान्त रूपमा हुनु पर्दथ्यो तापनि महिला आन्दोलनका लागि यो एक सकारात्मक कदम थियो। गठनको २ महिना पश्चात उद्घाटन हुँदासम्म यसको सदस्य संख्या ५४ पुगेको थियो। आज यसको सदस्य संख्या ९५ पुगिसकेको छ। सङ्घ संस्था बाहेक व्यक्तिगत हैसियतमा पनि केही महिलाहरू यस्का सदस्य भएका छन्। महिला सुरक्षा दबाब समूहको सन्देश थियो "राजनैतिक आस्था भिन्न भिन्न भए तापनि महिला हक हितको सवालमा हामी सबै महिला गोलबन्द होऔँ, संयुक्त आवाज बुलन्द गरौं र ऐक्बद्धता कायम गरौं। महिला सुरक्षा दबाब समूहको पहल कदममा महिला समस्याको सवाल लिएर विशेष गरी राष्ट्रिय महिला आयोग गठन गर्नु पर्ने, सम्पत्तिमाथि समान अधिकार हुनुपर्ने, बलात्कार र सम्बन्धी विधेयक चाडै ल्याउनु पर्ने र अन्य अरू समस्याहरूको उल्लेख गरी पटक-पटक सबै सरकार समक्ष ज्ञापन पत्र प्रस्तुत गरेको थियो। उक्त विषयलाई प्रमुख मुद्दा बनाएर महिलासुरक्षा दबाब समुहको तत्वाधानमा गोष्ठी, सभा र जुलुस प्रदर्शनहरू पनि भएका थिए। साझा सवालमा यसरी महिलाहरू कहिल्यै पनि एक जुट भई ऐक्यबद्धता जाहेर गरेका थिएन। आफ्नो आँङमा भैंसी हिडेको नदेख्ने अर्काको आँङमा जुम्रा हिडेको पनि देख्ने" उखान झैँ महिला एकताका विरोधी पुरुषहरू कुरा काट्न पनि पछि हटेका छैनन्। भन्छन् "महिला एकता सम्भव छैन।" २ जना महिला संगै बस्न सक्तैनन् झगडा भइहाल्दछ। महिला सुरक्षा दबाब समूहको गठनले यो कुरा पुरुष पुर्वाग्रहित विचार हो र बिल्कुल गलत हो भन्ने सावित गरेको छ।

तर जुन गती यसले लिनु पर्दथ्यो, लिन सकिरहेको छैन। गठन हुँदा जुन तदारूकता देखा परेको थियो त्यो उत्साह आज केही शिथिल भएको छ। मूल्य र मान्यतामा केही ह्रास आएको छ। आफ्नो कार्य प्रति प्रतिबद्धताको कमी र लगत्तै कुनै फल प्राप्तिको आशा नदेख्नाले उत्साहमा कमी आएको पनि हुन सक्दछ। आ-आफ्नो सङ्घसंस्था प्रतिको प्रतिबद्धता र उत्तरदायित्व धेरै उच्च स्तरको र महिला सुरक्षा दबाब समूहप्रति एक मामुली झिनो खालको सम्बन्ध राखे पर्याप्त हुने खालको धारणा पाइन्छ। गोलबन्द हुनु पर्दछ भन्नेमा दुईमत छैन। तर ऐक्बद्धता जनाउने, महिला आन्दोलन व्यापक बनाइ जीवन्त गर्ने गम्भिरता देखा परेको छैन। आज विद्यमान हरेक महिला संघका

आ-आफ्ना गरीमामय इतिहास छ। यो कसैले नकार्न सक्तैन। सबै महिला संघहरू नेपाली महिलाहरू सामाजिक मर्यादा उठाउन र उनीहरूको हक र हितको संरक्षण गर्ने उद्देश्यले लागि परेका छन्। विश्वका तमाम महिला एक होऔँ" "महिला एकता जिन्दावाद" को नारा आज विश्वभरि गुन्जायमान भइरहेको बेला नेपाली महिलाहरू केही संकीर्णताको मानसिकताले ग्रसित भएको देखिन्छ। साझा सवाललाई लिएर कदममा कदम मिलाएर हिड्न सकिरहेका छैनन्। यहाँ अहंले पनि केही काम गरिरहेको छ, जुन महिला आन्दोलनको लागि घातक छ। साझा सवालमा महिला एकता कायम हुनु अति आवश्यक छ। एकलकाँटे संकीर्ण विचारलाई त्यागी सबै आस्थाका महिलाहरू महिला आन्दोलनमा आबद्ध हुनु जरूरी छ।

**महिला आन्दोलनको दायरा**

महिला आन्दोलनको दायरा बारे कुनै निश्चित चिन्तन बनिसकेको छैन। के महिला आन्दोलन महिलाहरूको सामाजिक मर्यादासंग गाँसिएका सामन्ती कुरीतिहरू जस्तै वाल विवाह, बहु विवाह, अनमेल विवाह, महिला वेचविखन, सामाजिक, आर्थिक र राजनीतिक जनजीवनका हरेक क्षेत्रमा समान सहभागिता तथा महिला सशक्तिकरणका प्रश्नहरू सँगमात्र सम्बन्धित हुनु पर्छ यो अझै एक प्रश्न वाचक चिन्हको रूपमा खडा छ। आजसम्मको नेपाली महिला आन्दोलन यही दायराभित्र सीमित भएको पाइन्छ। आर्थिक सवाल पटक्कै उठाएका छैन भन्न पनि त्यति साह्रो मिल्दैन। आम महिलाको वीच यो सन्देश पुग्न सकेको छैन र आन्दोलनले व्यापकता लिन सकेको छैन। अनेमसंघले पानी र दुधको मुल्य वृद्धिलाई लिएर महिलाहरूलाई सडकमा उतार्न सक्नु पनि एक सकारात्मक पक्ष हो। उपर्युक्त उल्लेख गरिएका सवाल बाहेक अरू सवालहरू जस्तै देशको अर्थ व्यवस्था, उद्योग व्यापार, निजीकरण, उदारीकरण, समायोजना कार्यक्रम र यसबाट देशको अर्थव्यवस्थामा र खासगरी महिला जगतमा पर्ने दुष्प्रभाव प्रति महिला आन्दोलन तटस्थ भएको पाइन्छ। यी विषयहरू महिलाको चासोका होइनन्। यी पुरूष क्षेत्र भित्र पर्ने विषय हुन् भन्ने सोच पाइन्छ। प्रथमत: अशिक्षाको कारणले यस्तो सोच बनेको हो अर्को युगौंयुग देखि महिला पुरूष बीच कार्यको विभाजन यो महिलाले गर्ने र यो पुरुषले गर्ने भनी लक्ष्मण रेखा कोरिएकोले पनि स्वयम् महिलाहरू उपर्युक्त विषयहरू पनि महिला आन्दोलनको दायराभित्र पर्नु पर्ने नितान्त आवश्यक मुद्दाहरू हुन भन्ने विश्वस्त हुन सकेका छैनन्।

आज विश्वका अरू भागका महिलाहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले अविकसित देशहरूका लागि तर्जुमा गरिएको Qmructuraf{ AdjusQment progrse (SAP) समायोजन कार्यक्रमले देशहरूको अर्थ व्यवस्था कसरी तवाह गरी रहेको छ। यसका विरूद्धमा आवाज उठाइरहेका छन्। यस SAP को नीति अनुसार हरेक अविकसित देशले आफ्नो मुद्रा अबमुल्यन गर्नु पर्ने, राष्ट्रको बजेटमा स्वास गरी शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील विषयमा कटौती गर्नु पर्ने र खाध्यान्न जस्ता महत्त्वपूर्ण वस्तुमा दिँदै आएको सरकारी अनुदान झिक्नु पर्ने बाध्यतामा जोड दिन्छ। अविकसित देशलाई उकास्नको साटो झन् गरीव बनाउने नीति सावित भएको छ। यसो हुँदा आज अरू देशहरूका महिलाहरूले यी

मुद्दाहरूको विरूद्ध पनि महिलाहरूलाई आन्दोलित गरिरहेका छन्। नेपाली महिलाहरूलाई पनि यस विषयमा जानकारी गराई जागृत गरी आन्दोलित गर्न जरूरी भई सकेको छ। महिलाहरूलाई महिलाको समस्यासँग मात्र सीमित राख्ने पुरुष पूर्वाग्रहको कमी छैन। हरेक कार्य क्षेत्रमा सीमा छ। उदाहरणार्थ राजनीतिक पार्टीहरू र जनवर्गीय सङ्गठनहरू नै लिऔं। हरेक राजनीतिक पार्टी र जनवर्गीय सङ्गठनहरूमा भएका महिला नेता तथा कार्यकर्ताहरूलाई महिला फाँट हेर्ने जिम्मेवारी दिएको पाइन्छ।

केही अपवाद बाहेक महिला, महिलाहरूको मात्र नेता हुनु पर्छ र सक्छन् भन्ने पूर्वाग्रही मान्यताको विरोधमा पनि आवाज उठाउनु जरूरी छ। यहीनिर आउँछ महिला सशक्तिकरण को कुरा महिलाहरू भोट बैंक हैनन। आफ्नो सही दृष्टिकोण र पहिचान पनि दिन सक्नु पर्छ। आधा आकाश र आधा धरती ओगटेका महिलाहरू एकजुट भएमा धेरै कुरा हासिल गर्न सक्तछन्। राजनीतिक समान सहभागिताको सवालमा राजनीतिक पार्टीहरूले पूर्वाग्रही दृष्टि राख्नाले ग्रीसका महिलाहरूले "समान सहभागिता पाउनु पर्छ नत्र हामी भोट दिँदैनौं" भनी महिलाहरूलाई भोट नदिन अपिल गर्दै आन्दोलन उठाउँदा सफल भएको इतिहास छ। यस्तै नर्वे र स्वीडेनमा महिलाहरूको नेतृत्वमा राजनीतिक पार्टीहरू हुनाले पनि यस्ता खालका पूर्वाग्रही दृष्टिकोण दुरुत्साहित भएको र महिलाहरूको सहभागिता हर क्षेत्रमा बढेको पाइन्छ।

यिनै सब सवालहरूलाई लिएर सन् १९७५ मा भएको पहिलो विश्व महिला सम्मेलनदेखि १९९५ बेजिङमा भएका चौथो विश्व महिला सम्मेलनको विश्वव्यापी नारा "समानता, विकास र शान्ति" संयुक्त राष्ट सङ्घले १९७९ मा पारित गरेको महासन्धि "महिला विरूद्ध हुने सबै खालका भेदभाव हटाउने" महिला उत्थानका लागि अग्रदर्शी रणनीति र वेजिङ्ग महिला सम्मेलनले विश्वभरिका महिलाहरूको लागि भावी महिला आन्दोलनको दिशा किटान गरिदिएको छ। नेपाली महिलाहरूले पनि यही सेरोफेरोमा रही आफ्नो भावी बेजिङ्ग विश्व महिला सम्मेलनले संसारभरका महिलाहरूले निम्न विषयहरूमा आधारित रही भावी महिला आन्दोलन अगाडि बढाउनु पर्ने निर्देशन गरेको छ।

**१. महिलाहरूमाथी गरीबीको निरन्तर र बढ्दो बोझ**

अन्तर्राष्ट्रिय तथ्याङ्कले के देखाउँछ भने गरीबीमा जीवनयापन गरिरहेका महिलाहरूको सङ्ख्या पुरुषहरूको तुलनामा विषम अनुपातमा बढेको छ र विश्वका गरीबहरूको बहु सङ्ख्यामा महिलाहरू पर्दछन्। विश्वको १ अरब ग्रामीण गरीबहरू मध्येका ६० प्रतिशत महिलाहरू छन् भन्ने अनुमान छ। सम्बन्ध विच्छेद विधवापन अथवा एक्लो महिला गरीबीको गहिराइमा खसेकोले गर्दा महिला प्रमुख घर परिवारहरू विश्वभरि नै बढेको छ। विश्वको अर्थव्यवस्थामा महिलाहरूले वार्षिक ११ खरब अमेरिकी डलर उत्पादन गरेर सघाएका छन्। नेपालमा पनि पुरुषभन्दा बढी महिलाहरू खेतीमा लागेका छन्। ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याएका छन् तर त्यसको केही लेखाजोखा हुँदैन। उत्पादनका स्रोतहरू जल, जमिन र जङ्गलमा आफ्नो कुनै नियन्त्रण नहुनाले अर्थात आर्थिक परालम्बनको कारण महिलाहरू गरीव छन्। बेजिङ्ग सम्मेलन यस निष्कर्षमा पुग्यो कि महिलाहरूको आर्थिक र

सामाजिक स्तर उकासेर तथा महिलाहरूलाई समर्थ बनाउने वातावरणमा सुधार गरेरमात्र दिगो विकास सम्भव छ र यसले उनीहरूका लक्ष्यहरू प्राप्त गर्ने कार्यहरू निर्धारण गर्दछ साथै किटानसाथ भनियो "महिलाहरूसँग ज्ञान, क्षमताहरू र व्यवस्थापन सीपहरू छन् भन्ने कुरा गरीबीमा रहेका महिलाहरूले प्रदर्शित गरिसकेका छन्। महिलाहरूलाई पूर्ण रूपमा सहयोगी बन्न समर्थ तुल्याएर मात्र महिलाहरू एवम् तिनका परिवारहरू गरीबीमाथि विजय हासिल गर्न समर्थ हुने छन्।

**२. शिक्षा प्राप्तिमा असमानता**

विश्वभरिमा कम्तिमा ६ करोड बालिकाहरू शिक्षा पाउनबाट वञ्चित छन् र विश्वका ९६ करोड निरक्षर वयस्कहरू मध्ये दुई तिहाइ भन्दा बढी महिलाहरू छन्। रूढीवादी अवधारणा, अवसरको लागत, समयभन्दा पहिले विवाह र गर्भवती हुनु, अपर्याप्त शिक्षण र शैक्षिक सामग्री तथा पर्याप्त शिक्षा सुविधाको अभावका कारणले धेरैजसो क्षेत्रहरूमा अझै पनि शिक्षा पाउनबाट बालिकाहरूलाई अलग्याइएको छ। पुरुष पक्षीय पाठयक्रम र शिक्षण सामग्रीहरू जस्ता अन्य कारणहरूले गर्दा र छोरी जातिले घरको कामको बोझ पनि उठाउनु पर्ने हुनाले बालिकाहरूले राम्रो शैक्षिक उपलब्धि हासिल गर्न सक्तैनन् र चाँडै नै विद्यालय छाड्छन् यसको दीर्घकालीन असर महिलाहरूको उत्पादन र प्रजनन भूमिकाका साथै नीति निर्माण र निर्णय गर्ने काममा उनीहरूको सहाभागिता माथि पर्दछ।

नेपालमा १९९१ को जनगणना अनुसार सरकारी तथ्याङ्क अनुसार महिला साक्षरता २५ प्रतिशत जब कि पुरुषको ५५ प्रतिशत छ। त्यस्तै प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहमा स्कूल जाने बालिकाहरूको प्रतिशत यसप्रकार छ। प्राथमिक ३७ प्रतिशत, निम्नमाध्यमिक ३१ प्रतिशत र माध्यमिक २९ प्रतिशत। बीचैमा विद्यालय छोड्ने सङ्ख्या बढ्दो मात्रामा छ। शिक्षा एउटा आधारभूत मानव अधिकार हो र समानता, विकास एवं शान्ति हासिल गर्ने एउटा अत्यावश्यक साधन हो भन्ने कुरा चारवटा विश्व महिला सम्मेलनले खासगरी बेजिङ्ग सम्मेलनले ठोकुवाको रूपमा घोषित गरेको छ र सम्मेलनले सिफारिश गरिएका क्रियाकलापहरूले शिक्षा पाउने समानता, पक्षपात रहित शिक्षा एवम् बालिका र महिलाहरूको शिक्षा र तालिममा बढ्दो लगानीलाई बढाउने छ। बालिका र महिलाहरूको शिक्षा र तालिममा गर्ने लगानीलाई बढाउने छ। बालिका र महिलाहरूको शिक्षा र तालिममा गर्ने लगानीले असाधारण रूपले उच्च सामाजिक र आर्थिक लाभ हुन्छ र देशको दिगो विकास हासिल गर्ने एउटा सर्वोत्तम साधन हुन सक्ने प्रमाणित भएको छ।

**३. स्वास्थ्यमा असमानता तथा उपयुक्त स्वास्थ्य स्याहार सुविधा पाउने**

जैविक भिन्नता र सामाजिक अनुबन्धनले गर्दा महिलाहरूले आफ्नो जीवन भरि नै विशेष स्वास्थ्य समस्याहरू भोग्नु परिरहेको छ र यस भित्र स्वास्थ्य स्याहार सुविधाको अभाव र यसको अपर्याप्तता समेत पर्दछ। प्राथमिक स्वास्थ्य स्याहारमा उल्लेखनीय प्रगति भए तापनि प्रजनन् स्वास्थ्यप्रति अपर्याप्त ध्यान दिइएको कारणले महिलाहरूको उच्च रूग्णता र मृत्युदर अझै कायमै छ। गर्भवती भएबाट उत्पन्न जटिलताका कारणले मात्र प्रत्येक वर्ष ५

लाख महिलाहरूको मृत्यु हुन्छ र एड्स रोगबाट नवग्रसित बयस्कहरू मध्ये आधा महिलाहरू छन्।

नेपालमा हरेक वर्ष ९ लाख महिलाहरू गर्भवती हुन्छन्। हरेक लाखमा ८ सय ५० गर्भिणी महिलाहरू प्रजनन बेला मर्छन्। करीब १० प्रतिशत गर्भिणी महिलाहरूले मात्र उपयुक्त आधुनिक स्वास्थ्य सुविधा पाउँछन्। महिलाहरूको औसत आयुमात्र ५४ वर्ष मात्र छ। सार्क मुलुकहरूको दाँजोमा कम छ। विकसित देशहरूको दाँजोमा पुग्न धेरै लामो बाटो तय गर्नु छ। स्वास्थ्यको अधिकार, मौलिक मानव अधिकार हो र यो सार्वजनिक र निजी जीवनका सबै क्षेत्रमा सहभागी बन्ने महिलाहरूको क्षमताका लागि महत्त्वपूर्ण अधिकार हो भन्ने सर्वविदित कुरा हो। यसले महिलाहरूका लागि विस्तारित र बढी सुलभ स्वास्थ्य स्याहार प्रदान गर्ने, महिलाहरूको स्वाथ्यमाथि आउने खतराहरूलाई रोकथाम गर्ने कार्यक्रमहरूलाई सुदृढ बनाउने, महिलाहरूको स्वास्थ्य सम्बन्धी अनुसन्धान र सूचना प्रवाहलाई बढाउने कार्यक्रमहरू प्रस्ताव गर्दछ। महिलाहरूको जीवन स्थितिहरूप्रति सचेष्ट रहने बहुविभागीय क्रियाकलापहरूलाई सघाउन निश्चित कार्यहरू र एच.आइ.भी. जस्ता महामारी फैलन नदिनेमा पनि ध्यान पुऱ्याइनु पर्दछ। प्रजनन अधिकार महिलाको जन्मसिद्ध अधिकार हो। यो कुरा सन् १९९४ मा काइरोमा भएको जनसङ्ख्याको विश्व सम्मेलनले पुष्टी गरिसकेको छ।

### ४. महिलाहरू विरूद्धको हिंसा

सन् १९८५ मा नैरोवीमा भएको तेस्रो विश्व महिला सम्मेलन देखि नै महिलाहरू विरुद्धको हिंसाका वारदाताहरू र तिनका कारण र यसलाई समाधान गर्ने उपायहरू बारेको ज्ञानको विकास गरिएको छ। महिलाहरू विरूद्धको हिंसालाई अब विश्वव्यापी समस्याको रूपमा स्वीकार गरिएको छ र यसले जातीय समूहहरू, धर्म उमेर विकासको, तहको सीमापार गरिसकेको छ। महिलाहरूमा कानुनी साक्षरताको अभावले गर्दा, पर्याप्त कानुनहरूको अभावले गर्दा र प्रचलित कानुनहरूको परिपालनको अभावले गर्दा यसले दुरुत्साहित भएको छ। महिलाहरू विरूद्धको हिंसाको उन्मूलन बारेको घोषणाले परिवार र समुदाय भित्र महिला र बालिकाहरूले भोग्नु परेका लैङ्गिक आधारित हिंसाको भर्त्सना गरेको छ। यस अन्तरगत घरेलु हिंसा, बलात्कार, कार्यालय र शैक्षिक संस्थाहरूमा यौन दुर्व्यवहार र त्रास, हानिकारक परम्परागत परिपाटीहरू एवं महिला र बालिकाहरू विरूद्ध राज्यबाट छुट दिइएका हिंसा पर्दछन्। यी सबैले मौलिक मानवाधिकारको हनन गर्दछन्।

कानून र शैक्षिक प्रणालीद्वारा हिसालाई रोकथाम र उन्मूलन गर्ने एकीकृत उपाय खोज्ने, हिंसाका कारणहरूको अध्ययन र महिलाहरूको ओसार पसार गर्ने कार्यलाई निर्मूल गर्ने तथा हिंसाका शिकार भएका महिलाहरूलाई मदत गर्ने विशेष उपायहरू अख्तियार गर्नु पर्ने आवश्यक छ।

### ५ आर्थिक संरचना र नीतिहरू तथा उत्पादन प्रक्रियामा महिलाहरूको पहुँच र सहभागितामा असमानता

विश्वभरि नै बढीभन्दा बढी महिलाहरू आर्थिक जीवनमा सक्रियरूपमा भाग लिइरहेका छन्। अफ्रिकी महिलाहरूले ८० प्रतिशत, एशियाली महिलाहरूले ६० प्रतिशत र ल्याटिन अमेरिकी महिलाहरूले

४० प्रतिशत अन्न उत्पादन गर्दछन्। ग्राहस्थ्य उत्पादनको हकमा नेपाली महिलाहरूको योगदान महत्त्वपूर्ण छ। क्रमसंख्याको आधारमा सार्कका अरू मुलुकहरूको दाँजोमा नेपाली महिलाले ग्राहस्थ उत्पादनमा पुऱ्याउने योगदान माथिल्लो दर्जामा पर्दछ। नेपालको दर्जा ७३ छ जबकि मालदीभ्स ७५, श्रीलंका ७९ बङ्गलादेश ८०, भारत १०१ र पाकिस्तान ११४ मा पर्दछन्। बल्ल छैठौं राष्ट्रिय योजनामा मात्र देशको अर्थ व्यवस्थामा महिलाहरूको सहभागितालाई मूल्याङ्कन गरिएको छ। यत्रो ठूलो योगदान हुँदाहुँदै पनि महिलाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरहरूको आर्थिक निर्णयकारी कार्यमा र ठूला कार्यहरूमा अल्प प्रतिनिधित्व गराइन्छ। अर्थतन्त्रको विश्व व्यापारीकरणले पनि महिलाहरूको बचत उत्पादन र व्यापारका आत्म निर्भर बन्ने पहलकदमीहरू तल्लो कोटीमा राखेको छ। बेजिङ्ग सम्मेलनले पूर्ण विश्वासका साथ यस प्रकारको घोषणा गरेको छ। ऋण, संशाधन, प्रविधि र तालिमको पहुँच र नियन्त्रण दिइएमा दिगो जीवनयापनलाई पक्का गर्न महिलाहरूको उत्पादन बजार र आय बढाउन सक्छन्। महिला सङ्घ संस्थाहरूले आर्थिक अधिकारहरू प्राप्त गर्न, संशाधन, रोजगारी, बजार र व्यापारमा महिलाहरूको पहुँचलाई सघाउनका लागि कार्यरत हुनु पर्दछ। व्यवसायिक अलगाव र ज्याला असमानता हटाउने एवम् एउटा लचिलो कार्य वातावरण निर्माण गर्ने उपायहरू तयार गर्नु पर्दछ।

**६. सबै तहहरूमा शक्तिको मागेदारी र निर्णयकारी कार्यमा पुरुष र महिला बीचको असमानता**

विधायिकी निकायहरूमा राजनीतिक पदहरू प्राप्त गर्नमा अथवा आर्थिक तथा सामाजिक परिषद्द्वारा प्रस्तावित निर्णयकारी तहहरूमा ३० प्रतिशत लक्ष्य हासिल गर्नमा महिलाहरूले कमै प्रगति गरेका छन्। यद्यपि महिलाहरूले प्रायश: सबै मुलुकहरूमा कमसेकम आधा मतदाता सङ्ख्या ओगटेको हुन्छ र एक पीढी भन्दा बढी समयसम्म मतदान गर्ने र निर्वाचित हुने अधिकार छ तथापि सार्वजनिक कार्यालयका लागि कमै महिलाहरू उम्मेदवार छन्। बेइजिङ दस्तावेजले स्पष्टसँग भनेको छ "विभेदकारी मनोवृति, शिक्षा र तालिम, राजनीतिक दलहरूको संस्कृति एवं सरकारी संरचनाहरूमा व्याप्त छ। यसले महिलाहरूको राजनीतिक सहभागितालाई रोक्दछ र महिलाको नेतृत्व तथा दृष्टिकोणको संसारलाई वञ्चित गर्दछ।"

नेपालमा यसबारे के स्थिति छ एक नजर देऊ। संविधान स्पष्ट छ। संविधानको धारा ११ ले पुरुष र महिलामा समानताको ग्यारेन्टी गरेको छ। धारा ११ को उपधारा ५ ले बराबर कामको बराबर ज्यालाको ग्यारेन्टी गरेको छ। धारा ११ को उपधारा ३ ले महिला उत्थानका लागि विशेष प्रावधानको निर्देशन पनि दिएको छ। धारा २६ ले राष्ट्रिय विकासमा बढी से बढी महिलाहरू सहभागिता हुनका लागि नीति निर्धारण गर्न

निर्देशित गरेको छ। धारा ११४ ले हरेक राजनीतिक पार्टीले निर्वाचनमा कम से कम ५ प्रतिशत महिला उम्मेद्वार उठाउनु पर्ने निर्देशन दिएको छ। साथै राष्ट्रिय सभामा ३ महिला अनिवार्य रूपले हुनुपर्ने निर्देशन दिएको छ।

कुनै पनि उपल्लो निर्णायक तहमा महिलाहरू छैनन्। उदाहरण स्वरूप लिन सक्छौं राष्ट्रिय योजना आयोग, निर्वाचन

आयोग, लोकसेवा आयोग, अख्तियार दुरूपयोग निवारण आयोग, महालेखा आयोग, सर्वोच्च अदालत आदि आदि।

मुलुकको प्रशासनमा कुल शाखा अधिकृत पद ५३८५ महिला २९७ अर्थात ५.५ प्रतिशत, सहायक सचिव ८८१ मा ५५ याने ६.२ प्रतिशत उपसचिव ११९४ मा ८९ अर्थात ७.४ प्रतिशत, सहसचिव ३०० मा ९७, ६.३ प्रतिशत र सचिवमा मात्र १ जुन भरस्वरै भएको।

स्थानीय निकाय गाउँ र जिल्लामा पनि महिलाहरूको सहभागिता न्यून छ। ३९९६ गाउँ विकास समितिमा ९ वटा गाउँमा महिला अध्यक्ष र १६ वटा गाउँ विकास समितिमा उपाध्यक्ष छन्। गाउँ विकास समितिको सदस्य मात्र १ प्रतिशत छ। ७५ जिल्ला मध्ये कुनै जिल्लामा पनि महिला सभापति छैनन्। मात्र एक जिल्लाको जिल्ला विकास समितिमा एक उपसभापति रहेको छ। नगरको हाल त्यही छ। ३५ नगरपालिकामा एक पनि मेयर र उपमेयर छैनन् मात्र एक वडा अध्यक्ष छ। संसदमा मात्र ४.५ प्रतिशत छ। यही हाल सबै क्षेत्रमा छ। स्थिति सन्तोषजनक छैन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहहरूमा आर्थिक तथा राजनीतिक निर्णय गर्नेहरूमा महिलाहरूको निम्न अनुपातले संरचनात्मक तथा मनोवृत्तिका तगाराहरूलाई तथा यसलाई सकारात्मक उपायहरूद्वारा हटाउनु पर्ने खाँचोलाई जोड दिनु पर्छ। बेइजिङ सम्मेलनले स्पष्ट रूपमा महिलाहरूलाई शक्ति संरचनाहरू र निर्णय गर्ने काममा समान पहुँच र पूर्ण सहभागिता प्राप्त गर्न समर्थ बनाउनेमा जोड दिएको छ। महिलाहरूले स्थानीय निकायहरूमा पनि संवैधानिक प्रावधान हुनुपर्नेमा माग तथा जोड दिनुपर्छ।

**७. महिलाहरूको उन्नतिलाई बढाउन सबै तहमा अपर्याप्त क्रियाविधि**

संयुक्त राष्ट्र संघमा प्रायस: सबैजसो सदस्य राष्ट्रमा महिलाहरूको उन्नति बढाउने नीतिहरूलाई सघाउ पुऱ्याउन, पक्षपोषण गर्न, कार्यान्वयन गर्न, अनुगमन र परिचालन गर्नु राष्ट्रिय कार्य प्रणाली स्थापना गरिएको छ। यी कार्य प्रणालीहरूको स्वरूप र तिनका प्रभावकारिता समेत विभिन्न छन्। राजनीतिक, विकासात्मक अथवा मानवअधिकार सम्बन्धित मूल प्रवाहको अभिन्न अङ्गको रूपमा महिलाहरूको उन्नतिलाई बढाउने क्रियाविधिहरू अन्तर्राष्ट्रिय तहमा त्यत्तिकै कमजोर छन्। यसको कारण उच्चतम तहमा प्रतिवद्धताको अभाव हो। यी राष्ट्रिय कार्य प्रणालीहरू तथा सरकारी निकायहरू मात्र सिर्जना गर्ने होइन बल्की सवल गराउने र सबै सार्वजनिक नीतिहरूमा महिलाहरूका कुराहरू एकीकृत गर्ने कार्यहरू गर्नु पर्दछ। यसले अपृथक लैंगिक तथ्याङ्क र योजना एवम् मूल्याङ्कनमा उपयोग गरिने सूचना तयार पार्नु पर्ने नितान्त आवश्यक छ। यसका लागि महिला मन्त्रालय विभिन्न मन्त्रालयहरूमा महिला शाखाका साथ सही मानेमा महिला विकास गर्न ठोस नीति निर्धारण गर्न सक्ने शक्ति सम्पन्न राष्ट्रिय योजना आयोग जस्तै एक राष्ट्रिय महिला आयोग गठन हुनु अत्यावश्यक छ।

**८. प्राकृतिक संशाधनको व्यवस्थापन तथा पर्यावरणको सुरक्षामा महिलाहरूको योगदानको मान्यता**

खडेरी, मरूभूमिकरण, वन विनाश, प्राकृतिक प्रकोप र प्रदुषणकारी तत्त्वहरूका कारणले संसारका दशकमा एकदम बढेको छ। तर पनि पर्यावरणीय व्यवस्थापन,

प्रतिरक्षण र संरक्षणका क्षेत्रमा आधारभूत तहमा महिलाहरू नै प्रमुख कार्यकर्ता भए तापनि यी विषयको सार्वजनिक निर्णयकारी कार्यमा उनीहरू धेरैजसो अनुपस्थित नै छन्। यस कुराको उल्लेख विशेष गरी रियो द जेनेरियोमा भएको पृथ्वी शिखर सम्मेलनमा भएको थियो। तर्क पेस गरिएको थियो पर्यावरणीय संरक्षणमा महिलाहरूको र खास गरी ग्रामीण महिलाहरूको अग्रणी भूमिका हुन्छ। गरिबी र खस्कँदो प्राकृतिक वातावरण बीच सम्बन्ध स्थापित गरी सही पर्यावरण व्यवस्थापनका लागि एउटा समष्टिगत्, बहुविषयक उपायहरूको खोजी गर्नु पर्दछ र साथै कार्यहरू सबै तहका वातावरणीय निर्णयकारी कार्यमा महिलाको सहभागिता बढाउन र पर्यावरणीय रूपमा सबल र दिगो विकासका नीति र कार्यक्रममा महिलाहरूका आवश्यकता, विषय, दृष्टि समावेश गराउनु धेरै जरूरी छ।

**९. समाजमा महिलाहरूको सकारात्मक योगदान अभिवृद्धि गर्न आम सञ्चारका माध्यमको अपर्याप्त उपयोग**

सूचना प्रविधिको प्रगतिले अन्तर्राष्ट्रिय सञ्चार सङ्गठनहरूको विकास गराएको छ। यसले राष्ट्रिय सिमानाहरू पार गरेको छ र यसले सार्वजनिक नीति निर्माण गर्ने र निजी मनोवृत्तिहरूलाई प्रभावित गर्ने शक्ति राख्दछ। यसले मानिसहरू बीच ठूलो अन्तक्रिया वृद्धि गर्दछ, ज्ञानको दुत आदान प्रदान गर्दछ र सूचनाको सुलभ गर्दछ र बदलिंदो विश्वमा महिलाहरूको भूमिका र मूल्यहरूबारे सही चित्र प्रस्तुत गर्नमा असफल छ। अझै पनि थुप्रै टेलिभिजन र अन्य सञ्चार माध्यमका कार्यक्रमहरू छन्। जसले महिलाहरूलाई शिकारको रूपमा प्रस्तुत गरेको हिंसा र प्रभुत्वका छाप पर्दछन्। महिलाहरूले बढी से बढी रूपमा इलेक्ट्रोनिक सूचना मार्गहरू उपयोग गरी एक आपसमा सम्पर्क बढाउने काम गर्नु पर्छ जसबाट उनीहरूलाई वैकल्पिक सूचनाका स्रोतहरू प्रदान गर्नमा मद्दत पुर्‍याउन सक्दछ। यसो गर्दा अन्तर्राष्ट्रिय रूपमा महिलाहरूको नकारात्मक चित्रलाई हटाउनमा उनीहरूको क्षमता बढाई सार्वजनिक नियन्त्रण बाहिर रहेका तथा शक्तिलाई चुनौती दिन सक्ने छ साथै आमसंचारका माध्यममा निर्णयकारी कार्यमा महिलाहरूको पहुँच बढाउन र महिलाहरूको सकारात्मक छाप प्रस्तुत गर्न मद्दत मिल्नेछ।

**१०. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा मान्यता प्राप्त महिलाहरूको मानवअधिकार प्रतिको चेतना र प्रतिबद्धताको अभाव**

मानवअधिकार बारेको सन् १९९४ को विश्व सम्मेलनले के स्वीकृत गरेको छ भने, महिलाहरूको मानवअधिकार विश्व मानवअधिकार अहरणीय, अविभाज्य र अभिन्न अङ्ग हो। महिला अधिकार, मानवअधिकार हो। महिलाहरूको उन्नतिका सबै प्रयासहरू यी अधिकारहरूप्रतिको विश्वव्यापी सम्मानमा आधारित छन्। धेरै मुलुकहरूमा आफ्ना अधिकारहरूप्रतिको चेतनाको अभाव र तिनलाई कसरी प्रयोग गर्ने भन्ने कुरा नै समाजमा महिलाहरूको पूर्ण तथा समान सहभागिताको बाटोमा तगारो भएको छ।

कानून अन्तरगत समानता र अविभेदीकरण पक्का गर्नु, मानवअधिकार सम्बन्धी कानून र सम्मेलनहरू बारे प्रचार-प्रसारद्वारा कानुनी साक्षरता प्रदान गर्नु स्कूलहरूमा मानवअधिकार शिक्षा समावेश गर्नु तथा महिलाहरू विरूद्धका सबै प्रकारका विभेदहरू उन्मूलन गर्ने सम्मेलन र अन्य

मानवअधिकार सम्बन्धी-लिखतहरूको पूर्ण कार्यान्वयन पक्षमा महिलाहरू कार्यरत हुनु पर्छ।

**११. सशस्त्र अथवा अन्य किसिमका सङ्घर्षको महिलाहरूमाथि प्रभाव**

शीतयुद्धको अन्त्य भएदेखि सशस्त्र सङ्घर्ष घटेको छैन, बरू जातीय तथा धार्मिक संघर्षहरू प्राय: सबै क्षेत्रमा ताजा यथार्थ भएको छ। समाजमा महिला र बालिकाहरूको स्थान र उनीहरूको यौनका कारणले सशस्त्र सङ्घर्ष र सैन्यवादका दुष्परिणामहरू उनीहरूले विशेष रूपमा भोग्नु परेको छ। हिंसाको परिणाम सबै उमेरका महिलाहरूले भोग्नु परेको छ। उनीहरूलाई अतिवाद, उत्पीडन, लोप, बलात्कार र विस्थापनको शिकार बनाइन्छ। विश्वका २ करोड ५० लाख शरणार्थीहरूमध्ये ८० प्रतिशत शरणार्थीहरू महिलाहरू र केटाकेटीहरू नै छन्। अर्को समस्या यी शरणार्थीहरूको आफ्नो अस्तित्व र पहिचान हुँदैन। एक्ली महिला र बच्चीले शरण पाउन पनि मुश्किल छ। कसको स्वास्नी ? कस्को छोरी ? पहिचानको पुष्टी गर्नु पर्ने बाध्यताले शरण पाउन पनि गाह्रो बनाइन्छ। महिलाहरूको कुनै अनुहार नाम र ठाउँ हुँदैन (Women are faceless, nameless and place less) भन्ने मान्यता हुन् यी अभिव्यक्तिहरू। यसको ज्वलन्त उदाहरण हामी भूटानी शरणार्थीहरूमा पाउँछौं।

शान्ति र सुरक्षाका नयाँ उपायहरू अत्यावश्यक भइसकेको छ। सुरक्षा र शान्तिका विषयमा निर्णयकारी उच्चतम तहहरूमा महिलाहरूको अल्प प्रतिनिधित्व रहेकोले महिलाहरूले यस्तो अपमानजनक स्थिति भोग्नु परेको हो। ती निर्णयकारी तहहरूमा महिलाहरूलाई सामान्य प्रतिनिधित्व गराउने समय आइसकेको छ। यसो हुँदा महिलाहरूको परिप्रेक्ष्यले शक्तिको उपयोग र सङ्घर्षको समाधानका सम्बन्धले बढी रचनात्मक उपाय प्रदान गर्न सक्ने छ। अवसर प्रदान गरिएमा, महिलाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरहरूमा सङ्घर्षको समाधान गर्ने क्षमता राख्दछ। त्यसो हुनाले महिला आन्दोलनले यतातिर पनि आफ्नो दृष्टि पुऱ्याउनु पर्दछ।

समाजमा महिलाको सामाजिक मर्यादा उच्च हुन महिलाहरू आर्थिक रूपले सबल र सुदृढ हुनु जरूरी छ। युगौं युगदेखि पुरुषहरूको अरू सम्पत्ति सरह महिला पनि सम्पत्तिको रूपमा रही आएको, आफू नै अर्काको सम्पत्ति भएको उसको आफ्नो कुनै सम्पत्ति हुन नसक्ने, अवधारणा र परम्पराले गर्दा महिलाहरूले सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकिरहेका छैनन्। झण्डै पाँच दशकको महिला आन्दोलनको आरोह अवरोह पश्चात आन्दोलनकारी महिलाहरूले एक अनुभूति प्राप्त गरेको छ त्यो सकारात्मक नै छ। त्यो अनुभूति हो। "जबसम्म महिला सम्पत्तिको मालिक बन्दैन, महिलाको समाजमा मर्यादा हुँदैन तसर्थ सम्पत्तिमा समान अधिकार नै सामाजिक न्याय र समानता हो।"

तसर्थ मलाई लाग्छ कि नेपाली महिलाहरूले समग्र रूपमा बेजिङ्ग सम्मेलनले किटान गरेका महिला उत्थानका सरोकारका विषयहरूलाई ध्यान र केन्द्र विन्दुको रूपमा सम्पत्तिमा महिलाको अधिकारलाई प्रमुखता दिँदै "नारी शक्तिको मूल आधार, सम्पत्तिमा समान अधिकार" को नारा अँगाल्दै भावी महिला आन्दोलनलाई अगाडि बढाउनु पर्दछ।

*(साभार : इन्सेकद्वारा २०५२ चैत २८-३० काठमाडौंमा आयोजित राष्ट्रिय महिला भेलामा सहाना प्रधानले प्रस्तुत गर्नु भएको कार्यपत्र)*

पुस्तकबाट

# नारी सङ्घर्षका पाईलाहरू

**मंगलादेवी सिंह**

२००७ सालमा, जब क्रान्तिको चरम उत्कर्ष थियो, त्यही प्रसंगमा शासक वर्गमा अनेकौं घटना घटेका थिए। जनता राणा शासनदेखि घांटीसम्म आउने गरी वाक्क भईसकेका थिए। त्यही सालको कार्तिक महिनाको २१ गते राजा त्रिभुवन शिकार र वनभोजका लागि बुढानिलकण्ठतर्फ जाने बहानामा सपरिबार र राजदरबारबाट निस्केर भारतीय राजदूतावासतर्फ सवारी भयो। यता राणा खलकमा ठूलै हलचल पैदा भयो। राजपरिबारले यसरी छकाएर भारतीय राजदूतावासमा शरण लिएको थाहा पाएपछि अर्जुनशंशेर र विजयशंशेरलाई उहांको मुराद के रहेछ भनी बुझ्न शितलनिवास स्थित भारतीय राजदूतावासमा पठाए। तर राजा त्रिभुवनले दर्शन भेट दिइवक्सेनछ। २ पल्ट यस्तो प्रयास गर्दा पनि भेट नपाएको र राजपरिबारको अरु कुनै रोलक्रमवाला सदस्य नभएका हुंदा आफ्ना मावलमा भएका ४ वर्षका राजकुमार (नाती) ज्ञानेन्द्रलाई राणाहरूले ल्याई गद्दीनसीन गराए। राजकीय सम्मान र सलामी दिए, वग्गीमा राखेर शोभा यात्रा गराए, सिक्का चलाए। यही गोरखापत्रमा प्रमुख समाचार बनाई "त्रिभुवनको सत्ताच्यूत। नेपालको बेइज्जत भयो !" भन्ने शीर्षक दिएको देखियो। त्यो समाचारमा राणाहरूले स्पष्ट शब्दमा त्रिभुवनलाई देशद्रोही भनेका थिए।

ज्ञानेन्द्रलाई राजा बनाएको विषयमा महिला संघले पहिलो पटक सार्वजनिक रुपमा विरोध प्रकट गर्यो। अघि राजा त्रिभुवन पनि नावालक हुँदैखेरी गद्दीनसीन गराएर चन्द्रशम्शेरले राजासँग बचेखुचेको अधिकार पनि हत्याइसकेका थिए। अब यो नाबालक ज्ञानेन्द्रलाई राजा बनाएर प्रधानमन्त्री मोहनशंशेरले के के गर्ने हुन्, त्यसको ठूलो डर थियो।

राजा त्रिभुवन र राजपरिवार भारततर्फ सवारी भयो। सानो गौचरको बाटोमा मानिसहरूको हूलको गिन्ती नै थिएन। गद्दी छोडेर गएका राजालाई दर्शन गर्ने र जय जयकार गर्नेहरूले भावविह्वल भएर विदाइ गरे। राजा, राजपरिबार र भारतीय राजदूत चन्द्रेश्वरनारायण सिंह रहेको मोटरहरूको तांती गौचर हवाई-अड्डा पुग्यो र दुई वटा विमानमा सवारी चलाइयो।



अन्ततः राजपरिबार करीब अपरान्ह ४ बजे भारत पुग्यो।

तत्पश्चात् भारतको नयाँ दिल्लीस्थित ब्रिटिश डेपुटी हाइकमिश्नर फ्याङक रोवर्ट्स र ब्रिटेनकै एशियाली मामिला विशेषज्ञ तथा मोवाइल एम्वासेडर इस्टर डेनिङसको एउटा टोली राणा शासनको अवस्था, “नेपालीहरूको चाहना र नेपालको वस्तुस्थिति अध्ययन गरी यहाँको स्थिति साम्य पार्ने उद्देश्यले” नेपाल आयो। हामीले यो थाहा पाएका थियौं। राजा र राजपरिबारले राणा शासनकै कारणबाट गद्दी छोडेर हिंड्नु, नेपालमा दिनहुँ राणा विरोधी गतिविधिहरू बड्दै जानु र त्यसलाई सशस्त्र क्रान्तितर्फ सङ्गठित रुपमा अगाडि बढाउने पार्टी तयार हुनुले आफूले भारत छोडेर जानु परे पनि आफ्नो भक्त राणाशाहीलाई टिकाउने उपायको सिलसिलामा त्यो बृटिशमण्डल यहाँ आएको थियो।

ज्ञानेन्द्रलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउनु र “त्रिभुवनको सत्ताच्यूत” लाई कायम गराउनु यसको भित्री उद्देश्य थियो। त्यो थाहा पाउने वित्तिकै रातारात गरेर हामीले महिला सङ्घका सहस्र झण्डाहरू सिउन लगायौं। उक्त मिसनका अगाडि झण्डा सहित प्रदर्शन गर्ने हाम्रो कार्यक्रम थियो। गौचर हवाइ अड्डामा पहिलो पटक महिला सङ्घको त्यति धेरै झण्डा सहित प्रदर्शन भयो। पुलिसले अन्धाधुन्ध लाठी चार्ज गर्‍यो। त्यो उत्तेजक भीडमा मेरो टाउको फुट्यो, हात भाँचियो र म भुईमा लडें। थाहा छैन, मलाई कस्ले लगेर हामी चढेर गएको ट्रकमा राखिदियो। वास्तवमा यस ब्रिटिश मिशनलाई “ज्ञानेन्द्रलाई राजा मान्दैनौं। हाम्रा राजा त्रिभुवन हुन्। ब्रिटिश मिशन फर्कि जा। हामी प्रजातन्त्र चाहन्छौं” भनी काठमाडौं उपत्यकाका तीनै शहरका जनताको अपार भीड त्यो दिन गौचरमा जम्मा भएको थियो। नाराहरू ब्रिटिश मिशनलाई सुनाउन प्रायः अंगेजीमै भनिन्थे। त्यो अपार भीडका अगाडि ब्रिटिश मिसन पनि द्रविभूत भयो र नेपालको वास्तविकता छर्लंग भयो।

यो घटनाभन्दा अगाडि २००७ साल कार्तिक २५ गते नै नेपाली कांग्रेसको हवाई जहाजले पहाडी इलाका र उपत्यकामा नेपाली भाषाका पर्चाहरू र तराई इलाकामा हिन्दी भाषाका पर्चाहरू व्यापक रुपमा छरेर गएको थियो। ती पर्चाहरूमा सोही दिनदेखि सशस्त्र क्रान्तिको शुरुआत भएको तथा त्यो क्रान्तिलाई जनताले सकेसम्मको सहयोग पुर्याउन् भन्ने अपील गरिएको थियो। हवाई जहाजले पर्चा छर्ने यो क्रम दुई तीन पटकसम्म भई रह्यो र पर्चा देशभरी पुऱ्याइयो। ती हवाइजहाजहरू सुवर्णशंशेर तथा महावीरशंशेरका स्वामित्वको हिमालयन एयरवेज कम्पनिका थिए। पर्चा छर्न आउनेहरू रामहरि जोशी, सत्यनारायणबहादुर श्रेष्ठ आदि हुनुहुन्थ्यो।

कार्तिक २६ गतेदेखि नेपालमा बैधानिक राजा कोही पनि थिएन। राजधानी लगायत देशका अन्य भागहरू जस्तै झापा, विराटनगरदेखि वीरगञ्ज, भैरहवा हुँदै पश्चिम कैलाली- कन्चनपुर जिल्लासम्म र पहाडमा पनि इलाम, धनकुटा, पाल्पा, पोखरा आदि स्थानहरूमा जन-आन्दोलनको ज्वाला दन्किन थाल्यो।

राजा त्रिभुवनलाई गौचर विमानस्थल (अहिले त्रिभुवनकै नाममा रहेको विमानस्थल) बाट विदाई गरेर फर्कने मानिसहरूको हुलले नै “श्री ५ त्रिभुवन जिन्दावाद” भन्ने नारा लगाउँदै फर्केको थियो। वास्तवमा त्यो नेपालको इतिहासको एउटा ठूलै जुलुस थियो।

ब्रिटिश मिशन, राणाशाहीको ज्ञानेन्द्रलाई राजा वनाउने षडयन्त्रलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने षड्यन्त्रको सिलसिलामा काठमाडौं आउँदैछ भन्ने सुराक भारतीय राजदूतावासका प्रथम सचिव ए. के सिन्हाले दिएका थिए। त्यो खबर त्यसैदिन

काठमाडौं, पाटन र भक्तपुरमा फैलाउनमा युवा क्रान्तिकारीहरूले ठूलै परिश्रम गरेका थिए।

जब (डकोटा) विमान गौचरमा उत्रियो, गगनभेदी नाराहरू लाग्न शुरु भयो- "त्रिभुवन इज आवर किङ्। लङलिभ किङ त्रिभुवन। वी वाण्ट डेमोक्रेसी। ब्रिटिश मिसन गो व्याक !" इत्यादि।


त्यो विशाल भीडको गगनभेदी नारा लगाउने र प्राणको वाजी थापेर अगाडि बढ्ने शान्ति निकुन्ज विद्यालयकी छात्रा शान्ता श्रेष्ठ र प्रभा हलुवाईको योगदान वीरतापूर्ण छ। त्यो भीडमा प्रहरीले अन्धाधुन्ध लाठी चार्ज गर्नुका साथै टियर ग्याँस र गोली पड्काउन थालेपछि धेरैजना मानिसहरू भुईंमा लडे। मानिसहरूमा भागाभाग भयो। तर शान्ताले छाती थापेर प्रहरीका अगाडि "लौ हान गोली" भनी अगाडि बढिन्। पुलिस हतप्रभ भयो। उनले पुलिसको राइफल खोस्ने कोसिस गरिन्। पुलिस र उनका बीच राइफल तानातान भयो। अन्तत: पुलिसले राइफल छोडेर भाग्यो।

भीडका मानिसहरूले गौचरणमा बार बनाई लगाइएको बाँसका भाटाहरू उखेलेर लिन थाले। हावाई जहाज आउना साथ जनताले जहाज घेरे। ब्रिटिश मिशनका सदस्यहरूलाई जहाजबाट ल्याएर मोटरमा राख्न साह्रै ठूलो मिहिनेत र रक्तपात मच्चाउनु पर्‍यो। आखिरमा जन समूहले ब्रिटिश मिसनलाई, "हामीले जे देख्यौं, त्यही वास्तविकतालाई हामी हाम्रो प्रतिवेदनमा प्रस्तुत गर्ने छौं" भन्न लगाएर मात्र छोडिदिए।

यो अवस्थाले गर्दा राणा शासकहरू हुनसम्म मर्माहत भए। किनभने गौचरको त्यो काण्डपछि प्रहरीहरू शहरका ठाउँ ठाउँमा बसेर गौचरणबाट फर्केका मानिसहरूलाई गिरफ्तार गर्ने, आक्रमण गर्ने, कुट्ने आदि रिसाहा व्यवहार गर्न थाले। हामी चढेको लरी भने वनभोजबाट आएको भनी बाटो छलेर शहर आइपुग्यो।

भोलिपल्ट शहरभरि गौचरण काण्डको व्यापक चर्चा भइरह्यो। लाठी चार्ज र आक्रमणमा घाइते भएका मानिसहरूको हिसाबै थिएन। भेट हुने वित्तिकै चर्चाकारहरू आफ्ना शरीरका अंगहरूमा भएका घाउहरू म देखाउँथे।

धरपकड चलिरहेको थियो। हामीलाई वारेण्ट गरियो, त्यसैले भूमिगत भयौं। शान्ति



जनमत संग्रहको समयमा चितवनमा भएको आमसभालाई संवोधन गर्दै।

निकुन्ज विद्यालयकी विद्यार्थी कोकिला तुलाधर र कृष्णकुमारी मानन्धर भने पक्राउमा परे। उक्त ब्रिटिश मिसनको दुई दिने काठमाडौं वसाई सकिएको थियो। हवाई अड्डामै उत्रिंदा उनीहरूले त्रिभुवनको फोटो र प्लेकार्ड सहितको प्रदर्शनको दर्शन गरिसकेका थिए। सायद उनीहरूले पनि जनतालाई अब चिढ्याइरहनु उचित छैन भनी ठाने होलान्। ज्ञानेन्द्रलाई राजा वनाउने र त्यसलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने सपना, सपनामै रहयो।

आफ्नो समर्थन र गुलामीमा भएको पक्षलाई हरतरहले सहयोग पुऱ्याउनु र आफ्नो प्रतिकूलमा भएको पक्षलाई अवस्था हेरी जस्तोसुकै व्यवहार गर्न पनि पछि नपर्ने तत्कालिन ब्रिटिश साम्राज्यवादको अघोषित नीति थियो। कहिले पनि सूर्यास्त नहुने साम्राज्यको अधिपति भएका कारणले पनि ब्रिटिशहरू घमण्डी र उन्मादी थिए। अंग्रेज शासन भारतबाट उठाए पनि अङ्ग्रेजियन चाहिँ लादिरहने उनीहरूको मन्सुवा थियो।

नेपालका मुख्तियार भीमसेन थापा यिनै ब्रिटिशहरूको कोपभाजनको शिकार भएका थिए। ब्रिटिश साम्राज्यको विरुद्ध एशियाली एकताको आवाज दिने भीमसेन थापा छिमेकी देश भारतमा भएका ब्रिटिशहरूका लागि कति अप्रिय दुस्मन भएका थिए होलान्। उनले त्यसबेलाका ब्रिटेन विरोधी देश फ्रान्सबाट सैनिक सल्लाहकार तथा हात हतियार मगाएर नेपाली सेनाको आधुनिकीकरण गरी ब्रिटिशहरूसँग लड्ने सामर्थ्य बनाएका थिए। तर कालान्तरमा यिनै भीमसेन थापा तत्कालिन दरबारी षड्यन्त्रमा परे कि युवराजलाई मारेको अभियोग लगाएर उनलाई नेल हत्कडी लगाएर बन्दी बनाइयो। घाँटीसम्म नर्कमा डुवाएर उनलाई राख्ने, उनकी श्रीमतीलाई नाङ्गो बनाएर सेनाका अगाडि घुमाउने र भीमसेनले त्यो सबै रमिता हेर्नु पर्ने असभ्य, अमानवीय र क्रुर निर्णय गरियो। राजा, राजपरिवार, देश र जनताको भलो चिताएर धेरै वर्ष काम गरेका एउटा अनुभवी र बृद्ध व्यक्तित्वलाई यो निर्णय सह्य भएन। आखिर आफू बन्दी बनाइएको राजदरबार (हनुमान ढोका) को झ्यालको ऐनाफोरी सेरिए। तर पनि उनी नौ दिनसम्म मर्न सकेनन्। "पानी ! पानी" भनेर छटपटाएरका भीमसेनलाई कसैले एक थोपा पानी दिएन। आखिर उनको सेरिएको नौ दिनपछि मात्रै निधन भयो।

निधन भए तापनि उनको शवलाई दाहसंस्कारका लागि परिवारलाई सुम्पिइएन। विष्णुमतीको किनारमा सैनिकहरूको पालो पहरामा बगर माथि सुताइयो। काग, गिद्ध, कुकुरलाई उहांको लास लुछ्न लगाइयो। टाढा टाढाबाट यो रमिता मानिसहरूले हेरे। तथापि बोल्ने सामर्थ्य कसैको भएन।

यो थियो एउटा अन्तर्राष्ट्रिय षडयन्त्र। कलकत्ता (भारतको तत्कालिन राजधानी) मा अवस्थित ब्रिटिश शासक मालिकहरूको चाकरीका लागि यहाँको राजदरबारमा भएको क्रुर षडयन्त्र। राजा कमजोर हुँदा भारदार र चाप्लुसहरूको बठ्याइँको परिणति। ब्रिटिश शासकहरूका मनमा रहेको भीमसेन थापा विरुद्धको आक्रोशलाई शान्त पार्न गरिएको उपचार। ब्रिटिशहरूको चाकरीमा देशभक्त, सुधारवादी, लोकप्रिय, राजभक्तले पनि शिकार हुनु पर्ने परम्पराको एउटा उदाहरण। यसरी खुशी पार्दै ल्याइएका ब्रिटिशहरू राणाहरूको गद्दी जोगाई दिने तिकडममा किन नलागुन्। तर ब्रिटिशहरूको यो गोटीचाल असफल भयो !

*(साभार : पी.एल. सिंहद्वारा २०५१ सालमा प्रकाशित नारी सङ्घर्षका पाईलाहरू पुस्तकबाट।)*


पुस्तकबाट

# राजनीतिमा सहभागिता

**सहाना प्रधान**

मेरो राजनीतिक सहभागिता वि.सं. २००४ सालदेखि नै भएको थियो। त्यसबेला राणाकालीन शासनको जमाना थियो। मलाई राजनीतितिर उन्मुख गराउने प्रमुख कारण महिलाहरूलाई शिक्षा दिने धारणा नै हो। महिलालाई शिक्षा नदिने, महिला वा केटीहरूको लागि स्कुल नखोलिने र केटीहरूले पढ्नु हुँदैन भन्ने कुराको विरोध गर्ने भावनाले नै म राजनीतितिर तानिएँ। त्यसबेलाको राणाकालीन शासन व्यवस्थाको विरोध नगरुन्जेल वा त्यसको विरोधमा नउठुन्जेल शिक्षा प्रणालीमा परिवर्तन आउँदैन भन्ने महसुस भएर राजनीतिक रूपले राणा शासनको विरोधमा उत्रन पुगियो। विशेष गरेर वि.सं. १९९७ सालमा जब ४ जना शहीद भए, त्यस बेलादेखि नेपालमा राजनीतिक गतिविधि भित्रभित्र शुरु भएको थियो। सङ्गठनहरू निर्माण भएका थिए। हामी वि.सं. २००१ सालमा बर्माबाट आयौं। त्यसबेला नेपालको सबभन्दा पहिलो राजनीतिक पार्टी 'प्रजापरिषद्' का सबै नेताहरू जेलमा परेका थिए। हामी नेपाल आएपछि बिस्तारै कुराहरू बुझ्न थाल्यौं र जानकारी पाउन थाल्यौं। वि.सं. १९९७ सालपछि विशेष गरेर नेपालमा जनताको हक अधिकार प्राप्तिको निमित्त जनतालाई गोलबन्द गर्न राजनीतिक पार्टी आवश्यक छ भन्ने कुरा झन्पछि झन् बलियो गरी महसुस हुँदै गयो। वि.सं. २००३ सालको अन्त्यतिर हामी केही राजनीतिक नेताहरूको सम्पर्कमा आयौं। हाम्रो बारेमा पनि उनीहरूलाई जानकारी भयो। हामीले केही पढ्न लेख्न जानेका, केही बुझेका थियौं। हामीले दोस्रो विश्वयुद्ध नाङ्गो आँखाले देखेका, आफैले भोगेका र हिन्दुस्थानको "भारत छोडो आन्दोलन" पनि देखेका र अनुभव गरेका हुनाले भित्र आत्मादेखि नेपालमा पनि केही गर्नुपर्छ भन्ने कुरा लागिसकेको थियो। नेपाल आएपछि पढ्न नपाएका, महिलाहरूप्रतिको सोचाइ र बन्धनले हामीमा एउटा विद्रोहको भावना जगाइदियो। यो सब कारणले गर्दा म राणाशाहीको विरोधमा उत्रन तयार भएँ।

त्यसबेला राजनीतिमा लाग्नु र आज राजनीतिमा लाग्नुमा आकाश पातालको



फरक छ। त्यसबेला राजनीतिमा लाग्दा ज्यानको बाजी लगाएर लाग्नुपर्थ्यो। जब वि.सं. २००४ साल वैशाख १७ गते हामी आन्दोलनमा उत्रियौं- त्यसबेला हामी फेरि घर फर्कन पाइँदैन भन्ने कुरामा स्पष्ट भएर सारा कुराको उत्सर्ग गर्ने सङ्कल्प सहित राजनीतिमा हामफालेका थियौं। यसरी कतिपय कुरा जानेर कतिपय कुरा नजानेर राजनीतिक जीवनको सुरुआत गरियो। वास्तवमा भन्ने हो भने राजनीति यो हो भन्ने नबुझी राणाशाहीले गरेको अन्याय अत्याचारका विरुद्ध आक्रोशले गर्दा लागियो।

राजनीतिमा महिलाहरूलाई सक्रिय बनाउन अलग्गै सङ्गठन चाहिन्छ भनेर वि.सं. २००४ साल श्रावण २२ गते नेपाल महिला सङ्घ निर्माण भयो। त्यसबेला पार्टीहरू पनि निर्माण भएका थिएनन् वा प्रभावशाली थिएनन्। पहिलो महिला सङ्घ निर्माण गर्दा म्हैपीमा ६२/६३ जना महिलाहरू पिकनिक खाने भनेर जम्मा भयौं। त्यो पिकनिकको उद्देश्य भने महिला सङ्घ निर्माण गर्नु थियो। त्यसको आयोजक पुरुष दाजुभाइहरू नै हुनुहुन्थ्यो। महिलाहरूको महिलाहरूसँग सम्पर्क नभएकाले पुरुषहरूले भेला आयोजना गर्न सक्रिय भएर सघाएका थिए। यो भेला गराउन भक्तबहादुर दाइले खुलै रूपमा सहयोग गर्नुभएको थियो।

पसल थियो। पिकनिकको रूपमा भेला भएका महिलाहरूले मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घ निर्माण गरे। त्यस कमिटीमा रजनी, श्रीमाया, शिलवन्ती, साधना दिदी, म, स्नेहलता, हिरादेवी तुलाधर, तुलसीदेवी सिंह आदि र पाटन र भक्तपुरका गरी २४/२५ जना महिलाहरू रहेका थियौं। त्यसले तदर्थ समितिको रूपमा काम गरेको थियो। यसरी महिला संगठनको औपचारिक रूपबाट शुरुआत भयो। त्यसबेला पार्टीहरू नभएको हुनाले के काँग्रेस के कम्युनिष्ट सबै एक थिए।

मैले वि.सं. २००७ सालमा पार्टी सदस्यता लिएँ। २००७ सालमा राणा विरोधी आन्दोलनमा नेपाल महिला संघमा संगठित भएर लागें। विद्यार्थी आन्दोलनलाई सघाउने काम गरें। पार्टी सदस्य भएपछि महिला संगठनभित्र काम गर्न फ्याक्सन निर्माण भएको थियो। म त्यस फ्याक्सनको सचिव भएँ। त्यसबेला विद्यार्थी संगठनको रूपमा अखिल नेपाल विद्यार्थी फेडरेशन थियो। युवा संघ पनि थियो। यसरी मैले महिला, युवा, विद्यार्थी तीनैवटा संगठनमा काम गरें। भौगोलिक क्षेत्रको जिम्मा नलिई जनवर्गीय संगठनको जिम्मा लिएँ।

राजनीतिक रूपबाट जुलुस, आमसभा, कोणसभा आदि कार्यक्रममा कि त, महिला सङ्गठन कि, विद्यार्थी कि युवा सङ्गठनमध्ये एउटाबाट बोल्नेमा म पर्थे। हाम्रा आमसभाहरू प्राय: गरेर तीनधारा पाठशाला, भूगोलपार्क, सानो टुंडिखेल (त्रिपुरेश्वर स्टेडियम) इटुम्वहाल, यटखावहाल आदि ठाउँहरूमा हुनेगर्थे। त्यस बखत आफूलाई राजनीतिमा व्यस्त भएको पाउँथे। एकातिर स्कुल, एकातिर राजनीतिलाई बराबर रूपमा समायोजन गरेर लगेकी थिएँ। मलाई मेरो घरबाट पनि एक प्रकारले त्यसरी काम गर्न प्रोत्साहन नै प्राप्त भएको थियो।

२००८ सालमा हुने नगरपालिकाको चुनावको लागि मतदाता नामावली तयार गर्दा महिलाहरूलाई मतदान गर्न नदिने कुरा भयो। त्यसपछि महिलाहरूलाई पनि पुरुष सरह चुन्ने चुनिने हकका लागि आवाज उठाइयो। आवाज उठाउने मात्र होइन निकै ठूलो आन्दोलननै गर्नुपरेको थियो। त्यस

मतदान गर्ने अधिकार पाउनका लागि तत्कालिन प्रधानमन्त्री मोहन शमशेरको दरबारमा जुलुसै लिएर पनि गयौ। यस प्रकारले निरन्तर र सशक्त सङ्घर्षद्वारा अन्त्यमा महिला मताधिकार प्राप्त गर्न सम्भव भयो।

वि.सं. २००८ सालमा पहिलो नगरपालिकाको चुनाव भयो। नेपालका जनताले पहिलो पटक मत हाल्ने अधिकार पाएका थिए र नगरपालिकाबाट साधना दिदीले जित्नु भएको थियो। यही बेला म जनसभालाई सम्बोधन गर्न प्रशिक्षित भएकी थिएँ। त्यो चुनाव हुँदा बिहानको ७ बजेदेखि रातिको ८/९ बजेसम्म दिनको १०/१२ ठाउँको आमसभामा सम्बोधन गर्नुपर्ने, बोल्नुपर्ने थियो। त्यसरी धेरै ठाउँ बोलेर स्वर सुकाएर घरमा आउँदा नूनपानी बनाएर गारगुर गर्न लगाउँथे। आजकाल जस्तो बस थिएन। हिँड्दा हिँड्दा खुट्टा दुखेर कस्तो हुन्थ्यो। तर घर आएपछि खुट्टा सेकाइ दिने र तेल लगाई दिनेसम्म गर्नुहुन्थ्यो।

यसरी घरमा आउँदा हकार्ने, हतोत्साहित गर्ने होइन सहयोगी भावना र प्रोत्साहनयुक्त व्यवहार हुन्थ्यो। मैले ठूलो, राम्रो र धेरै काम गरेर आएकी छु भन्ने गर्व हुन्थ्यो। पूरा परिवार नै चुनावी अभियानमा जुटेको थियो। काका, बुबा पसल बन्द गरेर नै मेरो भाषण सुन्न जानु हुन्थ्यो।

२००८ सालमा राजनीतिक अस्थिरता भयो। राजा त्रिभुवनले सबै राजनैतिक व्यक्तित्वसँग कुराकानी गर्न राजनैतिक सम्मेलन बोलाएका थिए। त्यही सम्मेलनमा म नेपाल महिला संगठनबाट पहिलोपटक राजदरवार पसेकी थिएँ।

यही दौरानमा वि.सं. २००९ सालतिर (वि.ए. पास गरिसकेकी थिएँ) । राजाद्वारा मात्रिकाको सरकारलाई बर्खास्त गरी २००९ साल साउनमा जनरल केशरशमशेर आदि रहेको परामर्शदात्र सरकार बनाइयो। राजा त्रिभुवनको त्यस्तो कदमलाई कम्युनिष्ट पार्टीले विरोध गर्यो। त्यस कदमको विरोधमा आमसभा, कोणसभा भए। त्यो आमसभा वा कोणसभामा नेपाल महिला सङ्गठनबाट मैले बोलेँ। त्यसरी आमसभा गर्दागर्दै भूगोलपार्कबाट मलाई र प्रभा नेपाली, ज्ञानुमैया श्रेष्ठसमेत तीनजनालाई पक्रिए। प्रभा र म नेपाल महिला सङ्गठन केन्द्रय समितिमा थियौं। ज्ञानुमैया चाहिँ सदस्य मात्र थिइन्। यसरी राजनीतिक कारणले पहिलो पटक म चार महिना जेल बसें।

त्यसबेला अखिल नेपाल महिला सङ्घको अध्यक्ष पुण्यप्रभादेवी ढुङ्गाना थिइन्। नेपाल महिला संघको अध्यक्ष मंगलादेवी सिंह थिइन्। नेपाल महिला सङ्गठनको अध्यक्ष कामक्षा देवी थिइन्।

म विचार गर्छु अहिले महिलाहरू महिला समस्यामा भन्दा पार्टीभित्र कसको के मत, के हैसियत, कति प्रभाव छ भन्ने जस्ता कुराहरूमा बढी नै चासो लिने र के हो कसो हो भन्ने गरेको जस्तो देख्छु। तर मैले त्यस्ता कुरामा चासो लिइनँ। पुष्पलालजीको नेतृत्वमा नै पार्टी भएको भए पनि मैले त्यस्तो चासो लिइनँ। यो उनीहरूको कुरा हो, सोध्नु हुँदैन, सोध्यो भने उनीहरूलाई पनि अप्ठ्यारो हुन्छ, गाह्रो हुन्छ भन्ने लाग्थ्यो। आफूलाई पनि अनावश्यक तनाव हुन्छ भन्ने लाग्थ्यो। म आफू अनुशासनमा रहनुपर्छ भनेर यस्ता कुरामा कहिल्यै चासो राखिनँ। पार्टीमा के भइरहेको छ, कसले के भन्छ भन्ने कुरा मैले कहिल्यै सोधिनँ। पुष्पलालजीले आज पार्टीमा यस्तो भयो भनेर भन्ने चलन नै थिएन।

शुरुका दिनहरूमा हामी बीचमा पार्टीको कुरै भएन। तर धेरैपछि गएर केही केही कुरा भयो। त्यसैले म धेरै कुरा थाहा पाउदिनथें। थाहा पाउने चेष्टा पनि गर्दिनथें।

**सङ्गठनको नामै सारियो**

२००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो। सैद्धान्तिक रूपले राजालाई हेर्ने दृष्टिकोण, प्रजातन्त्रप्रतिको धारणा, क्रान्तिप्रतिको दृष्टिकोण आदिमा फरक मत र दृष्टिकोण देखापर्‍यो। त्यसैले काँग्रेस पार्टीमा काम गरिहनुभएका पुष्पलालजीले कम्युनिष्ट पार्टी स्थापना गर्नुभएको थियो। राणा शासन खतम गर्ने सवालमा सहमति रहेको भए पनि दुईखाले दृष्टिकोण समाजमा देखा पर्न शुरु भयो। राणा शाहीलाई खतम गर्ने सवालमा सब कुरा छ्यासमिस थियो। को के हो भन्ने कुरा थिएन।

आन्दोलनकारीहरू बिस्तारै काँग्रेसबाट कम्युनिष्ट पार्टीमा आए। मानिसहरू छ्याङ्ग रूपमा दुई भागमा बाँडिन थाले। यी दुई भिन्नभिन्न सिद्धान्तका भए। भिन्न अडान र दृष्टिकोणका भए। त्यसले गर्दा महिला सङ्गठन एउटा हुने कुरै भएन। महिलाहरूको बीचमा ठूलो लडाइँ झगडा भएर होइन तर दृष्टिकोण नमिलेपछि सँगै बस्न सकिन्न भन्ने भयो। विशेष गरेर २००७ सालपछि नेहरूको नेपाल आगमनप्रतिको दृष्टिकोणमा फरक भयो। हामी नेहरूको आगमनलाई विरोध गर्ने पक्षमा उभियौं। मंगलादेवीहरू समर्थन र स्वागत गर्ने पक्षमा उभिए। हामी कालो झण्डा देखाउन गयौं। मंगलादेवीहरू फूलमाला लिएर स्वागत गर्न गए। त्यसपछि हामीले "नेपाल महिला सङ्गठन २००८ सालमा खोल्यौं। नेपाल महिला सङ्घको अध्यक्ष मंगलादेवी नै रहिन्। उनी जीवनको अन्तिमसम्म पनि त्यही संघको अध्यक्ष भएर रहिन्। नेपाल महिला सङ्गठनको अध्यक्ष कामाक्षादेवी भइन्। म नेपाल महिला सङ्गठनको महासचिव भएँ। अरु सदस्यहरूमा रजनी, श्रीमाया, श्रीवन्ती शाह, साधना, पुष्पलता, प्रभा नेपाली, कान्छी दिदी र मोतीदेवी गरी जम्मा १३ जनाको केन्द्रीय समिति बनायौं। यी दुई सङ्गठन नेपाल महिला संघ र नेपाल महिला सङ्गठन बीच सहमति कायम गरेर जानुपर्छ भन्ने पनि हाम्रो धारणा रहेको थियो।

वि.सं. २००८ सालमा पुण्यप्रभा देवीको अध्यक्षतामा निर्मित "अखिल नेपाल महिला सङ्घ" र मंगलादेवीको अध्यक्षतामा निर्मित "नेपाल महिला सङ्घ" को सिद्धान्त एउटै थियो दुवै पूँजीपति वर्गका हितसाधक थिए, दुवैमा नेपाली काँग्रेसको नेतृत्व थियो। पुण्यप्रभा देवीको अध्यक्षतामा बनेको अखिल नेपाल महिला संघमा के. आई. सिंहको प्रभाव थियो। यसका अरू सदस्यहरूमा रेवन्त कुमारी आचार्य, (टंकप्रसाद आचार्यकी श्रीमती) सीता शर्मा (रामहरि शर्माकी श्रीमती), माधवी शर्मा आदि थिए। उनीहरूको अफिस केशरमहल पछाडि थियो। ठमेलमा केशरशमशेरले गजबको घर दिएका थिए। उनीहरूले त्यस बेला आयश्रोत पनि बनाएका थिए। सम्पन्न सङ्गठनको रूपमा चिनिन्थ्यो। १०/१२ जना महिलालाई काम पनि दिएका थिए।

उनीहरू काँग्रेस विचारधाराकै थिए तर अलिक विद्रोही खालका थिए। मंगलादेवीले नेतृत्व गरेको महिला सङ्घभन्दा पुण्यप्रभादेवीले नेतृत्व गरेको अखिल नेपाल महिला सङ्घ अलिक अगाडि बढेको थियो। यिनीहरू अलिक बढी सक्रिय थिए। धेरै

मिटिङ बैठकहरू हुन्थे। यो सङ्गठनमा महिलाहरू अलिक बढी सङ्गठित पनि थिए र कार्यक्रम बढी हुन्थ्यो। किनभने पुण्यप्रभा देवीको वाकशक्ति साह्रै राम्रो र साह्रै प्रभावकारी थियो। उनको सङ्गठनको गतिविधि बढ्यो। मंगलादेवीको सङ्गठनले त्यति कार्यक्रमहरू गर्न सकेन। यी सङ्गठनहरूले महिलाहरू पनि अगाडि बढ्नुपर्छ, विभिन्न कार्यक्रममा सहभागी हुनुपर्छ भन्ने कुरालाई उजागर गरे। एउटा कार्यक्रममा बहुविवाहको विरोध गर्दै "लोग्नेमानिसले सातवटी श्रीमती वा स्वास्नी राख्नुहुन्छ भने स्वास्नीमान्छेले मात्र किन सातवटा लोग्ने राख्नु हुँदैन" भने। त्यो पनि भाषणमा। अलि उरन्ठ्यौलाहरू, अनुभव नभएका र नबुझेकाहरूले त्यसरी बोले। त्यो बोलाइले गर्दा महिला आन्दोलनलाई नराम्रो गरी आक्षेप लाग्यो र ठूलो धक्का बेहोर्नु पऱ्यो। यी महिला आन्दोलनमा लागेका आइमाईहरू सातवटा पोइ बनाउन पो लागेका रहेछन् भन्ने प्रभाव पऱ्यो। उनीहरूले धेरै ठाउँमा खण्डन गर्नु पऱ्यो, उनीहरूले माफी समेत माग्नु पऱ्यो। त्यसबेला बोल्ने वक्ताहरूले महिला आन्दोलनलाई राम्रोसँग नबुझेर त्यसरी बोलेका थिए। महिला पुरुष समानतालाई व्याख्या गर्दा त्यसरी बोल्नु हुँदैन थियो। हामीले नराम्रो कुरामा समानता खोजेका थिएनौं।

अर्कोतिर राणा परिवारका महिलाहरूले पनि "वुमन्स भोलेन्टियर सर्भिस" भन्ने महिला सङ्घ खोलेका थिए। त्यसमा कमल राणा, कमल शाहहरू सकृय थिए। उनीहरूसँग मेरो त्यहीबेला सङ्गत भएको थियो। उनीहरूले हरियो रंगको जर्जेटको साडीको ड्रेस (पोसाक) राखेका थिए। उनीहरूको अफिस बबरमहलको बरफवागमा थियो।

Women volunteer Service (WVS) ले आफ्नो फुर्सदको समयलाई उपयोग गर्न र शोखका रूपमा मात्र काम गर्दथ्यो। आम महिलाहरूलाई शोषणबाट मुक्त गर्ने भन्ने कुरा उनीहरूको



नेपाल महिला संघ स्थापनाको भेला २००४ मा सहाना प्रधान (उभिनेहरूमा दायाबाट तेस्रो)

कल्पनाभन्दा बाहिरको कुरा थियो। उनीहरू शोषणबाट महिलाहरूलाई मुक्त गर्ने भन्दा पनि त्यही सामन्ती प्रथाको पक्षपोषण गर्ने र त्यसैको हितका निम्ति काम गर्ने गर्थे। कोही पनि सामन्तीहरूको हित विपरित काम गर्न चाहँदैनथे। आफूले आफैलाई खतम गर्ने कुरै आउँदैन। घरका चार दिवालभित्रबाट निस्केर मोटर चलाउने, देश विदेश घुम्ने, रामरमिता हेर्ने, पौडी खेल्ने सुविधा र सौखका काम नै उनीहरूका लागि क्रान्तिकारी काम थिए। धेरै गर्दा वीर अस्पतालमा आएर कार्यकर्ताहरूले (नेताहरूले हैन) विरामीको सेवा गर्ने वा फलफूल खुवाउने काम गर्थे। आम नेपाली महिलामा जुन शोषण छ, महिलाप्रति हेर्ने जुन दृष्टिकोण छ त्यसतिर उनीहरूको ध्यान गएन।

त्यस बेलाका महिला सङ्घ सङ्गठनहरू एउटै हुन नसके पनि साझा सवालमा समझदारी होस्, एउटै मञ्च होस् ताकि महिला समस्यालाई लिएर एउटै आवाज उठाउन सकौं भन्ने प्रयास चाहिँ भयो। उनीहरूले हामीलाई कहिलेकाहीँ बोलाउँथे। फिल्म प्रदर्शनी गर्थे, त्यो हेर्न पनि बोलाउँथे। यसरी हाम्रो आवतजावत पनि थियो। विशेष गरेर मंगलादेवी, पुण्यप्रभा र हामी किन ३/३ वटा महिला सङ्घ बनाउने, किन विभाजित भएर अलगअलग महिला संघमा बस्ने ? हाम्रो शक्ति विभाजन भयो भनेर ६/७ पटक बैठक बसेका थियौं। साँच्चै भन्ने हो भने मंगलादेवीभन्दा पुण्यप्रभा देवी खुलस्त र अलिक प्रखर खालकी थिइन्। कुरा गर्न पनि सिपालु र महिला समस्यालाई पनि बुझेकी थिइन्।

मंगलादेवीको नेपाल महिला सङ्घ र पुण्यप्रभादेवीको अखिल नेपाल महिला संघ दुवै सम्पन्न थिए। त्यसबेला हाम्रो अफिस बाङ्गेमुढामा थियो। हाम्रो दुईवटा कोठा भएको अफिस थियो र हाम्रो आर्थिक भौतिक अवस्था कमजोर थियो। महिला आन्दोलनलाई सँगै लाने समझदारी अनुसार खुशियालीमा मिठाई पनि खाएका थियौं। तर पछि त्यो कुरा मिल्न सकेन। त्यसको असर अहिलेसम्म पनि परेको छ। हालसम्म पनि महिला आन्दोलन तितरबितर भएकै छ।

महिलाहरूको आन्दोलनलाई कसरी अगाडि बढाउने भन्नेभन्दा एक एकवटा राजनीतिक पार्टीलाई प्रत्यक्ष सहयोग हुने खालका काम नै बढी भए। तर महिला आन्दोलन उठाउन त्यति सजिलो थिएन। महिलालाई हाम्रो अधिकार यस्तो छ, हाम्रो अधिकार नै छैन, भनेर ठूलो स्वरले भन्न पनि नहुने। महिलाहरू अर्काको घरमा जाने कुरा राम्रो मानिदैनथ्यो। तपाईंका छोरीलाई स्कुल पठाउनुस् भनी ढोका ढकढकाउँदा नै तीतो अनुभव भइसकेको थियो।

त्यसैले महिलाहरूसँग सम्पर्क बढाउन सुखदुःखको कुराकानी गर्न, पँधेरो, घाँसदाउरा, मेलापात, बिस्कुन सुकाएको ठाउँ बढी उपयोगी हुन्थ्यो। यसो गर्न गाउँघरमा सजिलो हुन्छ। अब शहर बजारमा महिलाहरूसँग कसरी सम्पर्क गर्ने भन्ने कुरालाई ध्यानमा राखेर गल्लीहरूमा ३/४ वटा चुरा पसल खोल्यौं। अनि महिलाहरूको हातमा चुरा लगाउँदा लगाउँदै कुराकानी गर्न थाल्यौं र सम्पर्कलाई अगाडि बढायौं। त्यसो हुँदाहुँदै पनि महिलाहरूलाई कहाँसम्म पुऱ्याउने ? उनीहरूको निमित्त तत्काल के काम गर्ने भन्ने कुरा स्पष्ट थिएन। बालविवाह रोक्नुपर्छ, अनमेल विवाह रोक्नुपर्छ र शिक्षा पाउनुपर्छ भन्ने यी तीनवटा कुराको सेरोफेरोमा कामहरू हुन्थे।

हामीले हुन लागेको बालविवाह धेरै

ठाउँमा गएर रोकेका थियौं। विवाह गर्न तयार भएका मानिसहरू भागाभाग भएका थिए। मेलमिलाप नभएको ठाउँमा अड्डा अदालत नगई मिलापत्र गराइदिने, बूढा र बच्चीको विवाह हुँदैछ भने त्यसलाई पनि रोक्ने वा भताभुङ्ग पारिदिने महिला सङ्गठनको काम थियो। नेपालमा यातायातको राम्रो बन्दोबस्त नभएको हुनाले व्यापक रूपमा काम हुन सकेन। टाढा भनेको वीरगञ्जसम्म मात्र सम्पर्क भएको थियो। नत्र धुलिखेल, पनौती, बनेपा, भक्तपुर, ललितपुर र काठमाडौंमा मात्र काम सीमित रह्यो। महिला आन्दोलन राष्ट्रव्यापी भएको थिएन।

अहिले म यसो सम्झन्छु त्यतिबेला महिला समस्या र समाधानमा लाग्नु भन्दा पनि महिला सङ्घ पार्टीको कार्यक्रममा बढी दौडने गर्दथ्यो। महिला सङ्गठनले महिला आन्दोलनलाई हाँक्नुपर्नेमा त्यता कम लाग्ने हिजोको कमजोरीलाई अझैसम्म सच्याउन सकिएको छैन। तर पनि २०१७ सालसम्म यसरी नै चल्यो।

महिला आन्दोलनको उद्देश्य, नीति, कार्यक्रम र दिशामा नेपाल महिला संघ र अखिल नेपाल महिला सङ्घ दुवैमा खासै अन्तर थिएन। काम गर्ने शैली र प्रभावमा अखिल नेपाल महिला सङ्घको राम्रो थियो। नेपाली काँग्रेसको भगिनी सङ्गठनको रूपमा जाने भएकाले नेपाल महिला सङ्घको जनआधार राम्रो थियो। अखिल नेपाल महिला सङ्घ काँग्रेस पार्टी भित्रको वैमनस्यताले गर्दा जन्मेको थियो।

नेपाल महिला सङ्गठन र उनीहरूको सङ्गठनको बीचमा धेरै अन्तर थियो। हाम्रो उद्देश्य सामन्तवाद र साम्राज्यवादलाई जरैबाट उखेल्ने थियो। तर उनीहरू थोरै सुधारका कामहरू मात्र गर्न खोज्थे। हामी पनि सुधारका कामभन्दा पर त गएनौं तर हाम्रो लक्ष्य वा उद्देश्य चाहिँ स्पष्ट थियो। हामी महिलाहरूको शोषणको कारण सामन्तवाद र साम्राज्यवादलाई मान्थ्यौं तर उनीहरू त्यो मान्न तयार थिएनन्। त्यसैमा मूल अन्तर वा फरक थियो।

२००७ सालपछि गएर बालविवाह, अनमेल विवाह, बहुविवाहलाई रोक्न ऐन र फितला कानुनहरू बने। तैपनि २००७ सालपछि बनेका ऐन र कानुनहरूमा टेकेर हिँड्न महिला आन्दोलनमा लागेका आजका महिलाहरूलाई अलिक सजिलो भएको छ। महिला हक हित र अधिकारको निम्ति धेरै खुलस्त रूपले हिँड्न सक्ने, सङ्गठन गर्न सक्ने गरी महिला सङ्गठन सञ्चालन भएको छ हिजोआज।

२०१७ सालपछि देशमा फेरि कुठाराघात भयो। सबै महिला सङ्घहरू गुप्त भए। पार्टीका मानिसहरू समेत को कहाँ छ भन्ने कुरा महिनौं दिनसम्म थाहा भएन। देशमा भएका सबै राजनीतिक पार्टीहरूलाई प्रतिबन्ध लगाइयो। जनवर्गीय सङ्गठनहरूमा पनि प्रतिवन्ध लाग्यो। कसैले पनि काम गर्न सकेन। पञ्चायती शासकहरूलाई मद्दत गर्ने ६ वटा जनवर्गीय सङ्गठन निर्माण भए। महिलाहरूको बीचमा काम गर्न "नेपाल महिला सङ्गठन" आयो। पञ्चायती पृष्ठपोषकहरूले हिजो प्रगतिशीलहरूले सञ्चालन गरेको "नेपाल महिला सङ्गठन" को नाम नै राख्न पुगे।

वि.सं. २०१७ सालको काण्ड पछाडि खुला राजनीतिक र्गातविधिहरू ठप्प भए। कम्युनिष्ट पार्टीहरू विभाजित भई गुट र उपगुटमा बाँडिए। इतिहासको खोजी कतिले गरे गरेनन् मलाई थाहा भएन। सुरुमा निर्मित अखिल नेपाल महिला सङ्घ नेपाल कम्युनिष्ट

पार्टीको भगिनी सङ्गठन होइन। त्यसबेलाका महिलाहरूमा कम्युनिष्ट पार्टीले राम्रोसँग अनुसन्धान नगरी अनुभव भएका वा इतिहास बोकेका जानिफकार मान्छेसँग नसोधी अखिल भनेपछि नेपाल नै ढाक्छ भन्ने सोचका साथ नामाकरण गरियो होला। विद्यार्थीहरूले नामको अगाडि अखिल शब्द राखेको र त्योभन्दा अगाडि अखिल नेपाल किसान संघ पनि बनेको हुनाले प्रगतिशीलहरूले अखिल राख्न थालेको हुनुपर्छ। ने.क.पा.चौथो महाधिवेशनले २०३२ सालमा अखिल नेपाल महिला सङ्घ निर्माण गर्‍यो। त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी मालेले पनि २०३७ साल फागुन १७ गते अखिल नेपाल महिला संघको पुनर्गठन गर्‍यो। यसरी यो नाम त्यतिकै त्यतिकै साटिन पुग्यो।

**पञ्चायतलाई पनि करै लाग्यो**

पञ्चायती शासकहरूले महिलाहरूलाई शोषण र अन्याय अत्याचारबाट मुक्त गराउनै पर्छ भन्ने सोंचका साथ महिला सङ्गठन खोलेका थिएनन्। अन्तर्राष्ट्रिय जगतमा महिला आन्दोलनको लहर चलिरहेको थियो। संयुक्त राष्ट्र संघले आफ्ना सदस्य राष्ट्रहरूलाई महिलाहरूको हित, महिलाहरूको स्तरसम्बन्धी प्रतिवेदन पेश गर्न - निर्देशन दिएको थियो। युरोपियन देशहरू फिनलैण्ड, आइसलैण्ड, डेनमार्क, स्वीडेन, नर्वे आदिमा महिलाहरूको प्रगति भइरहेको थियो। ती देशहरूमा राजनीतिक, आर्थिक सामाजिक स्तर माथि उठेको थियो। संसद र सरकारमा प्रतिनिधित्व गर्ने महिलाहरूको प्रतिशत पनि धेरै थियो। एसियाका देशहरूमा किन महिला पछाडि परेका छन् र यूरोपियन देशहरूमा किन अगाडि बढेका छन् भन्ने संयुक्त राष्ट्र संघको जिज्ञासा रह्यो। महिलाहरूको स्तरलाई कसरी उठाउने भन्ने सोच भइरहेको थियो। त्यसैले सन् १९६२/६३ तिर भारत, पाकिस्तान, फिलिपिन्स र इन्डोनेसियालाई प्रश्न गरिएको थियो। हरेक सदस्य राष्ट्रहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक रूपले उत्थान गर्न कार्यक्रमहरू बनाउन दबाव दिइएको थियो।

नेपाल पनि संयुक्त राष्ट्र सङ्घको सदस्य भइसकेकोले नेपाल सरकारलाई पनि संयुक्त राष्ट्र सङ्घले दबाव दियो। त्यसैले हाम्रो देशमा पनि आफ्नो राजनीतिक इच्छा भएर होइन, दबावको भरमा महिला हक अधिकारसम्बन्धी कार्यक्रमहरू बनाउन थालियो। महिलाहरूलाई अगाडि ल्याउनुपर्छ भन्ने सोच बन्न थाल्यो र महिलाहरूमा पनि अलिकति जोश देखा पर्‍यो। उपरोक्त कार्यक्रमहरू पञ्चायती व्यवस्था लागू हुनेबित्तिकै बने। त्यसबेला केही कानुनहरू पनि बने। जस्तो लोग्नेस्वास्नी छुट्टिदा महिलाले अंश पाउने, छोराछोरी ५ वर्षसम्म आमाले राख्न पाउने, बालविवाह र अनमेल विवाह रोक्ने आदि व्यवस्थाका साथ २०२० मा मुलुकी ऐन बन्यो र पञ्चायती व्यवस्थाका भ्रातृ सङ्गठनको रूपमा ७५ वटै जिल्लामा जिल्ला सङ्गठनहरू खोलिए। उनीहरूलाई केही केही कार्यक्रममा लिएर हिंड्न थालियो। राष्ट्र सङ्घमा विभिन्न वर्षमा महिलाहरूको प्रगति र उत्थानका कुराहरूका बारेमा बनेका सोंच र धारणा अनुसार नेपालमा पनि महिला आन्दोलनहरू भएका थिए। आज पनि त्यही अनुरूप महिला आन्दोलन अघि बढिरहेको छ।

संयुक्त राष्ट्रसङ्घले महिला दशक मनाउने भनेर वि.सं. २०३२ (सन् १९७५) देखि २०४२, (सन् १९८५) सम्म दश वर्ष महिलाहरूको उत्थान र प्रगतिको बारेमा

कुरा गरिरह्यो। सन् १९७५ मा मेक्सिकोमा सबभन्दा पहिला ८००० महिलाहरू भेला भएर पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन गरियो। त्यसमा शान्ति, प्रजातन्त्र र विकास (पिस, डेमोक्रेसी एण्ड डिभलपमेन्ट) भन्ने नारा राखिएको थियो। त्यसको प्रभाव नेपालमा पनि पर्यो। त्यसबेलाको महिला संघले महिला दशक मनाउँदा प्रचार गर्ने काम पायो र "हामीले धेरै नै काम गर्यो" भन्ने देखाउन सक्ने आधार त्यही थियो। अन्तर्राष्ट्रिय लहर नै चलेको हुनाले महिला आन्दोलनमा सक्रिय भूमिका खेल्न सक्ने ठाउँ हुनुपर्छ भन्ने भयो। सन् १९८० मा पनि डेनमार्कको कोपनहेगनमा दोस्रो र सन् १९८५ मा नैरोवीमा तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनहरू सम्पन्न भए।

यसरी राष्ट्रिय पञ्चायतमा निर्वाचित महिलाहरूले देश विदेश घुमेपछि महिला आन्दोलनको जानकारी पाए र नेपालमा पनि केही गरौं भन्ने प्रयास गरे।

पार्टीको जनवर्गीय सङ्गठनले गर्ने काम र त्यस बेलाको महिला संगठनले गर्ने काम नै फरक थियो। पार्टीको जनवर्गीय सङ्गठनले गर्ने काम नेपालका समस्त महिलाहरूलाई समेट्ने, उनीहरूलाई नै नेता बनाउने किसिमको थियो। पञ्चायतका महिला सङ्गठनले अलिक टाठा बाठा महिला टप्प टिप्ने नेता बनाउने अरु महिला जतासुकै जाउन् वास्ता नगर्ने। फेरि उनीहरूलाई स्वतन्त्र रूपले काम गर्न नदिई नियन्त्रणमा राख्ने अवस्था पनि थियो। आम नेपाली महिलामाथि भएको अन्याय अत्याचारलाई निर्मूल पार्न नीति तथा कार्यक्रम नबनाएको हुँदा तीनवटा अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर आएका महिलाहरूसँग सोध्दा यही उपलब्धि भयो भन्न सक्ने अवस्था मैले भेटिन। खालि सम्मेलनमा भाग लिनु, देश देख्नु र आउनुमा नै सीमित भएको पाएँ।

पछि बिस्तारै पञ्चायतभित्रको गुटबन्दीले गर्दा काम सेलाउँदै गयो। नेतृत्वमा होडबाजी, छिनाझपटी र विवादले गर्दा सुरुमा जस्तो कामले गति लिन सकेन। त्यसबेलाको महिला सङ्घलाई काम गर्न आर्थिक कठिनाइ थिएन। किनभने महिलाहरूको नाममा धेरै दात्री संस्थाहरूले पैसा दिने गर्थे। हामीले यो काम गर्छौं भन्दा काम गर्न सक्ने अवस्था थियो। तर जुन ठाउँमा जसको निम्ति पैसा खर्च गर्नुपर्ने हो त्यो ठाउँमा पैसा खर्च भएन। दुरूपयोगसम्म भएको पनि मैले अनुभव गरेकी छु। वि.सं २०१९ सालदेखि २०३५ सालसम्म यस्तो अवस्था रह्यो।

सं.रा.सं.को नीति अनुरूप १९७५ मा महिला वर्ष र महिला दशक मनाउन गर्मागर्मी वहसका फोरमहरू सञ्चालन भए। त्यस बेला म विश्वविद्यालयमा पढाउँथे। मलाई बोल्न निम्ता गरियो। मैले आफूले बुझेको सिद्धान्त अनुरूप बोलें तर त्यहाँ उपस्थित मानिसहरूलाई पचेन। किनभने उनीहरूको र मेरो उद्देश्य, बाटो र दृष्टिकोण फरक थियो। त्यही बेला नयाँ शिक्षा विरोधी आन्दोलनको समर्थन गरेको र पञ्चायती महिला सङ्गठनको विरोध गरेकाले होला मेरो जागिर पनि (२०३२ सालमा) गयो। महिलाहरूको समस्याको लागि बोल्दा महिला दशक मनाइरहेको बेला एउटी महिलाको जागिर (बाँच्ने आधार) पनि गयो। मलाई आफूले देखेको सही कुरा बोल्दा कसरी विस्थापित होइँदोरहेछ भन्ने कुराले किंकर्तव्यविमूढ बनायो।

*(साभार : स्वप्नवाटिका प्रकाशनद्वारा २०६० साल फागुनमा प्रकाशित सहाना प्रधान पुस्तकबाट।)*

# प्रकाशको सम्झनामा



नेपालको मानव अधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दु:खद् निधन भएको ३३ वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टे भीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दु:खद् निधन भएको थियो।

# ३१ औं प्रकाश मानव अधिकार पुरस्कार सुनिलकुमार यादवलाई



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा इन्सेकका संस्थापक महासचिव अथक मानव अधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको “प्रकाश मानव अधिकार पुरस्कार” यस वर्ष चुरे तथा वन-जङ्गल संरक्षण अभियानका संयोजक सुनिलकुमार यादवलाई प्रदान गरिने निर्णय गरिएको छ। इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलको संयोजकत्वमा गठित प्रकाश मानव अधिकार पुरस्कार छनोट समितिले सो निर्णय गरेको हो । समितिमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य डा. सूर्यप्रसाद ढुंगेल र अधिकारकर्मी गंगा कसजु सदस्य हुनुहुन्थ्यो ।

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका-२ मौवाही निवासी यादव २०७४ सालदेखि चुरे संरक्षण र वातावरणीय अधिकारका विषयमा निरन्तर सक्रिय रहँदै आउनु भएको छ। चुरे क्षेत्रको दोहनका कारण मधेस प्रदेशमा देखा परिरहेका जलवायु तथा वातावरणीय असरबारे सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउन उहाँले विभिन्न सचेतनामूलक कार्यक्रम, अभियान र पैरवी गर्दै आउनुभएको छ।

यस वर्ष पुरस्कारका लागि सार्वजनिकरूपमा आह्वान गरिएअनुसार प्राप्त ४० जना योग्य मनोनयनहरूमध्येबाट एकजनाको छनोट गर्नु चुनौतीपूर्ण कार्य थियो। तर, निष्कलङ्क र नि:स्वार्थ भावनाबाट प्रेरित, वातावरण संरक्षणमा समर्पित अभियानको नेतृत्व गर्दै आउनु भएका यादवको योगदानलाई सम्मान गर्नु आजको आवश्यकता हो भन्ने ठहर पुरस्कार छनौट समितिले गरेको छ। प्रतिकूल परिस्थितिहरूको बेवास्ता गर्दै, निर्भीकताका साथ अघि बढाइएको अभियानले वातावरणीय अधिकारकर्मीहरूलाई थप प्रेरणा प्रदान गरेको छ।

वातावरण अधिकारका क्षेत्रमा सम्झौतारहित सङ्घर्ष गर्दै आउनु भएका यादवको कार्यले जनचेतनामा उल्लेख्य उर्जा थपेको छ। इन्सेक उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको अभियानको सफलताको शुभकामना व्यक्त गर्दछ।

२०८२ साउन १६ गते काठमाडौंमा आयोजना हुने ३३ औं प्रकाश स्मृति दिवसको अवसरमा पुरस्कृत व्यक्तित्व यादवलाई नगद ५० हजार रुपियाँ सहित सम्मानपत्र र इन्सेकको प्रतीक चिन्ह प्रदान गरिनेछ।

# राजनीति पदका लागि होइन, परिवर्तनका लागि हो

**अष्टलक्ष्मी शाक्य**, नेकपा (एमाले)को उपाध्यक्ष हुनुहुन्छ। नेपालको राजनीतिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएकी शाक्य बागमती प्रदेशको मुख्यमन्त्रीसमेत हुनुभएको थियो। नेपालको महिला आन्दोलन, संसदीय राजनीति, महिला अधिकार प्राप्तीका चुनौती लगायतका विषयमा प्राचीका लागि इन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारीले गर्नुभएको कुराकानी प्रस्तुत गरेका छौँ।

**तपाईंको राजनीतिक यात्रा कसरी सुरु भएको थियो ?**

मेरो जीवनको यात्रा काठमाडौंको एक परम्परागत नेवार परिवारबाट सुरु भएको हो। बाल्यकालमा मैले समाजको गहिरो संरचना र त्यसमा महिलाको भूमिकालाई नजिकबाट देखेँ। हाम्रो समाज पुरुषप्रधान थियो, महिलाको आवाज सुनिँदैनथ्यो, निर्णय प्रक्रियामा त झन् महिलाको उपस्थिति कल्पनै गर्न सकिने अवस्था थिएन। यति हुँदाहुँदै पनि मलाई पढाइलेखाइमा गहिरो रुचि थियो। मैले पढ्न पाउने सौभाग्य पाएको भए पनि त्यो वातावरणमा विद्रोह गर्नुपर्ने अवस्था थियो। स्कुलदेखि नै मैले सामाजिक असमानताका प्रश्नहरू उठाउन थालेकी थिएँ। त्यही चासो क्रमश: राजनीतिक चेतनामा परिणत भयो। २०३६ सालको जनआन्दोलनका समयमा देशभर राजनीतिक चेतना फैलिँदै थियो। त्यस समयमा म शिक्षिका थिएँ। तर, शिक्षणले मात्र मेरो चित्त बुझाइरहेको थिएन। मलाई लाग्यो, केवल ज्ञान बाँडेर होइन, प्रत्यक्ष रूपमा समाज रूपान्तरणमा लाग्नुपर्छ। त्यसैले मैले जागिर छाडेर पूर्णकालीन



राजनीतिमा होमिने निर्णय गरेँ। त्यो बेला महिलाले राजनीति गर्ने भनेको साहसिक र जोखिमपूर्ण निर्णय थियो। त्यसले मेरो जीवनको दिशा नै बदलिदियो।

**भूमिगत राजनीतिका व्यवधानहरू कस्ता थिए ?**

भूमिगत राजनीति भनेको केवल घर बाहिर निस्केर पर्चा वितरण गर्नु होइन। त्यो एक प्रकारको वैचारिक तपस्या हो। मैले आफ्नो वास्तविक नाम, परिचय र पहिचान सबै छाडेँ। कहिल्यै पनि स्थायी ठेगाना थिएन, कहिले चितवन त कहिले

झापा, कहिले इलाम त कहिले विराटनगर। कामरेडहरूका घरमा बस्थ्यौँ, तर कहिल्यै निश्चिन्त हुन पाइँदैनथ्यो। महिलाको भूमिगत जीवन झन् कठिन थियो - महिनावारीको बेला सरसफाइको अभाव, स्वास्थ्य समस्यामा उपचारको अभाव र समाजको कडा दृष्टिकोण।

म भूमिगत हुँदा महिलाहरूको सचेतना अभिवृद्धि, सङ्गठन निर्माण, र प्रशिक्षणमा विशेष केन्द्रित भएँ। महिलाहरूलाई राजनीतिमा ल्याउनु, घरभित्र सीमित भूमिकाबाट बाहिर ल्याउनु मेरो प्राथमिकता थियो। मैले गाउँगाउँमा गोप्य बैठकहरू गरेँ, सचेतनामूलक अभियान चलाएँ, नेतृत्वका नयाँ अनुहारहरू उत्पादन गरेँ।

२०४५ सालमा म इलाममा गिरफ्तारीमा परेँ। त्यो मेरो लागि निर्णायक मोड थियो। जेलमा बसेर मैले आत्मविश्लेषण गरेँ - म कुन बाटोमा छु, किन छु, र के परिवर्तन गर्न चाहन्छु ? त्यहाँ मैले राजनीतिक कठोरता मात्र होइन, मानव अधिकारका गम्भीर प्रश्नहरूसमेत गहिराइमा बुझ्न थालेँ। जेलमा बिताएका दिनहरूले मलाई वैचारिक रूपले परिपक्व बनायो।

**संसदीय राजनीतिमा तपाईंको प्रवेश कसरी भयो ?**

भूमिगत राजनीतिबाट संसदीय राजनीतिमा आउनु भनेको आन्दोलनलाई संस्थागत मार्गतर्फ मोड्नु हो। २०४८ सालको आम निर्वाचनपछि म राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएँ। त्यो बेला संसदमा महिला नेतृहरू औंलामा गन्न सकिने थिए। मलाई त्यस जिम्मेवारीले अवसर मात्र होइन, गम्भीर उत्तरदायित्व पनि थमायो। मैले महिला, श्रमिक, दलित, जनजाति लगायतको अधिकारका विषयमा संसदमा निरन्तर आवाज उठाएँ।

२०५६ सालमा म काठमाडौं-५ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएँ। माओवादी आन्दोलन उत्कर्षमा थियो, त्यसले मूलधारको राजनीतिमा पनि ठूलो धक्का दिएको थियो। तर हामी लोकतान्त्रिक अभ्याससमार्फत परिवर्तनको सम्भावनामा विश्वास राख्थ्यौँ। त्यसपछिका निर्वाचनहरूमा म पार्टीका विभिन्न जिम्मेवारी सम्हाल्दै अगाडि बढेँ। २०७४ सालमा बागमती प्रदेशबाट प्रत्यक्ष निर्वाचित प्रदेश सांसद बनेँ।

**मुख्यमन्त्री बन्ने तपाईंको यात्रा सहज थिएन भन्ने भनाइ छ नी ?**

हो, त्यो सहज थिएन। पार्टीभित्रको प्रतिस्पर्धा त स्वभाविक हो, तर महिला नेतृ भएबापत मलाई अनावश्यक प्रश्न उठाइयो – "नेतृत्व गर्न सक्छिन् कि सक्दिनन् ?", "व्यवस्थापन गर्न सक्छिन् कि सक्दिनन् ?" आदि। संसदीय दलमा मलाई हराउने योजना बनाइयो। अध्यक्ष ओलीजीले पनि सुरुमा पूर्ण समर्थन जनाउनुभएन जस्तो लाग्यो। तर अन्ततः पार्टीको नेतृत्वले निर्णय गर्‍यो, र मलाई बागमती प्रदेशको पहिलो मुख्यमन्त्रीको जिम्मेवारी दिइयो। त्यो केवल मेरो जित होइन, महिलाको नेतृत्व क्षमताको मान्यता थियो।

**मुख्यमन्त्रीको रूपमा तपाईंले के-कस्ता कार्य गर्नुभयो ?**

मलाई त्यो जिम्मेवारी पाउँदाको

अवस्था सङ्क्रमणकालीन थियो। सङ्घीयताको अभ्यास भर्खर सुरु भएको थियो, संरचना नयाँ थिए। मैले बागमती प्रदेशलाई 'सुशासन र विकास' मा अब्बल बनाउने सङ्कल्प लिएको थिएँ। त्यसअनुसार मैले निरक्षरता अन्त्य कार्यक्रम घोषणा गरेँ, जसले प्रदेशभर साक्षरता अभिवृद्धिमा सहयोग पु¥यायो। मैले प्रदेश नीति तथा योजना आयोग गठन गरेँ, जसले वैज्ञानिक ढङ्गले योजना निर्माण गर्न भूमिका खेल्यो। सरकारी सुनुवाइ समितिलाई व्यवस्थित बनाइयो।

त्यसैगरी प्रदेश र स्थानीय तहबीचको समन्वय सुदृढ गरियो। योजनाहरूको प्राथमिकता निर्धारणमा जनसरोकारको मूल्याङ्कन गरियो। म महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायका लागि लक्षित कार्यक्रम ल्याउने सोचमा थिएँ, तर समय छोटो भयो। फेरि पार्टीभित्रको द्वन्द्वले स्थिरता टुट्यो। तथापि, मैले नीति निर्माणमा महिला नेतृत्व कति सक्षम हुन्छ भन्ने दृष्टान्त स्थापित गरेँ भन्ने लाग्छ।

**महिला अधिकार र राजनीतिक सहभागितामा लामो समयदेखि सक्रिय हुनुहुन्छ, परिवर्तनका लागि यहाँले गर्नुभएका कामलाई कसरी स्मरण गर्नुहुन्छ ?**

मैले एमाले पार्टीको नीति र दस्तावेजमा महिलाको मुद्दा संस्थागत गराउन नेतृत्व गरेँ। आठौँ महाधिवेशनमा मैले लैङ्गिक समानता, महिलाको सम्पत्तिमा अधिकार, महिला हिंसा अन्त्य, मातृत्व सुरक्षा, महिला श्रमिकको हक आदि विषय उठाएर पार्टी दस्तावेजमै समावेश गराएँ। त्यही दस्तावेजलाई आधार मानेर पछि संविधानमा व्यवस्था गरियो।

मैले नारा उठाएँ, "एक परिवार, दुई सम्पत्ति हक – श्रीमान र श्रीमती दुवैको नाममा होस्।" त्यो बेला यस्तो कुरा भन्नु पनि साहसिक थियो। मैले महिलाहरूको आत्मनिर्भरता र निर्णय क्षमतामा विश्वास राखेँ। त्यसैले महिला सहकारी, स्वरोजगार, नेतृत्व विकासजस्ता क्षेत्रमा निरन्तर काम गरिरहेकी छु।

**महिला सहभागिताको अवस्था कस्तो छ ?**

कागजी रूपमा प्रगति देखिए पनि वास्तविकता अझै निराशाजनक छ। संसदमा महिलाको उपस्थिति समानुपातिकबाट मात्र सम्भव भएको छ। प्रत्यक्ष निर्वाचित प्रतिनिधिमा महिला झिनो मात्र छन्। राजनीतिक दलहरू महिलालाई गम्भीर जिम्मेवारी दिन हिच्किचाउँछन्। महिलालाई नेतृत्व क्षमताको परीक्षणको मौका दिइँदैन। अझ दुःखद पक्ष के भने, कतिपय महिला नेतृहरू पनि अर्की महिलाको नेतृत्व स्वीकार्न गाह्रो मान्छन्। म अहिले प्रत्यक्ष कार्यकारी पदमा छैन। तर म आफ्नो अनुभव, विचार, र दृष्टिकोण नयाँ पुस्तामा हस्तान्तरण गर्न चाहन्छु। म मोतीदेवी स्मृति केन्द्रको माध्यमबाट महिलाहरूको नेतृत्व विकास, राजनीतिक प्रशिक्षण, उद्यमशीलता र सामाजिक रूपान्तरणमा केन्द्रित छु। अब म वैचारिक हस्तक्षेप, निर्देशन, र मार्गदर्शन दिने भूमिकामा हुनेछु।

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०

# www.inseconline.org

## नेपालको पहिलो
## मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal